
# सेर्पा सांस्कृतिक तथा पर्यावरणीय प्रतिविम्ब

## Sherpa Cultural and Ecological Reflections



# सेर्पा सांस्कृतिक तथा पर्यावरणीय प्रतिविम्ब

## Sherpa Cultural and Ecological Reflections

## SPECIAL THANKS TO

GEF-SGP Nepal

Ngawang Tenzing Jangbu (Tyangboche Rinpoche)

Tenzing Jangbu (Chamkhang Khunde)

Geshey Tashi Sherab

Tseprib Lopan (Lama Nima Nuru)

My father (late A. Thinjule) and other late elders

Mahendra Kathet (Former principal of Khumjung High School)

Tsherin Ongmu Sherpa

Sonam Wongdi Sherpa (Khapa)

Professor Stan Stevens

Writer & Photographer: Tenzing Tashi Sherpa

Typing : Tsherin Ongmu Sherpa

Editor: Mahendra Kathet (Ex-Principal of Khumjung School)

Editor: Tsherin Ongmu Sherpa

Thanka Art by: Sonam Ongdi Sherpa

Design & Print by: DigiScan Pre-press Pvt. Ltd.

SUPPORTED BY: GEF-SGP Nepal

खुम्बु शेर्पा संस्कृति संरक्षण समाज (Khumbu Sherpa Culture Conservation Society) का निमित्त
सहयोगार्थ स्वरूप : **रू. ८५०/-**



यस पुस्तकमा उल्लेखित सम्पूर्ण विवरण र विचारहरू लेखकको हो । यसमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, विश्व वातावरण कोष साना अनुदान कार्यक्रमको संस्थागत धारणाको प्रतिनिधित्व भएको मान्नु जरूरी छैन ।

**UNITED NATIONS DEVELOPMENT PROGRAMME**
**GEF SMALL GRANTS PROGRAMME**
**GEF/SGP– NEP/SGP/OP6**
**साना अनुदान कार्यक्रम**

## शुभकामना

प्रस्तुत सन्दर्भमा खुम्बु शेर्पा संस्कृति संरक्षण समाज (KSCCS) ले ‘‘शेर्पा संस्कृति तथा पर्यावरणीय प्रतिविम्ब’’ (Sherpa Cultural and Ecological Reflection) नामक पुस्तक प्रकाशन गर्न लागेको शुभ अवसरमा यो शुभकामना व्यक्त गर्न पाउँदा खुशी लागेको छ ।

जनजातिहरुको संस्कृतिहरु ह्रास हुनगइरहेको वर्तमान परिपेक्षमा शेर्पा संस्कृतिसंग जोडिएका पर्यावरणीय महत्वका विषयलाई समेत सचित्र प्रस्तुत गर्ने प्रयास गरिएको छ । त्यसैगरी UNDP GEF Small Grants Progamme (SGP) को आर्थिक सहयोगमा खुम्बु शेर्पा संस्कृति संरक्षण समाजद्वारा खुम्बुमा जनजाति तथा समुदायद्वारा संरक्षित क्षेत्र (ICCA - Indigenous and Community Conserved Area) संरक्षण प्रयासलाई पनि संक्षिप्तरुपमा प्रस्तुत गरिएको छ ।

यस पुस्तक प्रकाशन भएबाट आउने पिढीहरुले संस्कृति र पर्यावरणको अन्तर्निहित सम्बन्धलाई मनन गरि तिनको संरक्षणमा थप जिम्मेवारी बहन गर्नेछन् भन्ने आशा गर्न सकिने बलियो आधार भएको महसुस गरेको छु । यस पुस्तक तयार गर्न श्री तेन्जीङ टासी शेर्पा तथा सम्पुर्ण KSCCS टिमलाई धन्यवादको साथै सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

गोपालराज शेरचन
राष्ट्रिय संयोजक

Bhanimandal Chowk, Ekantakuna, Lalitpur 4
Postal address: GEF/SGP, UN House, Pulchowk, PO Box 107, Kathmandu, Nepal
gopal.sherchan@undp.org www.sgp.org.np

# दुई शब्द



शताब्दिऔं देखि प्रकृति परिवर्तन नै नभई अति सुन्दर गाउँ पहाड खोला नालालाई पवित्र हिमालले घेरिराखेको यस क्षेत्रलाई खुम्बुको नामले पहिचान भएको पाईन्छ । र यस क्षेत्रबाट फैलिएका सन्ततिलाई स्यारवा नामले चिनेका पाईन्छ । शैक्षिक र भौगालिक विकासमा पछाडि रहेता पनि प्रकृति सुन्दरताले धनि रहेको यस ठाउँमा मैले पनि जन्म लिने सौभाग्य पाएको छु । यस गाउँको नाम खुम्जुङ हो । म स्यारवा भनेर चिनिने गर्छु । यसबाट म एक भाग्यमानी व्यक्ति रहेछु भन्ने मलाई लाग्छ ।

सन् १९६० देखि अँग्रेजी र नेपालीको शिक्षा सुरू भएको यस खुम्बु क्षेत्रमा पहिले सबै औपचारिक शिक्षाबाट टाढा थिए । खेति किसान र खुम्बु र तिब्बतको बीच सामान्य व्यापार गरि जीविकोपार्जन गर्ने स्यारवाहरू कोही शिक्षित थिए भने ति संभोटा लिपि र बौद्धधर्मावलम्बीको ज्ञान मात्रै हासिल गरेका थिए ।

बिस्तारै खुम्बुको जीविकोपार्जन फेरबदल भए पनि लामो समयसम्म उल्लेखनीय परिवर्तन भने भएको देखिदैन । पुस्तौंपुस्ता देखि फेरबदल हुँदै आजसम्म आईपुग्दा पनि आफु यस ठाउँको लागि नयाँ नै महसुस गरिरहेको स्यारवाहरूलाई, कुनै अन्य बर्खर खुम्बुकाबारे जानकारी भएका तथा स्यारवा सम्बन्धि सूक्ष्म ज्ञान हुन थालेकाहरूले "तिमी स्यारवाहरूको पुर्खा, यस्तो हो तिमीहरू खुम्बुमा बसोबास गरेको यति साल भयो, विचरा तिमीहरूले यस्तो खान्थ्यौ, उस्तो खान्थ्यौ" जस्ता अडकलबाजी तर्कहरू दिएर गुरू बनिदिंदा पुस्तौं पुस्ता देखि बसिआएका बासिन्दाहरू आफु, आफ्ना पुर्खा, धर्म, संस्कृति सम्बन्धि अनभिज्ञ झै भएर बस्नुपर्ने दुःखद स्थिति उब्जिरहेको छ । विभिन्न लेखकहरूले लेखेका सेर्पा संस्कृति सम्बन्धि किताबहरू पढेर जानकारी लिनु पर्ने स्थिति ज्यु का त्यु छ ।

मेरो आफ्नो अनुभवलाई नियाल्दा उत्तर तिब्बति संस्कृति, हिन्दु संस्कृति तथा पश्चिमा देशको संस्कृति आदि सिको गर्दा र गौरव मान्दा न आफ्नो भाषा शुद्ध बोल्न सकिन्छ, न आफ्नो संस्कृति राम्रो जानिन्छ, न आफ्नो लिपि नै सिकिन्छ । न त आफ्नो मौलिक संस्कृतिको सही पहिचान हुन्छ ।

यस्ता समस्या यथावत रहने स्थितिमा, आफ्नो बारेमा बाहिरकाले लेखेको लेख खोजेर पढ्नु पर्ने स्थिति ननिम्तियोस् र सेर्पाका संस्कृति, इतिहास, कथा आदि महत्त्वका विषयहरू प्रष्ट, छर्लङ्ग पार्न सक्ने किताब पेश गरूँ भन्ने मेरो प्रबल ईच्छा रहन्छ । तर ईच्छा पुरा हुन सजिलो हुँदो रहेनछ । आवश्यक कुराको मेल लगायत समर्थन र प्रोत्साहन पनि चाहिंदो रहेछ ।

किनकि म पेशागत लेखक नभएर केबल आफुसंग रहेका जानकारीमूलक कुराहरू खेर नजाओस् भन्ने हेतुले यो कोशिस गरेको हुँ । मलाई थाहा छ, यहाँ अझै पनि केही जानकारी अपुर्ण हुन सक्छ, तैपनि मैले एक किताबको रूपमा पस्काउन खोजेको छु, जसमा काल्पनिक र अडकलबाजी भन्दा सत्य तथ्य जानकारी उतारिएको छ ।

मैले अध्ययन, सोधी खोजी र अनुसन्धान गर्दाको बखतलाई सम्झदा मैले जति लेखेको छु गौरवका साथ हाम्रा सन्ततिले सामान्य ज्ञान यसबाट लिन सक्छ भन्ने लाग्छ । त्यसैले मैले दिएको समयको अध्ययनलाई खेर जान नदिई कलम चलाईहालु भनेर आवश्यक शब्द तथा जानकारीहरू लेख्ने जमर्को गरेको छु । मेरो अध्ययन, अनुसन्धान, सोधी खोजीको समयमा पाएको ज्ञान अनुसार धर्म, संस्कृति, संस्कार र कर्मकाण्डहरू त्यहाँका लामा, गुरू, महानुभावहरूको परिवर्तन संगसंगै परिवर्तन भएको पाईन्छ । कतिपय विवाह, जन्म, मृत्यु संस्कार, कर्मकाण्डहरू सुधार भएर सजिलो पनि भईआएको पाईन्छ । तापनि आफ्नो धर्म, संस्कृति जोगाउन, भाषा लिपि र भेषभूषालाई कहिल्यै पनि बिर्सनु र परिवर्तन गर्नु हुँदैन, आफ्नो पहिचान कायम गर्नु मूल जगेर्ना हो ।

# विषय सूचि

**१. स्यारपा (सेर्पा)को छोटो परिचय........ ९**
स्यारपा/स्यारवा को अर्थ के हो ?........ ९
"स्यारवा" नाम कसरी, कसले राखे........ ९
स्यारवाका विभिन्न पहिचान........ १०
स्यार्वाहरूको बसोबास रहेको स्थानको नामाकरण........ १०
स्यारवाहरूका समाज........ १२
स्यार-वाहरूको पुर्खा खुम्बुमा प्रवेश........ १३
श्री खुम्जुङ माध्यमिक विद्यालयको दोश्रो प्रकाशन सगरमाथा दीपशिखा........ १३
मर्यादा सिमा भन्दा बाहिरका व्यवहार जनाउने शब्दहरू........ २१

**२. संस्कृति........ २३**
संस्कृति मानिसको लागि किन आवश्यक ?........ २३
सेर्पा संस्कृति अन्तर्गत........ २४

**३. खुम्बुका प्रमुख चाडपर्वहरू........ २७**
डुम्जी........ २७
फाक ङिङ चाड........ ३१
लोसार पुलुक........ ३३
लोसार चाड........ ३८
यार छ्याङ चाड........ ४५

**४. विवाह प्रथा........ ५१**
**५. सेर्पाहरूले पालना गर्ने नैतिक अनुशासन र धर्म........ ६७**
**६. रूखहरूको नाता, सन्तान र साईनो........ ७३**
**७. वस्तुशास्त्रका केही महत्त्वपूर्ण भनाईहरू........ ७५**

**८. कथा विधा........ ८१**
चण्डाल चोर........ ८१
भगवानको खोजी........ ८२
आत्मा सन्तोष........ ८२
पतिव्रता महिला........ ८३
शुभ अशुभ........ ८४
राजालाई भयानक सपना........ ८५
जे भयो राम्रै भयो भगवानको ईच्छा........ ८६
सेर्पाहरूले पंक्षी सम्बन्धि कथाहरू........ ८७

९. Queen Mother and Konchok Chombi Sherpa ९१
१० प्रकृति मानिसको काबुमा ९३
११ प्राकृतिक शक्ति "साङ्" ९५
१२ प्रकृति र मानिसको शरीर बीचको शक्ति सन्तुलनको असर ९७
१३ सेर्पाहरूको जीविकोपार्जन व्यापार व्यावसाय ९९
१४ पर्यटकीय प्रभाव १०१
१५ लुनर र अंग्रेजी क्यालेन्डर १०३
१६ महत्त्वपूर्ण शीलहरू १०५
१७. कणी/मणी १०९
१८. थार (ध्वजा) १११
१९. खुम्बुमा खत्ताको इतिहास ११५
२०. झि/स्हि (Dzee) ११७
२१. सेर्पाहरूको संस्कृतिमा "ञ्युङमा" (निँगालो)को महत्त्व १२३
२२. जीवन चरण १२७
२३. हलेसी गुफा १४१
२४. "ठाक फुग मरातिका" बौध्दहरूकानुसार १४५
२५. याक देखि शिर्ली डिमु सम्म १४७
२६. यट्री १४९
२७. प्रकृति संरक्षणमा सेर्पा संस्कृतिको योगदान १५५

२८. खुम्बुका सेर्पाहरूले धार्मिक कार्यको लागि छुट्याई राखेका विभिन्न महत्त्वका ठाउँहरू १६९
नाङ्गाजोङ १६९
वोर्स्यो १७०
फोर्चे १७१
पाङबुचे/पाङपुछे १७२
मिलिङगो साम्वा (पुल) देखि फुङगी ठेङगा साम्बा (पुल) बीचको क्षेत्रहरू १७३
खुम्जुङ खुन्दे १७७

२९. पवित्र तालहरू १८१
३०. खुम्बु स्यार्वा (सेर्पा) समुदायद्वारा संरक्षित क्षेत्र १८५
३१. पवित्र हिमालयहरू १८७
३२. सेर्पाका थर र कुलदेवताहरू १८९
३३. खेती किसान १९१
३४. नोट १९७
३५. खुम्बु वरिपरिका हिमालहरू २०३



खुमजुङ छ्याकाङ गाङ्दोक बिसौनिमा शेर्पाहरू

# स्यारपा (सेर्पा) को छोटो परिचय

नेपालका चार वर्ण छत्तिस जातजातीहरूका माभ्र मिहेनती र इमान्दारिताको कारण विश्वमा प्रसिद्ध र चर्चित भएका जातहरूमा सेर्पा जाती प्रथम हो, भन्दा अत्युक्ति नहोला । पुस्ता परिवर्तनका साथ मनमा "हामी को हौं ?" भन्ने जिज्ञासा र खुलदुलिलाई सही सूचनाको अभावले हामी अलमलमा हुन्छौं । यही अभावलाई मेटाउन "स्यारपा" सम्बन्धि जानकारीहरू यहाँ समेटिएको छ । यथेष्ट सूचना यसमा प्राप्त नहोला, तर मैले खोजी र अनुसन्धान गरेका कुराहरू रोचक र ज्ञानवर्धक यसमा पाउन सकिन्छ ।

## स्यारपा/स्यारवा को अर्थ के हो ?

स्यारपा दुई शब्द स्यार र पा ले बनेको छ जसमा, "स्यार" भन्नाले "पूर्व" र "पा" भन्नाले "बेली" भन्ने बुभ्फाउँछ अर्थात् "स्यार पा" भनेको "पूर्वेली" भन्नु हो । यसलाई स्यार-वा (Shyar-wa) पनि भनिन्छ ।

स्यारपा/स्यारवा जात नभएर दिशा निर्देषण भएको पहिचान दिने नाम हो । कुनै ठाउँ तथा दिशाको नाम पछाडि "पा" अथवा "वा" जोडिएको छ भने त्यसले उक्त दिशा या ठाउँको मानिस या त्यस ठाउँबाट आएको व्यक्ति, भन्ने जनाउँछ ।

लो छुमिक ज्ञजू (मुक्तिनाथ)का मानिसहरूलाई "लो-वा", चुम क्षेत्रका मानिसहरूलाई "चुम्-वा", नुब्रीका मानिसहरूलाई "नुब्री-वा" र मनाङका मानिसहरूलाई "मनाङ-पा" भने जस्तै "स्यार" (पूर्व) मा बस्ने लाई "स्यार-पा/स्यार-वा" भनिन्छ ।

"स्यारवा" ले पूर्वेली, "नुब्री वा" ले पश्चिमेली, "छ्याङ वा" ले उत्तर र "ल्होगा" ले दक्षिणी भेगका समूहहरूलाई विशेष पहिचान दिईएका नामहरू हुन् । यी नामहरूले कुनै पनि जाती विशेष, या भाईथरलाई प्रष्टाउँदैनन् ।

## "स्यारवा" नाम कसरी, कसले राखे

नेपालमा बाइसे, चौबीसे राज्य भएको समयकालमा खुम्बुका मानिसहरूको तिरो तिब्बतलाई बुभ्फाउँने गर्दथे । खुम्बुबाट बुभ्फाउने तिरो (ठाल) हरू त्यस समय पैसा नभएर चौरी गाईका घिउ, खोर्सानी तथा अन्नहरू हुने गर्दथे । ति तिरोलाई "स्यार खुम्बु ठाल" (पूर्वी खुम्बुको तिरो) भनिन्थ्यो । तिब्बतलाई बुभ्फाईदाको तिरो "ज्या" (किलो) तथा "स्याङ" (माना, पाथी) अभ्कै पनि

खुम्बुमा देख्न पाईन्छ । स्यार खुम्बुमा त्यस समयमा राम्रो चरण क्षेत्र र चौरीगाईका लागि अनुकूल खर्क भएकाले, त्यहाँका वस्तुबाट पाईने दूध, घिउ प्रसिद्ध थिए । त्यसैले तिब्बतियनहरूले "स्यार खुम्बु मारकी फयू यिन, यब् अवा शिना मारकी कर गेन मे" अर्थात् "पूर्वीय खुम्बु घिउको खानी हो तर आफ्नो बाबुको मृत्यु हुँदा तोर्मा (भातको त्रिभुजे ढिका) मा लगाईने घिउको टीका भने समयमा पाईदैन ।" भन्ने उखान प्रचलनमा थियो । किनभने स्यार खुम्बुको घिउ सबै जसो तिरो मै सिद्धिन्थे । घरायसी प्रयोगका लागि आवश्यक घिउ भने टार्नु नै पर्ने गर्दथे ।

स्यार खुम्बुले बुझाएको तिरो, अथवा स्यार खुम्बुबाट उठेको तिरो तिब्बतका "रूम्बुक" को गुम्बाले प्रयोग गर्थे, पछि गएर "स्यागा क्षोत्तेन" को गुम्बाले लिने चलन भयो ।

झण्डै सन् १९८५ को हाराहारीसम्म स्यार खुम्बुका स्यार-वाहरू कृषि पेशामा मात्र निहित नभई तिब्बतमा व्यापार पनि गर्ने गर्थे । लगभग पाँच दिनको याकले नाङपा डाँडा काटेर तिब्बतको थिङरीमा पुगेपछि, त्यहाँ मूल बास गरी तल ल्हासा टासी लुम्बु (स्हिगाचे) र अन्य गाउँ गाउँ गएर व्यापार गर्थे । त्यसबखत स्यारखुम्बुबाट गएका व्यापारीहरूलाई तिब्बतिहरूले, "स्यारवा" र "स्यार खुम्बु छोङ्बा" (स्यार खुम्बुको व्यापारी) भन्ने गर्थे । किनभने थिङरी तथा त्यस आसपासका गाउँबाट खुम्बु पूर्वी दिशातिर पर्दछ । त्यसकारण खुम्बुलाई "स्यार खुम्बु" र त्यहाँका मानिसहरूलाई "स्यार वा" भनी नाम रहन गयो ।

## स्यारवाका विभिन्न पहिचान

भौगोलिक आधारमा रहेका प्रकृतिका पर्वतहरूमा देवताहरूको बास रहेको मानेको पाईन्छ । ती देवताहरूले रक्षा गरी राखेका खुम्बुयूल्ह हिमाल अगाडिका खुम्बुका बासिन्दाहरूलाई "खुम्बो", स्यारोङ यूल्ह पिन सुम् हिमाल (नुम्बुर, खटाङ र करयलुङ) अगाडि रहेका स्यारोङ (सोलु) बस्तीका बासिन्दालाई "स्योरे" र यी दुईका बीचमा रहेको फारक बस्तीका बासिन्दालाई "फारक्पा" नामले चिन्ने गरिन्छ । यिनीहरू बीचमा भाई नाताको साइनो पनि पर्ने गर्छ । यी समूह खुम्बो, स्योरे र फारक्पाका कुटुम्बहरू छरिएर अहिले धेरै ठाउँहरूमा स्यारवाहरू बसोबास गरी आएका पाईन्छन् । खुम्बुयूल्ह र स्योरोङ यूल्हबीच बाबुछोराको सम्बन्ध रहेको भनाइ छ । बुढापाकाहरूले पुजा गर्दा "याप टशी पल्वो छे यूम् डेन्जोङ्मा, से थिङरी गाङ्मर" (खुम्बु रक्षक "खुम्बुयूल्ह जेझल ठिचेन" का पिता सोलुका रक्षक "स्योरोङ्यूल्ह टशी पल्वो छे", माता "डेन्जोङ्मा" र छोरा थिङ्रीको "गाङ्मर" हुन्) । भनी उच्चारण गरेर पुजा गरेको पाईन्छ ।

## स्यार्वाहरुको बसोबास रहेको स्थानको नामाकरण

### खुम्बु

खुम्बु एउटा ठाउँ तथा क्षेत्रको नाम हो । यो "खम्बु" (आरू) को नामबाट तथा "खाङ बुक" (हिमालको कुना) को नामबाट रहन गएको विज्ञ तथा लेखकहरूको तर्कहरूमा पाईन्छ ।

तेङबुचेका स्व. लामा गगा लोत्तेनका अनुसार, "खुम" भनेको "ङ खो" (मैले सुने) अथवा "ङ स्ये" (मलाई थाहा छ) भन्नु हो, भन्नु भएको छ । चिबरी गुम्बाको लामाको अवतार लामा ङिमा नुरूका अनुसार "खुम" को अर्थ "मलाई थाहा छ" हो भन्ने कुरा पुस्तकमा उल्लेख छ, भन्नु भएको छ ।

मिति 20 November 2013 का दिन खुम्बु सेर्पा संस्कृति संरक्षण समाजले आयोजना गरेको "Khumjung Khunde Elder and Youth Gathering" कार्यक्रमले संस्कृति सम्बन्धि छलफलको बखत खुमको अर्थ "ङ स्ये" (मलाई थाहा छ) नै हो, भनी प्रष्ट्याएको थियो । "खुम र स्ये" को विस्तृत विषयबारे "स्यार-वाहरूको पुर्खा र खुम्बु" मा पाईन्छ । खुम्बुमा बसोबास गर्ने मानिसहरूलाई "खुम्बो" भनिन्छ ।

**फारक**

फारकको अर्थ लगाउँदा "फार" भनेको बीच र "अरक" भनेको चेप हो । खुम्बु र फारक लाई "खुम्बु त्ये" र "खुम्बु मे" अर्थात् माथिल्लो खुम्बु र तल्लो खुम्बु भनेर पनि चिनिन्छ । "फारक", खुम्बु त्ये (माथिल्लो खुम्बु) र स्योरोङ (सोलु) का बीचमा पर्ने भएकाले "फारक" नाम रहेको हो । फारकका बासिन्दाहरूले पूजा गर्ने "फरी" हिमाल, खुम्बु यूल्ह हिमाल र स्योरोङ यूल्ह (नुम्बुर, करयलूङ, खटाङ) हिमालका बीचमै अवस्थित छ । "फरी" को अर्थ पनि "फार की री" अथवा "बीचको पर्वत" भन्नु हो । यो फारक दूधकोशी र भोटेकोशीको संगम "लारचा दोभन" देखि "पैयाँ डाँडा" सम्म फैलिएको क्षेत्र हो । हाल यो क्षेत्र नेपाली भाषामा चौरी खर्क गा.वि.स. भनी प्रख्यात छ । फारकमा बसोबास गर्ने मानिसहरूलाई "फारक पा" भनिन्छ ।

**स्योर रोङ**

"स्योर" भनेको नाली र "रोङ" भनेको अउल हो । नुम्बुर, खटङ र करयलुङ हिमालहरू देखि बगेको खोलाको नालीलाई सेर्पा भाषामा "स्योर" भनिन्छ । उक्त स्योर सिधा तल रोङ (अउल)मा पुगी दूधकोशीमा मिसिने भएकाले "स्योर रोङ" नाम रहेको हो ।

लामा निमा नुरू (चिब्री टुल्कु) का अनुसार "स्यो को अर्थ तल र रोङको अर्थ अउल हो" भन्नु भएको छ । ठाकसिन्दु डाँडा र लाम्जुरा (पम्वर ल) डाँडा बीच देखि तल दूधकोशी सम्मका क्षेत्रलाई "स्योर रोङ" नाम दिईएको छ । स्योररोङमा बसोबास गर्ने मानिसहरूलाई "स्योर रे" नामले चिनिन्छ ।

यसरी आ-आफ्नो गाउँ ठाउँको नामको आधारमा त्यहाँका मानिसहरूलाई खुम्बो, फारक-पा र स्यो-रे भनेर आफ्नो ठाउँको पहिचान दिएर छुट्याएको पाईन्छ । तर यी क्षेत्र फरक फरक भए पनि यहाँका मानिसहरूको थर, साइनोहरूमा भाई भाईका नाता पाईन्छ । विस्तारै ति तीन क्षेत्रबाट फैलिएका स्यारवा भाई थरहरू महाकालुको टाशी गाउँ देखि लिएर हेलम्बु सम्म पुगे ।

खुम्बुका प्रमुख अवतारी लामा ङवाङ तेन्जीङ जाङबुका अनुसार **(Sep 11, 2017):**
तिब्बतको चाङ क्षेत्रको दक्षिण पुर्वी खामबाट खम्पाका केही समूहहरू तीर्थ यात्रा गर्ने क्रममा तिब्बतको छ्याङ ल्हचे (खुम्बुको उत्तर तर्फ) पुग्दा त्यहाँका एक उच्च लामाको दर्शन गर्न पुगे । लामाको दर्शन पछि खम्पा यात्रीहरूले आफुहरू तीर्थक्षेत्र र गन्तव्यको यात्रा पछि खाममै फर्कने विस्तृत कुराहरू सुनाए । र लामाले ती यात्रीहरूलाई आवश्यक वाणी सुनाए, "हेर तीर्थयात्रीहरू, तिमीहरू पुन खाममा फर्कीने काम नगर । तिब्बतको खामको भविष्य त्यति राम्रो छैन । बरू यहाँबाट दक्षिण तिर नाङमा खाङला (हालः नाङपा ला) काटेर गए स्यार्वाहरूको बस्ती खुम्बु क्षेत्रमा पुग्छौ । त्यहाँ बस्ने खुम्बो स्यार्वाहरू दयालु र धर्मात्मा छन् । तिमीहरूलाई खानेकुराको

कमि हुन दिने छैन । यहाँबाट त्यहाँ जाँदा थाङमे, थाङते हुँदै खुम्जुङ, खुम्ते पुग्छौ । त्यसभन्दा माथि जाँदा फुर्चे, पाङबुछे भन्ने स्थानमा पुग्छौ । त्यस ठाउँमा आलु तथा फापरको खेती गरेर बस्न उपयुक्त छ । त्यस भन्दा तल झरेर गए एउटा ठूलो नाली जस्तो किनार 'स्यो छेम्बी डाम' छ । त्यस नालीको वरिपरिको जमिन एकदमै रसिलो छ र त्यस जमिन अति खेती योग्य भएकाले सो ठाउँ उपयुक्त छ, त्यहाँ गएर बस्नु ।" यही अनुसार तल झरेर "गोम्पा स्यूङ" जुनबेसीँ तथा "पाप्लो" फाप्लु वरिपरि बस्ती बसाले । यसरी "स्यो छेम्वी डाम"मा बस्ती रहन गएपछि त्यस ठाउँको नाम "स्योर रोङ" र त्यहाँका बासिन्दाहरूको नाम "स्योर रे" रहन गयो । हाल त्यहाँको स्योर रोङ खोलालाई सोलु खोला भन्दछ ।

**सोलुखुम्बु**

उत्तरको खुम्बु देखि लिएर दक्षिणको स्योर रोङलाई हाल औपचारिक नामले "सोलुखुम्बु" जिल्ला भनी नामाकरण गरिएको छ । जिल्ला सदरमुकाम पहिले ओखलढुंगामा हुँदाको समय "स्योर रोङ" र "खुम्बु" नै प्रचलनमा थिए । पछि सदरमुकाम स्योरोङमा सरिएपछि पर्वतेहरू तथा सरकारी कर्मचारीहरूले औपचारिक "सोलुखुम्बु" नाम प्रचलनमा ल्याए । स्यारवाहरूका पुर्खाहरूले बोलाउने गरेको नाम "स्योर रोङ" लाई हटाएर "सोलु" भन्न थालिए । अब सोलु हटाएर पहिलेकै "स्योर रोङ" नाम हुने अवस्था देखिँदैन । विभिन्न लेखक विद्वानहरूले सोलुखुम्बुका बारे जे लेखेका भएपनि वास्तविक सत्य यही हो ।

अहिलेका नक्शा (Map) हरूमा पनि सोलु भन्ने शब्द कोरेको हुँदा, यसलाई "स्योरोङ" नै भनी सुधारेर लेख्नुपर्ने सम्बन्धित बासीहरूको कर्तव्य हो । नत्र अबको भावी पुस्ताहरूको समयमा स्योरोङ, फारक जस्ता नामहरू लोप नहोला भन्न सकिँदैन ।

## स्यारवाहरुका समाज

स्यारवा हरूको समाज खुल्ला समाज हो । "स्यार वा" ले दिशालाई मात्र जनाउने हुँदा, त्यहाँ विशेष नाता र थरको सरोकार रहँदैन । त्यहाँ मूल स्यारवा लगायत स्यारवा-तामाङ, स्यारवा-खस, स्यारवा-गुरूङ, स्यारवा-नेवार, समेत स्यारवा समाजभित्र पहिल्यै देखि अटिरहेको यर्थाथ रहेको छ । स्यारवा समाजभित्र आ-आफ्ना जात थरहरू छुट्टा छुट्टै हुन्छ । नाता साइनोलाई "ज्ञू ताङ पिन्" र थरलाई "रू" भनिन्छ । पहिलेका पूर्खाहरूको पालामा एउटै धर्म र जुनसुकै कर्मकाण्ड, चाडपर्व तथा सघाउ पघाउहरूमा सँगसँगै एकता हुनेहरू सबै स्यार-वा समाज भित्र अटे । चाडपर्वहरू डुम्जी/डुप्छयो, यार छ्याङ, फाङञी, लोसार, लोसार पुलुक, छ्याङथूङ, खलकतोङ्गु, डोन, जस्ता विभिन्न कार्यक्रमहरूमा सहभागी भई "लावा" (आयोजक) भएर समाजलाई यहाँ सम्म डोऱ्याएर ल्याए ।

**समाज भित्रका धार्मिक कार्यहरु**

बौद्ध धर्ममा समावेश हुनु, गुम्बा, चामखाङ (तपष्या स्थल), च्योर्तेन (स्तुपा), मणी निर्माणमा योगदान दिनु । कङ्ग्यूर, तेङ्ग्यूर पाठ पढ्नु, ञ्युङ्ने व्रत बस्नु, सामुहिक बज्रगुरू र मणी जप गर्नु । त्रैमासिक रूपमा ल्ह क्षेतु भनेर, निजी घरको कुल देवता बुझाउँनु तथा विभिन्न धार्मिक पूजा पाठहरूमा सहभागी हुनु, स्यारवा समाजका धार्मिक कार्यहरू हुन् ।

**गाउँका सामाजिक चलनहरु**

लरके काङची, रोला ढाप, सेम्शु डाप, डिक्पा खिरू अर्थात् लेनदेन, सघाउ पघाउ, समवेदना कार्यक्रम, मेलमिलाप आदिमा सामेल हुनु । "यूल्वी डि ताङ ठिम्ला देत्तु" अर्थात् गाउँको नियम कानुन मान्नु । "स्यार वी ढोलूक देत्ताङला क्ष्य जोउ" अर्थात् सेर्पा संस्कृति मान्नु जस्ता महत्त्वपूर्ण सामाजिक चलनहरू थुप्रै छन् ।

## स्यार–वाहरुको पुर्खा खुम्बुमा प्रवेश

"स्यारवा" हरूको पुर्खा मूलत तिब्बत मूलका मंगोलियन हुन् । यसको प्रमाण अनुहार तथा शरीरको बनोटले नै प्रमाणित गर्दछ । कसैकसैले स्यारवाहरूका पुर्खाहरू खाम मिङ्यक् र खाम देरङ्गे बाट आएका हुन् भनेको पाईन्छ ।

खुम्बुमा आई पुग्दाका समय ४ देखि ५ सय वर्ष भएको तर्क दिईएको पाईन्छ । यी तर्कहरू खुम्बुमा आउनु हुने विद्वान लामाहरूले लेखी राख्नु भएको डायरीबाट थाहा पाएको हुन सक्छ । किनभने त्यस समयमा खुम्बु क्षेत्रमा लामा बाहेक सबै अनपढ नै थिए । त्यसकारण को कहाँ, कहिले, कसरी पुगे अथवा बसोबास गरे जस्ता कुराहरूको इतिहास लेखी राख्ने अन्य मानिस नै थिएनन् भन्न सकिन्छ ।

## श्री खुम्जुङ माध्यमिक विद्यालयको दोश्रो प्रकाशन सगरमाथा दीपशिखा

ज्येष्ठ २०५९ वर्ष २, को पाना नं ११९ मा खुम्बु र यसको धार्मिक इतिहास शीर्षकको लेखमा खुम्बुमा स्यारवा पुर्खाहरूको प्रवेश सम्बन्धि यसरी खुलाएको छ ।

खुम्जुङको शिरानको अकाङ ढुप्काङ गुफामा १२६०/६५ वर्ष अगाडि गुरू रिम्पोचेले तपस्या गर्नु भएको भनाई पाईन्छ । तर कुन वर्षमा यहाँ बसोबास शुरू भएको हो, भन्ने तथ्य फेला परेको छैन । तर चीन, तिब्बत, सिङज्याङ, पाकिस्तान, अफगानिस्तान र नेपाल तिर मंगोल जातिका प्रवेश लगभग नवौं शताब्दीमा भएको अनुमान आजभन्दा ४ वर्ष अगाडि कान्तिपुर दैनिक पत्रिकामा "सेर्पा" शीर्षकमा बृटिस म्यूजियममा संरक्षित एउटा पुस्तकमा उल्लेख भएको तथ्य छापेको थियो । भारतको दिल्लीबाट निस्कने "तिब्बतियन दैनिक" २००१ जनवरीको एक पत्रिकाले पनि नेपाल, भारत, तिब्बत, अफगानिस्तान तिर मंगोलहरूको प्रवेश नवौं शताब्दीमा भएको हुनसक्ने प्रसंग कोट्याएको थियो ।

Stories and Customs of Sherpas भन्ने किताबमा लेखकले, मोङ लामा बुद्ध छेनजेनका जेठा छोरा लामा साङ्वा दोर्जीको जन्म आजभन्दा ३५० वर्ष अगाडि मोङमा भएको, भन्ने कुरा उल्लेख गरेको छ । लामा साङ्वा दोर्जीको जन्म ३५० वर्ष अगाडि भयो भने, उनका पिताको उमेरलाई जोड्दा ४०० वर्ष जति मान्न सकिन्छ ।

त्यस बेला खुम्जुङ खुन्दे धूपीको घना जंगलले ढाकेको थियो । मान्छेको बस्ती ल्होनाङ र च्यूप्चोमा थियो । त्यस बेला ल्हो गुम्बाको लामा र मोङ लामा बुद्ध छेनजेन बीचमा धार्मिक युद्ध भएको थियो, भन्ने कथा आजभोलि पनि सुन्न पाईन्छ । त्यस समयमा गोर्मुजे र मोङका गुम्बाहरू

तथा ल्होनाङको ठूलो गुम्बा र बस्ती बसेको पनि ३०० वर्ष पुरानो भएको अनुमान गर्न सकिन्छ । यसरी समीकरण गर्दा गाउँ बस्ती बस्न शुरू भएको ४००+३०० = ७०० वर्ष हुन पुग्छ । सबैभन्दा पुराना बस्तीहरू ल्होनाङ, ल्हो गुम्बा, च्यूप्चो, गोर्मुजे र मोङ गुम्बा हुन् भन्न सकिन्छ ।


स्यारवाहरूको बसाई सराई सम्बन्धि ऐतिहासिक तथ्य कोट्याउँदा तिब्बतको रोङ स्यारबाट फुसिला डाँडा काटेर आई भण्डार देउरालीमा बस्ती बसेको तथ्य पाईन्छ । त्यहाँ धेरै वर्षको बसाई पछि भयंकर डरलाग्दो संक्रामक रोग (हैजा) फैलियो । धेरैको मृत्यु भयो । बाँचेका केही स्यारवाहरू प्रदुषण रहित शुद्ध, सफा र ठण्डी हावा, पानी भएको ठाउँ खोज्दै उकालो लागे । बसाई सर्ने क्रममा उनीहरूले आफ्नो याक, नाक, भेडा, बाख्राहरू पनि खर्कमा चराउँदै सार्दै सार्दै ल्याए । उनीहरू रोङस्यार हुँदै, छ्याङमा (भण्डार देउराली), रोल्पी लिङ (रोल्वालिङ) हुँदै खुम्बुमा आई पुग्न लगभग २०० वर्ष जति लागेको हुन सक्छ । यसरी हिसाब गर्दा ४००+३००+२००=९०० वर्ष हुन पुग्छ । कथा अनुसार, भण्डार देउरालीमा स्यारवाहरूका पुर्खाले छाडि राखेको जाँतोको माणी घरबाट उम्रेको विरूवा बढ्दै जाँदा सो जाँतो रूखको टुप्पोमा धेरै वर्षसम्म उचालिएर रहिरहेको कथा पनि अझै जनजिब्रोमा पाईन्छ ।


"Stories and Customs of Sherpa" भन्ने किताबमा, "पाछेन र छेमी आफे" नाम गरेका यी जोडीले नै खुम्बु "उर्गेन बेयूल" मा बस्ती बसाल्न उद्घाटन गरे, भन्ने उल्लेख गरेको पाईन्छ । पछि खिरा (शिकारी) गोम्बु दोर्जेले शिकारको दौरानमा नाङ्मा खाङ्लाको बाटो खोलेपछि विस्तारै तिब्बत बाट मान्छेहरू खुम्बु तिर बसाई सरेर आएका थिए, भन्ने कुरा सगरमाथा दीपशिखा किताब भित्र खुलाएको पढ्न पाईन्छ ।



*खुम्जुङ-खुन्दे, खुम्बु*


११औं शताब्दी तिर, शिकारी खिरा गोम्बु दोर्जी शिकार खेल्दै आफ्नो शिकारी कुकुरको पिछा गर्दै आउँदा खुम्बुको नाङमा खाङलाको बाटो पत्ता लगाए । नाङमा खाङलाबाट आउँदा खुम्बुको थामे गाउँ कुनामा भेडाको बथान देखे । "ल्हुक नोक" अथवा "भेडा रैछ" भने । त्यसपछि त्यस ठाउँको नाम "लूनक" रहन गयो । यसको मतलब खुम्बुमा स्यारवाको प्रवेश अगाडि नै मानिस थिए ? वा, स्यारवाहरू दशौं शताब्दी भन्दा अगाडि नै खुम्बुमा थिए ? तर नाङमा खाङला डाँडा खोलेर तिब्बतबाट मानिस प्रवेश हुन अगाडि नै पक्कै पनि खुम्बुमा केही "पशुपालकहरू" थिए । हुन सक्छ रोल्वीलिङबाट टासीलप्च काटेर खर्क चरणक्षेत्र खोज्दै आएका हुन् । यदि हो भने खुम्बुमा स्यारवाको प्रवेश दशौं शताब्दि तिरै भएको देखिन्छ ।

यसरी खर्क र चरण क्षेत्रको खोजी गर्ने क्रममा रोल्वालिङमा लामाले एकजना पशुपालक लाई, "यस्तो एक ठाउँ छ जहाँ साह्रै राम्रो चरण क्षेत्र र बास बस्ने लायकको ठाउँ छ ।", भन्नुभयो र त्यस पशुपालकले "ङ खुम" अथवा "मलाई थाहा छ ।" भनी जवाफ दिए । त्यसपछि, त्यस क्षेत्रको नाम "खुम" रहन पुग्यो । पछि, "खुम ज्यूङ", "खुमते" अर्थात् तल्लो खुम र माथिल्लो खुम नाम रहन गयो । त्यसपछि खुम्बु, खुम्बु यूल्ह का नामहरू रहन गए । यी कुरा बुढापाकाहरूको भनाईमा पाईन्छ ।










रोचक कुरा के छ भने खुम्बुको भौगोलिक नक्शाको आकार गुरू रिम्बोचेले लूङ तेन (भविष्यवाणी) गर्नुभएको पुस्तक "तमो फक्मो सप्टी" भित्र यसरी उल्लेख गरेको पाईन्छ; "घोडाको शरीरको आकारमा टाउको पश्चिम रोल्पी लिङ बेयूल तिर फर्केको र पुच्छर पूर्वी खेन्पलूङ बेयूल दिशा तिर रहेको ठाउँ छ । त्यहाँबाट अघि बढे एउटा भेडाको भूँडी झुण्डेको जस्तो जग्गा छ र त्यहाँबाट एउटा सुंगुरको ढाँडको धार जस्तो आकारको डाँडा देखिन्छ । त्यसमाथि तिनकुने चउर सिङमा ठुसुम छ । त्यहाँबाट मियोलोजाङमा (सगरमाथा) देखिन्छ ।"

यस पुस्तकमा उल्लेख भएको उक्त स्थान हालको घोडाको टाउको "खुन्दे", जिउ "खुम्जुङ" र पुच्छर खुम्जुङको पूर्वतिरको "लुङवी झाक" हो । झुण्डेको भेडाको भूँडी जस्तो देखिने ठाउँ "टसीघाङ/टसीङा" हो । त्यहाँबाट सुङ्गुरको ढाँडको धारको आकारमा देखिने डाँडा माथि रहेको चउर (सिङमाठुसुम) "त्याङबुचे" हो । यी वर्णनहरू खुम्बुको जग्गा र गाउँको नाम रहनु पूर्वको हुनसक्ने अनुमान गर्न सकिन्छ । गुरू रिम्बुचे आठौं शताब्दीका हुन् । वहाँले त्यस क्षेत्रको जमिनको भौगोलिक नक्शाको वर्णन गर्नुभएको पाईन्छ । साथै अरू सात बेयूलहरूको पनि वर्णन गर्नु भएको पाईन्छ, भन्ने लामाहरूको भनाई छ । "खिरा गोम्बु दोर्ची" ११ औं शताब्दीको महायोगी "मीलारेपा" का चेला हुन्, भनिएको छ ।

त्यसकारण, मानिसको संख्या कति पसे, गाउँ बस्ती कहिले बसाले भन्ने पत्ता लगाउन नसके पनि, ११ औं शताब्दी तिर पशुपालकहरू (लुक + नोक = लुनक) थामे कुनातिर रहेको हामी अनुमान गर्न सक्छौं । त्यसकारण स्यारवाहरूको पुर्खा खुम्बुमा प्रवेश दशौ शताब्दीतिरको होकी भनी अनुमान गर्न सक्छौं ।

**नोट :**


१. हाम्रा पुर्खाहरूले पहिला गाउँ बस्ती बसाल्नु भन्दा पनि पशुचरणको खोजीमा ध्यान दिएको पाईन्छ ।
२. खिरा गोम्बु दोर्जी ङेस्याङपा हुन् । उनी ११ औं शताब्दीका महायोगी मिलारेपाका शिष्य हुन् । ङेस्याङपा हालको मनाङपा हुन् ।
३. तेङबोचे लामाका अनुसार, पाछेन र छेमी आफे जोडी नै खुम्बुका सबैभन्दा पुरानो पल्दोर्जे थरका पुर्खा हुन् ।
४. यी दुई जोडी पाछेन र छेमी आफे रोल्वी लिङबाट खुम्बु पसेका हुन सक्छ ।
५. पुर्खाहरू खर्क, चरणक्षेत्रको खोजी गर्दै जाने क्रममा, सबै खुम्बुमा नफर्किएको अवस्था पनि हुनसक्छ । छरिएर जिरी तिरै बसेको अवस्था पनि हुनसक्छ ।




- खुम्जुङ खुन्देलाई केन्द्रमा राखेर लर्चा दोभान देखि माथिको बस्तीलाई "खुम्बु त्यो" मानिन्छ ।
- दुङतेलाई केन्द्रमा राखेर थाम डाँडा देखि लर्चा दोभान बीचको बस्तीलाई "फाररक" मानिन्छ ।
- जुनबेँसी र फाप्लुलाई केन्द्रमा राखेर स्योररोङ यूल्ह पिनसुमबाट बगी दुधकोसीमा मिसिने सम्मको खोला वरिपरिको बस्तीलाई "स्योररोङ" भन्दछ ।

यहिबाट विस्तार हुँदै फैलिएको सेर्पाहरूको बस्ती अहिले धेरै ठाउँहरूमा रहेको पाईन्छ । तर जति जहाँ रहेको भएपनि सेर्पाहरूको थर, नाता, धर्म, परम्परा र चलन एउटै रहेको पाईन्छ ।

दुधकोशी पारीको पुरानो बाटो (स्यमुङ नम्रकला) मा राखेको खुम्बु र स्योरोङको सिमालाई "लुम्दिङ ज्ञवी स्योरोङ, ङोत्तुङ ज्ञवी खुम्बु" भनी सिमाङ्कन गरेको छ ।






**धर्म (छ्यो)**

- **बौद्ध धर्म (नाङबी छ्यो)**
  - महायान
  - हिनायान
  - बज्रयान

तिब्बत र नेपालका हिमाली भेगमा जुन यान मानिएता पनि सेर्पाहरूले मान्ने धर्म "महायान" हो ।

**महायान (थेकक्षेन) अर्न्तगत**

- ञिङमापा
- कङ्युपा
- शक्यापा
- गेलुक्पा

- महायान अर्न्तगत यी माथिका चारैवटा सम्प्रदायका धर्महरू सेर्पा समाज भित्र मानेको पाईन्छ ।
- बोन धर्म नेपालको पश्चिम डोल्पा तिर मानेको पाईन्छ ।

**भेषभूषा**
(स्यर्वी छ्यालुग)

- लामाको भेष
  लमा छ्योवी नम्श
- केटाको भेष
  ज्योन्दी मन्ज्य
- केटीको भेष
  फुमी मन्ज्य
- गहना
  गेनज्या

**चलन**
टोल (लुक्सो)

- कृषि
  स स्हिङ
- सामजिक व्यवहार
  लुङबी ख्यु
  लुङबी खित्ताङ
- घर व्यवहार
  ठोङबी ख्यु
  ठोङबी खित्ताङ
- मानव व्यवहार
  मि खित्ताङ

**कृषि**
श रिहङ

- बाली
  लो थोक
- पशुपालन
  क्षुङमा
  - खर्क
    यर्सा (वर्षे खर्क)
    गुन्सा (हिउँद खर्क)
- व्यवस्थापन
  डि ताङ ठिम

## स्यारपाहरुको अभिवादनमा प्रयोग हुने शब्दहरु

१) टाशी देलेग

२) कु–खामशाङ

३) कुसुक देबु

४) थाङबु

- स्वागतम : छयाक फेवा नाङ
- विस्तारै पाल्नुस : खली फेप

## स्यारपाहरुको आशन क्रम

१) लामा

२) पेम्बु

३) फमा

४) धेम्पा


५) गोङब सङा


**सामाजिक व्यवहार**
लुङ्वी ख्यु (खित्ताङ)

सम्मानित ठालुहरू
चित्तप खिगोउ
१) फमी क
२) लमी क
३) पेम्बु क
४) क्षे की क
५) घेम्पी क
६) छ्यो ठिम्पी क

गाउँको नियम
यूलठिम:
नवा
ड़ि
रिहङ सलुक ड़ि
लोथोक ड़ि
क्षुङमी ड़ि
चे ड़ि

सामाजिक मिलाप
यूल्की तेम्बा
१) लरके काँची
२) ज्यापु किपु
३) डिक्पा, याङजी
४) दल्जा, रोला
५) खलक क्योङ्गु
६) छ्याङदुङ झाउ
७) याङजी खिरू




हुन त पुर्खाहरूको उखानले, "सन क्ष्याक्टा छे, डोन दिक्टा छे" अर्थात् खाँदा भ्याम भुम र हिड्दा ड्याङडुङ हिड्नु, भनिएको पाईन्छ । तर उखानले जेसुकै भनिएको भए पनि मानव सभ्यतामा अनुशासनको परिधि भित्र निम्न लक्षिणयुक्त चरणहरू गर्नु, भन्ने हाम्रो पुर्खाहरूको अर्ति रहेको छ । भनिन्छ, "सलुक, थुङलुक, डोलुङसुम, ठिन्जे फमि लोपच्यक यिन" अर्थात् खाँदा, पिउँदा, हिड्दाको अनुशासनको शिक्षा अभिभावकले दिनुपर्छ ।

## सत्ताङ (खाने तरिका)

खाना खाँदा कुकुर जसरी थाल वरिपरि छरपष्ट नछर्किनु, सुङ्गुर जसरी खानालाई दाँत र मुख नबजाई खानु, खाना निल्दा आँखा चिम्लेर सर्पले भ्यागुतो निले जसरी ननिल्नु, भनिएको पाईन्छ । खाना खाँदा खानालाई ईज्जत साथ स्वाद लिई विस्तारै निल्नु भनिएको छ ।

## थुङत्ताङ (पिउने तरिका)

तातो चिसो जेभए पनि, जति हतार भए पनि थुतुनो र कपको बिच आवाज नबज्ने गरी बिस्तारै पिउनु भनिएको छ ।

## डोत्ताङ (हिडाई)

जस्तो सुकै हतारमा जहाँसुकै हिड्नु परेपनि वनको राजा सिँह हिडे जसरी होशियार पुर्वक विस्तारै पाईला सार्नु भनिएको छ ।

## देत्ताङ (आशनक्रम)

मर्यादाको क्रमानुसार आफुभन्दा जेठोलाई सम्मान पुर्वक माथिल्लो आशनमा राख्नु, बस्दा जहाँसुकै खुट्टा नपसारिकन पलेटी कसेर बस्नु । आफु जति बलियो भएपनि हात्ती जसरी कुमलाई छोट्टाएर, टाउको निहुराएर अनुशासनपुर्वक बस्नु भनिएको छ ।

## लप्से लप्ताङ (बोली वचन)

स्याँवा भाषा पुरानो भाषा अर्न्तगत पर्दछ । यस भाषालाई तीन प्रकारका लवजले बोल्न सकिन्छ । १) आदारार्थी भाषा २) मित्रगत भाषा र ३) आफु भन्दा सानो संग बोलिने भाषा । यी जुनसुकै लवजले बोले पनि सकेसम्म आफ्नो स्वरलाई केही दबाएर शब्द उच्चारण गर्नु पर्दछ । बोल्दा अरूलाई अपमानजनक शब्द प्रयोग नगर्नु एक व्यक्तिको सभ्यतालाई झल्काउँछ । हसिलो मुहारमा सामुन्नेको व्यक्तिलाई सम्मानका साथ बोल्नुपर्दछ । सम्मानजनक भाषा "स्येसु" बोली प्रयोग गर्दा आफु पनि सम्मानित भईन्छ र आफ्ना कुरा सबैले रूची दिएर सुन्छन् । यस्तो भाषालाई "ताम ङेरमु" (मिठो बोली) पनि भनिन्छ ।

## मर्यादा सिमा भन्दा बाहिरका व्यवहार जनाउने शब्दहरु

१) मर्यादा पालन नगर्ने र आफुलाई वरिष्ट ठानी आफु नै माथिल्लो आशनमा बस्न खोज्ने व्यक्तिलाई "ठालते क्षेम्बु" भन्दछ ।

२) मिठो मिठो खानेकुरा मात्र खान खोज्नेलाई "स्यिम्ते क्षेम्बु" भन्दछ ।

३) आफु मात्रै सिपालु जानेबुझेको हुँ ठान्ने व्यक्तिलाई "खात्तोक क्षेम्बु" भन्दछ ।

४) कुनैपनि साधारण चिजलाई घृणा गरी घमण्ड देखाउनेलाई "तम्ती क्षेम्बु" भन्दछ ।

५) आफ्नो मात्र हो, आफुलाई नै चाहिन्छ भनी बल देखाउनेलाई "हाम्बा क्षेम्बु" भन्दछ ।

६) मादक पदार्थ बढी सेवन गर्नपर्ने व्यक्तिलाई "क्युरस्ये छेम्बु" भन्दछ ।

७) मेरो जतिको सम्पत्ति अरू सँग छैन मै हुँ धनी, भन्ने प्रकारको व्यवहार देखाउने व्यक्तिलाई "छ्युक्तोक क्षेम्वु", "वोत्तोक क्षेम्वु" भन्दछ ।

८) सित्तिमित्तिको जाडोले असर नगर्ने, बाक्लो कपडा नचाहिने व्यक्तिलाई "खेरिक्षेम्बु" भन्दछ ।

९) आफै बलवान र जान्ने हुँ भन्ने अहम व्यक्तिलाई "रङ्दी क्षेम्बु" भन्दछ ।

१०) एकदमै नक्कले स्वभावको र केटी अथवा केटा सँग जिस्किने व्यक्तिलाई "ठुल क्षेम्बु" भन्दछ ।

११) साधारण कुरालाई बढाई चढाई गरेर, ठूलो विषय बनाई बोल्ने व्यक्तिलाई "वुर्स्ये क्षेम्वु" भन्दछ ।

१२) लाज नमानी बोल्ने, नाच्ने, गाउँने जस्ता काम गर्न सक्ने व्यक्तिलाई "ङोरिन क्षेम्बु" भन्दछ ।




अवतारी लामा स्वागतको
लागि शेर्पा संस्कृतिको
एक झलक

खण्ड २

# संस्कृति

एडवार्ड टेलर (सन् १८७१) का अनुसार, यसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा र कुनै अन्य व्यवहारहरू समावेश हुन्छन्, जसलाई मानिसले सामाजिक सदस्य भएको नाताले आर्जित गर्दछन् । साथै संस्कृतिलाई समाजका सदस्यहरूको सोचाई, अनुभव र व्यवहारको ढाँचागत तरिकाहरूलाई जनाउन पनि प्रयोग गरिन्छ । Ajants Dictionary का अनुसार; culture अन्तर्गत धर्म, विश्वास, भक्ति, निष्ठा, चलन, वर्तन, चाल, उत्कृष्ट ईच्छा, प्रबल भक्ति, उपासना, अर्चना पर्दछन् । Culture अन्तर्गत कृषि संवर्द्धन, मानसिक प्रशिक्षण, बुद्धि विकास, सुसंस्कार, शिक्षा, विकासात्मक परम्परा, सामुहिक पालन आदि पर्दछन् । संस्कृति आफु जन्म लिएको अवस्थाको परिवार, समाज, ठाउँ तथा समय अनुसारले फरक पर्दछ । त्यसै अनुसार आफुलाई प्रस्तुत गर्ने प्रकृया हो ।




### संस्कृति मानिसको लागि किन आवश्यक ?

१) समाजलाई व्यवस्थित र मेलमिलाप कायम राख्नको लागि संस्कृति आवश्यक छ ।
२) समाजको पहिचान र सरसम्मानको लागि संस्कृति आवश्यक छ ।
३) समाजलाई नाता कुटुम्बको साईनो र पहिचानको लागि संस्कृतिको आवश्यक छ ।
४) समाजमा मानवीय अनुशासन कायम राख्नको लागि संस्कृति आवश्यक छ ।
५) समाजलाई धर्म संरक्षण र प्रकृतिलाई सम्मान गर्न शिक्षाको लागि संस्कृति आवश्यक छ ।
६) धर्तीलाई अति सिमांकन र मानव मानव बीच अति रेखांकन हुन नदिन संस्कृतिको आवश्यक छ ।
७) समाजलाई असल सभ्य कायम राख्न संस्कृति आवश्यक छ ।

आ–आफ्नो संस्कृति संरक्षण गर्न भाषा र लिपि मुख्य हुन्छ । घर परिवार, साथी भाई, गाउँले, छरछिमेकी बीचमा आफ्नै भाषा प्रयोग गर्नुपर्छ । बोली राख्नुपर्छ । सम्भव भए सम्म संभोटा लिपि सिक्नुपर्छ । आ–आफ्नो भाषा र लिपि प्रयोग भईरहेको स्थिति छ, भने त्यो जीवित संस्कृतिको स्थितिलाई प्रष्ट्याउँछ । लिपि प्रयोग गर्न छाडेको स्थिति भए त्यो कमजोर हुन थालेको संकेत जनाउँछ । भाषा र लिपि दुबै प्रयोग नभएको स्थिति भए संस्कृति अर्धमृत भैसकेको स्थितिलाई देखाउँछ र जब संस्कृति बचाउने भनेर किताब खोज्नु पर्ने स्थिति आउँछ त्यति बेला मृत भई सकेको अवस्था हुन्छ । त्यसपछि बाँच्ने उपाय हुँदैन ।

आफु जस्तोसुकै भए पनि पहिचान दिने आफ्नो संस्कृति नै हो । संस्कृतिलाई रोजगार सँग तुलना गर्नु आफ्नो कमजोरी देखाउनु हो । त्यसैले आफ्नो पहिचान र संस्कृतिलाई आत्मासाथ गरी यसको निरन्तरता र संरक्षणमा साथ दिनुपर्छ ।

## सेर्पा संस्कृति अन्तर्गत

| | |
|---|---|
| धर्म | : बौद्ध धर्म |
| चाड पर्व | : डुम्जी, फाक्ङिङ, लोसारपुलुक, मनिरिम्डु, लोसार, यारछ्याङ |
| सामुदायिक पुजा | : कञ्जुर तेंजुर पुस्तक पठनपाठन, ञ्युङने (ब्रत), चिरिम पुजा, छ्योकुर/वोर्स्यु (धार्मिक परिक्रमण), बज्रगुरू मन्त्र जप । |
| भाषा | : सेर्पा भाषाको कतिपय शब्दहरू पेज्या (लामा पुस्तक) सँग मिलेको पाईन्छ । पुर्वी सेर्पाहरूले प्रयोग गर्ने अक्षर संभोटा लिपि हो । |
| बोलीचाली | : सेर्पाहरूको भोटबर्मेलीमा आधारित आफ्नै बोली, लवज हुन्छ, जुन मिठासपुर्ण र सम्मानजनक हुन्छ । |
| भेषभूषा | : सेर्पाहरूको आफ्नो पहिचान जनाउने पुरूष तथा महिलाका विभिन्न भेषभूषा हुन्छन् जुन तल दिईएका अनुसार छन् । |

**पुरुषको छ्यालुग (भेषा)**

- स्यमुङ पकस्या (टोपीको प्रकार)
- स्यमुङ अपतोक (टोपीको प्रकार)
- स्यमुङ थेङस्या (टोपीको प्रकार)
- थो (फेटा)
- त्योत्तुङ (कमिज)
- खेन्जोर (असकोट)
- क्षुवा (बक्खु)
- कारा (पटुका)
- कोसिल काचा (धोजा)
- ल्हामडोक (धोजा बाँध्ने)
- खारे अर्ति (पछ्यौरा)



*शेर्वी छ्यालुक (पुरूषको भेष)*



**महिलाले लगाउने छ्यालुक सेट**

- स्यमुङ मोस्या (टोपी)
- स्यमुङ छिरीङ किडगप (टोपी)
- स्यमुङ थेङ्स्य (टोपी)
- रात्तुक (कमिज)
- एङ्गी (बख्खु)
- तोङ्कोक
- गेवे (कम्मरमुनि पछाडि लगाउने)
- मटील (कम्मर मुनि अगाडि लगाउने)
- कारा (पटुका)
- काचा स्याङसिल (धोजा)
- ल्हमडोक (धोजा बाँध्ने डोरी)
- तोङ्कु (चुल्ठो बेर्ने डोरी)

**गरगहना (पुरुषको)**

- सेर्की अलुङ (कानमा लाउने)
- सेर्की सोर्तुप (सुनको औंठी)
- स्हि सुम्डुक (माला)
- स्हि गुर (नौँ भि सेटको माला)

**गरगहना (महिलाको)**

- सेर्की मालि
- सेकी टप
- सेर्की मेन्दोक कोक्ते
- सेर्की खउ
- छ्यपछप
- सेर्की टिकटिक
- सेर्की मटिल
- सेर्की सोर्तुप
- सेर्की पिङ
- सेर्की अलुङ
- ङुल्कि फाङदी
- ङुल्कि केत्तिक
- ङुल्कि ठेत्तिक
- स्हि गुर अथवा स्हि (माला)
- गेनज्या (गहना), भिकुर (नौ भि को सेट)



डुम्जी पर्वमा खुम्बि यूल्ह मुकुट नाँचको स्वागत गर्दै उज्यहरू

खण्ड ३

# खुम्बुका प्रमुख चाडपर्वहरु

## डुम्जी

डुम्जी चाड विशेष गरी सेर्पाहरूले लुनार क्यालेन्डर (धत्तु) को पाँचौ महिनाको छेवा (गते) १० मा मान्ने प्रमुख धार्मिक चाड हो ।

डुम्जीको वास्तविक नाम "ढुप छ्यो" हो । जसको अर्थ "साधना गरी चढाउनु" भन्ने बुझाउँछ । यो चाड तिब्बत र हिमाली क्षेत्रका बौद्ध धर्मावलम्वी महायान अन्तर्गतको "ङिङ्मापा" सम्प्रदायका सेर्पा समुदायले मनाउँने गर्छन् । यी बाहेक सक्य, कक्यु तथा गेलुक्पा समूहहरूले मानेको पाईदैन । किनभने ङिङ्मापाको मुख्य संस्थापक "गुरू रिम्वोर्चे" को मुख्य दिवस "वर्षको प्रत्येक १२ औं महिनाको छेवा च्यु (दशौं तिथि)" भए पनि ती मध्ये वर्खा महिना "दावा ङवा (५ औं महिना) को छेवा च्यु (दशौं तिथि)" मुख्य दिन भएको हुँदा लामा साङ्वा दोर्जेले वहाँको गुम्बा स्थापना हुनु अगावै पाङ्बोचेको "वोर्स्यो" भन्ने ठाउँमा पुजा साधना गर्न सुरू गर्नु भएछ । वहाँले लगभग १६१० शताब्दितिर सुरू गर्नु भएको मुख्य "रेना" को पुजा साधारण "छोक" बाट विकास भयो । अहिले पाङ्वोचे, थामे, खुम्जुङ, रिमिज्युङ हुँदै, गोम्वस्यूङ (जुनबेंसी), लुक्ला र फोर्चे गुम्बाहरूमा धुमधामकासाथ साधना गरी डुम्जी मनाईन्छ । फोर्चे गुम्बा पाङ्वोचेबाट छुट्टिएर आएको हो । यो गुम्बा यस युगको सबैभन्दा कान्छो गुम्बाका रूपमा स्थापित भएको छ । वि. सं २०६८ देखि फोर्चेका बासिन्दाहरूले आफ्नै गाउँको गुम्बामा डुम्जी मान्न थालेका छन् ।

पाङ्वोचेको वोर्स्योमा लामा साङ्वा दोर्जेले गुरू रिम्वोर्चेको दिवस "छे च्यु डुप छ्यो" (पाँचौं महिनाको दशौं तिथि / दावा ङवाको छेवा १०) मा गाउँले जम्मा गरी "रेना" पुजा आरम्भ गरे । उक्त पुजा समापनपछि छो (प्रसाद) बाँडेर खाई, छे ज्याङ (छ्याङ) खाई नाचगान गरेर रमाईलो गरे । गाउँलेहरू दिउँसोको एक छाक खाना "रिल्दोक सेन" (आलुको ढिडो) वा "रिकी कुर" (आलुको रोटी) खाएर छुटिए । यही क्रममा सेर्पाको जनसंख्या वृद्धि, बस्तीको विस्तार र धर्मप्रति आस्थाका कारणले डुम्जीको पनि वृद्धि र विकास हुँदै गयो ।

डुम्जी कति दिन मान्ने भन्ने सवाललाई त्यस गाउँको जनघनत्वले निर्धारण गरेको पाईन्छ । न्युनतम ३ देखि अधिकतम ५ दिन सम्म मनाईन्छ । तर सबै गुम्बाहरूमा "रेना छ्योपा" को पुजा भएको पाईन्दैन । त्यस भन्दा केही छोटो र सजिलो छ्योपाको पुजा गरिआएको पाईन्छ । तर पाङ्बोचे गुम्बा र खुम्जुङ गुम्बामा सुरूदेखि नै रेना छ्योपाबाट पुजा गरिआएको हुँदा यसैलाई निरन्तरता दिनुपर्छ भन्ने लामा गुरूहरूको भनाई रहेको छ र भईरहेको पनि छ ।

पहिलेका गुम्बाहरूमा अहिलेको जस्तो अविवाहित लामा ठावाहरू थिएनन् । अति दुर्गम बस्ती र जनघनत्वको कमी रहेको अवस्था थियो । शिक्षा क्षेत्रमा लामा विद्या बाहेक अरू केही माध्यम थिएन । लामा विद्या हाँसिल गर्न पनि तिब्बत जानु पर्दथ्यो । त्यसो भएकाले धेरैजसो विवाहित पुरूषहरूले लामा शिक्षा हाँसिल गरेका हुन्थे । विवाहित परिवार भए पनि "लो सुम दसुम छाम, ढुवा ञेम्प" (कठोर तीन वर्षे, तीन महिनाको वर्षबास) तपष्याहरू गरेका हुन्थे । त्यही तपस्याका कारण लामाहरूले ठूला शक्ति प्राप्त गर्दथे । आफ्नो गाउँको डुम्जी ती ङक्पा लामाहरूद्वारा हुने गर्थ्यो । प्रत्येक गाउँको डुम्जीलाई नियमित बनाउन र व्यवस्थित गर्नका लागि श्रेणीबद्ध तरिकाले उज्य (नेतृत्वदायी व्यक्तिहरू) को छनौट र गठन हुन्थ्यो । उज्यहरूमा लामा प्रमुख हुन्थे ।

**अन्य उज्याहरु**

१) उम्जे : पाठ पुजाको अगुवा
२) च्योर्पेन : छ्योपा पुजा हेर्ने, पुजाको विधि पुऱ्याउने व्यक्ति
३) छ्योरिम्पा : जनमास व्यवस्थापन गर्ने र गुम्बाको नियम लागु गर्ने व्यक्ति
४) कोङिर : गुम्बाको रखवाला गर्ने व्यक्ति

गुम्बा निर्माण हुने बित्तिकै लामा र उज्याहरूले च्यायिक (विधान) बनाउँथे । उनीहरूकै तजबिजले धर्म, गुम्बा तथा गाउँलेको हित हुने गरी च्यायिक बनाउँथे । डुम्जी कति दिन मान्ने, अर्को सालको "डुम्जी लावा" (आयोजक) कसलाई छान्ने, अन्य धार्मिक कार्यक्रमहरू कहिले कसरी मान्ने जस्ता निर्णय गरिन्थे ।

**खुम्जुङ र पाङबोचेमा गरिने डुम्जीको तालिका**

(१) प्रथम दिन बेलुकीपख लामा र उज्याहरू गुम्बामा जम्मा हुन्छन् । तोर्मा (भातको त्रिकोण ढिक्का) लाई रङ्गाउन एक प्रकारको रातो रङ्ग निस्कने रूखको बोक्रा घिउमा उमालेर भिजाई राख्छन् जसलाई "कोमा बङ्गु" भनिन्छ ।
(२) दोश्रो दिन "गेण्टाङ कोउ" छ्योपाको लागि तोर्मा बनाउँछन् । सो तोर्मालाई गेन (घिउको टिका)ले सुन्दर आकारको बुट्टाले धार्मिक विधि अनुसार सजाईन्छ ।
(३) प्रथम दिन "ढुपस्याक" नवौं तिथिमा पर्छ ।

प्रथम दिन "ढुपस्याक" का दिन गुम्बामा सबै गाउँले जम्मा हुन्छन् । पहिले "ढुपस्याक" को दिनदेखि मात्र लावा (आयोजक) बाट "सोल" भनेर भात पकाएर दही अथवा तरकारी सँग दिन्थे । क्रमशः जनसंख्या वृद्धि हुँदै गयो । तरकारी दिन छाडिए । भातलाई पनि "सेङगोङ" (डल्लो) बनाएर बाँड्न थाले । केही साधारण परिवारहरूले फापरको रोटी पकाएर डोकोमा लगाई बाँड्दथे । बाँड्दा सोल सोल भन्दै हात हातमा दिने चलन थियो । सन् १९८० को दशक देखि "सोल" को रूपमा चामल मानामा भरेर बाँड्ने चलन ल्याए र अहिले २०१७ सम्म पनि त्यहि चलन चलिरहेको छ ।

खुम्जुङ गुम्बामा सबै लावाहरू जम्मा हुन्छन् । धार्मिक विधिपूर्वक सेर्किम पुजा गर्छन् । ५ दिनसम्म रमाईलो गरी मनाउने डुम्जीको लागि चिट्ठाद्वारा प्रत्येक दिनको तालिका निर्धारण गर्छन् । एक दिनमा दुई घर को दरले आयोजक "लावा" छनौट हुन्छ । लावाहरू आफुलाई परेको क्रम

अनुसार सोल बेलुकीपख बाँड्छन् । डुम्जी गर्ने प्रत्येक घरको घरमूलीलाई नछुट्याई बिहानको समयमा "सेर्कीम" दिनुपर्छ । बिहानभरि "सेर्कीमला फेवाहे" भनी झ्यालबाट आवाज दिने चलन छ । त्यसपछि, बेलुका सम्म "पुङ ज्याङ ला फेवाहे" भनेर आवाज दिई निम्तो गरिन्छ । दिनभरि गाउँलेलाई पुङ ज्याङ खाने निम्तो गर्न एक जनालाई जिम्मा दिईन्छ । सेर्कीमको लागि छ्याङबाट छानेको निङ्गर (प्रथम श्रेणीको) र पुङ ज्याङको लागि बलु (चामलको छ्याङ), नूर्मा (कोदोबाट बनेको छ्याङ) तथा आरक (अन्नबाट पारेको रक्सी) तयार गरी राखिएको हुन्छ ।

सेर्कीम र पुङ्ज्याङ भनी छुट्याउन पर्ने सानो कारण छ । उहिले खुम्बु धेरै विकट थियो । अन्नमा सबैभन्दा सजिलो गरी मकै मात्र पाईन्थे । चामलको छ्याङ कल्पना भन्दा बाहिरको कुरो थियो । त्यस बखत मकै भुटेर घट्टामा पिंधेको चम्पा (सातु) बाट बनेको छ्याङ "सेन्ज्याङ" तयार हुन्थ्यो । त्यो सेन्ज्याङ छानिन्थ्यो । "सेन्ज्याङ ङिङ्गु" (मकैको सातुबाट बनेको छ्याङको निंगार) लाई "सेर्कीम" र दोश्रो दर्जाको सेन्ज्याङ्लाई "पुङ्ज्याङ्" भनियो । त्यो सेर्कीम "सेन्ज्याङ् ङिङ्गु" सबै घरका प्रमुखलाई नछुट्याई खानदिने चलनबाट सेर्किम सुरू हुन गएको पुर्खाहरूको भनाईमा पाईन्छ ।

डुम्जीको दिन बिहान गुम्बामा त्रिरत्न र गाउँघरको ईष्टदेवलाई "मेण्डल", "छोक" र "सेर्कीम" अर्पण गरिन्छ । लामा र गेन्दु (संघ) का लागि विशेष किसिमको "ग्यगरपेञ्जे" गायनका साथ सेर्किम चढाईन्छ । चार जना उज्याको लागि पनि छुट्टै ग्यगरपेञ्जे चढाईन्छ । गुम्बामा लामाहरूका लागि ग्यगरपेञ्जे सकेपछि मात्र डुम्जी दिने लावाका घरमा गाउँलेका लागि कार्यक्रम तयार हुन्छ । डुम्जीको लागि जुटाई राखेको चामल "सोल", पुजाको लागि तयारी छ्याङ्"सेर्कीम" र गाउँलेलाई खुवाउने छ्याङ् "पुङ्ज्याङ्" बाँडफाँड हुन्छ ।

पुङ्ज्याङ् दिने दिन ज्यादै व्यस्त हुने गर्दछ । घरमा सेर्कीम खान आउँनेहरूलाई राम्ररी सत्कार गर्न अनुभवी व्यक्तिहरू खटाईन्छ । पुङ्ज्याङ् खान आउँनेहरूका लागि छुट्टै सहयोगीहरू हुन्छन् । प्रथम लामालाई, दोश्रो उज्यालाई र तेश्रोमा अन्य पुरूषहरूको लागि "ग्यगरपेञ्जे" गायन अर्पण हुन्छ । महिलाहरूको लागि "मसाम ज्योमे" गायन अर्पण गरिन्छ । सबै कार्यक्रम सकेपछि, गुम्बामा "सोल" वितरण हुन्छ । अन्तमा लामा र गेन्दु (संघ) ले आयोजकबाट भएको सम्पूर्ण खर्चलाई त्रिरत्न, स्वर्ग, नर्क र प्राणीजगतको लागि ङोवा (आराधना) गरी दिन्छन् । सबै लावा (आयोजक) हरूले गर्ने प्रकृया एउटै हुन्छ । चिट्ठा अनुसार पाँच दिन मध्ये कसले अगाडि र कसले पछाडि गर्ने भन्ने कुरा मात्र हो ।

४) डुम्जीको दोस्रो दिन "छेवा च्यु" पर्छ । चिट्ठामा यस दिन जो परेपनि आफुलाई भाग्यमानी ठान्ने गरिन्छ । छे च्यु (दशौं गते)मा "खुम्बुयूल्ह" को मुकुट नाच प्रदर्शन हुन्छ । खुम्बुयूल्ह "जेझल ठिचेन" एक शक्तिशाली कुल देवता हुन् । खुम्बुयूल्हले खुम्बु बेयूल (hidden valley) भित्र कुनै किसिमको नराम्रो अनिष्ट हुन दिंदैनन् भन्ने विश्वास छ । खुम्बुयूल्हले त्यस्तो विघ्नबाधा र अनिष्ट रोक्न सक्ने शक्तिको बरदान पाएको विषय सेर्कीम पुस्तकमा उल्लेख गरिएको पाईन्छ । गाउँले सबैले यूल्हलाई "थूकसोप" पुजाको लागि धजा चढाउने र नाच्ने गर्दछन् । यो छेच्यु (दशौं गते) गुरू रिम्पोर्छेको जन्म दिन "दावा ङवा छेवा च्यु" (लुनर पात्रोको पाँचौ महिनाको दशौं दिन) मा पर्दछ, भनेको पाईन्छ ।

५) तेस्रो दिन "जिन सक"(अग्नी होम प्रार्थना) गर्ने दिन पर्छ । धर्मपाल, धर्मरक्षक, ईष्टदेव, कुलदेवहरूको पुजा गर्दै धार्मिक नाच प्रदर्शन हुन्छ । यस दिन त्रिरत्न, मानिस, जीवप्राणीहरूलाई बाधा पुऱ्याउने, अवरोध ल्याउने भूत, प्रेत, शिण्डी, सोण्डीहरूको विनाशका लागि "होम" गरिन्छ । होम गर्नका लागि गाउँलेहरू सबैले तेल, घ्यु आदि चढाउँछन् ।

६) चौथो दिन "लोक्पर" फाल्ने दिन हुन्छ । यो दिन गत वर्षभरिका र आउने दिनहरूका समेत खराब ग्रहदशा धार्मिक विधि अनुसार फाल्ने र जलाउने गरिन्छ । ढुपस्याक (पुजा साधना) को दिन देखि लगातर साधना गरी आएको यस यज्ञमा बनाईएको "लोक्पर" (त्रिभुज आकारको भातको ढिका) गाउँको दक्षिण पुच्छारमा फाली जलाउने कार्यक्रम हुन्छ । सबै लावाहरू र गाउँलेहरू लामा संगसंगै भूत लखेट्न भन्दै होहल्ला गर्दै लोक्पर फाल्न निर्धारित ठाउँमा जान्छन् र धार्मिक विधि अनुसार जलाउँछन् । यस दिनको समापनको उपलक्ष्यमा बेलुका सबै गाउँलेहरू गुम्बामा भेला हुन्छन् र "बेलबेञ्जी" सेर्पा गीतमा प्रतियोगिता हुन्छ । पहिले खुम्जुङ र खुन्देका गाउँलेहरूका बीचमा "बेला बेञ्जी" नाच हुन्थ्यो । पछि महिला र पुरूष बीच हुन थाल्यो । यस्तो प्रतिष्पर्धा ज्यादै सौहार्दपूर्ण वातावरणमा हुन्थ्यो र कुनै समयमा बेलुकादेखि बिहान सम्म चलिरहन्थ्यो । कुनै समूहको हारजीत नहुने अवस्था पनि आउँथे । यस्तो अवस्थामा लामा र गाउँले भद्रभलाद्मीले उक्त प्रतिष्पर्धा रोकी नृत्यटोलीलाई विदाइ गरेर पठाउने स्थिति हुन्थे । आजभोलि त्यस्तो व्यापक हुँदैन । यो एक डुम्जीको महत्त्वपूर्ण र रमाईलो क्षण हो ।

खुम्जुङ गुम्बामा यटी (हिम मानव) को टाउकाको छाला सुरक्षित राखिएको छ । यो अति महत्त्वपूर्ण प्राचीन वस्तु ३८० वर्ष पुरानो भएको अनुमान गरिन्छ । "लोक्पर" फाल्ने दिन भूत तर्साउनको लागि एकजनालाई त्यो यटीको टाउको लगाईन्छ । "ग्यमाका" (एक किसिमको राक्षस) को मुकुण्डो ओढाई कुरूप भूत बनाईन्छ । हातमा तरवार र ढाल बोकी उक्त भूत लखेटिन्छ ।

७) अन्तिम दिन सबै गाउँलेहरूले दीर्घायुका लागि लामाहरूबाट अभिषेक थाप्दछन् । अन्तिममा लामाहरू देवदेवीहरूलाई "तोर्मा लोप"(खुसी तुल्याउन) को निमित्त एक प्रकारको मन्त्र गीत झैं गाएर नाच्ने गर्दछन् । यो गीत सुन्न रमाईलो हुन्छ । बुझ्न सरल हुन्छ । नाच हेर्न लायकको हुन्छ ।

त्यस पछि, गुम्बाको उज्यहरूबाट आउँने सालका लागि "लात्तोर गेलु" र "लात्तोर लिङ्गु" भनि जिम्मेवारी दिन र लिन १० जना लावा छान्ने काम हुन्छ । आयोजकले छानिएका ती १० जना नयाँ लावाहरूलाई गुरू रिम्बोर्चे अगाडि देवदेवीको प्रतीकका रूपमा लस्करै राखिएका तोर्माहरू एकेक गरी दिंदै जान्छन् । यसपछि पुराना र नयाँ लावाहरू जम्मा भै सेर्पा गीत गाउँदै नाच्दछन् । अन्तमा पुरानो लावा र नयाँ लावाहरूलाई उज्याहरूले खदा/कर्ता लगाएर बिदा गरी पठाउँछन् । यसरी नै डुम्जी/डुप छ्यो मनाईन्छ । तर डुम्जी तथा पुजा विधि, गाउँ ठाउँ र समय अनुसार फरक फरक रहेको पाईन्छ ।

**लामाको सम्मानमा गाइने ग्यगर पेन्जे**

कु झ्युरवा मेपा लमि कु,
सुङ गक्पा मेपा लमि सुङ,
थुक ठेल्वा मेपा लमि थुक,
लमि कु, सुङ थुकला दूचि छ्यो पा पुल ।

छ्ये ग्यकर पेञ्जे फेला काटिन्छे ।
पेमा ज्युङ्ने कुला देण्डो मे ।
थान्दा ल्होनूप सिम्पी खाने स्यू ।
उर्केन रिम्बोर्चेला छ्योपा बुल ।
नालम्ज्यू छयोकी ञ्याम्खा, लमी देन्शा निरू, साङ्दुङ परी स्हिङखम,
छ्यो याङजी ल्हामी स्याल्दु, गुरू पेमी छेज्याङ ङुन्डु छाङदाल पुल ।

**उज्याहरुको सम्मानमा गाइने "ग्यगर पेञ्जे"**

छ्ये ग्यकर पेञ्जे फेला काटिन्छे । पेमा ज्युङने कुला देण्डो मे । थान्दा ल्होनूप सिम्पी खाने स्यू । उर्केन रिम्बोर्चेला छ्योपा बुल । नालम्ज्यू छयोकी ञ्याम्खा, लमी देन्शा निरू, साङ्दुङ परी स्हिङखम, छयो याङजी ल्हामी स्याल्दु, गुरू पेमी छेज्याङ ङुणु छाङदाल पुल ।

**पुरुषाहरुको सम्मानमा गाइने "ग्यगर पेञ्जे"**

छ्ये ग्यगर पेञ्जे फेला कटिङ छे । पेमा ज्युङ्ने कुला देण्डोमे । थन्दा ल्होनूप सिम्पी खनेस्यु । उर्केन रिम्बुर्चेला स्येटू छोपा पुलो ।

**महिलाहरुको सम्मानमा गाइने "मसाम ज्योमे"**

मसाम ज्योमे स्येरब फारोल छ्यीन । माक्ये मीगाघ नम्खे ङोवो ञी । सोसो राङरिग येस्ये च्योयूल वा । थुइसुम् ग्याल्वे युम्ला छ्योपा पुल ।

## फाक ङिङ चाड

"फाक" भनेको सुङ्गुर र "ङिङ्" भनेको मुटु हो । यो श्रावण महिनाको बीचतिर पर्दछ । यो ऋतुचक्र अनुसार आउँने भएकोले अगस्ट ४ तारिकको दिन "फाकको ङिङ्पु" पर्ने गर्छ । सेर्पाको चलन मात्र नभई यसले "ज्युङ ची" शास्त्र अनुसार अन्य भौगोलिक प्रकृयालाई पनि निर्देषित गर्दछ । यसले वर्षभरिको मौसमी हावापानी र प्राकृतिक वातावरणको अवस्था पनि उल्लेख गर्दछ ।

१. पृथ्वीको वार्षिक गति अनुसार सुर्यले उत्तरायणबाट दक्षिणायन तिर प्रवेश गरेको दिन (summer solstice, June 21) देखि २१ दिनलाई सेर्पाहरूले "लोकस्याक ङिस्युचाजिक" भन्दछन् । त्यसपछिका तीन दिनलाई "नम्बर स्यकसुम" भनिन्छ ।
२. उक्त नम्बर स्यकसुम पछिका १५ दिनलाई "माल दप्चे" भनिन्छ । यस समयभरि "मल्जु दुउ" भनेर खोलामा नुहाउँदा रोगव्याधि हराउँछ र स्वास्थ्य भईन्छ, भन्ने विश्वास गरिन्छ ।

३. तिन दिन "नम्वर स्यकसुम" मा चाहि मौसम सफा हुने गर्दछ । त्यसैले किसानहरूको बिस्कुन सुकाउनु छ भने नम्वर लाई पर्खिने गर्दछन् ।
४. "फाकङिङ" एक हप्तालाई दुई भागमा बाँडी बीचमा बाँकी रहेको १ दिनलाई "फाक कि ङिङ्बु" भनेर मुख्य दिन "सुङगुरको मुटु" भनी मानिन्छ ।

कुनै पनि चाडलाई हामीले मान्छौं त भन्छौं तर के मान्ने, के कारणले मान्ने हो त ? भन्ने प्रसंग कोट्याउँदा, "फाक"को हप्ताभरि परेको झरी ज्यादै मलिलो हुन्छ, यस समयमा घाँस र खेतीबालीहरूको वृद्धि र विकास अधिक हुने गर्छ । तिनीहरू सबै पोषिला र औषधियुक्त हुन्छन् भन्ने विश्वास गरिन्छ । त्यस हप्ता भित्र नाक (पोथी याक) र अरू गाई वस्तुको दुध, दही र घिउ पोषिलो र औषधियुक्त हुन्छ र निकै महत्त्व पनि दिईन्छ । महँगो पनि हुन्छ । त्यस समयमा तिब्बत र अन्य हिमाली भेगमा मानिसहरूले तुरून्त टिपेर खाने फलफूल मध्ये सलगम र मूला मात्र तयार भएका हुन्छन् । त्यसकारण "फाककी ङिङबु" को दिन मूला वा सलगम खाने गरिन्छ । त्यस दिन खाएको मूलाबाट शरीरमा पूरै बोसो लाग्छ र सुंगुर जस्तै मोटो भईन्छ र निरोगी हुन्छ भन्ने विश्वास गरिन्छ । यसैकारणले यस चाडलाई "फाक ङिङ" भनिएको हो ।

यो चाड त्यही फाककी ङिङ्वुको दिन विशेष मानिएता पनि वर्षा ऋतु फुर्सदको समय भएको हुँदा त्यस दिनलाई बीचमा पारेर ३ दिन अथवा ५ दिन सम्म फाकङिङ मनाईन्छ ।

खेल, ठट्टा, नाचगान तथा विभिन्न रमाईला सांस्कृतिक झलकहरूको अभिनय गर्नु पनि यस चाडको विशेषता हो । जस्तै बिहेको अभिनय, तिब्बतियन "मणे" नाचको अभिनय र अन्य विभिन्न अभिनयहरू गरी रमाईलो गरिन्छ । यो चाड मनाउँदा लाग्ने खर्च आआफैले उठाएर जम्मा गरिन्छ । यसको लागि वर्षैपिच्छे पालोसँग लावा (व्यवस्थापक) छानी व्यवस्थापन गर्ने काम लावाले गर्दछ ।

५. फाककी ङिङ्वु पछिका ३ दिनलाई "नम्वर स्याक्सुम" भनिन्छ । (वर्षभरिका सबै "नम्वर स्याकसुम" मा पर्ने ३ दिन सफा मौसमको अपेक्षा गरिन्छ ।)
६. "वो दप्चे" १५ दिनको हुन्छ । यस "वो को केपा" (१५ दिनको बीच)तिर लेक खर्कको घाँस काटिन्छ । त्यो घाँस सुकाएर हिउँदोमा वस्तुलाई खुवाउनका लागि गोदाम गरिन्छ । "वो" को १५ दिनमा बढी झरी पर्न सक्छ । उखान छ, "फाककी सेङसेङ, वोकी छुपछुप ।" यसले "फाक" मा मौसम सफा र "वो" मा खराब मौसम, भनिएको छ ।
७. पुनः ३ दिन "नम्वर स्याक सुम" हुन्छ ।
८. यसपछि "स्यूं स्याक ङिस्यु चाजिक" भनेर गृष्मको अन्तिम २१ दिन गनिन्छ । यस समयमा तल्लो गाउँतिरको घाँस काट्ने र विस्तारै खेती उठाउने काम हुन्छ । "स्यूङ ख क्यू" अर्थात, "स्युङ छाद्नु" भनेको, मौसम बिग्रिनु भन्नु हो ।

यसरी खगोल शास्त्र अनुसार परिवर्तन हुने ऋतु र प्रकृतिबाट पाईने अमृतयुक्त घाँसपात र अन्नबालीलाई पशु र मानिसले सेवन गरी निरोगी हुने, स्वस्थ रहने र लामो आयुको अपेक्षा राखी खेल ठट्टासँग मनाईने चाड "फाक ङिङ" (सुंगुरको मुटु) हो । (यहाँ मुटु भनेर मुख्य भागलाई लिईएको छ ।)

## लोसार पुलुक

"लोसार पुलुक" स्यार खुम्बुको स्थापना काल देखि खुम्बुका कृषकहरूले मान्दै आएको पर्व हो, भन्ने कुरा पुर्खाहरूको भनाईले व्याख्या गर्दछ । लोसार पुलुक पर्व कहिले र कुन साल देखि सुरू भएको भन्ने कुराको यकिन लिखित प्रमाण नभए पनि खुम्बुको स्थापना कालको हाराहारीमा भने पक्कै हुनुपर्छ, भन्ने हाम्रो अनुमान छ । यो पर्व अन्य ठाउँमा छरिएर रहेका सेर्पा बस्तीहरूमा मनाईएको देखिँदैन ।

लोसार पुलुक पर्व लुनार क्यालेन्डर (धत्तु) को नवौं महिना "दावा गुवा" को कार्तिक शुक्लपक्षको पुर्णिमाका दिन मनाईन्छ । यो पर्व कृषकहरूले खेतीबाली उठाईसकेपछि, हिउँदका लागि गाईवस्तुलाई घाँसपात जम्मा गरी थन्क्याएपछि मनाईन्छ । उठाएको बालीको प्रथम बाली "लोत्तोक फी" लामा गुरू र गुम्बाहरूमा चढाउन लगिन्छ । लेकको खर्कबाट वस्तुगोठ गाउँमा झारी गोठाला परिवारहरू सबै जम्मा भएको अवसर पारेर मनोरन्जन गर्ने थकान मेटाउने एक महत्त्वपूर्ण रमाईलो पर्वका रूपमा लोसार पुलुक मनाईन्छ ।

लोसार पुलुक पर्व कुनै राज्य स्थापना कालको गणना अथवा ज्योतिष शास्त्र वा खगोल शास्त्रसँग सम्बन्ध रहेको पाईदैन । यसको कुनै धर्म वा राजनीतिसँग पनि सम्बन्ध रहेको पाईदैन । हिमाली कृषकहरूले रमाईलो गरी खेल्ने र मनाउने लोसारपुलुक पर्व हिन्दु धर्मावलम्बीहरूले तिहार चाडमा रमेर खेल्ने देउसी-भैलो जस्तै शुभाशुभ शब्दहरू प्रयोग गर्दै भट्याउँदै खेलिने हुनाले युवाहरूले भन्दा पाको उमेरका महिला पुरूषहरूले खेलेको समुदायमा ज्यादा रमाईलो मानिन्छ ।

सन् १९६० तिर लोसार पुलुक खेल्ने अग्रजहरू सबैले थैलो फजी बोक्ने गर्दथे । प्रत्येक घरघरमा लोसार पुलुक खेली जम्मा भएको फापर अन्य अन्नसँग साटी या बिक्री गरी छ्याङ बनाईन्थ्यो । लोसार पुलुक खेल्ने अवसरमा तुलनात्मक रूपमा बढी दान दिने घरवालाहरूलाई पनि निम्तो गरी १ देखि ३ दिनसम्म धुमधामसाथ नाचगान गरी लोसार पुलुक मनाईन्थ्यो । त्यसताका गाउँलेहरू पैसा भन्दा अन्न नै दिन सजिलो मान्दथे । पैसा नै दिएता पनि धेर या थोर साथमा अन्न दिन शुभ मान्दथे ।

लोसार पुलुक पर्वमा यो चराचरजगतको सृष्टि देखि लिएर अहिलेसम्मका अवस्थालाई समेट्ने विभिन्न शुर्भाशीबादी शब्दहरू भट्याईमा प्रस्तुत गरिने हुँदा लोसार पुलुकको टोलीमा राम्रो ऐतिहासिक ज्ञान र भाषिक सीप भएको व्यक्तिको आवश्यकता पर्दछ । लोसार पुलुक खेल्दा भट्याईमा पुराना र अर्थ बुझ्न गाह्रा शब्दहरू पनि समेटिएका हुन्छन् । यसले गर्दा कतिपय नयाँ पिँढीका युवाहरू यो पर्व भन्दा पनि देउसी भैलोतिर बढी आकर्षित भएको देखिन्छ । त्यसैले एक ऐतिहासिक र जीवन्त संस्कृतिको लोप हुनुभन्दा पहिले नै लोसार पुलुकका भट्याई (स्येपा) मा प्रयोग हुने शब्द र वाक्यांशलाई पुराना पुस्ताहरूबाट संकलन गरी र गहन अध्ययन समेत गरी नयाँ पुस्ताका लागि गाउन सहज र सरल होस् भन्ने हेतुले निम्न बमोजिम तयार पारिएको छ ।

खुम्बुका सेर्पा मात्र नभई हामी सम्पूर्ण सेर्पा जातीहरूले "दवा गुवा" (लुनरको नवौ महिना)को पूर्णिमाका दिन देश विदेशमा जहाँ पनि लोसार पुलुक खेलौं भन्ने हाम्रो चाहना छ । सबै सेर्पाजातीले लोसार पुलुक खेलेमा र आफ्नो सांस्कृतिक पहिचान कायम राखेमा हाम्रो पहिचान कायम हुनेछ भन्ने हाम्रो ठम्याई छ ।



*लोसार पुलुक गायन भट्याउदै शेर्पा समूहहरू*

**लोसार पुलुक खेल्दा गायनमा प्रयोग हुने शब्द र वाक्यहरु**

प्रमुख	या वे.. या वे,
ग्रुपलेः	लोसार पुलुक से,

प्रमुखः	लोसार यिकी लाङवा मिनो
लोसार गन्की लाङवा यिनो,
ङिस्यु गु ला लाङबा मिनो
छेवा च्येङी दक्या यिनो ।
ग्रुपः	या वे.. या वे.. लोसार पुलुक से ॥१॥

प्रमुखः	थाङवोने छ्यू ग्यम्जो छेम्वी तिङस्योङ तिने
एवाङ बेवाङ माछाव लासो,
थिने श याङ छ्यावा लासो
थिने नाम याङ छ्याव लासो,
ज्ञयूक्पी छ्यु याङ छ्याव लासो
पाङमेलुङ चम्याङ छ्याव लासो,
च फाङमा चमयाङ छ्याव लासो
दो छयुरूक चमयाङ छ्याव लासो,
स्हिङ योक्स्हिङ चमयाङ छ्याव लासो
कल्वी मियाङ छ्याव लासो ।

ग्रुपः या वे या वे.. लोसार पुलुक से ।।२।।

प्रमुखः प्रथममा स्हिङगी चेमु तिने
तेक छ्योक ल्हायाङ छ्याव लासो,
प्रथममा स्हिङगी केपा तिने
फर्तु चेनयाङ छ्याव लासो,
प्रथममा स्हिङकी चवा तिने
वोक्तू लू याङ छ्याव लासो ।
ग्रुपः या वे या वे.. लोसार पुलुक से ।।३।।

प्रमुखः उ छुक्पुताङ छुक्मी जिम्काङ छ्याये
ग्यपरी ठक्ला छ्यावा लासो,
गोपू ज्ञ्यायी फप्शा यिनो ।
उ छुक्पुताङ छुक्मी जिम्काङ छ्याये
दोङरी चोला छ्यावा लासो
ङाङवा ज्ञ्यायी फप्शा यिनो ।
उ छुक्पुताङ छुक्मी जिम्काङ छ्याये
सुरस्यी लेप्शी डामस्यी छ्याये ।
ग्रुप : या वे या वे.. लोसार पुलुक से ।।४।।

प्रमुखः यथेम्वा सेर्मी सेर्ला छ्याये
सेर्की मिसी बेसा मेतो,
मथेम्वा ङोर्मी यूला छ्यासे
यूयि मिसी बेसा मेतो,
गोमु नाक्पी च्याला छ्याये
च्याकी मिसी बेसा मेतो,
यासिङ कर्मी थुङला छ्याये
थुङकी मिसी बेसा मेतो ।
ग्रुपः या वे या वे.. लोसार पुलुक से ।।५।।

प्रमुखः टेवा सेटा युटा तिने
पवोताङ पमो जेक्सा यिनो,
कावा कप्शी तेक्पा तिने
फूनुरू स्हाङवी तेक्पा यिनो,
दुङमा दुङसिर क्याङवा तिने
डाङवी डाला क्याङवा यिनो,
ठली पुङदाङ डिवा तिने
छ्यम्वी ङेन्ला डिवा यिनो,
गमुङ स्योक्टा डिवा तिने
दुयि पुङला डिवा यिनो,
थुक्ताङ थरच्योर्क चुवा तिने
फोल्हा सोवी तेम्डिल यिनो ।
ग्रुपः या वे.. या वे.. लोसार पुलुक से ।।६।।

प्रमुखः उ छुक्पुताङ छुक्मी गेन्जा तिने
यू ताङ छ्यूरूक पोसिल यिनो,
योक्पु ताङ योक्मी गेन्जा तिने
अलिक छलिक ढोत्तोक यिनो,
उ छुक्पुताङ छुक्मी ससा तिने
गाङ ताङ देर्मी नाङला यिनो,
योक्पुताङ योक्मी ससा तिने
फोर्स्योङ स्योङबी नाङला यिनो ।
ग्रुपः या वे या वे.. लोसार पुलुक से ॥७॥

प्रमुखः उ छुक्पी खोसा येवा तिने
फू ताङ फूमी जेक् जेक यिनो,
उ छुक्पी खोसा योम्वा तिने
योक्पु ताङ योक्मी जेक् जेक यिनो,
उ छुक्पी फाङका येवा तिने
ठो ताङ नेकी फाङजा यिनो,
उ छुक्पी फाङका योम्वा तिने
डे ताङ युङकी फाङजा यिनो,
ग्रुपः या वे या वे.. लोसार पुलुक से ॥८॥

प्रमुखः उ छुक्पी याककी वोक्ला यक्ज्ञ फेल्सुङ
थिउ पाङला टम्वा डासुङ
फोङ दो पाङला टम्बा डासुङ,
उ छुक्पी नाककी वोक्ला नक ज्ञ्य फेल्सुङ
थिउ पाङला टम्वा डासुङ
जमक पाङला टम्बा डासुङ,
उ छुक्पी तयि वोक्ला त ज्ञ्य फेल्सुङ
थिउ पाङला टम्वा डासुङ
फोयाङ पाङला टम्बा डासुङ,
उ छुक्पी लुककी वोक्ला लुक ज्ञ्य फेल्सुङ
थिउ पाङला टम्वा डासुङ
स्येल्मा पाङला टम्बा डासुङ,
उ छुक्पी रयि वोक्ला र ज्ञ्य फेल्सुङ
थिउ पाङला टम्वा डासुङ
चिदुक पाङला टम्बा डासुङ ।
ग्रुपः या वे या वे.. लोसार पुलुक से ॥९॥

प्रमुखः र्स्यला कर्मी रिजिक छ्याये
कर्मु थुङकी रिजिक छ्याये,
ल्होला ङोर्मी रिजिक छ्याये
ङोर्मु यू यि रिजिक छ्याये,
नूप्ला मर्मी रिजिक छ्याये

मर्मु छुरूक रिजिक छ्याये,
छ्याङला सेर्मी रिजिक छ्याये
सेर्मु सेर्की रिजिक छ्याये ।
ग्रुपः- या वे या वे.. लोसार पुलुक से ॥१०॥

**अवेर सम्म दान नदिए मात्र गाउने**

प्रमुखः रिकी लेवी के याङ थोसुङ
थरूङ लेवी तेम्डील डि स्योक,
ठाउ लेवी केयाङ थोसुङ
थरूङ लेवी तेम्डील डि स्योक,
खिनी अम्ज्योक छेरा यिनो
ङिनी काङ ज्यूङ खेवा यिनो ।
ग्रुपः या वे या वे.. लोसार पुलुक से ।

**आशिष दिने**

प्रमुखः बर्नी मेले बरा मेतो
सोती मेले बरा स्योक्ची,
ह्वानी ठाक्ले ह्वा मेतो
छेरप ठक्ले ह्वा स्योक्ची,
रिङनी छुले रिङो मेतो
मिङ्ग्नु छुले रिङा स्योक्ची,
ग्रुपः या वे या वे.. लोसार पुलुक से ॥क॥

प्रमुखः उ छुक्पु स छ्योक खरू छिन क्याङ
मिक तेमु ताङ ठेती टासी स्योक्ची,
उ छुक्पु स छ्योक खरू छिन क्याङ
ताम ङेर्मु खोइ टासी स्योक्ची,
उ छुक्पु स छ्योक खरू छिन क्याङ
ख से ताङ ठेती टासी स्योक्ची,
उ छुक्पु स छ्योक खरू छिन क्याङ
लक नोर ताङ ठेती टासी स्योक्ची ।
ग्रुपः या वे या वे.. लोसार पुलुक से ।

प्रमुखः उ छुक्पी कुसुङ थुक तेम्वा स्योक्ची
तेम्वा गेवी क्षिन्की लोप्शी,
उ छुक्मी कुसुङ थुक तेम्वा स्योक्ची
तेम्वा गेवी क्षिन्की लोप्शी ।
ग्रुपः या वे या वे.. लोसार पुलुक से ।

यसरी लोसार पुलुक खेल्ने टोलीले कृषि र पशुपालन सम्बन्धि शुभाशुभ होस् भन्दै गीतका रूपमा भट्याउने गर्दछन् । अन्तमा शुभ कामनाका साथ आशिष दिईन्छ । यस्तो मिठो र गहन गायनप्रति अभिप्रेरित भएर घरधनीहरूको आत्मा प्रसन्न हुँदछ र आफ्नो निकट भविष्यमा गर्ने कार्यप्रति उत्साहित भएर लाग्ने प्रेरणा मिल्दछ ।

घरधनीले अनुरोध गरेमा टोलीले सेर्पा गीतमा नाचगान पनि गर्छन् । यसरी पवित्र मन वचन गायन र खेल खेल्दै सेर्पा "दावा गुवा" (नवौ महिना) को लोसार पुलुक पर्व मनाईन्छ ।

## लोसार चाड

लोसार नेपालका सेर्पा, तामाङ, गुरूङ तथा अन्य हिमाली भेगका जातिहरूको समुदायमा मनाएको पाईन्छ । यस पर्वलाई जुनसुकै नामले सम्बोधन गरेर मनाएता पनि यसको मूल उद्देश्य नयाँ वर्ष मनाउनु नै हो । नयाँ वर्ष चाड विभिन्न देश, प्रदेश, समुदाय तथा समाजले विभिन्न आधार (खगोलशास्त्र, ज्योतिष शास्त्र, धार्मिक या राजनीतिक) मध्ये कुनै एक तथ्यका आधारमा मानेको पाईन्छ । लोसार मान्ने पनि निश्चित आधार छ । यदि विना कुनै आधार लोसार पर्व मान्न थालिए त्यो औचित्यहीन या मनोमानी चाड हुन जान्छ ।

भगवान ईशुख्रिष्टका जन्मदिन December 25 मा क्रिष्चियन परम्परा अनुसार Christmas मानेको पाईन्छ । अंग्रेजी नयाँ वर्ष (अंग्रेजी क्यालेन्डर अनुसार) भगवान ईशुख्रिष्टको जन्मदिनको एक हप्ता पछि, वर्षको अन्तिम महिना December को अन्तिम दिन र नयाँ सालको प्रथम महिना January 1 को बीचको समयमा New Year मनाईन्छ ।

खगोल शास्त्र अनुसार पृथ्वीले आफ्नो दैनिक दीर्घ वृताकार कक्ष पुरा गर्दै ३६५ दिन ५ घन्टा ४८ मिनेट ४६ सेकेन्डमा सूर्यको वरिपरि एक चक्कर पुरा गर्दछ । December को २३ तारिक Winter Solstice भईकन अर्को नयाँ वर्षको गति सुरू हुन्छ । खगोल शास्त्रको वृत्ताकार गति भन्दा ठिक ९ दिन पछि नयाँ साल January 1 सुरू हुन्छ । अंग्रेजी क्यालेन्डर अनुसार वर्षको गणना भगवान ईशुख्रिष्टको जन्मदिनदेखि सुरू भएको तथ्य छ ।

बौद्ध धर्मावलम्बीहरूको नयाँ सालमा १२ वटा जनावर भएका वर्ष चक्र "लोकोर" र एक जनावर वर्ष "लोर्ता" चिह्नलाई प्रमुख आधार मानिएको छ । शाक्यमुनि बुद्ध भन्दा अगाडिका बुद्धले आफु महापरिनिर्वाण हुनुभन्दा पहिले सबै जीवजन्तुहरूलाई आफ्नो अन्तिम दर्शन दिने इच्छा गर्नुभयो । ती बा्रहओटा भाग्यमानी जनावरहरू मात्र भगवान बुद्धको अन्तिम दर्शन ग्रहण गर्न पुगे ।

भगवान बुद्धले उपस्थित भएका जनावरहरूको क्रमानुसार प्रत्येकलाई एक एक वर्ष समर्पण गर्दै बाह्रवटा वर्षहरूको एक चक्र बनाउनुभयो ।



*लोकोर (बाह्र जनावरको एक चक्र)*

प्रत्येक जनावरहरूलाई एक एक वर्ष शासन चलाउने गरी १२ वर्षको एक चक्कर "लोकुर चिग्" को व्यवस्था मिलाई राख्नु भएको आख्यान छ । यस वर्षचक्रलाई वर्ष गन्ने परम्पराको शुरूआत शाक्यमुनि बुद्ध भन्दा पहिलाको बुद्धको पालामै थालनी भएको हुनुपर्छ, किनकी शाक्यमुनि बुद्ध स्वयंमले आफुभन्दा पहिला धेरैले बुद्धत्त्व प्राप्त गरिसकेको कुरा धार्मिक ग्रन्थमा उल्लेख गर्नु भएको छ ।

बुद्धले मन्जुश्रीलाई सापेक्ष सत्यको विज्ञान, ज्योतिषशास्त्रको माध्यमबाट मानिसहरूको मनलाई जागरण गर्न निर्देशन दिए अनुसार, "ज्युङ ची", "कर ची", "नाग ची" जस्ता महत्त्वपूर्ण ज्योतिषशास्त्रबाट हाम्रा दैनिक जीवनमा पर्न आउने सकरात्मक वा नकरात्मक घटनाहरूलाई आवश्यकतानुसारको साईत हेर्ने कुरालाई "१२ लोर्ता", "५ खाम", "९ मेवा" द्वारा प्रष्ट भविष्यवाणी पाईने तथ्यलाई निर्देषित गर्दछ । यस ज्योतिषशास्त्र अन्तर्गतको १२ ओटा लोर्ता भित्र प्रत्येक जनावरहरूको आ–आफ्नो एक वर्ष शासनकालको वर्ष परिवर्तन मन्जुश्री क्यालेन्डरको दशौं महिनाबाट भई नयाँ वर्ष (लो) सुरू हुन्छ । अर्थात तिब्बती १० औं महिनाको २५ औं तिथि "गल्देन ङम्च्यू" देखि अर्को जनावरको शासन गर्ने पालो सुरू हुन्छ । यस "लो" र "लोर्ता" लाई आधार मानी उमेरको गणना गर्नेहरूको यसै "गल्देन ङम्च्यू" बाट नै फेरि एक वर्ष उमेर थप हुन्छ । यो गल्देन ङम्च्युको तिथि, Winter Solstice भन्दा १२ दिन अगाडि सन् 2009-12-11 मा पर्न आएको थियो ।

यस "लो", "लोर्ता" र "लोकोर" लाई आधार मानी वर्ष गन्ति गर्ने चलन "बोन" (फोन्पो) धर्मावलम्बीहरूमा पनि पाईन्छ । यो प्रणाली चीन, जापान, कोरिया, हङकङ, मंगोलिया, भुटान, थाइल्यान्ड, सिक्किम तथा अन्य देशमा पनि छ भनिन्छ ।

खगोल शास्त्रको आधारमा यस लोकोर (१२ जनावरको साल) फेरिँदै गए अनुसार नयाँ साल वा लोसार वा New Year मानेको कुनै देशका समुदायहरूमा भेटिदैन ।

तमु लोसार पुष १५ मा मनाए पनि हप्ता - नौ दिन अगाडि नै Winter Solstice परिवर्तन भैसकेको हुन्छ । गल्देन ङम्च्युमा लो (वर्ष) फेरिने हिसाबले पुष १५ को लोसार भन्दा २० दिनदेखि महिना दिन सम्म "लो/लोर्ता" अगाडि फेरिन सक्छ । (माथि देखिएको दिनको फरक Winter solstice र दल्हाकको परिवर्तनले गर्दा पर्न आउँछ ।)

मौलिक सांस्कृतिक चाडको रूपमा अनावरत रूपमा भोट लगायत नेपालको हिमाली क्षेत्रका विभिन्न ठाउँहरूमा चार किसिमका लोसार मनाउने प्रचलन छ । ती हुन्ः तमूलोसार, कोङपोलोसार, सोनमलोसार र ग्यल्वु लोसार ।

**१. तमूलोसार**
खगोल शास्त्र अनुसार तमूलोसारको लगभग एक हप्ता अगाडि देखि सूर्य मकर रेखातिर सर्छ । सूर्य दक्षिणी गोलार्द्धतिर लागी सबै भन्दा छोटो दिन हुन्छ र पुष १५ मा सबभन्दा बढी जाडो हुन्छ, भन्ने तमुहरूको भनाई छ । यो अंग्रेजी नयाँ वर्ष भन्दा २, ३ दिन अगाडि पर्न आउँछ । ज्योतिष शास्त्र अनुसार प्रयोग भई आएको "लो", "लोकुर", "लोर्ता" पनि २०, २१ दिन अगाडि नै फेरिइ सकेको हुन्छ । Winter Solstice पनि ८, ९ दिन अगाडि फेरिइ सक्ने हुनाले तमु लोसारलाई नयाँ लोर्ता नयाँ लामो दिनसँग तुलना गरी वैज्ञानिक लोसार मानेमा पनि केही फरक त पर्दैन तर

तमूलोसार कुनै महिनाको सुरू अथवा नयाँ चन्द्रमा (new moon) सँग सम्बन्ध छैन । तमूलोसार लुनरको ११ औं महिनाको आधातिर पर्न आउँछ ।

**२. कोङपोलोसार**

भोटमा कोङपो लोसार "दव च्युवा" (लुनर पात्रोको दशौं महिना) मा मान्ने चलन छ । यो लोसार कोङपोको राजा "आग्यल ग्याल्पो"को स्मृतिमा मनाईन्छ । कथानुसार तिब्बत माथि मंगोल राजाले आक्रमण गर्न खोज्दा भोटको राजाले कोङपोको राजासँग सैनिक सहयोग माग्दा, राजाले आफ्नो सैनिकहरू लोसार चाड नमानिकन लडाईमा जान नसक्ने बताएका थिए । पछि सम्पूर्ण तिब्बत राज्यको सुरक्षालाई महत्त्वपूर्ण ठानी सैनिकहरूलाई दशौं महिनामै लोसार मनाएर लडाईमा जाने सल्लाह र निर्णय गरे । यसरी आफ्ना सैनिकहरूलाई राजा आग्यल ग्यल्पोले दशौ महिनामै लोसार चाड मनाई युद्धमा पठाएका हुनाले युद्ध जितेर आएपछि राजा आग्यल ग्यल्पोको सम्मानमा दव च्युवा (दशौ महिना) मा धुमधाम वार्षिक उत्सव मनाए । यही प्रचलनलाई आजसम्म मान्दै आएका छन् । यसैकारण यो लोसार चाडलाई "कोङपोलोसार" भनिन्छ । राजा आग्यल ग्याल्पो ११ औं शताब्दीका कोङपो राजा हुन् । ("तिब्बतको परम्परागत लोसार पर्व", पेज नं २)

**३. सोनम लोसार**

सोनम लोसार न प्रचलनमा रहेको खगोल शास्त्रका आधारमा निर्मित ज्योतिष पात्रमा निर्धारण गरिएको परम्परागत नयाँ वर्षको उत्सव हो, न त यो हिजोआज पत्रपत्रिकामा बुद्धिजीविहरूले खोज र अध्ययन बिना इंगित गरिएको एक अवसर नै हो ।

नेपालमा हालै लोसार चाडसँग परिचित हुन थालेका र त्यसलाई प्रचलनमा ल्याउन थालेका समुदायको अन्दाज भन्दा यो सोनम लोसार धेरै शताब्दी जेठो हो । सोनाम लोसार न गणितीय हिसाबको अंकसँग सरोकार राख्छ, न त यो खगोलशास्त्रसँग सरोकार राख्छ न यो ज्योतिष शास्त्रसंग नै सम्बन्धित छ । सोनम लोसार एक स्वतन्त्र कृषक लोसार हो ।

सोनम लोसार को ईतिहास (Geshey Tashi Sherab, Headmaster-Kapan Monastery School का अनुसार):
परम्परागत नेपालको तराई क्षेत्रमा बसोबास गर्ने नेपालीहरूको संस्कृति सबै हिन्दु धर्म अनुसार भए जस्तै हिमाली क्षेत्रमा बसोबास गर्ने नेपालीहरूको परम्परा भने तिब्बती बौद्ध धर्म अनुसार भएको पाईन्छ । तिब्बतमा लोसार अर्थात् नयाँ वर्ष मानिने चलन केही प्रकारका भए पनि वर्तमानमा चलिरहेका भने ग्यल्पो लोसार र सोनम लोसार दुईवटा हुन् । ग्यल्पो लोसार सरकारी लोसार हो भने अर्को लोसारहरू स्थानीय लोसार हुन् । तिनीहरू मध्ये सोनम लोसार भने ६९८ ई. पू. सम्राट राज ठिसोङ देचेनले चिनियाँ लिह्नोवु लि. (雍王李守礼)को छोरी खिम्शी कोङजो रानी लिए पछि रानीको परम्परा (कृषि पात्रा) अनुसारको नयाँ वर्ष पनि मानिने सुरूवात भएको थियो र त्यही चलन वर्तमानमा चलिरहेको सोनम लोसार हुन् । त्यसैले नेपाली हिमाली क्षेत्र, अर्न्तर ाष्ट्रिय मा तिब्बतको पूर्व/दक्षिण क्षेत्र र चीन, ताईवान, सिङ्गापुर जस्तो ठूला विकसित देश प्रदे शहरूमा भव्यताका साथ मनाउने गरिन्छ ।

सोनम लोसार मन्जुश्री पात्रो (लुनर क्यालेन्डर) अनुसार १२ औं महिनाको पहिलो दिनबाट सुरू हुन्छ । यो वि. सं. २०६६ सालको माघ महिनाको २ गते परेको थियो ।

यो लोसार तिब्बतका ढोक्पा (nomad) लगायत कृषकहरूले मान्ने गर्दछन् । नेपालमा खुम्बुका कृषकवर्ग खुम्जुङ, खुन्दे, फोर्चे, पाङबोचे, थामे, रोल्वालिङ हुँदैं हेलम्बु सम्मका कृषकहरूले मान्ने गर्दछन् । साथै तामाङ समुदायले पनि यसै सोनाम लोसारलाई मानेको पाईन्छ । "ज्युङ–ची" अनुसार Winter Solstice पनि यसै महिनामा पर्न आउँछ ।

यो लोसार ११ औं महिनाको अन्तिम दिनमा "गुथुग्" (नौ परिकार मिसाईएको खिचडी) खाई १२ औं महिनाको पहिलो दिनदेखि मान्ने गरिन्छ, किनभने १२ औं महिना सकिएर अर्को वर्ष "दावा थाङवु" सुरू हुन साथ खेतीबालीका लागि तैयारी गर्नुपर्छ । कतिपय बौद्ध धर्मावलम्बीहरूको चलनमा घरको छोराहरू मध्ये एक भाई गुम्बामा लामा पढ्न पठाउने भएको हुँदा ती लामाको लागि राशन हाल्ने, घिउको ताँक लगाउने, चम्पाको लागि घट्टा हाल्ने जस्ता काम सबै एकसाथ पर्न जान्छन् । अगाडि नै लोसार नमनाए खेतीको काम सँग जुध्न जाने हुनाले यही महिना उपयुक्त समय भएकाले यसैमा सोनाम लोसार मनाईन्छ । शब्दका अर्थले पनि सोनाम लोसारलाई स्पष्ट पार्दछ जस्तैः "सनम" भनेको खेती, र "लोसार" भनेको नयाँ साल हो । यस सनम लोसारको ठिक एक महिना पछाडि "ग्याल्पु लोसार" (राजकीय नयाँ वर्ष) पर्दछ ।

**४. ग्याल्पो लोसार**

मन्जुश्री पात्रो (लुनर क्यालेन्डर)को प्रथम महिना "दावा थाङबो" को पहिलो दिनदेखि मानिने यस चाडलाई ग्यलु/ग्याल्पो लोसार भनिन्छ । यस लोसारलाई तिब्बतको पूर्व सरकार र बौद्ध धर्म तथा शिक्षा लिने गुम्बा, युनिभर्सिटीहरूमा ठूलो महत्त्वका साथ मनाईन्छ । गुम्बा तथा सरकारी कार्यालयहरू सबैमा यो लोसारका समयमा छुट्टी हुन्छ । ग्याल्पो लोसार तिब्बती राज्यको इतिहास सँग गाँसिएको हुनाले यसैबाट गणितीय हिसाब पनि सुरू हुन्छ । जस्तै सन् २०१० मा २१३२ थियो ।

जुनसुकै लोसार मान्ने समुदायले आ–आफ्नो हिसाबले लोसार मनाए पनि या संवत् फेरे पनि तात्त्वीक शास्त्रको "ज्युङ ची" वर्षलाई नै गणना गरिन्छ । जस्तै; फलाम बाघ वर्ष २१३७ को लोसार, किनभने हाम्रो समाजमा पञ्च धातु, दुई लिङ्ग, बाह्र जनावरको तात्त्वीय गणना राम्रो सँग राखिएन भने दैनिक जीवन सँग गाँसिएका हरेक शुभ घटनाका साईत हेर्न र अशुभ घटनाको भविष्यवाणी गर्न ठूलो समस्या पर्दछ । यो ज्युङची शास्त्रीय प्रकृया हो । त्यसैले थुप्रै देश तथा समुदायहरूमा "लोर्ता" वर्षलाई महत्त्व दिईएको हो ।

तिब्बतमा राक्षसी शासनकाल, देव शासनकाल, कालो र स्वेत शासनकाल हुँदै कल्प कल्पको परिवर्तन पछि मानव शासनकालको प्रारम्भ हुन पुग्यो । तत्काल राज्यलाई नेतृत्व दिने व्यक्तिको खाँचो पर्दा सचेत वर्गहरू त्यस्ता व्यक्तिको खोजीमा हिडे । त्यही क्रममा एउटा पहाडमा रूपरंग, शरीरको बनोट र भाषा फरक भएको व्यक्ति फेला पारे । उनीहरूले उक्त व्यक्तिलाई तिमी को हौ, कहाँबाट आयौ भनी सोध्दा, सो व्यक्तिले हातको ईशाराले आकाशतिर देखाए । ती खोजी गर्ने टोलीहरूले आपसमा छलफल गरी यसै व्यक्तिलाई नेतृत्त्व दिनुपर्छ भन्ने निर्णय गरे । कारण यो व्यक्ति ३२ लक्षणले युक्त थियो । त्यो व्यक्ति आकाशको देवलोकबाट आएको हुनुपर्छ भन्ने अनुमान लगाए । तत्कालै गद्दी बनाए । डोली बनाई काँधमा राखेर लगे । उक्त व्यक्तिलाई गद्दी आरोहण गराए । उनलाई राष्ट्रको नेतृत्त्वको लागि काँधमा बोकेर ल्याई गद्दीमा आरोहण गराईएको हुँदा वहाँको नाम "ञेठ्री चेम्पो" रहन गयो । "ञे" भनेको काँध र "ठ्री" भनेको गद्दी हो । त्यस समयदेखि राज्य व्यवस्था आरम्भ भयो ।

त्यसै समयदेखि गणना हुँदै आएको संम्वत २१३७ को लोसार नै ग्याल्पु लोसार हो । तिब्बत राज्यको ऐतिहासिक स्थापना कालको गणना गर्दै आईएको लोसार नै ग्याल्पु लोसार हो ।

यसरी विभिन्न देश, समूह र पेशेवारहरूको आ-आफ्नो मौलिक इतिहास बोकेको लोसार चाड आफ्नै तरिकाले चार विभिन्न समयमा मानिएता पनि तात्त्वीय शास्त्र "ज्युङ ची" (लोर्ता, लोकुर) अनुसार "गल्देन ङम्च्यु" मै सबैको लोर्ता फेरिन्छ अर्थात् वर्ष फेरिसकेको हुन्छ ।

लोर्ता/लो/लोकुर मान्ने बौद्ध धर्मावलम्बीहरूले जुनसुकै समयमा लोसार माने पनि लोसार मान्ने उद्देश्य चलन र तरिका चाहि सबैको एउटै छ । सबैले पुरानो वर्षलाई बिदाइ गरी आउने नयाँ साललाई स्वागत गर्नु, दीर्घायु, निरोगिता, सुख शान्ति र समृद्धिको कामना गर्नु हो । नयाँ सालको उपलक्ष्यमा गरिने शुभकामना आदानप्रदानको क्रममा गरिने पुजापाठ, भोजभत्तेर आ-आफ्नै किसिमले गरिन्छ ।

पुरानो वर्ष राम्रो नराम्रो जस्तो भए पनि आउँने वर्षले नयाँ आशाको किरण निम्त्याउँछ । त्यसैले घर भित्रका पुराना प्रयोगमा नआउने वस्तुहरू चौबाटोमा लगेर फाल्ने, पुराना कपडा छाडी नयाँ कपडा फेर्ने जस्तो परम्परा सबैमा पाईन्छ ।

कुल देवता र ईष्ट देवताहरूलाई जल चढाउने, धजा टाँग्ने र बिहान सबेरै कुवा वा धारामा गएर धूपबत्ती गर्ने गरिन्छ । नागथानमा घिउले पुजा गरिन्छ । पानी पँधेरोमा आफु प्रथम भए "छुई थाङबु ङला थोब, सेर्की ड्यजुङ ङला छ्युङ" अर्थात् "प्रथम पानी मैले पाए, सुनको माछा मैले पक्रैँ", भन्ने जस्ता उद्‌गार वाचिन्छ । घर भित्रको टेबल र सिलिङमा सेतो पिठोको विभिन्न टिकाले सजाउने जस्ता रोचक धार्मिक, सांस्कृतिक परम्पराहरू पुरानो गाउँ बस्तीहरूमा बढी पाईन्छ ।

परम्पराबाटै खुम्बुका पुर्खाहरू कृषक भएका हुनाले सोनम लोसारलाई यहाँ निरन्तर रूपमा मान्दै आएको पाईन्छ । जस्तै थामे, खुम्जुङ, खुन्दे, फोर्चे, पाङबोचे, रोल्वालिङ र हेलम्बुका सेर्पा कृषकहरूले सोनम लोसार मान्दछन् । कतिपय हिमाली क्षेत्र कन्चनजंगा, कर्णाली साइन खोला, साइपालका लामा, भोटे, सेर्पाहरूले पनि मानेको पाईन्छ । परम्परानुसार सोनम लोसार लुनर क्यालेन्डरको ११ औं महिनाको २९ औं गते र ग्यलु लोसार, १२ औं महिनाको २९ औं गतेमा कृष्णपक्षको चतुर्दशीका बेलुका "ङिस्यु गु" मा नौ अन्नका परिकारहरू मिसाईएर खोले बनाईन्छ । सबै परिवारहरू जम्मा भएर रमाईलो संग खाने गर्छन् । यसलाई "गुथुग्" (नौ चिजको मेल भएको परिकार) भनिन्छ ।

यस अवसरमा घर भित्र सफा गरी चिटिक्क पारिन्छ । फोहोर, शरीरमा लगाएको पुरानो कपडा र ग्रहदशा, रोग, शिण्डी, बोक्सी, भूत, प्रेत, नागनागिन जस्ता कु तत्त्वहरूलाई मन्साईन्छ । शिरदेखि खुट्टासम्म दलेको पिठोको डल्लोलाई "स्हे ना" (मिश्रित परिकारको खाना) संग राखिन्छ । यी सम्पुर्ण चिजहरूलाई वर्षभरिका खराब तत्त्व मानेर चौबाटोमा लगी फालिन्छ । त्यसो गरेमा आउने वर्षभरिका लागि रोग र ग्रहदशा नलाग्ने, समस्याहरूबाट टाढा हुने विश्वास गरिन्छ । पुरानो वर्षको खराब चिजलाई फाल्ने र घरको फोहोरलाई सफा गरी चौबाटोतिर लगेर फाल्ने चलन शहरहरूमा बस्ने सेर्पाहरूमा भन्दा परम्परागत चलन जीवित रहिरहेको गाउँ घरमा बढी पाईन्छ । गुम्बाहरूमा चाहिँ ठूलो पुजाका साथ तोर्मा बनाएर अशुद्ध फाल्ने चलन छ । कुनै गुम्बाहरूमा लामा नाच पनि हुन्छ ।

नेपालमा लोसार मान्ने समुदायहरूको प्रसंग कोट्याउँदा गाउँघरतिर जति आफ्नो पुरानो परम्परा र संस्कृतिलाई निरन्तरता दिईएको छ, त्यति शहरबजारतिर पाउन गाह्रो छ । कारण शहर आधुनिकीकरण र राजनीतिकरणको प्रभावमा रूमलिएको छ । स्थान, समय र परिस्थिति सँगसँगै परिवर्तन आउनु स्वभाविक नै हो । तर पनि लोसार पर्वलाई प्रतिस्पर्धामा ढालेर नगर परिक्रमा, जुलुस, उद्घाटन, राजनीतिक दलहरूको उपस्थिति जस्ता विषयहरू सँग गाँस्नु दुर्दशा हो । किनभने निषेध र समाप्त भै जाने राजनीतिक दलहरू भन्दा हाम्रो लोसार पर्व दिगो रहन्छ ।

लोसारको समय फुर्सदको समय हो । लोसारको मुख्य दिन छिमेकका महिलाहरू जम्मा भई स्येरू (मिष्ठान्न रोटी) पकाउँछन् । रोटी सकेसम्म विभिन्न आकारको बनाउने हुँदा नजानेकाहरूले सिक्ने र जानेका व्यक्तिहरूले सिकाउँने गर्छन् । तिब्बततिर अष्ट मंगल चिन्ह (राम्रो साइतको सुचक) को रोटी बनाईन्छ । काठमाडौंमा तयारी अष्टमंगलको रोटी पसलतिर पनि किन्न पाईन्छ । यसरी अष्टमंगल आकारको रोटी चाङ लगाउँदा अनन्त आकारको बनाउने गरिन्छ । जसले लामो आयुलाई संकेत गर्छ । धार्मिक रूपमा यसले अष्टमंगल चिन्ह भित्रको श्रीवत्स (पाल्वेउ) र शिरको कछुवा आकारले भावचक्र (सिपे खोर्लो) जनाउँछ ।



*शुभ साईत सूचक रोटि*

औंसीका दिन स्त्रीहरूले कपाल नुहाउन हुँदैन र महिनाको पहिलो दिन "छे चिग्" मा पुरूषहरू परदेश लाग्नु हुँदैन । उखानमै छ, "फो, खजु ठेल्क्याङ, छे चिक रू ढुल माग्यक", "मे खजु थल्क्याङ नम्खाङ रू, ट मा बेव", यसको अर्थ हो "जति हतार भए पनि छे चिग् मा पुरूष परदेश नलाग्नु, जति फुर्सद भए पनि स्त्री औंसी मा कपाल ननुहाउँनु ।"

औंसी पछि "छे चिग्" प्रतिपदाका दिन बिहान सबेरै छ्याङमा विभिन्न परिकार मिसाई खोले पकाएर खाने गरिन्छ । यसलाई "छ्याङकोल" भनिन्छ । यो लोसार मान्नेहरूको विषेश उपज हो । चिया र छ्याङको विवाद नामक पुस्तक अनुसार, छ्य (चिया) भन्ने शब्द चीनको घुमन्ते कुरा हो । छ्याङ चाहिँ पहिले तिब्बतका पाँच अन्नहरूबाट बनेको पेय पदार्थ हो । गुरू, बुवा, र आमालाई प्रसाद अर्पण गर्न जौंबाट बनेको रिग न्यूग "छ्याङ", आचार्य गुरूपध्द्मको दीर्घायु "छ्याङ", लाखौ डाकिनीहरूको गणचक्र "छ्याङ", विज्ञ वैद्यहरूको लुङ (वायु) "छ्याङ", विवाह उत्सवमा चाहिने "छ्याङ", खुम्बुका यूलल्हा देवतालाई सेर्कीम चढाउने तीन प्रमुख चीज मध्येका प्रमुख "छ्याङ", यी कारणले उच्च दर्जामा रहेको छ्याङको ठूलो महत्त्व भएकाले छ्याङको तुलनामा चियाको महत्त्व कम छ भन्ने विश्वास रहेको छ । त्यसैले लोसार मान्ने सबै व्यक्तिले छ्याङलाई "चमगेन" भनेर छ्याङ राखिएको कप, धाँका, ठेकीहरूमा पिठोले टिका लगाईन्छ । विवादमा चिया हारेको हुनाले चियालाई टिका लगाईदैन ।



*ख क्षिम्मर*



*जमरा*

यसै दिन "प्रथम पानी" कसले पाउने भनी बिहान सबेरै पानी लिन जान तँछाडमछाड हुने गर्छ । विशेष गरी घरको मूल महिलाले गरगहना सहित राम्रा भेषमा सिंगारिएर नागथान भएको पानी कुवा या पधँरोमा गई धूप घ्यु बाली पुजा गरिन्छ । प्रथम पानी पाएको व्यक्तिले "छ्यु थाङ्बु ङला थोप सेर्की ङ्याज्युङ ङला छ्युङ ।" भनी प्रार्थना गर्ने गर्दछ । आमाले तयार पारेका मिष्ठान्न परिकारका साथ बच्चाहरू पानी पधँरामा जाने, बाँडेर खाने र रमाउने गर्दछन् । यसै दिनदेखि घरमा जो व्यक्ति आए पनि पहिला "ख क्षिम्मार" बाट स्वागत गरिन्छ । "क्षिम्मार" चम्पा, मह, घ्यु, दुध, ठोमा आदि मिसाईएको परिकार हो । क्षिम्मार हालेर सजाउन सम्भव भएमा विभिन्न शुभ मंगलको बुट्टा भएको चार पाटे काठको लाम्चो भाँडा, नभए कयूङ, गाँङ, कोरा राखेपनि हुन्छ ।

क्षिम्मरको बीचमा सुर्य, चन्द्र, शंख, दीर्घायुको छ चिन्ह आदि अंकित चुच्चो काठको पाता राखेर सजाईन्छ । नभए घिउका सुन्दर बुट्टा बनाई राखेर पनि सजाईन्छ । अन्य विभिन्न मिष्ठान्नहरू बाहेक अन्नबाट नै बनेका चामलका ढेँसिल, जमरामा जमाएका जौँका बाला, जस्ता अनाजहरू सजावटमा प्रयोग हुने हुनाले लोसार एक कृषक चाड पर्व हो, भन्न सकिन्छ । यो धर्म राजा स्रङचन गोम्बोको पाला देखि प्रचलनमा आएको मानिन्छ । पछि राज्यसत्ता परिवर्तन, समय वा अरू विभिन्न कारणले यो चाडमा पनि परिवर्तन आएको पाईन्छ ।

जेभए पनि नेपालमा तिब्बती प्रचलनको राजकीय र गणितीय ग्यालु लोसार मान्नु भन्दा प्राकृतिक र ऐतिहासिक कृषक लोसार (सोनम लोसार) मान्न सही र उपयुक्त देखिन्छ ।

## यार छ्याङ चाड

"यार छ्याङ" लुनर क्यालेण्डर अनुसार दावा ढुक्पा (छैठौं महिना)को कृष्णपक्ष एकादशीदेखि हप्ता दिन भित्र शुभसाइत पर्ने गरी गोठमा भए गोठमै, गाउँमा परे गाउँमै "यार छ्याङ ल्ह छेतु" भनेर पुजा गर्ने चलन छ । गाउँमा एकै थरका व्यक्तिहरूको जति परिवारहरू छन्, पालैसंग आयोजक बनाईन्छ । आयोजकलाई "लावा" भनिन्छ । लावाको जिम्मा क्रमैले लिने चलन छ । गोठ खर्कमा परे त्यहाँका सबै गोठालाहरूको समूह बनाई पालैसंग आयोजना गरिन्छ । यो वर्षेनी हुने प्रकृया हो ।

यार छ्याङ चाड पशुपंक्षी, प्रकृति, देवता र मानिस बीचको प्रगाढ सम्बन्ध कायम गर्ने चाड हो । यस चाडले मानिसको वैयक्तिक पहिचान दिने थर चिनाउने काम पनि गर्दछ ।

यार छ्याङ चाडमा प्रकृतिको पुजा गरिन्छ । यस चाड ऋतुअनुसार सोका (बसन्त ऋतु) मा पालुवा लाग्दा, "सोकी ल्ह क्षेतु" (वसन्त ऋतुको देउता पुजा) भनी पुजा गरिन्छ । त्योन (Autumn) मा घाँसपात पहेँलो भै झरेर जाने हुँदा "त्योनकी ल्ह क्षेतु" भनेर पुजा गर्ने चलन छ । वर्षा ऋतुमा घाँसपात खेतीबाली हुर्कने र खोलानाला बढ्ने समय भएको हुँदा, "यरू ल्ह क्षेतु" (वर्षे देउता पुजा) भनेर आ-आफ्ना घरमा शुभसाइत हेरी पुजा गर्ने चलन छ । यही पुजा नै "यार छ्याङ" चाड हो । यो भव्य रूपमा मनाईन्छ ।

**मानिसले धर्तीबाट प्राप्त गर्ने नुरुरिंग (मणी)**

सुन, तामा, फलाम, पित्तल, हिरा, छुरूक, झि तथा उम्रिने खेती बालीहरू सबैका मालिक नाग तथा प्रकृति देवताहरू हुन् । त्यसैले हामीले बीउबिजन छर्न तथा खेती गर्न नाग देवतासँग जमिन मागी "कार्सुर् साङ्सेर्किम" पुजा गरेर मात्र गर्नुपर्दछ ।

"यर्का" (Summer): यर्का भनेको सापटी माग्नु भनेको हो ।
"त्योन" (Autumn): त्योनको अर्थ निकाल्नु/झिक्नु हो । गृष्म ऋतु मा बाली झिकिने हुनाले "त्योन" भनिएको हो ।
"गुन" (Winter): गुन को अर्थ हिउँ र गुनका को अर्थ हिउँदो, हिउँ जम्नु हो । जसलाई सेर्पाहरूले "गुम्बु" भनिन्छ ।

Winter solstice, हिउँदोको दिन फर्के पछि गु थाङबु (नवौ) दिन देखि चिसो बढ्दै गएर दोस्रो र तेस्रो नवौ भागखण्ड हरूलाई यसरी तर्क दिईएको पाईन्छ ।
१) गु थाङबुला स ख्याक : पहिलो नौ भागखण्डमा जमिन जम्छ ।
२) गु ङिवाला दो ख्याक : दोश्रो नौ भागखण्डमा ढुङ्गा जम्छ ।
३) गु सुम्बला ठवी गो ख्याक : तेस्रो नौ खण्डमा लामाको शिर नै जम्न सक्छ ।

त्यसपछि जमिनले घोडाको पुच्छरको एक रौं बराबरको तापक्रम पाउँदै जान्छ, भन्ने भनाई छ ।

"सोख"/चिका (Spring): "सो" को अर्थ घाँस र "ख" को अर्थ मुख हो । यसको अर्थ जमिनबाट हरियो घाँस पलाउन सुरू भई गाईवस्तुको आफ्नो मुखले घाँस भेट्ने स्थिति हो । त्यस समय देखि गाईवस्तु बाँच्ने हुर्कने अवस्था हुन्छ । यसलाई सेर्पा भाषामा "सोकु थरू" भनिन्छ ।

चिकाः "चिका" भनेको राख्नु हो । त्यस समय जमिनमा बिउविजन राखेर खेती लाउने समय हो ।

धर्तीबाट निकालिएको मणी अर्थात् "नुरू रिग" को उपभोग गर्ने मानिस हो । उम्रेको चीज खाने, पशुहरूबाट जानी नजानी विभिन्न समयमा जल, जंगल, पाखा पखेराहरूको उपभोगको समयमा भुल भएको हुन सक्छ । क्षमायाचना लागि पवित्र स्थानहरूमा देवदेवी, नागनागिनहरूको थान बनाई विभिन्न नामबाट पुजा गर्ने गरिन्छ ।

प्रारम्भमा पुर्खाहरूबाट यस पवित्र धर्तीलाई त्यसै उपभोग गरिएका रहेनछन् । घर बनाउँदा, खेती गर्दा, चरण क्षेत्र तथा गोठ सार्दा गाउँ बस्तीका संरक्षक देवता "यूल्ह" लाई पुजा गरिदै आएका रहेछन् । आफु जन्मेको ठाउँको देवतालाई "केल्ह" र एकै थरका पुर्खाहरूबाट मान्दै र पुज्दै आएका देवतालाई "रू ल्ह" र बाह्य दुश्मन बाट संरक्षण गर्ने देवतालाई "डल्ह" भनी वर्गीकरण गरिएका रहेछन् । यी रितिथितिका कारणले आजसम्म वातावरणलाई सम्मानपूर्वक पवित्र राख्न सकिएको छ ।

**यार छ्याङमा गरिने पुजा विधि**

खुम्बुयूल्ह सबै खुम्बुलेहरूको केल्ह (जन्मदेव) वा यूल्ल्ह (कुल देवता) भएकाले सामुहिक पुजा गरिन्छ । विविध थर भएका समुदाय छन् भने, प्रत्येक थरका लागि छुट्टा छुट्टै देवताको तोर्मा (भातको त्रिकोण ढिका) बनाईन्छ । प्रत्येक देवताको प्रतिमूर्ति "तोर्मा" लाई पेयपदार्थ तथा जल अर्पण गर्दै देवताहरूलाई आमन्त्रण गरिन्छ । आशन ग्रहण गराईन्छ । सबैको नाम उच्चारण गर्दै पुजा गरिन्छ ।



*सामुहिक यारछ्याङ् पूजा गर्दै*

एकै थरको समूह छ भने एकै थरको देवताको तोर्मा बनाई पुजा गरिन्छ । यो समूहमा सामेल नभई आफ्नै घरमा व्यक्तिगत गरेपनि फरक पर्दैन । तर जहाँ जसरी गरेपनि, "के ल्ह" (जन्म देवता), "यू ल्ह" (गाउँको कुल देवता) र "रू ल्ह" (थरको देवता) चाहि सबैले पुज्ने गरिन्छ ।


*कूल देउता पूजा गर्दै*

विभिन्न देवताहरूको आ-आफ्नै पुजा विधि हुन्छ । प्रत्येक देवताहरूलाई झण्डा, जल, दुध, दही, पुष्प, धूप, द्रव्य, नैवेद्य र शब्दश्रद्धा अर्पण गरिन्छ । झण्डाहरूमा बुद्ध धर्मको त्रिरत्नको मन्त्र परेको हुनु पर्दैन । आ-आफ्नै रङ्गको झण्डा, टुप्पो नभाँचिएको निगालोमा सिउरेर सिलाउने गरिन्छ । कुनै एक गाईवस्तु छानेर ल्याईन्छ । त्यसको सिङ देखि पुच्छरसम्म मन्त्रदै घिउको टिका लगाउने गरिन्छ । रङ्गिन याकको रौँबाट बुनेर बनाएको सानो डल्लोलाई "ढोत्तोक" भनिन्छ । त्यसलाई छानिएका गाईवस्तुको कानमा छेडी झुण्डाईन्छ । त्यसरी सिँगारेर पुजा गरेको गाईवस्तुको, त्यस दिन देखि "छे थर" भनी प्राण मुक्ति गरिन्छ । त्यसपछि उक्त वस्तु मार्न पाईदैन ।

जन्मदेव "के ल्ह", कुल देव "यु ल्ह", थर देव "रू ल्ह" जस्ता देवतालाई समूहमा पुजिदैन । द्रव्य (धन) प्राप्तिको निमित्त व्यक्तिगत रूपमा पुजा गरिन्छ । शक्तिदेवहरूमा नागनागिन र ग्यलु (राजा) हरूमा नुप्की ग्यलु, पेकर ग्यलु, छोखाङ ग्यलु र ग्यलु स्यूङदेन हरूलाई त्यहि समयमा व्यक्तिगत रूपमा आ-आफ्नो ईच्छा अनुसार पुजिन्छ । यी शक्तिपीठ देवताहरू भएकालाई स्वईच्छा भएमा मात्र मान्ने हो, अरू देवताहरूलाई जस्तो मान्न अनिवार्य छैन ।

**यार छ्याङ चाडमा गरिने मनोरञ्जन**

यार छ्याङ अर्थात् वर्षात् ऋतुको देवता बुझाउँने समय अगावै "ल्ह छ्याङ" (देवता बुझाउने पेय) भनेर प्रत्येक घरमा जाँड पकाई तयार गरिन्छ । साईतअनुसार स्यारपाको छैटो महिना (दावा ठुक्पा) कृष्ण पक्षको एकादशी देखि सप्तमी भन्दा ढिलो नहुने गरी देवता बुझाउँने गर्नु पर्दछ । देवता बुझाउँने प्रक्रिया पूरा भएपछि समूहगत रूपमा भोज खाई खुशीयाली मनाईन्छ ।

यस अवसरमा पाहुनाहरूलाई पेय पदार्थ "छ्याङ" खुवाउँदा ज्यादै सम्मानपुर्वक पुरूषहरूलाई "ग्यगर पेञ्जे" र महिलाहरूलाई "मसाम ज्यामे" जस्ता मन्त्र पढेर खुवाउने चलन छ । घरका प्रमुखहरूलाई बाहेक अरूलाई, यस मन्त्र वाचन गर्ने चलन छैन । गाउँघरमा र गोठ खर्कहरूमा एकदमै रमाईलो साथ नाचगान हुन्छ । गोठखर्कहरूमा मौसम सफा रहे अझ रमाईलो हुन्छ । दुध, दहि, छुर्पी, छुर्स्याप, फेम्मर जस्ता दुधबाट बनेका परिकारहरू खाईन्छ । गोठ खर्कको खुल्ला र स्वच्छ वातावरणमा गरिने नाचगान र रमाईलोको महत्त्व विशेष हुन्छ ।

**पुरुषहरुलाई ग्यागर पेञ्जे वाचन गरी खुवाउने मन्त्र**

साधारणः

छ्योए ग्यागर पेञ्जे फेला कटिछे,
पेमा ज्युङ्ने कुला देण्डोमे,
थन्द ल्हो नुप सिम्पी खने ज्यु,
उर्केन रिम्बुर्चेला छ्योपा पुल,
उर्केन रिम्बुर्चेला स्ये टु छ्योपा पुल ।

**महिलाहरुलाई गरिने मसाम ज्योमे**

मसाम ज्योमे स्येरव फरूल छ्यीन,
माक्ये मिगाघ नमखे ङोवो यिन,
सो सो राउरिग् येस्ये च्योयूलवा,
थुइसुम् ग्याल्वे युम्ला छ्योपा पुल ।

पुजा मञ्चमा केल्ह, यूल ल्ह, रू ल्ह जस्ता देवताहरूको प्रतीकका रूपमा स्थापना गरिएका "तोर्मा" हरूलाई लामाले गर्ने पुजा बाहेक यारछ्याङमा सहभागी समूहहरूबाट पुजा गरिने मन्त्रलाई "तोर्मालोप" भनिन्छ ।

१) एमाहो दिछिन कुन्की क्याप्ने,
ठिन्जे चवीलामा,
लावा जिकसो । २

२) लामा जिक स्यूक्ना २ उकेन पेमाला स्युवा येदो
छिन्लप ज्येला रेवी स्यावा ङिमा यीन,
लावा जिक सो । २

३) यीदम जिक स्युक्ना २ पवोतेण्डी स्युवा येदो
ङुण्डुप जेन्ला रेवी स्यावा ङिमा यीन,
लावा जिक सो । २

४) खण्डु जिक स्युक्ना २ खण्डु दोर्जी फाङमु स्युवा येदो
ठिले ज्येला रेवी स्यावा ङिमा यीन,
लावा जिक सो । २

५) छुक्युङ जिक स्यूक्ना २ छुक्युङ मागोन च्याम्टल स्युवा
ला येदो थुन्केन ज्येला रेवी स्यावा ङिमा यीन,
लावा जिक सो । २

६) छेंज्याम जिक स्युक्ना [२]
छेंज्याम दोर्जी पण्डिकला स्यवा येदो,
थनाङ ज्येन्ला रेवी स्यावा ङिमा यीन,
लावा जिक सो । [२]

७) यूल्ह जिक स्युना [२] यूल्ह ठिचेन कर्पो स्युवा येदो,
स्हिदक ज्येन्ला रेवी स्यावा ङिमा यीन,
लावा जिक सो [२]

८) फोल्हा जिक स्यूना [२], फोल्हा ल्हचेन कर्पो स्युवा येदो,
फोल्हा ज्येन्लारेवी स्यावा ङिमा यिन,
लावा जिक सो । [२]

९) मोल्हा जिक स्युना [२] मोल्हा लुमु थुङस्युङ कर्मु स्यवा येदो
मोल्हा ज्येन्ला रेवी स्यावा ङिमा यीन,
लावा जिक सो । [२]

सबैको हातमा खदा, छ्याङको ठेकी, कप अड्याएको चाँदीको ठक्या र ख छिम्मर बोकी पुरूषहरूले कुममाथि "बुरे अर्दी" ओढी लस्करमा उभिएर गायन मन्त्रदै देवताहरूलाई अर्पण गर्दछन् ।

नोट :
फोल्ह (पितृदेव), रूल्ह (थरदेव) एकै हुन्
मोल्ह (मातृदेव), नागनागिन एकै हुन्
ढल्ह रक्षक देवता हुन् ।

यी सबै देवताहरू को पुजा चौमासिक रूपमा वर्षमा तिन चोटी हुन्छ ।



विवाह संस्कारको एक झलक

# विवाह प्रथा

नेपालीमा "विवाह", सेर्पा भाषामा "समेन झ्याउ", तिब्बतीमा "छ्याङसा झ्याउ", अंग्रेजीमा "म्यारिज" जस्ता विभिन्न मानव समुदायका आ-आफ्नै भाषाका शब्दहरूको प्रयोगले दुलहा र दुलहीको सम्बन्ध गाँस्ने कार्यलाई जनाउँदछन् । यसको मूल उद्देश्य भनेको आफ्नो जातजाती, नाता, हाडनाता छुट्याई आफ्नो नाता कायम राख्ने र अनैतिक सम्बन्ध हुने अवस्थाबाट रोक्ने नै हो ।

समाजका जुनसुकै धर्मावलम्बीहरू हुन्, राजा महाराजा हुन्, यो विवाह सत्य युगको देवताको पाला देखिकै प्रचलन र कथाहरूलाई आधार मानेर गरेको पाईन्छ । जस्तैः हिन्दु परम्परामा सत्य युगमा महादेव र सत्यदेवीको विहे तथा भगवान श्री राम र सीताको विहेको परम्परा आज पनि चलिआएको छ । बौद्ध धर्मावलम्बीहरूमा पनि यस्तो परम्परा दिपंकर बुद्धको पाला हुँदै विश्वन्तर राजकुमार समय र शाक्यमुनि बुद्ध स्वयंमले राजकुमारी यशोधारासँग धार्मिक विधिपूर्वक बिहे गरेका थिए । विवाहको फलस्वरूप पुत्ररत्न राहुलको जन्म भएको थियो ।

तिब्बत देशमा देवराज लिङ खेश्शर ग्यालु र मे सिङचेन डोमुका विहे, राजा ग्यलु कला अङवो र खण्डो डोवा साङ्मुका विहे, राजा ग्यालु नोरसाङ् र यिण्डो बीचका विहे, वीर बादशाह श्रङचन गम्पो र दुई राजकुमारी अजी झसा र अज्यी फेसा (भृकुटी) सँगको विहे जस्ता महत्त्वपुर्ण ऐतिहासिक विहेको कथाहरू ताजै छन् । यसरी देवता लगायत ऐतिहासिक राजा महाराजाको पालादेखि मानव समुदायमा महत्त्वपूर्ण ठाउँ लिदै आएको विवाह प्रथाको महत्त्व आफ्नै ठाउँमा छ ।

पृथ्वीमा रहेका ८४००००० जीव प्राणीहरू मध्ये सबैभन्दा उत्कृष्ट जीवन मानव जीवन नै हो । मानव जीवनमा आउने प्रथम उत्कृष्ट उत्सव आफ्नो जीवनसाथीसँग आजीवन सम्बन्ध गाँस्ने विहे नै हो । विवाह अर्को नयाँ जीवनको सुरूवात र कहिल्यै कसैसँग नगरिएको विश्वासको सुरूवात हो । यो मायाको सुरूवात हो । द्रव्य आर्जनको सुरूवात हो । वंश उत्पादनको सुरूवात हो । जीवनमा आउने यो एउटा मौका, यसको रमाईलो, खुसी र अनौठो अनुभव दोहोरिएर तेहेरिएर आउँदैन । विहे दोहोऱ्याई गरेमा उ अभागी बन्न पुग्छ ।

विहे एक शुभ कार्य र शुभ उत्सव भएको हुँदा यसको तयारी एकदम होशियारीपुर्वक हुनु जरूरी छ । यसलाई आ-आफ्नो धर्म, परम्पराअनुसार ज्योतिष शास्त्र अनुसारको साईत हेरेर शुभ कार्य सम्पन्न हुन सकेन भने दाम्पत्य जीवन दुखदायी हुन्छ भन्ने आशंका गरिन्छ । त्यसो भएको हुँदा बिहेमा हरेक

कुराहरू सतर्कता साथ व्यवस्थापन गरिन्छ । व्यवस्थित बिहेमा बेहुला र बेहुली दुवैतर्फ ठूलै खर्च हुने गर्दछ । त्यसैले पहिल्यै देखि गच्छे अनुसार राम्रै व्यवस्था गर्न आवश्यक हुन्छ ।

हाल देश विदेशमा चर्चामा रहेका चलनचल्तीका विवाहप्रथालाई केलाउँदा निम्न किसिमले वैवाहिक सम्बन्ध गाँसिएको पाईन्छ :
Arranged Marriage: मागी विवाह
Court Marriage: अदालती विवाह
Love Marriage: प्रेम विवाह

यी आधुनिक विवाहप्रथाले अहिलेको समुदायमा धेरै प्रभाव पारिसकेको छ । यो समयले ल्याएको परिवर्तन हो । शिक्षाको उपलब्धि र विश्व मानव सभ्यताको सिको हो । यी तीन प्रकारका विवाहप्रथामा आफ्नो अवस्था अनुसार कुन प्रकारको विवाह गर्ने भन्ने निर्णय समयानुकुल आफैले गर्न सकिन्छ । समाजले पनि सामान्यरूपमा बुझी दिन्छ ।

सेर्पा समुदायमा परम्परागत रूपमा चलिआएका विभिन्न किसिमका विवाह प्रथाहरू पाईन्छ । जस्तै :
लोङ्गु जन्ति : मागी विहे
पिमा लोङ्गु : दुई भाई बीचमा माग्ने
छोनि देत्तु : राजीखुशी मिलेको
थप्च्याङ : साधारण
लाक झेउ, थेप झेउ : खोस्नु, छोप्नु

माथि उल्लेखित बिहेको प्रकृयाहरूमा सबभन्दा व्यवस्थित प्रकृया "लोङगु जन्ति" हो । पहिले अति मिलेका दुई गर्भवती साथी बीच गर्भ बोकेको अवस्थामा ती साथीहरूले छोरा तथा छोरी जन्माए बिहे गराई दिने भनि ती साथी अभिभावक बीच वाचा बन्धन हुन्थ्यो । जस्तो सन्तान जन्माए पनि बिहे गराई दिईन्थ्यो । यसको लागि माग्न जानु पर्दैनथ्यो ।

सेर्पा प्रचलनमा गर्नुपर्ने अन्य बाँकी प्रकृयाहरू जस्तै : ठी ज्याङ, लोङ ज्याङ, देम ज्याङ, पे ज्याङ, जन्ती छ्यानी डाप चाहि पूरा गर्नु पर्दछ ।

## ठी ज्याङ (सोधनी)

आफ्नो छोराको लागि केटी खोज्न सर्वप्रथम, जात, उमेर, लोर्ता (जनावर वर्ग), खाम (पन्च तत्त्व): आगो, पानी, काठ, फलाम, जल जस्ता कुराहरूको योग मिलाउने प्रचलन रहिआएको छ । साथमा एक अर्कामा उमेर मिल्छ मिल्दैन, बोली वचन, चाल चलन, आनी बानी ठिक छ छैन, बावुआमालाई चित्त बुझ्दो छ छैन या छोराले मनपराउँदो छ छैन जस्ता यी जरूरी विषयलाई घरमा छलफल गर्ने गरिन्छ । सबै राजी भएमा आफु नजिकको विश्वासिलो, बोल्न सिपालु र सकेसम्म बावु आमा दुबै जीवितै रहेको सुभाग्यमानी व्यक्तिलाई सोध्न पठाईन्छ । त्यस कार्यलाई "ठी ज्याङ" (सोधनी) भनिन्छ । सोध्न पठाउँदा दिन, बार तथा शुभ साइत ठहराई पठाईन्छ । शुरूमा केटीको बा, आमा र केटीलाई गरी तिन थान खदा, एक सानो कराई (ठेकी) र छ्याङको कपमा चमगेन (टिका) लगाई पठाईन्छ । यो प्रथम प्रकृया हो । यसलाई "ठी ज्याङ" अर्थात् सोधनी भनिन्छ ।

## लोङ ज्याङ (मग्नी)

ठि ज्याङ (सोधनी)को बेला केटी पक्षबाट स्वीकार भएको सकरात्मक जवाफ आएमा, केटी माग्न जाने निश्चित दिनका लागि दिन, बार, तिथि, महिना हेरेर शुभ साईत जुटाई, केटा पक्षका ५ देखि ७ जना आफन्तहरूलाई जोडी अंक नपर्ने गरी औपचारिक "लोङ ज्याङ" (मग्नी) का लागि पठाईन्छ । यस अगाडि पूर्व सुचना दिईएको हुनुपर्छ ।

केटी पक्षकाले आफ्ना नजिकका आफन्तहरूलाई फलानोले तोकिएको मितिमा हाम्रो फलानो छोरी माग्न आउँदैछन्, "लोङज्याङ" (मग्नी स्वीकार्न दिइने पेय पद्धार्थ) खान आउनु, भनी जानकारी गराईन्छ ।

लोङ ज्याङ दिन जाँदा थोरै संख्यामा भए पनि जाँड रक्सी, खदा र अन्य आवश्यक चिजहरू राम्रै तैयारीका साथ जानुपर्दछ । केटीको घरमा जम्मा भईरहेका केटीका आफन्तहरू लगायत केटीका बा, आमा र नजिकका नाताहरूलाई क्रमानुसार लोङ ज्याङ (मग्नी स्वीकार्न दिइने पेय पद्धार्थ) दिन आएका हौं, भन्दै लोङ ज्याङ खुवाउँदै खदा लगाई दिनुपर्छ । दुबैका बावुआमा दुबै जिउँदो भएको अवस्थामा "फ छेङ म छेङ" भनी शुभ मान्ने चलन छ ।

यस बखत सम्बन्धित केटी र केटा उपस्थिति हुनुपर्छ भन्ने छैन । सर्वप्रथम "ठि ज्याङ" (सोधनी) कै समयमा, परिवार परिवार बीच वार्ता छलफल भईसकेको हुन्छ ।

## देमज्याङ (सुनिश्चितता)

"देमज्याङ" भनेको पक्का पक्की (confirm) गर्नु हो । विवाह सम्बन्धि कानुनमा जे लेखिएको भए पनि सेर्पाको पुरानो चलन अनुसार देमज्याङ भै सकेको केटा वा केटी अरूसँग लागेमा जारी लिने वा दिने चलन छ । "देमज्याङ" (re-confirm) ठूलै तयारीका साथ हुन्छ । देमज्याङका जन्तीहरूका लागि दुलहीको घरमा खाना र पिउनका लागि जाँडरक्सी तथा अन्य पेयपदार्थहरू दुलहाको घरबाट उपलब्ध गराउने चलन छ । देमज्याङको लागि आउने जन्तीहरू दुलहीको घरमा आईसके पश्चात् आफ्नो नातेदारहरूको घरमा, "देमज्याङ क्योङ्गु" भनेर घरघरमा देमज्याङ जन्तीहरू डुल्दै खाने, नाच्ने र गाउने चलन छ । यो देम्ज्याङ क्योङ्गुको लागि दुलहीका आफन्त नातेदारहरू कति घर संख्यामा राख्ने नराख्ने बारे लेखाजोखा, दुलहीको घरमा पहिल्यै छलफल भइसकेको हुन्छ । सेर्पा विवाह प्रकृयामा देमज्याङले निर्णायक महत्त्व राख्ने हुँदा दुलहा पक्षबाट होशियार पूर्वक नछुटाईकन दुलहीका परिवारले दर्शाईएका आफन्त नातेदारहरूलाई "देमज्याङ खता" लगाई दिनुपर्ने हुन्छ ।

## पेज्याङ (सर–सल्लाह)

केटाको घरबाट केटीको घरमा गई, "कुन साल, कुन महिना, कुन दिनको मुर्हतमा दुलही लिन आउँ?", भनी सल्लाह गर्नु भनेको "पेज्याङ" हो । त्यस अवसरमा साथमा केटाको घरबाट ३ देखि ५ जनाले छ्याङ लानुपर्छ ।

"गेन कुत्तु" (टिकोटालो) को लागि दुलही र दुलहा पक्ष बीच निश्चित बार, तिथि र मितिमा जन्तीको व्यवस्थापन गर्ने निर्णय भयो, भनी सुचना गर्न र जन्ती कति संख्यामा जम्मा पार्ने, ककस्को घरमा जन्ती र केरम्यानहरूलाई खाना खान बोलाउने जस्ता महत्त्वपूर्ण तयारी गर्न सबै आफन्त नाताहरूलाई आमन्त्रण गरी छलफल गर्नु नै "पेज्याङ" हो ।

## देनज्याङ (निमन्त्रणा)

"देनज्याङ", विवाह सँग सम्बन्धित व्यक्तिहरूलाई निमन्त्रणाको अनुरोध गर्नु हो । विहेका लागि जाने जन्तीहरूलाई तिथि मिति को जानकारी सहित देन्ज्याङ (निमन्त्रणा) पुऱ्याउनु पर्दछ ।

खोर्लुवा लामालाई जन्ती जाने मितिको जानकारी दिई त्यस बिहान सकेसम्म सबेरै "काङसु" पुजाको लागि सुचना दिई देन्ज्याङ पुऱ्याउँदछ । "मोला" जान्ने व्यक्ति लाई पनि देनज्याङ पुऱ्याउन पर्छ । मोला कसले जान्दछ, कसलाई आमन्त्रित गर्दा उपयुक्त हुन्छ, भन्ने कुरा पहिल्यै घरभित्र छलफल गरी त्यस व्यक्तिलाई देनज्याङ पुऱ्याउनु पर्दछ ।

## माक्पा लोसुम कुलमा

हिन्दुहरूले ज्वाईलाई ठूलो महत्त्व र सम्मान दिए झै सेर्पाहरूको चलनमा ठिक विपरित "नामा" (बुहारी) लाई महत्त्व र सम्मान दिएको पाईन्छ । सेर्पा समाजले केटीले दाइजो ल्याउनु नल्याउनुको सरोकार भन्दा एउटा घरको आमा बा ले जन्माएर माया गरी पालेर हुर्काएकी छोरीलाई अरूलाई सुम्पने कुराको ठूलो महत्त्व राख्दछ र ज्वाई एकै परिवारको जस्तो भई दिनुपर्छ ।

देमज्याङ पछि दुलहा त्यस घरको परिवार झै भईसकेको हुनाले सासु ससुरासंग लजाउन पर्ने अवस्था कम हुन्छ । कतिपय दुलहा दुलहीको घरको काम गर्नुपर्नेमा खाँचो पर्ने हुन्छन् । यदि दुलहीको घरमा काम गर्ने मान्छे कम्ति छन् भने त्यस समस्यालाई ख्याल गरी दुलहाले दुलही आफ्नो घरमा लान केही वर्ष पर्खिन सक्छन् । सेर्पा उखानमै छ, "माक्पा लोसुम कुल्मा", यसको अर्थ हो, "ज्वाईलाई तीन वर्ष सम्म काममा लगाउन पनि सकिन्छ ।" तर यो परिस्थिति अनुसारको चलन हो, बाध्यता होइन ।

## गेन कुतु

"गेन कुतु" भन्नाले टिका लगाउनु भन्ने अर्थ दिन्छ । यो विवाहको अन्तिम चरण हो । यो कहिले गर्ने, कुन तिथि मिति र कुन वर्ष, महिनामा गर्ने जस्ता कुरा हरू ज्योतिष शास्त्र "ज्युङची, करची" अनुसार हेराई दुलहा, दुलही दुवै पक्षका घर परिवारमा लगन साईत जुर्ने गरी तैयारी गरिन्छ । जसमा देहायका कुराहरूको ध्यान दिनुपर्छ ।



*गेन कुतु (टिका टालो)*

दुलहा, दुलही र बा आमाका लागि "ल जा" (एकदम राम्रो बार), "सोग जा" (राम्रो बार), "स्हि जा" (मरण बार) जस्ता बार मिल्नु पर्ने ।


फेमार

दुलहा, दुलही र बा, आमाको लागि "ठोन् ज्यू" (साईत), "स" (भूमि), "क्षु" (जल), "मे" (अग्नि), "लुङ" (वायू) जस्ता तत्त्व मिल्नु पर्ने ।

"नाङ्गु छेवा" (दुलहा-दुलहीका लागि लगन नजुर्ने तिथि) ७, १७ र २७ यी तीन तिथि नपर्ने गरी लगन जुराउने ।

"याङजा" (लक्षिणयुक्त बार) बुधबार र शनिबार छोरी पठाउन नमिल्ने ।


सिपा खोर्लो

छेराङ (तिथि) १ देखि ३० मध्येमा छनौट गर्ने दिनहरू, लुनर क्यालेण्डरको आधारमा ज्योतिष विद्या सम्बन्धि ज्ञान भएका लामालाई हेर्न लगाउनु पर्छ भन्ने गरेको पाईन्छ । सबै मिली सकेपछिको तयारीमा विजोड अंक पर्ने गरी (जोडी नपर्ने गरी) जन्तीहरू जम्मा पार्नु पर्छ, ककसलाई लाने वा नलाने, आफ्नो "लरक्ये" (लेनदेन सहयोगीहरू)मा भर पर्छ । जन्तीको संख्या कति लाने भन्ने बारेमा दुलहीको घर संग छलफल गर्न राम्रो मानिन्छ ।

## जन्तीका साथमा लाने सामानहरु

- फेम्मर १
- जन्तिहरूले लगाउने सिन्दुर
- छ्याङ, रक्सी तथा अन्य पेय पदार्थ
- एक रूपिया ढ्याक (उपलब्ध भए सम्म)
- सर्किम पुजाको लागि "चकुस्यो"
- "गेन" को लागि घिउटिका लाउने
- छोण्डु (अछेता) र युल्टीम (स्वस्तिक चिन्ह)को लागि १–२ माना चामल
- सेर्कीम र गेन लगाइ सकेपछि छर्ने, चम्पा
- फेम्मर १, शंख १, चम्मर ३ (सेतो चम्मर, कालो चम्मर, गंगाजमुना), झ्यम्टा १ र यी अट्ने गरी एक राम्रो थुम्सी (रोङज्युङ) भन्ने डोको र छोप्ने खास्टो ।
- तरवार १
- सिपा खोर्लो १
- दुङ (बाला) १
- दथार (नौ गुणले युत्त थार) १
- दुलहीलाई ओढाउने छाता १
- दुलहाको भेष १ सेट
- जन्ति घुमेर खाएपछि राख्ने छ्यारिन् (पैसा)
- केटीको घर पक्षका सम्पुर्णलाई पुग्ने गरी ३ प्रकारको खत्ता ।

बिहे गरी घर भित्र्याउनु पूर्व ससुराली घरमै बच्चा जन्मे छ भने, बच्चा पाले बापतलाई भनी "सोरिन" हिसाब राख्नुपर्ने । यदि केटा र केटी बीच सेर्पा परम्पराको रित गर्नु पूर्व आफु आफु मन मिली गर्भ रही जन्मेको बच्चाको लागि "नाङ्ुन ठिप शिल" अर्थात् त्यस छोरीले ठेम्वा बोकेर जन्मी त्यसबाट पर्न गएको असर "फोहोर" (कलुषित) ले गर्दा, घरका सम्पूर्ण माथि पर्न गएको असर र नोक्सानी बापत भनी केटाले "नाङ्ुन ठिप शिल" भनी लानुपर्ने हुन्छ, यो नगद वा जिन्सी, जे पनि हुन्छ ।

सेर्पाको चलनचल्तीमा यी बिहेको प्रकृया पूरा गर्नु पूर्व नै केटी केटाको घर बसी, पछि मात्र रित पूर्वक जन्तिको कार्यक्रम हुन गईरहेको हो, भने त्यस अवधि बीच कति वर्ष केटीले आफ्नो घरमा काम गरेको छैन त्यस समयका लागि माफी मुताबिक केटाले ससुराली घरमा नगद वा जिन्सी "किशान" भनी (बुझाउनु) राख्नुपर्छ ।

## किशानको लागि नगद वा जिन्सी

किशान, नाङ्ुन ठिप शिल, सोरिन जस्ता कुराहरू नैतिक चरित्र पालना गर्नका निमित्त तयार पारिएको हो । व्यवहारमा ससुरा पक्षबाट लिन या नलिन पनि सक्छन् । किशान बापत केटाले केटीलाई गरगहना व्यवस्था गरिदिएमा, किशान बापत भनी त्यसको मूल्य, केटीको दाइजो सँगै जोडिन सक्छ र फिर्ता आउँछ । यो प्रकृया सेर्पा समुदायलाई असल नैतिक चरित्र देखाउने प्रकृया मात्र हो ।

## खोलुवा

"खोलुवा" जन्तीको नेतृत्व गर्ने एक विज्ञ अगुवा व्यक्ति हुन् । खोलुवामा निम्न गुण र क्षमता हुनुपर्छ :

उनले दुलहाको घरबाट जन्ती निस्कने उपयुक्त समय, दुलहीको घर प्रवेश गर्ने उचित समय, दुलहा दुलही बीच हुने टिको टालो (गेन कुतु) को समय, दुलही घर भित्र्याउने समय जस्ता महत्त्वपुर्ण कुराहरू सम्बन्धि मन्जुश्री शास्त्रको "जूङची करची" हेरी शुभ साईत मिलाउन सक्ने क्षमताको हुनुपर्दछ । उनमा विवाह जमघटबाट उत्पन्न हुनसक्ने कलुषित अवस्थालाई चोखो पार्न सक्ने क्षमता भएको हुनुपर्छ ।

जन्तीको बाटो अबरूद्ध गर्न आउने भूत, प्रेत, शिण्डी, बोक्सीहरूलाई शिपा खोर्लोद्वारा पन्छ्याउने । देवदेवी, नागनागिन, ईष्ट देव जस्ता मानवहित गर्नेहरूलाई आदरपूर्वक निमन्त्रणा गर्ने । सेर्किम छ्याङ, होमा (दुध), स्यो (दही) आदि अर्पण गरी प्रसन्न तुल्याउने । जन्तीहरू दुलहीका नातेदारहरूको घरमा विवाह भोज खान जाँदा विधिवत प्रक्रिया मिलाउने ।



*खोलुवा*

दुलहीको माईतीले दिई पठाएको दाइजो दुलहाको घरमा पुऱ्याउने "केरमेन" हरूलाई दुलहाको नातेदारहरूको घरमा डुलेर भोज खान जाँदा प्रत्येक घरमा खाने, पिउने, नाच्ने कार्यक्रमका लागि समयमा व्यवस्थापन गर्ने जस्ता महत्त्वपूर्ण कार्य खोलुवाले निभाउने गर्दछन् ।

दुलहीको दाइजो बोकेर ल्याउन सघाउँने "केरमेन" विशेषत युवतिहरू हुन्छन् । गीत गाउँन नाच्न रमाईलो गर्ने सीप भएकालाई छानिन्छ । पुरानो परम्परा अनुसार दुलही आफ्नो माईतीघर छाडी नयाँ र नौलो घरमा प्रवेश गर्नु पर्दाको पिडालाई कम गर्नका लागि माईतीले दिई पठाएको दाइजोका साथ युवतिहरू साथी पठाईन्छ । दुलही सहित जन्ती दुलहाको घर पुगेपछि केटाको नातेदारहरूको घरमा गित गाउँदै २-३ दिनसम्म भुलाएर नवदुलहीलाई नयाँ वातावरणमा समायोजित हुन मद्दत गर्ने अहम भूमिका केरमेनको हुन्छ । यस परिस्थितिमा रमाईलो गर्न सक्ने, नाचगान गर्न जान्ने खोलुवा असल कलाकार पनि हुन जरूरी हुन्छ ।

खोलुवा विवाहमा दुई दम्पत्तीको सफल दाम्पत्य जीवनको शुभकामना दिने, शुभसाईत जुराउने र विवाहको सम्पूर्ण कर्मकाण्ड पूरा गर्ने व्यक्ति भएकाले उनी स्वयंम विवाहित र दाम्पत्य जीवनको सफल परिवारको हुनुपर्छ ।

उपर्युक्त खुबी र सीप भएको खोलुवाले दाहिने हातमा भाला बोकेको हुन्छ । भालाको टुप्पामा "सिपा खोर्लो" सजाएको हुन्छ । देब्रे हातमा सेर्कीम पुजा गर्दा चाहिने "चकुस्यो" (घाँस विशेष) बोक्ने चलन छ ।

## माक्पा – दुलहा

दुलहा एक वीर पुरूष या राजषी भेषमा सिंगारिने गर्छन् । यो चलन तिब्बतको झाङचे राज्यको राजा "पेन डज्या"ले आफ्नो युवाराज "ठावा सण्डुप" को लागि बहुत चर्चित राजकुमारी (देव पुत्री) "अजि नाङसा" लाई माग्न जाँदा देखि हालसम्म चल्दै आएको छ । त्यसै अनुसार दुलही पनि राजकुमारीकै भेषमा घर भित्रिने गर्छिन् ।


*माक्पा (दुलहा)*

## मक्पी क्ष्या (दुलहाको भेषा)

१. खोजेन स्यमुङ च्याङ्दा
२. सेर्की अलुङ
३. खोजेन सेटाङ क्षुवा (पहेँलो रङमा सुनको पैसा अंकित भई कलर सहित सिलाएको)
४. खारे करा (पटुका)
५. ल्हाम सोन, को सोन, स्याङ सोन (मध्ये एक उच्चस्तरिय धोजा)
६. कर च्योक, मर च्योक (सेतो र रातो फेटा) । यी दुई फेटा दाहिने देब्रे दुबै कुमदेखि हात मुनि झर्ने गरी बाँधिन्छ ।

यी दुई फेटालाई छुरूक (मोती) मालाको रूपमा लिने गरिन्छ ।

७. "डब्लङ" भनेको वीर पुरूषले आफ्नो संरक्षणका लागि दाहिने कुम देखि देब्रे हात मुनिसम्म भिर्ने देवताले प्रयोग गर्ने डिब्बा हो ।

८. "द थार" मक्पा (दुलहा)ले हातमा बोक्ने सामाग्री हो । यो निम्न लिखित नौ गुणले युक्त भएको मानिन्छ

   क) "द" धनुष मा हुने तीर हो । यो उच्चस्तरीय निङ्गालोबाट बनेको हुन्छ ।

   ख) "च्ये च्य" तिरको टुप्पोमा राखिएको फलामको सियो हो ।

   ग) "ने ङा" पन्च रंङ्ग हो । यो निलो, सेतो, पहेलो, रातो, हरियो रंगको हुन्छ ।

   घ) "च्ये टु" भनेको धनुको तीखो भाग मुनि राखिएको छ्या गो पु (लाम गया) को पखेटा हो ।

   ङ) "के टा" भ्रि मालाको बीच भागबाट घेरिएको सेतो फन्को हो ।

   च) "मे लुङ" एक प्रकारको काँसको गोलो पातामा जडिएको, ऐना झैं टल्कने "लेकी मेलुङ" धातु हो । भाग्य प्रतिबिम्वन गर्ने दर्पणका रूपमा व्याख्या गरिन्छ । यसले नवदम्पत्ती बीच घनिष्टता कायम राख्छ भनिन्छ ।

   छ.) "यु" गहनामा राख्ने विशेष प्रकारको निलो ढुङ्गा हो । तिब्बत र खुम्बुतिर महिला पुरूष दुबैले लगाउने गहना हो । यो लगाउने व्यक्तिलाई ग्रह दशा लाग्दैन भन्ने भनाई छ । यदि यु नीलोबाट कालो रङ्गमा परिणत हुँदै गएमा, ग्रह फाल्ने पुजा गर्नु पर्छ र सेतोनिलो हुँदै गए शुभ संकेत हो, भनिन्छ ।

   ज) "कोक्ता" भनेको अंकुश हो । यो लेकमा पाईने ङ्याङ्युङ छेर्माङ र मधेसमा पाईने बयरको विरूवामा पाईन्छ । यसले दुलहीलाई अंकुश लगाई ल्याउने भन्ने प्रतिकात्मक अर्थ दिन्छ ।

   झ) "ढेङ्षा" छालाबाट बनेको बलियो डोरी हो । नवदम्पत्ति बीचको सम्बन्ध यो डोरी जस्तै बलियो भैरहोस्, भन्ने प्रतीक जनाउँछ ।

द (वाण) एउटै फेदबाट जोडनाल भएर उम्रेको निंगालोबाट बनाईएको पाईएमा "दथार" अति शुभ लक्षिणको हुने बताईएको छ ।

उल्लेख गरेअनुसारको त्यस किसिमको द थार पाईएमा यसलाई नागलोकमा नागको राजकुमारीलाई "आज देखि तिमी मेरी हौ ।" भनी टाउको पछाडि सिउरी दिए नागराजकुमारी समेत पछ्याई आउँने शक्ति छ, भन्ने कथा छ । सेर्पा समुदायको गीतमा पनि द थारको महत्त्व झल्काउँने शब्दहरू रहेका पाईन्छन् । दुलहाले "द थार" लाई दुलहीको ढाँड पछाडि सिउरेपछि मात्र "गेन" (घ्युको टिका) लगाउने चलन छ ।

यसरी सम्पुर्ण आवश्यक सामग्री र विधि पूरा गरी दुलही लिन जाने प्रक्रिया नै व्यवस्थित मागी विवाह हो । यस्ता विहे हुँदा त्यस क्षेत्रका देवदेवी, डाँकिनी, भुतप्रेत नागनागिनहरू पनि रमित हेर्न आउँछन् र सुज्याङ (स्वागत) गरी बिहेको अनुमोदन समेत गर्छन्, भन्ने लौकिक विश्वास रहिआएको छ ।

गेन कुतु (टिका टालो)को जन्ति जान आमन्त्रित आफन्तहरू तयार हुन्छन् । दुलहीको घरमा लानका लागि तयार पारिएको सौगात; फेम्मार, चम्मर, छ्यण्डु, चम्पा, घिउ, छाता, झ्याम्टा

आदिले भरिएको डोको "रोङज्युङ" लाई उच्चस्तरिय खाष्टाले ढाकिन्छ र सबै भन्दा कम उमेर भएकी अविवाहित कन्याकेटीलाई बोकाईन्छ । जन्ती सबैले दुलहाको घरमा खाना खाई सकेपछि खोलुवाले तोकेको समयमा सबै जन्तिहरूको निधारमा मन्त्र पढ्दै अविरको टिको लगाई दिन्छ । लामाले जन्ति जाने दिनको सबेरै "काङ्सु पुजा" गरिसकेको हुन्छ । प्रस्थान गर्नु अगाडि सेर्कीम (जल अर्पण) गरिन्छ । आँगनमा धूप बालेपछि क्रमशः आफ्नो भेषमा सजित खोलुवा प्रथममा, आफ्नो भेषमा सजित दुलहा (उपलब्ध भए घोडामा) दोश्रोमा र फेम्मार बोक्ने कन्या तेश्रोमा गरी त्यसपछि दुलहाको बा, आमा, काका, मामा लाइनमा प्रस्थान गर्छन् । पछिल्लो लस्करमा दुलहीको घरमा लान तयार पारिएको केका (कोसेली) बोक्ने जन्तिहरू लाग्छन् । घरको ढोकामा, शुभ साईतको लागि सुज्याङ तयार गरिन्छ । सुज्याङलाई सेर्कीम (जल जाँड अर्पण) गरेपछि "शिपा खोर्लो" लिएको खोलुवा जुन बाटो लाग्छन् त्यही बाटो सबैले पछ्याउनु पर्छ । दुलही लिएर आउँदा पनि त्यही बाटो भएर फर्किनु पर्छ । त्यसकारण कुन बाटोबाट गएमा फर्किदा नाचगानका साथ आउन सहज हुन्छ भन्ने कुराको ख्याल गरी, खोलुवालाई सरसल्लाह दिनुपर्छ । सुचनाको लागि शंख फुकिन्छ । दुलहीको घर नपुगुन्जेल गित गाउँन नाच्न पर्दैन ।

दुलहीको घरआँगनमा जन्तिहरूको स्वागत (सुज्याङ)का लागि सबै महिलाहरू सिङ्गारिएर तैनाथ बसेका हुन्छन् । प्रत्येकले हातमा छ्याङको ठेकी बोकी लाइनमा प्रतिक्षा गरिरहेका हुन्छन् । त्यहाँ खोर्लुवाले सेर्कीम गर्ने घरको ढोका भित्र ख क्षिम्मर बोकेका पञ्चकन्याहरूको स्वागत गर्न प्रतिक्षामा हुन्छन् । क्षिम्मर ग्रहण गर्दै ती कन्याहरूको बायाँ काँधमा शुभ रहोस् भन्दै क्षिम्मरका चम्पा (सातु) अलिअलि लगाईदिन्छ । सबै जन्तिहरूको प्रवेश भईसकेपछि खोर्लुवा, मक्पा (दुलहा),



*सुज्याङ (स्वागत)को लागि महिलाहरू तयारी अवस्थामा*

मक्पाको बा आमा हुँदै क्रमशः अरू जन्तिहरू उमेर क्रमअनुसारले आशन ग्रहण गर्छन् । जन्ति आउन अगावै त्यहाँ केटीपट्टिका आफन्त (ङेन समी) हरू बसिसकेका हुन्छन् । त्यसपछि केटीको तर्फबाट परिचयको कार्यक्रम "मोला" आरम्भ हुन्छ । त्यसपछि केटा पक्षबाट हातमा खदा लिएर मोला भट्याएर सुरू गरिन्छ । यो मोलाको सेपा (भट्याई) विभिन्न थरिको हुने गर्दछ । पहिलेका "मोला" हरू पुस्तकबाटै सिक्नुपर्ने हुन्छ । यदि जानिदैन अथवा त्यस स्तरको थाहा छैन भने साधारण मोला गाए पनि हुन्छ । कुन ठाउँ, कुन थरको हो, यहाँ आईपुग्न बाटोमा दुख भयो या भएन जस्ता कुरालाई अति सुन्दर ढंगले भट्याउनु हो "मोला" ।

मोला सक्नासाथ दुबैका हातको खदालाई घरको थाम (का) मा सिउरिने चलन छ । त्यस पछि मक्पाको भेष बदल्नुको लागि "सिली ज्याङ" भनी सेर्कीम पुजाको छ्याङ दिईन्छ ।

सिली ज्याङ खाए पछि माक्पा साधारण बख्खुमा हुन्छन् । मक्पाको भेषलाई जतन साथ सुरक्षित ठाउँमा राखिन्छ । त्यो रोङजुङ थुम्सी भित्र रहेको शंख, ज्यम्टा, सेतो चम्मर, काला चम्मर, गंगा जमुना चम्मर र मक्पा (दुलहा) ले फुकालेर राखेको "मक्पी छुवा" (दलाहाको भेष) पुरै सेट केटीको घरको मान्छेलाई देखाई राख्नुपर्छ । किनभने राति केटीको घरमा सिलि छयाङ भनेर केटी केटीहरू बिहेको नक्कल गर्दै दुलहीको घरलाई तीन चक्कर लगाउने चलन छ । त्यसबेला सबै सामान चाहिन्छ । यो हिन्दुहरूको विवाहका रात दुलहाका घरमा महिलाहरूले उपद्रो गर्दै खेल्ने रत्तेउली जस्तै हो ।

माक्पा (दुलहा) ले भेष बदली सकेपछि खाना पनि दिईन्छ । त्यसपछि क्रमशः घरबाट तयार पारेर ल्याएका फेम्मर (सातुको त्रिकोणात्मक ढिका) लाई ससुराको अगाडि राख्ने, केटीहरूले आरक केका (रक्सी) खुवाउने र केटा जन्तिहरूले खदा लगाउने काम गरिन्छ । यदि लोङज्याङ (मग्नी) र देम्ज्याङ (सुनिश्चितता) पहिला नभएमा त्यसको भागको खदा पनि लगाई दिनुपर्छ ।

नाङ्गुन ठिप्शील, आङी सोरिन, किशान जस्ता कर्मकार्यको नाम उच्चारण गर्दै बुझाउनु पर्छ । यदि त्यस्तो गर्नु नपर्ने स्थिति छ भने गर्नुपर्दैन । त्यस कार्यक्रमपछि तुरून्तै अर्को घरमा "जन्ती क्योङ्गु" भनेर जन्तिलाई निमन्त्रणा आउँछ । आफन्तहरूको घरमा जन्तीहरूलाई खान, नाच्न, रमाईलो गर्नलाई निम्तो दिईएको हुन्छ । यसरी घरघरमा खाँदै नाच्दै रमाईलो गर्ने कार्यक्रम २-३ दिन सम्म पनि लाग्न सक्छ ।

### पेज्याङ

केटाको घरबाट विवाह कार्यक्रम सम्बन्धि सरसल्लाहको लागि दुलहीको घरमा "पेज्याङ" (सरसल्लाह कार्यक्रम को लागि छ्याङ) लगिन्छ । कुन तिथि मितिमा कार्यक्रम गर्ने भन्ने निर्णय गरिन्छ । त्यसको जानकारी दुलहीका आफ्ना नातेदारहरूलाई दिईन्छ र छोरीको लागि दिईने दाईजो सम्बन्धि पूर्ण तयारी गर्न निम्न बमोजिम सूचित गरिन्छ ।

### दुलहीको घरमा तयार गर्नुपर्नेहरु

१) ककस्को घरमा जन्तीहरूलाई "जन्ति क्योङ्गु" खान बोलाउने ।
२) छोरीको लागि दिइने दाईजो मूल घरमा कहिले छुट्याउने ?

३) दाइजो दिनको लागि नातेदारहरूलाई कहिले कुन बार निम्तो गर्ने ?
४) जम्मा भएका दाईजो बोक्न र छोरीलाई रमाइलो गरी मन भुलाउने साथी केरम्यन कति चाहिन्छ खोजी राख्ने ।
५) जन्ति आईपुग्नु भन्दा अगाडि नजिकको आफन्त, नातेदारहरू तयारीमा राख्ने ।
६) जन्ति घरआँगनमा आईपुग्दा जन्तीक्योङ्गु (प्रवेशद्वारमा आफन्त) हरू सुज्याङको तयारीमा बस्ने ।
७) जन्तिहरू आँगनमा जम्मा भई सक्न साथ, सुज्याङको सेर्कीम खोलुवाबाट अर्पण गरिन्छ । जन्तीहरू भित्र प्रवेश गर्न साथ पञ्चकन्याले सेर्कीम, चाँदीको ठक्या, गेन सहित, दुध वा दही, ठोमा र खक्षिम्मरले शुभसाईतका लागि स्वागत गर्छन् ।
८) सम्पूर्ण जन्तिहरूको आगमन भै आशनमा बसिसकेपछि परिचयात्मक कार्यक्रमको लागि "मोला तोङ्गु" (भट्याई) जान्ने व्यक्ति तयार पार्ने ।
९) जन्ती आउने दिन बिहान काङसु पुजा गर्न पुजारीको व्यवस्था गर्ने । केटा र केटी दुबैको घरमा काङसु पुजा गरिने हुनाले कसको घरमा चाँडो काङसु पुजा हुने भन्ने प्रतिष्पर्धा पनि गर्ने चलन छ ।
१०) यस विवाहको अवधिमा धूप बाल्न पर्ने कार्यक्रम धेरै हुने हुँदा ताजा धूपको पनि तयारी हुनुपर्छ ।
११) "नोर लोङ्गु" को मिति तय भएको दिन आफ्नो नजिकका नाताहरू आउँने भए पनि टाढाका हरूलाई जानकारी पठाउनु पर्छ । छोरीको दाइजोको लागि घरबाट छुट्याउने चल अचल सम्पत्ति र बाहिरका नाता गाउँलेहरूले दिने जे भए पनि त्यस समयको दर भाउलाई कायम गरी मूल्यमा ढाल्नु पर्छ । र "घर भित्रबाट तोकिएका सामानको वर्तमान दर भाउलाई कायम गर्दा प्राप्त दाइजो रू........, घर बाहिरको गाउँले नाताबाट तोकिएको सामानको अहिलेको दरभाउलाई कायम गर्दा प्राप्त दाइजो मूल्य रू......, फलानो छोरी (दुलही) को जम्मा दाइजो रू....... यति।" भनी पोख्त व्यक्तिले सफासँग लेखी तयार गरी राख्नुपर्दछ । यो कागज "नोर चक ज्ञयउ" "देटी" हाम्रो पक्षबाट दुलहाको पक्षलाई जन्तीहरूको माझमा सबैले सुन्ने गरी "हाम्रो छोरीले ल्याएको चल अचल, नगद समेत गरी वर्तमान दरभाउलाई कायम राखी जम्मा रू...... यति हामी फलानो छोरीको माईतीले आज टिकोटालो भएको शुभ साईतका दिन बुझायौं ।" भनी घोषणा गर्नुपर्दछ । र त्यस कागज माईतीलाई नै फिर्ता दिनुपर्छ । दाईजो जिम्मा लाउँदा (नोर चक ज्ञयउ) को लिखित कागजलाई "देटी" भन्दछ । यसको लागि दुलहा पक्षले बुहारी भित्रिने बित्तिकै माईतिहरूलाई देन्ज्याङ (निमन्त्रणा) पुऱ्याउन पठाउँछ । त्यसको लागि तयारीमा पर्खन पर्छ ।

## दुलहा दुलही दुबैले थाहा पाउँनु पर्ने जरुरी अनुशासन

दुलहीले आफ्नो माईति छाडेर जाँदा एक पटक घरतिर फर्कर हेर्न नभुल्नु । घरतिर फर्कर नहेर्नु, एक थोपा आँसु नझार्नु लाई अलक्षिणको संज्ञा दिईन्छ ।

### यस भनाईसँग आबद्ध कथा

पुर्णिमा भन्दा एक दिन अगाडि, तपस्वी लामा गोम्चेन रिम्वोर्चेले सधैं झै ठूलो ढुङ्गा माथिको ओखलीमा जम्मा भएको पानीमा आफ्नो कपडा धुनु भएछ । पुर्णिमाको दिनमा एउटी पोथी मृग आई त्यस ओखलीको पानी खाएर गएछ । पोथी मृगको गर्भ रहन पुग्यो र गर्भअवधि पुर्ण भएपछि पुर्णिमा कै दिन त्यस ढुङ्गा माथि अति सुन्दर बच्चीलाई जन्म दिई माउले छाडेर गईन् । तपस्वी लामाले बच्चा रोएको आवाज सुने । अचम्मका साथ यस्तो घना जंगलमा को हुन सक्छ? कसरी?

जस्ता प्रश्नहरू मनमा खेलाउँदै जाँदा ओखली माथि अति राम्री मानिसको बच्चीलाई देखे । सोचे, "स्वर्गबाट आएको भए उडेर जान्छ, नागलोकबाट आए धर्ति भित्र पसेर जान्छ, भुतप्रेत भए गायब भई जान्थ्यो तर यो बच्चा मानिसकै रहेछ, यसको आमा नआए सम्म यस बच्चाको ख्याल राख्छु" र साथमा लानु भयो । दिन, महिना, साल हुँदै बच्चा युवा अवस्थामा पुगे तर त्यस बालिकाको आफ्नो कोही पनि आएन । कोही नपुगे पनि केही फरक परेन, गोम्चेन लामाले आफ्नै बच्चा भन्दा बढी माया ममताले पाले । जस्तोसुकै अँध्यारो पनि उज्यालो भै जाने ३२ लक्षणले युक्त छोरीलाई जवान अवस्था सम्म पाल्न तपस्वीलाई कुनै गाह्रो भएन । छोरी त माया पोख्ने भाँडो मात्र न हो । न त्यो आफ्नो हुन्छ, न त आफ्नो भै नै रहन दिन्छ ।

तपस्वीले छेउको कुवाबाट खानेपानी ल्याउन मालिङ्गो जम्मा पारेर अति राम्रो सोम बनाई दिएका थिए । तपस्वीकी छोरी त्यस सोम बोकेर पानी ओसार्न निकै रहर गर्थिन् ।

एकदिन सहरबाट शिकार खेल्न आउँने शिकारीले पानी कुवामा वर्णन गरी नसकिने बिलक्षिणकी अनुपम केटीलाई देखेपछि शिकार खेल्न छाडी दरबार फर्के र सम्पुर्ण कुराहरू महाराजलाई बिन्ती चढाए । ति राजाले सम्पुर्ण फौज र दरबारका आफन्तहरूलाई त्यस कन्यालाई लिन जाने आदेश दिए ।

तपस्वीको तपोबन र गुफा फौजले घेरे । राजाले तपस्वीकी छोरी उसलाई दिनुपर्ने, नत्रभने राम्रो नहुने । छोरी उसलाई दिए तपस्वीलाई जिन्दगी भर खानलाउन र भरिपूर्ण सम्पत्ति दिने, जस्ता लोभ, डर र त्रास देखाए । तर महात्मालाई न त डर थियो, न त लोभ नै । तपस्वीले, "यस अनित्य संसारमा जे संयोग तथा वियोग हुन्छ, मेरा नयनले जे देख्छ, मेरा कानले जे सुन्दैछ, ती सब मिथ्य हुन्", भने "मलाई अरू चीजको के खाँचो, बरू भन कुन तिथिमिति र साईत जुटाई जन्तीका साथ आउँछौ ?" राजाले भने, "मलाई तिथि मिति साईतको आवश्यकता छैन । बरू हाम्रो महारानीलाई भोली नै हात्ती घोडा फौजीका साथ लिन आउँछौं, चलाख गरेको खण्डमा, यो जंगल त के, तिन लोकको जंगलबाट पनि खोजेर निकाल्छौं ।" भनी हिडे ।

छोरी रातभरि रोईन्, तपस्वीले अनेक गरी सम्झाए तर के गर्ने तपस्वीको मन पनि पत्थर त होईन, सम्पुर्ण घटनाक्रमलाई बुझी नयनबाट करूणाको आँसु खसाली छोरीलाई भने; "छोरी तिमी पिर नमान बरू भोली तिमीलाई राजकुमारी बनाई हात्ती माथि चढाई लाने समयमा मलाई र मेरो यस गुफालाई सम्झेर एक पटक फर्केर हेर्नु, म त्यतिमै सन्तुष्टि हुनेछु । म सँग तिमीलाई दिने अरू केही छैन तर यस वरिपरिका देवदेवी, नागनागिन सँग थुप्रै वस्तु मणीहरू छन् । फर्केर हेर्न नभुल्नु है (ङला थाङ् चिग क्षिमिक ते आ ...) ।" भन्दै सम्झाए ।

भोलिपल्ट राजदरबारका आफन्त सबै झिलिमिली सिङ्गारिएर बाजागाजाका साथ आई पुगे । तोप, बाजागाजा, संगितको आवाजले तपोवन नै गुञ्जियो । यतिकैमा तपस्वीकी छोरीलाई हात्ती माथिको गद्दीमा चढाए र विस्तारै प्रस्थान भए । तपस्वी त्यस ढुंगा माथि चढेर, छोरी लिएर गईरहेको र पछाडिबाट घोडा, भेडा, बाख्रा, याक, नाकहरू त्यस क्षेत्रको देवदेवी नागनागिनले दिएर पठाएको ताँती तपस्वी लामाले देखीरहेको थियो । सो हुल धेरै टाढासम्म पुगिसकेको थियो । छोरी अर्थात् महारानी बिछोडको पिरले चिच्याएर रूनमा भुलेर एक पटक पनि फर्केर हेरिनन् ।

गोम्चेन लामा धेरै निराश भए, आँखाले ठम्याउँन नसके पनि एक चोटी त फर्केर हेर्छ, भन्ने आशले आँखा चिम नगरी हेरिरहे । सबै अदृश्य भयो । लामाको शिर त्यस ढुङ्गा निहुरियो । विस्तारै गह आँसुले भऱ्यो, थाम्नै नसकेपछि गहको आँसु त्यस ढुंगा माथि तप तप खस्यो र गुफा फर्केर गए ।

छोरी पिरले रोई, चिच्याई, कराएकीले दिमागले केही सोच्न सकेन । आफ्ना पिता त्यस ढुंगामाथि एक चोटि फर्केर हेर्लान् भनेर प्रतिक्षा गरिरहेको कुनै पत्तो भएन । लामाको निराशाको आँसुको थोपा त्यस ढुंगा माथि खस्ने बित्तिकै हावाहुरी, वर्षाले ती सम्पुर्ण जन्ती, फौज उडाएर बेपत्ता पारिदिए । छोरीलाई हावाले उडाएर एउटा राक्षसनीको घरमा पुऱ्याईदिए ।

यस कथाले दुलहीले गर्नुपर्ने पालनालाई उदृत गर्न खोजिएको छ ।

यस्तै गरी दुलहीको झर्नु पर्ने आँसु सँग सम्बन्धित अर्को उखान छ, "ङु गोउ नमा मुङु, ङु मोगोउ त ङूवा तेङेन यिन ।" अर्थात "रूनु पर्ने दुलही नरूनु र रूनु नपर्ने घोडा रूनु अलक्षिण हो" ।

जन्तीहरू केटीको नातेदारहरूको घरघरमा "जन्ती क्योङ्गु" भनेर रमाईलो गरी घुमफिर गरी केटीको घरमा प्रवेश गर्छन् । जन्ती आउँन अगाडि केटीको घरमा दाईजो तथा सघाउनको निमित्त सहयोगीहरू तयार भईसकेका हुन्छन् ।

केटा पक्षबाट "नाम गरी राख्नु पर्ने" रितहरू जे जति छ, सबै पुऱ्याउने, नपुग के रह्यो, सासु, ससुरा सबै सँग सोधी पुरा गर्ने कार्यक्रम हुन्छ ।

केटीले टिको लगाएर जानु अघि हातमा छ्याङ बोकेर बिदाई र दुख पाए सहयोगको अपेक्षा राखी बिछोडको पिडाको गित गाउँदै, "स्यात्तेन" भनेर आफुले प्राप्त गरेको दाईजोबाट केही सामान छुट्याएर जन्म दिने बाबुआमा, दाई, दिदि, भाई, बहिनी लाइ क्रमशः छ्याङ खुवाउँदै मेरो तर्फबाट भन्दै राख्ने गरिन्छ । गीत गाउँन सघाउको लागि सहयोगीहरू साथमा हुन्छन् । जन्मदिने बावुआमाबाट बिछोडिएर पराईको घर जान लाग्दाको दुखद क्षण भएको हुँदा, त्यस बखत नरूने मान्छे कोही पनि हुँदैनन् ।

त्यसपछि बिदाई खत्ताको कार्यक्रम हुन्छ । खोलुवाले समयको संकेत दिन्छ र गेन कुतु (टिकोटालो) को लागि तयार हुनुपर्छ । माक्पा (दुलहा) लाई दुलहाको भेष लगाउन फेरी "सेर्कीम छ्याज्याङ" दिनुपर्छ । तयार भईसकेपछि केटीको घरबाट छ्यारा निकालेर गेनकुतु (टिकोटालो) को लागि ओछ्याई, बाबुआमा दुबै भएका केटा मान्छेले "युलटिम खज्यर" (स्वस्तिक चिन्ह आपसमा फर्केको) लेख्नुपर्छ । उक्त छ्यारा माथि स्वस्तिक चिन्ह लेख्न घरबाटै चामल ल्याएको हुनुपर्छ । अगाडि टेबल लगाई त्यस माथि चाँदीको ठक्या लगाई चिया हाली राख्नुपर्छ । यसका लागि बेहुलाबेहुली तयार हुँदै गर्दा जन्तीहरू :


*यूलटिम खज्यर*

तरवार : केटाको नजिकको हाडनाताले बोक्नुपर्छ ।
झ्याम्टा : सबैभन्दा संगितमा पोख्त व्यक्तिले बजाउनुपर्छ, किनभने यसको ताल सबै झ्याम्टाले गर्छ । याकको पुच्छर : प्रथममा कालो पुच्छर, दोस्रोमा गंगा जमुना र तेस्रोमा सेतो पुच्छर लस्कर हुने गरी गित र नाच्न सिपालु व्यक्तिहरू ती बोक्न तयार हुँदै गर्छ ।

खोलुवाले "सेर्कीम" पुजा गर्दै गर्छ । तयार भई आउने बेहुलाबेहुली दुबै छ्यरा माथि चामलले लेखिएको आपसमा फर्केको स्वस्तिक चिन्ह (युन्डुम/युल्टीम खज्यर) माथि पहिला दाहिने खुट्टा राख्दै पलेटी आशनमा बस्नुपर्छ ।

"गेन" (टिका) लगाउनको लागि, केटालाई केटी पक्षको नातेदार बाबुआमा दुबै भएको मन्त्र जप्न जान्नेले केटाको घरबाट ल्याएको घिउले "गेन कुतु" (टिको टालो) गर्नुपर्छ ।

शंख : संकेत दिनको लागि फुक्ने शंख हो । यो तजबीज भएको जन्ती मध्ये कुनै एकले बोके हुन्छ ।

सबै जन्तीहरूलाई खोलुवाद्वारा सिन्दुरको रंग पहिल्यै लगाई दिन्छ । केरम्यनहरू र जन्तीहरू सबै एकदम तयारीमा रहनु पर्छ । किनभने खोलुवाले सेर्कीम पुजा सकेर "ल्हाइ ग्यालो" भनेर चम्पा छर्कने बित्तिकै गित गाउन र नाच्न सुरू हुन्छ । त्यसकारण ल्हाई ग्यालो भन्ने बित्तिकै छर्न को लागि चम्पा (सातु) सबैको हातको मुठ्ठीमा लिई राख्नुपर्छ । आँगनमा धूप बाल्न सुरू हुन्छ र जन्तीहरूले घुमेर खाएको प्रत्येक घरको एक महिला ठेकी बोकी सुज्याङ को लागि लस्करै आँगनमा बसेका हुन्छन् ।


*दथार*

राजाको भेषमा तयार भई आएका बेहुला सँग गेनकुतु (टिकोटालो)को लागि आउँने बेहुली एक राजकुमारीको भेषमा मानौं "अजि नाङसा" को भेषमा पहिरिएकी हुन्छिन् । बेहुलीलाई गेनकुतु (टिको टालो) गर्न पहिल्यै बेहुलाको हातको दथारलाई पछाडिबाट सिउरिएर राख्नुपर्छ । यसको अर्थ, "म सँग भएको "दथार"को नौ थरि गुणले युक्त भएपनि, दुलही तिमी सँग एक गुण बढी भएको हुँदा, आज देखि तिमीलाई मेरो यो दथार राखेको छु । आज देखि तिमी मेरी हौ ।" भनी दर्शाउनको लागि हो । यसले ठूलो अर्थ दिन्छ ।

घरबाट ल्याएको पुरानो रूपियाको ढ्याकलाई "लारे सिक्का" भनेर ससुरा अथवा घरको प्रमुखको अगाडि "दि लारे सिक्का यिनो हारिङमा ज्यूङने ङला ङें थोप्सुङङो",



*जन्तीहरूको शिलु नाँच*

अर्थात "यो बिहे सम्बन्धको मूल्य हो, आज देखि छोरी माथिको अधिकार मैले पाएँ ।" भनी रित पुर्वक राख्ने रूपियाँ ढ्याक हो । यस "लारे सिक्का" ले ठूलो अर्थ र महत्त्व राख्ने भएको हुँदा यसको नाम उच्चारण गर्न छट्याउनु हुँदैन, यदि बिर्सेर छुट्यो भने स्वास्नी अरूले लगेपनि जारी समेत लिन पाउँदैन, भन्ने आख्यान छ ।

यसरी तीन थरिको पुच्छर बोकी नाच्ने कलाकारहरू गितको तालमा उत्कृष्ट नाचको प्रदर्शन गर्नु पर्दछ । अझ जान्नेहरूले "रेङमी सिलु"(मौरीको नाच) भनी चम्मरलाई थरिथरिको तरिकाले खेलाएर नाच्ने गर्दछन् ।

यसरी दुलहाको तर्फबाट राख्नुपर्ने रितहरू (जन्तीले सघाउँछ) राखी सकेपछि छोरी अथवा दुलहीको तर्फबाट आफ्ना घरपरिवारलाई "स्यातेन्" राख्नुपर्छ । स्यातेन दुलहीले धन्यवाद र माफी स्वरूप घरपरिवारलाई दिईने चिनो हो ।

## सूछ्याङ

सूछ्याङ हिमाली बौद्ध धर्मावलम्बीहरूले विशेष कार्यक्रमको लागि आउनु हुने लामा, जन्ति, पाहुना हरूलाई शुभ साईतको लागि पञ्च कन्या, त्रिकन्या अथवा मूलघरको महिलाले स्वागतको लागि गरिने एक महत्त्वपुर्ण प्रकृया हो ।

१) पञ्चकन्याले सुछ्याङ गर्दा आवश्यक सामग्रीहरू :
   क) ख क्षिम्मर
   ख) ठोमा
   ग) दही
   घ) करे (ठक्या भित्र छ्याङ)
   ङ) चाँदीको ठक्यामा छ्याङ राखिएको कयुङको कप
२) तिन कन्याले सुछ्याङ गर्दा :
   क) ख क्षिम्मर
   ख) ठेकीमा छ्याङ
   ग) चाँदीको ठक्यामा छ्याङ राखिएको कयुङ कप
३) मूलघरको महिलाले मात्र गर्दा :
   क) एउटा हातमा ठेकीमा छ्याङ र अर्को हातमा चाँदीको ठक्यामा छ्याङ हालेको कयुङको कप


*ख क्षिम्मर*

यी सामाग्रीहरू बोकेर बाहिर घरको ढोका छेउ उभेर स्वागतको निमित्त बस्नुपर्दछ र पाल्नु हुने लामा, पाहुना हरूले ठेकीमा भएको छ्याङ देवतालाई अर्पण (सेर्कीम) गरी सकेपछि आफुले सेवन गरी भित्र प्रवेश गरिने कार्यलाई सूछ्याङ भनिन्छ ।

सुछ्याङ गर्ने कन्या तथा आईमाईहरू राम्रा बक्खु, गहनामा सिंगारिएको हुनुपर्दछ साथै शिरमा टोपी हुनुपर्दछ । सूछ्याङ पनि विभिन्न कार्यक्रम अनुसार गर्ने चलन छ ।


*सुज्याङको लागि महिलाहरू*

खण्ड ५

# सेर्पाहरुले पालना गर्ने नैतिक अनुशासन र धर्म

मानिसको जीवन बाँच्नलाई नैतिक अनुशासन अनिवार्य हुन्छ । मानिस भएर जन्मेपछि जुनसुकै देश र समाजको भएपनि नैतिक अनुशासन र धर्म हुनुपर्छ । यी मानिसमा हुनुपर्ने मुख्य गुणहरू हुन् । विश्व मानव समुदाय २१ औं शताब्दिमा प्रवेश गरिसकेको अवस्था छ । विश्वको पुँजीवादी समाज, प्रतिष्पर्धात्मक बजार र अर्थनीतिको भुम्रोमा पिरोलिइरहेको छ । पुँजीवादी सिद्धान्त बोकेको समाजले ग्रहण गर्ने शिक्षाको अन्तिम लक्ष्य पनि पुजी संकलन गर्ने नै हुन्छ । यसबाट निस्कने मुख्य परिणाम आजको मानव समुदायमा अधर्म, नैतिक अनुशासन पतन र मानव मानव बीच कलुषित भावना विकास गरी संसारिक भावसागरमा डुब्ने अवस्था मात्र देखिन्छ ।

आजको मानव मनले मात्रै पैसा भन्छ । ठान्दछ पैसाले यी सब किन्न सक्छ । पैसाले अपराधहरू लुकाउन सक्छ ...। म धनी हुँ । म शिक्षित हुँ । धन नै शिक्षा हो । जस्ता अहमताले गर्दा नैतिक अनुशासन र धर्म जस्ता मानवीय गुणहरू सिक्न खोज्दैनन् । बाहिरी क्षणिक रङ्गिन संसारमा रमाउन खोज्दछन् । तर के गर्ने पैसाले कसलाई किन्न सक्ने हो, कहाँसम्म के को विजय हाँसिल हुने हो, भन्ने बारे के थाहा ।

मानिस जति सम्पन्न हुन्छ, आधुनिक हुँदै जान्छ, आवश्यकता पनि संगसंगै बढ्दै जान्छन् । जीवन लामो समयसम्म टिकाउनका लागि क्याप्शुल, ट्याबलेट आदिको जरूरी आई पर्न जान्छ । मान्नुस तपाई एक थरी औषधि मात्रै सेवन गर्नुहुन्छ भने तपाई अहिले गरिब नै हुनुहुन्छ । थरिथरिका औषधि खाँदै हुनुहुन्छ भने तपाई आधुनिक धनी हुन सफल हुँदैछु भन्ने सम्झिनुस् । विश्वका सबै भन्दा कहलिएका धनीहरूमा अमेरिकामा मात्रै विलगेट जस्ता १०/१२ जना छन् भन्ने एक तथ्यांकले देखाएको छ । तर अपसोच तिनीहरूको शरीरले आफुलाई जन्मदिने पृथ्वीलाई स्पर्श गर्न पाएकै छैन । निदाउनको लागि सिल्पिङ ट्याबलेट ज्यादै जरूरी हुन्छ । १०-१२ थरि औषधि सेवन नगरे भरे या भोलि मृत्यु हुने बाहेक अर्को बाटो देखिन्न । यो पनि त्यस तथ्यांकले देखाएको कुरा हो ।

तर के गर्ने, विकसित देशहरूको सभ्यता नै छाडा शैलीको छ । नाता के हो, ईष्टमित्र के हो, छोप्नु पर्ने शरीरको अंग कुन हो मतलबै हुँदैन बरू अझ नाङ्गेझार हुनसक्ने प्रतिष्पर्धा चल्दछ । जुन मानव विकास, संकृति र धर्म विपरित हो । १८ औं शताब्दितिर कुनै पनि भोज, बैठक, सम्मेलनमा भाग लिँदा चाहे महिला होस् या पुरूष होस्, चाहिँदो भन्दा शरीर ढाकेको भेषमा पाईन्थे ।

ती असभ्य र अश्लिल शैली बाहिरी प्रभावबाट विस्तारै विकृतिका रूपमा भित्रिदै गए । मैले यो सानो प्रसंग समेट्न आवश्यक ठाने, किनभने खुम्बु अहिलेसम्म धर्म र संस्कृतिमा धनी स्थानमा

स्थापित भएपनि नेपालको सबैभन्दा बढी बाह्य पर्यटकीय प्रभाव पर्ने यही क्षेत्र देखिन्छ। त्यसकारण हामी सबैले बाहिरी नकरात्मक प्रभावबाट हाम्रो धर्म, संस्कृति, परम्परा, हाम्रा मूल्य र मान्यताहरूलाई जोगाउन, संरक्षण र संवर्द्धन गर्न बिर्सनु हुँदैन। जसमा सर्वप्रथम बिर्सन नहुने कुराहरूमा हाम्रा नाता सम्बन्ध प्रमुख हुन्।

## नाताहरुमा

| | |
|---|---|
| गग (बाजे) | अमागग (बज्यु) |
| अपा (बुवा) | अमा (आमा) |
| अउ (काका) | उरू (काकी र छेमा) |
| अज्याङ (मामा) | आनी (माईज्यु) |
| अउ (फुपाज्यु) | आनी (फुपु) |
| फुज्युङ (छोरा) | फुम (छोरी) |
| छेप्टुक (जुम्ल्याहा) | छेप्टुक्मा (जुम्ल्याहा बहिनी) |
| अज्यु (दाजु) | अजी (दिदी) |
| नुक (भाई) | नुम (बहिनी) |
| फुज्युङ नाती (छोरा नाती) | फुमी नाति (छोरी नाति) |
| फु छप (धर्म पुत्र) | फुम छप (धर्म पुत्री) |
| सोटुक (पालेको बच्चा) | सोटुक्मा (पालेको बच्ची) |
| फुज्युङ नाङुन (छोराको ठेम्वा) | फुमी नाङुन (छोरी ठेम्वा) |
| फ ज्यो ग्र्युपा पी (बाबु पट्टीको हाडनाता) | म ज्यो ग्युर्पा पी (आमा पट्टीको दुधनाता) |

## से मी पी

| | |
|---|---|
| मेम - इवी | ससुरा - सासु |
| छाक - छम | भेना - भाउज्यु |
| मक्पा - नम | ज्वाई - बुहारी |
| याकु - ङेरमु | नन्द - साली |
| छेक्पा | दुई बहिनीको लोग्ने बीचको साईनो |
| छेक्पम | दुई भाईको स्वास्नी बीचको साईनो |
| मिन्ङु | एकै नाम मिल्दा बन्ने साईनो |
| नाला | एकै सालमा जन्मेका साईनो |

## साईनो

| | |
|---|---|
| ठोवु -ठोमु | मित - मितीनी |
| अप ठोवु - अम ठोमु | मित बाउ - मितआमा |
| अच्यु ठोवु - अई ठोमु | मितदाई - मित दिदि |
| नेचाङ | इष्टमित्र |
| नेवु | घरपट्टी बा |
| नेमु | घरपट्टी आमा |
| ढिसी वोत्तु | चिनजान भएको |

| | |
|---|---|
| ढिवो वोत्तु | राम्रो संग चिनेको |
| थुर्मो वोत्तु | आत्मिय साथी |
| दाल्जा | साथी |
| छेट्टु | धार्मिक कार्यमा वा तिर्थ यात्रामा संगै भएको साथी |
| यूल्वा | गाउँले |
| खिम्जी | छरछिमेकी |
| चवी लम | आफुलाई धार्मिक शिक्षा दिने र अभिषेक प्रदान गर्ने प्रमुख गुरू |
| गेरकेन | आफुलाई वा अरूलाई जुनसुकै किसिमको शिक्षा दिने शिक्षक गुरू |
| पेम्वु | गाउँ समाजले छानेको इमान्दारी नेतृत्वरत् नेता |

मर्यादाको क्रममा हामी सेर्पा समाजले आफुभन्दा उमेरले जेष्ठ व्यक्तिलाई धनी, गरिब, शिक्षित, अशिक्षित, जातपात आदि केही नछुट्याई बोल्दा, हिड्दा, बस्दा, सम्मानका साथ मान्ने चलन छ । यो नै हाम्रो र हामीमा भएको एउटा ठूलो मानवीय गुण हो । उखान छ "गेन्दुवाला छोक ठिम थाङ जिक्तेन बाला गेन्ठिम गो" यसको मतलब हो, धार्मिक संघ भित्र, गुम्बाको नियम र विद्याको आधारमा प्राप्त हुँदै जाने पदको सम्मान र पारिवारिक जीवनको समाजमा आफुभन्दा गेन्दा (पाको, जेठो) लाई सम्मान गर्नुपर्छ भन्नु हो । अनि "गेम्वा चिना फूला सोनम के" मतलब हो, वृद्धलाई सम्मान गर्दा सौभाग्य प्राप्त हुन्छ ।

यसरी माथि उल्लेखित नामहरू सबै हाम्रा नाता, सन्तान र साईनो हरू हुन् । यिनीहरूलाई हाम्रा पुर्खाहरूले मर्यादाको क्रमानुसार नियम परिधिहरू छुट्याई एक सुन्दर अनुशासन बनाई राखेका छन् । जस्तै विहेवारी नचल्ने सेर्पाहरूको मूल थर र त्यसबाट छुटेर नाम रहन गएको भाई थरहरू तल दिईएका अनुसार पर्न जान्छ ।

**मूलथर, "पल्दोरछ्ये" बाट भाईथरहरु**

सलका
खम्ब छ्ये
गोपर्मा

**"ठाकतोक्पा" थरबाट भाईथरहरु**

फिनास
गोले
गर्जा

**"लामा" थरबाट भाईथरहरु**

लामा सेरवा
गोम्वा वा

**ढोक्पा समूहका थरहरु (तर यी थर भाईथर अर्न्तगत पर्दैनन्)**
ढोक्पा पोराङ
ढोक्पा मप्च्या
ढोक्पा चेङ्गावा
ढोक्पा मेला

अरू थरहरू भाई थर रहित स्वतन्त्र छन् तर पनि कसैसित बैवाहिक सम्बन्धको लागि प्रस्ताव राख्नु पऱ्यो भने थरका परिचय लिनुपर्छ । सतर्कताका साथ आफ्ना नाताहरू हाड नाता र दुध नाताहरूलाई चिन्न र सम्मान गर्नुपर्दछ । यदि गल्ती हुन पुगेमा "स्यम्डें" भनेर समाजमा नैतिक पतनको दर्जामा नाम पर्न जान्छ । पहिलेको समयमा स्यम्डेंमा पर्ने बित्तिकै "थला पिनी तोङगु" भनेर गाउँ निकाला हुन्थे, केटाकेटी दुवैको आफ्नो थरको दर्जा पनि घट्दथ्यो ।

## सन्तान र नाता

| एकै बा आमा बाट जन्मेका | एक आपसमा पर्न जाने साईनो | बच्चाबाट पर्न जाने साईनो र बोलाईने नाम | नाता सम्बन्ध | नाता कायम समय |
|---|---|---|---|---|
| छोरा छोरा | उज्यु (दाई) - नुक (भाई) | औ (काका) - औ (काका) | हाड नाता | पुरै पुस्ता |
| छोरी छोरी | अजि (दिदि) - नुम (बहिनी) | उरू (छ्यामा) - उरू (छ्यामा) | दुध नाता | ७ पुस्ता |
| छोरा छोरी | उज्यु/नुक - नुम/अजि | अज्याङ (मामा) - आनि (फुपु) | दुध नाता | ७ पुस्ता |
| मित | ठोवु (मित) | अप ठोवु (मित बा) | - | २ पुस्ता |
| मितिनी | ठोमु (मितिनी) | आम ठोमु (मित आमा) | - | २ पुस्ता |

नाताको सुरूवात, नाता कायमता र साईनो यति मात्रमा सिमित नभै त्यसभन्दा पनि बाहिर "फुछप" (धर्मपुत्र), "सोटुक" (पालेको बच्चा), "फुज्युङ नाङुन" (छोराको ठेम्बा), "फुमि नाङुन" (छोरीको ठेम्वा), जस्ता साईनो परेका नाता पनि हुन्छन् ।

## अनुशासन

अनुशासन मानिसको लागि अभिन्न गहना हो । अनुशासित व्यक्ति सबैको लागि प्यारो हुन्छ । कुनैपनि अवसर उसले पहिला पाउँने गर्छ । अनुशासनले मानिसलाई नैतिकवान बनाउने हुँदा प्रायजसो उ बाट गलत कामहरू हुँदैन । त्यसकारण अनुशासित व्यक्तिको आयु लामो हुन्छ ।

अनुशासनको पहिलो खुड्किलो बोलीचालीबाट शुरू हुन्छ । चित या अपरिचित जसलाई भएपनि हामीले सेर्पा भाषाको शैलीमा सम्बोधन गर्दा :

पाको उमेरका पुरूष लाई "गग", महिलालाई "हामा गग"
बाको उमेरका पुरूष लाई "औ", महिलालाई "अनी"
दाईको उमेरका पुरूष लाई "अच्यु", महिलालाई "अई"
आफुभन्दा सानो पुरूष या महिलालाई "आङा" भनेर पुकार्नु पर्दछ ।

सके सम्म नाम थाहा भए सम्बोधनको पछाडि नामको उच्चारण गर्दा अझ राम्रो हुन्छ ।

सम्मानजनक भाषाको शब्दहरू आफुभन्दा उमेरले जेष्ठ व्यक्तिलाई जो भएपनि प्रयोग गर्नु पर्छ । प्राथमिकताका साथ आफु भन्दा ठूलो उमेरका व्यक्ति, धार्मिक लामा, झ्योमा पदमा बहाल व्यक्तिहरूलाई "स्ये सु" (आदरार्थी भाषा) बोल्नुपर्छ ।

दोश्रो खुड्किलो भनेको संगै बस्नु पर्दाको आशनको क्रम हो । परिचित, अपरिचित, गरिब, अशिक्षित जो भएपनि जेष्ठ व्यक्ति भएमा उमेरलाई सम्मान गरी आफुभन्दा माथिल्लो आशन छाड्नुपर्छ । तर पुरूषले महिलालाई आशन छाड्नु पर्दैन । सेर्पाको घरमा पुरूष वर्ग र महिला वर्गको आशन अलग्गै हुन्छ । जुन सेर्पा संस्कृतिको रूप हो ।

त्यस्तै गरी मूलघरमा :
ठोङवी अवा देतु दासा (घर मूलि बस्ने ठाउँ)
ठोङवी अमा देतु दासा (घरपट्टी आमा बस्ने ठाउँ) मा अरू बस्न मिल्दैन ।

त्यसै गरी,
ठोङवी अवा स्येउ स्यख (घरमूलिले खाने भाँडो)
ठोङवी अमा स्येउ स्यख (घरको आमाले खाने भाँडो)
अरूलाई चलाउन दिईन्दैन ।

त्यसै गरी घर भित्र "ल्ह खाङ छ्योस्यम" (पुजा कोठाको दराज) हुन्छ । त्यस भित्र बौद्ध धर्मका मूर्ति, पुस्तक र विभिन्न पुजा सामाग्रीहरू आफ्नो खानदानको गच्छे अनुसार बढि मिहेनतका साथ सजाईएको हुन्छ । त्यसकारण त्यस भित्र पुजा पाठको लागि बाहेक चलाईदैन ।

चुलो र अगेना माथि फोहोर पार्नु या राख्नु हुँदैन । त्यहाँ "थप ल्ह" (चुलोको देवता) को बास हुन्छ, भन्ने विश्वास गरिन्छ । त्यसकारण सेर्पाहरूले बिहान खाना पकाउन अगाडि बेलुका चुलोको सबै काम सकेपछि, चुलोमा धूप बाल्ने चलन रहेको छ । भुलबस चुलोभित्र दुर्गन्धित कुराहरू परेमा तुरून्त धूप हाली सुगन्ध पार्ने चलन छ । चुलो, अगेना माथि जुत्ता, मोजा, सुरूवाल, कट्टु आदि सुकाउनु, खुट्टा राख्नु राम्रो मानिदैन । त्यसो गर्न पुगेमा "गोम्ज्यु स्योरू" अर्थात् अग्निदेव माथि फोहोर पर्न जान्छ र अशुभ हुन्छ । भन्ने विश्वास गरिन्छ ।

घरको वरिपरि "ल्हसु" (कुल देवता बुझाउने ठाउँ) हुन्छ । त्यसलाई पनि फोहोर हुने कुनै चिज राख्नु वा गर्नु हुँदैन ।

पुरानो घरहरूमा, घरको छिँडी भित्र नागथान पनि राखिएको हुन्छ । अथवा घरको छेउमा धूपी या कुनै ठूलो बोटहरू छ भने त्यसमा पनि नाग थान राखी त्यसलाई पुजा गरी मानी आएको हुन्छ । त्यस वरिपरि सफा राख्नुपर्दछ, फोहोर पार्नु हुँदैन । यसलाई "लु खाङ लुवाङ" भनी मान्ने प्रचलन छ । यस्तो सबै घरहरूमा हुँदैन, यो "लु" (नाग), "खाङ" (थान) पुरानो सेर्पा खानदानको मूलघरहरूमा पाईन्छ । यस लुखाङ लाई सफा राख्ने र पुजा गर्ने काम मूल घरको आमाले गर्ने

चलन छ । लु खाङ (नाग थान) मा वर्षेनी ऋतुको आधारमा खुम्बुको सेर्पाहरूले "ल्ह छेतु" (कुल देवता पुज्ने) समयमा, मञ्जुश्री क्यालेण्डरमा "लुथेप" (नाग बार) पर्ने साइत हेरी पञ्च रङ्गिन कपडा को धजा "थार नेंङा" सहित, पुष्पे, धूपे, आलोके, गन्धे र नैबिध्ये शब्द अर्पण गरी पुज्ने चलन छ । तर लुखाङमा पुजा गर्दा, मादकपदार्थ तथा मासुको कुनै पनि गन्ध पर्नु हुँदैन । मूलघरकी महिला सफा राम्रा कपडाका साथ गरगहना लगाएर पुजाको सामग्री सहित चोखो दुधले पुजा अर्पण गर्ने चलन रहेको छ ।

यी पुराना परम्परालाई सम्मानका साथ हराउन नदिनु हाम्रो लागि उचित हुन्छ ।

## गोम्ज्यु

चुलो अगेनामा हाम्रो खुट्टा पऱ्यो या फोहोर कपडा सुकायो भने अग्नि देव (थप ल्ह) मा फोहोर परे जस्तै हामी मानिसलाई पनि त्यस्तै फोहोर "गोम्ज्यु" पर्न गए कलुषित भई दुख पर्ने, बिरामी हुने, शिर घट्ने जस्ता हुने भएकाले, अरूको शिर, कुम माथि जथाभावी हात राख्नु हुँदैन र राख्न दिनु हुँदैन । स–साना केटाकेटी, आफ्ना छोराछोरी, भाईबहिनीहरूलाई माया गर्दा हात राख्ने, फोहोर कपडा ओढाउने जस्ता काम गर्नु हुँदैन । केटीहरूले अझ सतर्कता अपनाउनु पर्दछ ।

त्यस्तै कपडा, खुट्टा, च्योक्ची (टेबल) मा मनपरी खुट्टा नाँगेर जानु हुँदैन, चाहे आफु जोसुकै होस् । भुलबस कतै कपडा, खुट्टा या फोहोर पर्न गएमा "शे स्योप" भनेर ढोग् दिनुपर्छ ।

यो नियम फुलिरहेको फुलमा पनि लागु हुन्छ । फुलको सुन्दरता आँखाले हेर्नु, सुन्दरताको अनुभव मनले लिनु, बास्ना सुगन्धमा रमाउनु जस्ता फाइदाहरू फुलबाट पाउँछौं । भगवान अदृश्य छ तर फुलको सुन्दरता प्राकृतिक सत्य हो । सो नै भगवान सरह छ, जुन सुन्दरता र सुगन्धमा धनी छ । अनि त्यो फुल फुलिदिदा हाम्रो मुहारमा खुसी ल्याउन प्रकृतिले दिएको अमूल्य उपहार हो, झै अनुभव हुन्छ । यो अमूल्य उपहारमा कुनै पनि फोहोर र खुट्टा पर्नु हुँदैन, त्यसैले, फुलको संरक्षणको लागि सेर्पा गीतले यस्तो वर्णन गरेको छ ।

"मेन्दोक छेवा ल़ाक्पी मालेन... ल़ाक्पी लेन्न ल़ाक्पि ठिमा स्योर,
मेन्दोक छेवा काङवी मा लेप...काङवी लेप्न काङवी गोमज्यु स्योर" ।
अर्थ, "फुललाई हातले नटिप टिपे हातको फोहोर पर्न जान्छ ।
फुललाई खुट्टाले नकुल्च, कुल्चे खुट्टाको कलुषित पर्न जान्छ ।"

यसरी फुलहरूमा पनि मानिसबाट हुन सक्ने "गोम्ज्यु"बाट फोहोर, दुर्गन्ध तथा कलुषित पर्न जाने बारेको गित छ ।

खण्ड ६

# रुखहरुको नाता, सन्तान र साईनो

मानिस तथा पशुपंक्षी लगायतका प्राणीहरूमा हुने माता-पिता र सन्तानका साईनोहरू रूख विरूवाहरूमा पनि रहेको पाईन्छ । मानिसमा भएको एकै सन्तान र भिन्नता, गाईगोरूमा हुने एकै सन्तान र भिन्नता, बिरालोमा हुने एकै सन्तान र भिन्नता, पंक्षीहरूमा हुने एकै सन्तान र भिन्नता जस्तै रूख विरूवामा पनि नाता सन्तान र साईनो भएको पाईन्छ । एकै सन्तान र भिन्नता भएका स्युक्पा (धूपी), तोङमा (गुराँस), थासिङ (गोब्रे) हरूका भैं अन्य थुप्रै सन्तान र साइनो भएका रूखविरूवाहरू भएको, अहिलेको वैज्ञानिकहरूले पनि पत्ता लगाएको पाईन्छ ।

साधारणतय हामीलाई जंगलमा उम्रिने रूखहरूको एकै सन्तानको मात्र बढी जानकारी भएपनि रूखहरूमा पनि माता, पिता र छोराको नाता हुने गरेको स्यार्वा र तिब्बतियनहरूको पुस्तकहरूमा मात्र उल्लेख भएको पाईन्छ । स्यार्वा र तिब्बतियनहरूको शब्दमा पितालाई प, मातालाई म र छोरालाई फु, अर्थात् "पपा", "ममा" र "फुज्युङ" भनिने भएकाले जंगलको रूखविरूवाहरूको नाम पछाडि प, म र फु जोडेर छुट्याईएको पाईन्छ । जस्तै "स्युक प", "ताक प" हरू पिता, म जोडेका "च्याङ म", "लाङ म", "कल म" हरू माता र फु जोडेका "स्योफु", "वोफु", "चारफु" हरू छोरा हुन् । त्यसैले यी "फोस्हिङ", "मस्हिङ", "फुस्हिङ" परिवारहरूलाई उच्चकोटीका मानिएको पाईन्छ ।



*देउजे जंङ्गलमा अवस्थित रूख परिवार*



खुमजुङमा अवस्थित स्येर्वी खाङवा

खण्ड ७

# वास्तुशास्त्रका केही महत्त्वपूर्ण भनाईहरु

## स्यार्वी खाङ्बा

केही समय यता घरलाई विभिन्न पुरानो, आधुनिक, परम्परागत, ठूलो, सानो, मध्यम आदि तवरले आ–आफ्नो गच्छेअनुसार बनाइने भएपनि, सकेसम्म स्यार्वाहरूले परम्परा अनुसार बौद्धिक वास्तुशास्त्र मिलाएर निर्माण गरेको पाईन्छ ।

**घरका प्रकार**

- खाङबा ममू : मूल घर
- रोङज्युङ खाङ्बा : बर्खा महिनामा सर्ने घर
- फूकी खाङबा : लेकको गोठघर

जस्तो घर बनाए पनि जग्गा अनुसार परम्परागत बौद्धिक वास्तु शास्त्रानुसार, तिथि, मिति र साईत जुराई घर बनाउन सुरू गर्ने चलन छ ।

पहिले घर र गाउँबस्ती बसाल्नु अगाडि "छ्योक सी छाम गे" (४ दिशा र ति दिशाका ८ किनार–विन्दु)लाई होशियारका साथ हेर्ने गर्दथे ।

- गाउँघरबाट देखिने आकाशका किनारहरू आठ चक्रले फनक्क घुमेको छ भने, त्यसलाई "नाम खोर्लो चेपङ्गे" भनिन्छ, र यो उत्तम मानिन्छ । तर चक्रको गहिराई तिरको आकारमा पर्न गएमा त्यस ठाउँमा एकरात बास पनि नबस्नु भनिन्छ । त्यसलाई खराब मानिन्छ ।
- भुई जमिन आठ पातको कमल फुलको आकारले मिलेर बसेको भएमा त्यसलाई "सपेमा देप्ङ्गे" भनिन्छ, त्यस्तो ठाउँ उत्तम मानिन्छ ।
- पुर्व खुल्लामा मूल बाटो गाउँ तिर आएको देखिन्छ भने उत्तम मानिन्छ, त्यसलाई "स्यार ङ्गत् ठावु" भनिन्छ ।
- दक्षिण तिर खोला बग्दै आएको छ भने, "ल्हो युण्डु ङोर्मु" भनिन्छ । जुन उत्तम मानिन्छ ।
- पश्चिमतिर केहि रातो रंगमा हात्तीको शरीर जस्तो आकार परेको डाँडा रहेको छ भने "नूप मे छ्य मर्मु" भनिन्छ । यसलाई उत्तम मानिन्छ ।
- उत्तरतिर नछिनेको चट्टानको पहाड सर्लक्क परेको छ भने "छ्याङ रूबल ङ्गाउ" (कछुवाको राजा) भनिन्छ, जुन उत्तम मानिन्छ ।

त्यस्तै गाउँ या घरको पूर्व र पश्चिमबाट बगेर आएको खोला दक्षिणमा भेट भई सिधा बग्दै गएको छ भने राम्रो र नबगेर जमिन भित्र दबिएर हराएको छ भने खराब मानिन्छ ।

घरको पछाडि पानीको कुवा रहेको छ भने, "ज्ञपकी क्षुमिक दुक्पी मिक्च्यु" (दुखको आँसु) भनेर खराब मानिन्छ । घरको दायाँ बायाँ तिर पानी कुवा अथवा बुलबुले मुहान छ भने, "ये योन की क्षुमिक सेर्कीम यिम्बे साङ्" (भगवानलाई चढाउने जल) भनी उत्तम रूपमा लिईन्छ ।

घरको ठिक अगाडि पानी, कुवा अथवा बुलबुले पानी छ भने, "दुङ्की क्षुमिक फुम्बा स्यप दोल यिम्वे" (चुहिने पानीको भाँडो) भनी खराब मानिन्छ । घर पछाडी र दायाँ बायाँ एकल रूख रहेको छ भने खराब र घर अगाडि रहेको एकल रूखलाई भने टेको दिने खम्बाको रूपमा शुभ मानेको पाईन्छ ।

कुखुराको टाउको जस्तो चुच्चो आकारको गाउँ अथवा घर तिर फर्केको छ भने त्यो अशुभ मानिन्छ । त्यसैगरी गाउँ वरिपरि रहेको डाँडा अथवा हिमालको पछाडि अर्को पहाड या हिमालको सानो टुप्पोले चियो गरेझै गरी गाउँ घर तिर फर्केको छ भने, त्यसलाई खराब मानिन्छ ।

सेर्पा संस्कृतिमा दाहिनेलाई महत्त्व दिईने भएकोले ल्हखाङ (पुजाघर) लाई मूलघरको दाहिने पर्ने गरी बनाएको हुन्छ । मूलघरको मूल ढोका सकेसम्म पूर्व या दक्षिण दिशामा पार्नु उत्तम मानिन्छ । घरको धुरीको टुप्पोलाई उत्तर या पूर्वमा पार्नु पर्दछ । उखान र गितमा पनि यो कुरा उल्लेख छ, "दुङ गो स्यारला क्याङ्नी स्यारकी ते सु स्हिमसुङ ।" अर्थात्, "धुरीको टुप्पोलाई हेर्दा पुर्व दिशा पहिलाउन सके ।" जसरी शिवलिङ्ग फर्केको ठाउँ उत्तर हो, भनी पहिलाईएको थियो ।

सेर्पाहरूका घरमा आ-आफ्नो गच्छे अनुसार पुजा सामाग्री त्रिपिटक पुस्तकहरू : केझ्युर, तेनझ्युर, युम, दोमाङ लगायत उपलब्ध भएका "ल्हाखाङ" (पुजा घर) बनाईएको हुन्छ । यी पुस्तक जुटाउन नसकेका घरहरूमा युम (१६ पुस्तक) सहितको "छ्योस्याम" (पुजा गर्ने स्थान) बनाइएको हुन्छ ।

माथि उल्लेखित महत्त्वका पुस्तकहरू नभए पनि "युम" पुस्तक सम्म घर भित्र छ भने, त्यस घरको अगाडि "छ्यो थर" (धार्मिक धजा) ठडाउँने धार्मिक चलन छ । यो "छ्यो थर" धार्मिक महत्त्व बाहेक घरको शोभा बढाउनको लागि भने होइन, भनिन्छ ।

घरको छाना माथि "थर स्हिङ" (मालिंगोमा सादा कपडा राखिएको धजा) ठड्याउने ठाउँ राख्नुपर्दछ । जुन वर्षेनी चौमासिक रूपमा देवताको पुजा गर्दा धजा चढाउने स्थान हो । कोही कोही स्यारवाहरूको घरको भुईतल्ला भित्र र कसैको घरको आँगनको धूपीको रूखमुनि पुजाआजाको निमित्त नाग थान (लु खाङ) राखिएको हुन्छ ।

वर्षेनी चौमासिक रूपमा देवताको पुजा गर्नको लागि बाहिर आँगनमा कसैकसैले "ल्हसु" (धजा चढाउने स्थान) बनाएका हुन्छन् । यो सबैको घरमा भने हुँदैन । घरको छाना माथि थर स्हिङ राख्ने ठाउँ भए बाहिर आवश्यक पर्दैन ।

घर निर्माणको कार्यमा साईत मिलाई सेर्कीम देवतालाई जल र धूप (राम, याम, खाम) चढाएर सकेसम्म कामको सुरूवात आमा र बुवा भएको छोरामान्छे (फ छेङ म छेङ) ले गर्दा अति राम्रो मानिन्छ ।

राम्रो साईत र वास्तुशास्त्र जुटाएर बनाईएको घर "याङ छ्याउ" (लक्षिणयुक्त) भई सबै कार्यहरू सफल हुन्छन्, भन्ने विश्वास गरिन्छ । घर निर्माणमा घरको जग खन्दा जमिनमा धेरै थरि मिश्रित अन्न (कालो अन्न बाहेक) राखी "सेर्कीम" पुजा गरिन्छ, त्यसपछि घरको जग बिछ्याउनु ढुङ्गा राखिन्छ । त्यसै गरी घरको झ्याल ढोका, थाम, धुरी, छाना आदि छाउँदा पनि "साङ् सेर्कीम" गरिन्छ ।

घरको ढोका को माथिल्लो फ्रेम लाई "य थेम्बा", तल्लोलाई "मे थेम्बा", ढोकालाई "गोमु" र ढोका बाहिरबाट हात छिराएर भित्र बन्द र खोल्न मिल्ने सेर्पाको तरिकाबाट बनाएको आग्लो लाई "या सिङ", घरको भऱ्याङलाई "टेवा" र भुँइतल्ला घरको छिँडीलाई "च्या नाङ" भनिन्छ ।

घरको छाना छाउने काठलाई "गमुङ स्योक्पा", घरको डाँडाको पङ्तिमा राखिने काठलाई "ठल", घरको धुरीलाई "दुङमा", धुरी थेग्नको लागि थाम माथि तेर्साएको सहायकलाई "स्यु या कज्यु" र यी सबै थेग्नको लागि ठडाएको थामलाई "कव या का" भनिन्छ । घरको झ्याल सामान्यतय दुई किसिमले बनाउने गरिन्छ, "करूङ क्युमा" र "करूङ ठमा" ।



*करूङ क्युमा*



*करूङ ठमा*

पुरानो चलन अनुसार ल्हाखाङ (पुजा घर) र गुम्बाहरूमा मात्र "ठमा" राख्ने र बाँकी मूलघरहरूमा "करूङ क्युमा" (साधारण झ्याल) राख्ने चलन पाईन्छ । करूङ ठमा (झ्यालको आँखा) हरूमा ठलिङ ङिवा (दुई आँखा), ठलिङसुम्बा (तिन आँखा), ठलिङ स्हिवा (चार आँखा) जस्ता मिलाएर राख्ने चलन छ । करूङठमा (झ्यालको फ्रेम) माथि काठको टुक्राबाट बनाएका आँखी भौँको चन्द्रमा आकारमा मुनि छोटो माथि लामो पारेर बनाएको सात खुट्टे, नौ खुट्टे, एघार खुट्टे आकारमा मिलाईएको काठलाई "लाङदाफाङदा" भनिन्छ । झ्यालको फ्रेम मुनि चारपाटे आयतकार काठले मिलाएर छोपेको भागलाई "करूङ सुप" अर्थात् "झ्यालको भुँडी" भनिन्छ । यसरी मिलाएर बनाएको घरको झ्याल अति सुन्दर देखिन्छ ।

"करूङ क्यूमा" (साधा झ्याल) को लागि लाङ्दा फाङ्दा राखिन्दैन । टाउको मात्र छिर्ने एक आँखे हुन्छ, तर त्यस आँखा मुनि सुप (भुँडी) चाहि राखेको हुन्छ । यसरी करूङ क्युमा (साधा झ्याल) को आँखा सानो राख्नको कारण एक सत्य कथा मा आधारित छ ।

सत्य युग, द्वापर युग, त्रेता युग जस्ता समयहरू पार हुँदै आउँदा कुनै समयमा मृत्यु भएका कुनैकुनै मानिसहरू बौरिन सक्थ्यो भनेको पाईन्छ । बौरेको लास सिधा उभिएर मात्र हिड्थ्यो रे । झ्यालको प्रकाश देखेपछि बाहिर निस्कन खोज्थ्यो रे । यदि बौरेको लास बाहिर निस्कन सफल भएको खण्डमा, त्यसको स्वास परेका मानिसहरू पनि बौरेर बिग्रिने भएकाले त्यो छिर्न नसकोस्, भन्ने उद्धेश्यले सानो बनाएको हो भनिन्छ ।

सेर्पाहरूको वास्तुशास्त्रानुसार ल्हाखाङ (पुजाघर) हरूको झ्यालहरू अति सुन्दर बुट्टाहरू खोपेर बनाएको हुन्छ । ल्हाखाङको थाम चारपाटे आकारमा फेद केही ठूलोबाट सानो हुँदै कस्यु अथवा कज्यु (सहायक) मुनि पुग्दा टुप्पो सानो हुन्छ । त्यस माथि तेर्सो धुरी थेग्नको लागि राख्ने कस्यु (सहायक) लाई पनि अति सुन्दर कलामा हात्तीको टाउको, मुख र सूँड समेटिएर का को दुई तिर फर्काएर बनाईएको हुन्छ । यस्तै किसिमले ल्हाखाङ (पुजाघर) को पनि फेद ठूलोबाट एकएक दाना उँवाको आकारबाट घटाउँदै लगेर छाना मुनि पुग्दा अलिक सानो आकारमा बनाईएको हुन्छ ।

खुम्बुमा सेर्पाहरूको मूलघर भित्र भुईतल्लामा सोत्तर (पातपतिङ्गर) हालेर मल निकाल्न मिल्ने गरी बनाएको चर्पी जस्तो ठाउँ हुन्छ, जसलाई "च्यानाङ" भनिन्छ । च्यानाङ (छिँडी) मा गाईवस्तु बाँधेर राखिन्छ । त्यहाँ सोत्तर (सलुक) हालेर मलको लागि प्रयोगमा ल्याईन्छ । त्यस च्यानाङ (छिँडी) मा दाउराको थाक लगाएर गोदाम गरी राख्ने ठाउँ पनि बनाईएको हुन्छ । यसको मतलब हो, "खमुजे" महाहिमपात भयो भने केही कुराका लागि बाहिर जान पर्दैन । सबै कुरा घर भित्रै व्यवस्था हुन्छ ।

घरमा अन्न राख्नको लागि काठको दराज "लोम" र पिठो राख्नको लागि "फेगाम" बनाईएको हुन्छ । टेवा (भऱ्याङ) फलेकले बनाएको हुन्छ । यस भऱ्याङको सिँढी (टेत्तम) बनाउने क्रममा "गवु" (असल), "किपु" (सुख) र "दुक्पु" (दुख), यी अनुसारले घरको भऱ्याङ बुन्दै लाँदा दुक्पु (दुख)मा पर्नु हुँदैन । गवु या किपु मध्येमा पर्दा मंगल मानिन्छ ।


घर भित्रको रङ्ग सेतो भन्दा पहेंलो अति उत्तम मानिन्छ । घरमा फोटोहरू सजाउँदा कुनै किसिमको आक्रमक र त्रसित हुने किसिमको फोटो राख्नु अशुभ मानिन्छ ।


*छ्योस्यम*

## वास्तु कला

सेर्पाहरूको मंगलमययुक्त कला सजावटहरू

- छ्योस्यम - पुजा गर्ने स्थानको दराज
- च्योक्ची - खानपिनको लागि राखिएको टेवल
- ङ्य चोक - उच्चकोटीको टेबल
- का चोक - घरको थाममा जडित टेबल
- करूङ ठमा - घरको आँखी झ्याल
- लाङत फाङदा - झ्याल माथि सजाउने खुट्टा
- खाङवी का (घरको थाम) - घरको मूल थाम फेद ठूलो र टुप्पो केही सानो हुन्छ ।
- क ज्यु - घरको धुरी (दूङ्मा) थेग्नको लागि थाम माथि तेर्साएर राखिने कज्यु (सहायक) धेरै सुन्दर कलापूर्ण हुन्छ ।





*Thanka art by: Sonam Wongdi*

खण्ड ८

# कथा विधा

## चण्डाल चोर

एकादेशमा एउटा साह्रै चण्डाल चोर थियो । उसले राजदरबारमा धेरै पटक चोरी गरेर राजालाई हैरान पार्ने गर्थ्यो । चोरलाई संयोगबस राजाका पालेहरूले पक्रिए । मन्त्री मण्डलको बैठक बस्यो । त्यस चोरलाई के सजाय दिने भन्ने बारेमा धेरै तर्कवितर्क भए । लामो बहसपछि, सबैबाट त्यो चोर भनेर चिनियोस् र लाजले पछि चोर्न छोड्नेछ भन्ने निष्कर्षमा पुगे । कसो गर्दा त्यस्तो हुन सक्छ, भन्ने बारेमा बहस भयो ।

एक मन्त्रीले भने, सबै भन्दा राम्रो उपाय, त्यसको नाक काटियो भने लुकाउन सक्दैन र त्यो ठिक हुनेछ । अन्तमा सबैको सहमति त्यही प्रस्तावमा भयो । त्यसको सजायमा नाक काटियो । ऊ कुरूप भयो, तर उ त्यसै त चण्डाल, उसले अर्कै उपाय रच्यो ।

एकदिन बिहानै सफा स्वेत रङ्गको सक्कल कपडा लाएर बजार भित्रको चौबाटोमा तपस्या गरिरह्यो । उसलाई लगातर त्यसरी त्यहाँ देखेपछि मान्छेहरू छक्क परे । दिनप्रतिदिन उसलाई हेर्न मानिसहरूको भिड लाग्यो ।

तपस्यामा बसेको चण्डाल चोर जहिले पनि, "आ हा...[२] दर्शन पाएँ प्रभु, मैले दर्शन पाएँ, दर्शन पाएँ, प्रभु दर्शन" भनी रहँदा दर्शकहरू छक्क पर्दै सोध्थे, "तिमीले के दर्शन पायौ, के देख्यौ हँ ?" उ जवाफ दिन्थ्यो, "मैले भगवानको दर्शन पाएँ, पहिला यो मेरो नाक रहुन्जेल जति तपष्या गरे पनि दर्शन पाईएन, वास्तवमा मेरो नाकले छेकेको रहेछ । अहिले काटेपछि मात्र मैले भगवानको दर्शन पाएँ । मेरो ईच्छा बल्ल पो पूर्ण भो ।"

सबै छक्क परेर वरिपरि हेरिरहेका दर्शकहरू मध्येका एकजनाले भने, "मैले पनि धेरै तपस्या गरिसकें तर भगवानको दर्शन पाईएन, वास्तविक रहस्य त यो पो रहेछ । म पनि काट्नु पर्‍यो नाक ।" उसले पनि आफ्नो नाक काटिदियो । धेरै तपष्या गर्‍यो तर भगवानको दर्शन पाएन । जति जोड गरे पनि केहि देखेन । अनि त्यस चण्डाल चोरलाई सोध्यो । "ए गुरू मैले त नाक काटे पनि भगवानको दर्शन पाइन किन हो हँ ?"

चण्डाल चोर न हो, उसले जवाफ दियो, "कहाँ देखिन्छ र नाक काटेर भगवान । तिमीले गल्ती गर्‍यौ । नकाट्नु पर्ने नाक काट्यौ । अब किन भगवानको दर्शन पाईन भनेर बेईज्जत हुने ।

भगवानको दर्शन पाएँ नै भन्नु पर्छ ।" आफ्नो ईज्जत जोगाउनका लागि उसले पनि त्यसै भन्न थाल्यो । हुँदा हुँदा त्यहाँका सर्वसाधारण मानिस देखि लिएर राजदरबारकाहरू समेत नाक काट्दै भगवानको दर्शन पाएँ भन्न थाले । राजालाई पनि झोक चल्यो र "म पनि भगवानको दर्शन गर्छु ।" भनी आफ्नो नाक च्वाट्ट काटे ।

## भगवानको खोजी

एकादेशमा एउटा धर्मात्मा राजा थिए । ऊ आफ्नो देशको प्रजाहरूलाई एकदमै दयामाया गर्नका साथै लामा भिक्षु भिक्षुणीहरू प्रति दानी थिए । देवताहरूलाई दैनिक रूपमा पुजा गर्थे । एकदिन देवताको मूर्तिको छेउमा देवतालाई पुजा गरेर राखिएका फलफुल, अछेता, घिउ तथा बत्ती, मुसाले खाईरहेको राजाले देखे । सोचे.. "यो देवता भन्दा त मुसा पो ठूलो भगवान रहेछ, मैले देवताको मूर्तिलाई चढाएको वस्तुहरू त मुसाले पो खायो, मूर्ति त हेरेर बसे । अब देखि त मुसालाई पुज्नु पर्ने रहेछ ।" भन्ने सोची दिनहुँ मुसालाई पुज्न थाले । एकदिन एउटा बिरालोले उसले पुजा गर्ने गरेको मुसालाई लखेटी मारेर खाएको देखे । सोचे, "मुसा भन्दा त बिरालो पो ठूलो भगवान रहेछ, मैले पुजा गर्ने मुसा त बिरालोले पो मारेर खायो । अब देखि त बिरालोलाई पो पुज्नु पर्ने रहेछ ।" भन्ने सोची दिनहुँ बिरालोलाई पुज्न थाले । सँधै राजाले पुजा गरिराख्ने बिरालोलाई एकदिन आफैले पालेको कुकुरले लखेटेको देखे । सोचे, "मैले सँधै पुजा गर्ने बिरालोलाई त कुकुरले लखेट्यो, यो कुकुर पो ठूलो देवता रहेछ, अब त यसलाई पो पुज्नु पर्‍यो" भन्ने सोचेर कुकुरलाई पुज्न थाले तर एक दिन त्यो कुकुर रानीको पछि पछि लाग्दै, रानीको पलङ मुनि सुतेर बसेको देखे । सोचे, "मुख्य पुज्नु पर्ने देवता त मेरो रानी पो रहेछ, अब देखि मेरो आफ्नो रानीलाई पुज्नु पर्‍यो" र एक दिन रानीको कोठामा पुजाको सामाग्री तयार पार्दै गर्दा, रानीले "के गर्नु भएको महाराज?" भनी प्रश्न गरिन् । राजाले रानीलाई विस्तृत कुरा सुनाए । रानी छक्क पर्दै भने, "महाराज म त के भगवान हुँ र महाराजको ईच्छा, महाराजाको आदेश, महाराजको शासन अनुरूप मात्र म चल्छु, भनेपछि त भगवान त तपाई आफै हुनुहुन्छ ।"

त्यसपछि महाराजलाई यो घट्नाले राम्रोसँग सोच्न बाध्य तुल्यायो र निष्कर्ष यस्तो निकाले कि "भगवान व्यक्ति आफैमा हुन्छ । मूर्ति पुजा, पापकर्म यी विषय आफुलाई नियन्त्रण र सम्झाउनको लागि रहेछ । प्रभु भनेकै आफ्नो आत्मा रहेछ ।"

## आत्मा सन्तोष

सुख सुविधा प्राप्तिका लागि मानिस सम्पन्न हुन जरूरी छ । अहिलेको वैज्ञानिक युगमा सम्पन्न हुनु भन्नु नै आफ्नो शरीर स्वास्थ्य हुनु हो । स्वास्थ्य रहेमा धन सम्पत्ति कमाउनका लागि जुनसुकै काम गर्न पनि सकिन्छ । स्वास्थ्य रहनका लागि मानिसले जुनसुकै स्वस्थ्य व्यवहार र प्रकृया अपनाउन सक्दछ । तर पनि मानिसलाई एउटा कुराको अभाव भईरहन्छ, त्यो हो "आत्मा सन्तोष" । मानिसलाई आत्मासन्तोष सुनकै बत्ती बाले पनि पुरा भने हुँदैन । यस सम्बन्धि तल कथामा उल्लेख छ ।

एकादेशमा एउटा गरिब बुढाबुढी थिए । उनीहरू एक छाक खानाको लागि भरै के गरूँ, भोली कहाँबाट ल्याऊ भन्ने अवस्थामा हुन्थे । उनीहरू तिर्थयात्राको लागि निस्किए । उनीहरूको यात्रा माग्दै, खादै अगाडि बढ्यो । एकदिन बाटोमा बुढाले एउटा सुनको डल्लो देखे । बुढाले त्यसलाई माटोले छोपेर राखी छोडे ।

बुढीले बुढालाई सोधे, "त्यो सुनलाई किन तिमीले माटोले छोपेको ?"

बुढाले उत्तर दिए, "सुन पनि माटोबाटै बन्छ । त्यसकारण त्यो पनि माटो नै हो । कुनै अचम्मको चीज होईन ।"

यसको मतलब सन्तोषी व्यक्तिका लागि सुन पनि माटो सरह नै हो । तर सन्तोषी हुन भने सबैभन्दा कठिन हो ।

## पतिव्रता महिला

एकादेशमा एउटा राजा थिए । उनको बगैचामा शितल छहरी दिने एउटा पिपलको रूख अवस्थित थियो । राजा त्यो रूखलाई अति माया गर्थे । विस्तारै राजाको त्यो प्यारो रूख सुकेर गयो । राजालाई एकदमै पिर पर्न गयो । राजाले खाना पिउन सब छाडे । त्यही पिरले राजा एक दिन ढले । राज्य भरि हल्ला मच्चियो । अनिष्ट भयो । अब के गर्ने, सबै मन्त्री भारदार आत्तिए । सरकारले ज्योतिषीलाई डाक्न पठाए । मूल ज्योतिषीहरूलाई ग्रहदशा हेर्न लगाए । सबै ज्योतिषीहरूले एकै शब्द भने, "एउटी पतिब्रता आईमाईको हातबाट जल छर्काउनु पर्छ । अनि पिपल जीवित भएर फर्कन्छ ।" राजा खुशी हुँदै चाँडो भन्दा चाँडो होसमा आए । "जसको हातबाट भएपनि पिपल जगाउनु पर्छ, पुरस्कारको कमी हुन दिने छैन । जिन्दगीभर पुग्ने खान लाउन दिईनेछ ।" भनी घोषणा गरे ।

अब पतिब्रता महिलाको धुमधाम खोजी हुन थाल्यो । त्यहाँ ईज्जत र बेईज्जतको मामलाको कारण कोही पनि आउन मानेनन् । हिजो अस्ति भर्खरै बिहे भएको सबभन्दा कान्छो सिपाहीले राजालाई, "मेरी श्रीमती हिजो अस्ति भर्खर मेरो निम्ति कन्यादान भएकी हुन् । सरकारले अनुमति दिए मेरी श्रीमती ल्याई उनको हातबाट जल छर्कन लगाई त्यस शुभ कार्य गर्ने सौभाग्य पाउँथे ।" भन्ने अनुरोध गऱ्यो ।

राजाको हुकुम भयो । "त्यस कामको लागि तिमीबाट जे माग हुन्छ हामीबाट पूरा हुन्छ तर ढिलो नहोस् ।" भनी राजाको आज्ञा भयो ।

राजाका सेनाहरू मध्येको सबै भन्दा कान्छोले बिन्ती चढाए अनुसार उनी आफ्नो नवविवाहित श्रीमती लिन आफ्नो घर दौडे । बाटोमा आफ्नी दिदीको घरमा बास बस्न पुगे । "हिजो अस्ति भर्खर घर विदा आएर गएको मान्छे फेरी किन घर आईस," भनेर दिदीले सोधिन् ।

भाईले राजदरवारको सम्पुर्ण कुरा सुनायो । आफ्नी पतिब्रता श्रीमतीलाई लिन आएको वृतान्त कुरा दिदिलाई सुनाए ।

दिदिले भनिन्, "तिमी अहिले भ्रममा छौ । तिम्री श्रीमती त घाँस काट्न जाँदा पँधेरोमा पानी लिन जाँदा कहिले माथिल्लो छिमेकीको छोरो अन्तरेसँग त कहिले तल्लो घरको माईलासँग कहिले को कहिलेकोसँगको सम्पर्कमा भएको देखिन्छिन् । त्यसकारण तिम्री श्रीमती तिम्रो सतमा रहनु असम्भव हो । बरू पतिसतमा रही मेरो पतिलाई भगवान सरह पुजा गरिरहने म तिम्री दिदि छु । यदि मबाट

हुन्छ भने", भनी आफ्नो भाई सँग कुरा राखिन् । भाईलाई अति खुसी लाग्यो, पतिव्रता आफ्नो दिदि देवीको अवतारको हातबाट यो काम चाँडो भन्दा चाँडो होस्, भन्ने ईच्छाले बिहान सबेरै उठी दिदी भाई दरबार तर्फ लागे । दरबारमा त्यस्तो पतिसतमा रहिरहेकी महिला पाउनै नसकिने चर्चा परिचर्चा चलिरहेको थियो । त्यसै बखत दिदि र भाई दरबार आईपुगे । गाउँघरबाट आएकी दिदिलाई उनको रूपको रङ्ग देखेर त्यहाँको भिडले पत्याउन गाह्रो माने । कानेखुसी र कुराकानी चल्न थाल्यो । राजालाई सिपाही र उसको दिदि आएको खबर सुनाए । राजा तल सुकेको पिपल रूख छेउ आउनु भयो । राजाले केके गर्नु पर्छ गर्नु, भनी हुकुम दिए । ब्राह्मण ज्योतिषहरूले जल तयार पारे र राजालाई दिए । राजाको हातबाट त्यस सेनाकी दिदिको हातमा दिए र जल छर्काउन आदेश दिए । दिदिले बडो आदरका साथ राजाको हातबाट जलको कलश थापी लिए र सुकेको रूखलाई तिन फन्का घुम्दै कलसको जललाई छर्काई तिन चोटी पिपल रूखलाई प्रणाम गरिन् । हेर्दा हेर्दै सुकेको रूख हरियो हुँदै आयो । राजा खुशी भए । दर्शकहरू चकित भए । खुशीयाली र रौनक छायो । सबै रूखहरू हरियो भए तर फेदको एउटा हाँगा सुकेकै अवस्थामा रह्यो । चर्चा तथा प्रश्न उठ्यो, राजाले ज्योतिषहरूलाई हेर्न लगाए । सबै ज्योतिषहरूले एक साथ "यी देवी पतिसतमा बसेकी देवी हुन् । तर सानो हुँदा कुनै भाले जनावरबाट यिनको शरीरमा फोहोर परेको हुन सक्छ ।" भने । अनि ति पतिसतमा बसेकी देवीले याद गर्दै भने, "हो म सानो छँदा बाख्रा चराउन जान्थे । एक दिन बाख्रीले पाठो ब्याईन् । मैले रहर गरेर काखमा लिए, त्यस बखत त्यस पाठोले मेरो काखमा पिसाब फेरि दियो । त्यो बाहेक म माथि कुनै भाले या पुरूषबाट जुठो फोहोर परेको छैन ।"भने । त्यसपछि राजा स्वयंमले त्यस देवीलाई फुलमाला लगाई प्रणाम गर्दै भाई सिपाही र दिदिलाई राजाले घोषणा गरे अनुसारको सबै पुरस्कार दिलाई दिए । यसरी कुनै पनि स्त्री आफ्नो शरीरमाथि कुनै भाले या पुरूषको पिसाब समेतको जुठो फोहोर नपारी आफ्नो पतिसतमा बसेकी रहेछ भने उनी पवित्र एक देवी हुन् । त्यसपछि सिपाही घरमा गई, "राजाको आँगनको रूख सुकेको र राजाले कुनै पनि स्त्री विहे पछि पनि १० जना परपुरूष सँग बसिसकेकी रहेछ भने, तिनले छोए रूख जिउदो भई हरियो हुने हुँदा मलाई त्यस्तो महिला खोज्न पठायो" भन्ने उल्टो खबर भने, तुरून्तै उसको श्रीमतिले "म जान्छु अहिले सम्म नौ जना पुगे एक जना त म भै हाल्छु नी" भने । त्यस्तो कुरा सुन्ना साथ सिपाहिले ति श्रीमतिलाई छाडिदिए र अर्को संग विवाह गरे ।

## शुभ अशुभ

एकादेशमा एउटा राजा थिए । राजा जहिले पनि बिहान उठ्ने बेलामा उनको कानमा शुभ शुभ खबर पुऱ्याउनु पर्थ्यो । उनी बिहानै झ्यालबाट हेरिरहन्थे र त्यस बेला शुभ लक्षिणको कुराहरू मात्र देख्न चाहन्थे । एकदिन अचानक त्यस गाउँको एउटा गरिबले खाली डोको बोकेर बाटो काटीरहेको देखे र राजालाई नराम्रो लाग्यो । गेटका पालेलाई बोलाएर आदेश दिए, "तुरून्त त्यो खाली डोको बोकेर गईरहेको त्यो भुत्रो गरिबलाई समातेर म कहाँ हाजिर गराऊ ।" पाले दौडेर गई त्यस खाली डोको बोकेर काममा हिडिरहेको त्यो भुत्रो मानिसलाई समातेर राजाको आदेश भन्दै राजदरवारमा लगी राजाको सामु उपस्थित गराए । राजाले त्यस गरिब मान्छेलाई बाँधेर थुनेर राख्न आफ्ना कर्मचारीहरूलाई आदेश दिए र आदेश अनुसार थुनेर राख्यो । विचरा त्यस गरिब मान्छेलाई आफु किन बाँधि थुनेर राखिएको भन्ने कुरा थाहा थिएन ।

तीन दिनपछि उ माथि राजाले कारवाही गरिने भयो । कारवाहिको लागि उसलाई फाँसी दिने समय पुग्यो । राजा, कर्मचारी, जनता तथा दर्शकहरू त्यहाँ उपस्थित थिए ।

फाँसी दिने कर्मचारीले उसलाई सबैको सामु उसको अन्तिम ईच्छा सोधे । उनले भने "सरकार मेरो फाँसीको सजाय के कारण हो बुझ्न पाउँ" ।

कर्मचारी : त गरिब मान्छे यस्तो झुत्रो भेषमा, खाली डोको बोकी राजदरवार अगाडि बाट हिड्दा राजालाई अशुभ लाग्यो, त्यसैको परिणाम हो यो मृत्युदण्ड ।

गरिब: ठिक छ सरकार अन्तमा मलाई दुई शब्द जाहेर गर्ने ईच्छा छ । राजाले त एउटा छदै नभएको गरिब, पेट पाल्नको लागि खाली डोको बोकेर काममा जान लागेकालाई देख्दा त अशुभ मात्रै भयो तर त्यस भन्दा पनि ज्यादा अशुभ मैले देखिरहेको छु ।

राजा : त्यो के हो ?
गरिब : राजा तिमीलाई देख्नु मेरो लागि अशुभ भयो ।
राजा : किन हँ ? (झर्किंदै)
गरिब : मैले राजाको दर्शन पाउँनसाथ अशुभको निहुँमा मेरो त ज्यानै जाने भो, त्यो भन्दा अशुभ कुरा के हुन सक्छ ?

राजा झस्किए र सरासर झुण्ड्याउन लागेको गरिबको खुट्टामा गएर ढोकेर रोए र भने "फाँसी तिमीलाई होईन मलाई देऊ आज मेरो भित्री आँखा तिमीले खोलिदियौ ।"
गरिब मुक्त भए ।

## राजालाई भयानक सपना

एक दिन राजालाई भयानक सपना आयो । एउटा ठूलो पिपलको रूखको छाँयाले राजालाई, "तिम्रो आयु सिद्धियो, त्यसकारण भोलि ठिक ठाउँ, ठिक समयमा म तिमीलाई लिन आउँछु", भने ।

राजा त्रसित भयो, निद्रा लागेन । बिहानै उठेर ब्राह्मण, ज्योतिषहरू सबलाई दरबारमा बोलाएर रातको सपनाको वृतान्त सुनाए । राजाले उपाय सोधे, "ईन्द्रलोकको सिंहासनमा आधा अधिकार चलाउन सक्ने म चक्रवर्ती राजा समेतलाई त्यस्तो स्वप्न आयो, अब के गर्ने? केही जुक्ति छ?" ब्राम्हण तथा ज्योतिषबाट जवाफ आयो र भने, "त्यस सपनाले ठिक ठाउँ, ठिक समय, बाहेक यति उमेरमा, यो ठाउँ, यो घर, यो गाउँ, केही स्पष्ट नभनेको हुँदा, यस दरवार छाडी अन्यत्र भाग्नुस्, हामी तपाईको ग्रहदशा फाल्न, पुजा होम गर्दै गर्छौं ।"

राजाले प्राण रक्षाको लागि ब्राह्मण ज्योतिषको सल्लाह अनुसार, देश, जनता, दरवार, परिवार समेतलाई छाडेर भागे । शरीरको क्षमताले सकुन्जेल भागे, कुन गाउँ पुग्यो, कुन ठाउँ पुगे थाहा भएन । भोक तिर्खाको त के नै ख्याल हुन्थ्यो र ।

अब शरीरले भाग्न नसक्ने स्थिति भएपछि राजाले देखिरहेको पिपलको छहारी मुनि आराम लिने विचार गरे । राजाले त्यस रूख मुनि आराम लिने विचार गरे । राजा त्यस रूख मुनि पुगे, अनि लामो सास फेर्दै मन मनमा भने, "अब म बचें" । त्यतिकैमा आफुले आराम लिएको रूखको छहारीले बोले, "स्वागत छ चक्रवर्ती राजा, स्वागत छ । ठिक ठाउँ, ठिक समयमा आईपुग्नु भयो,

अब म तिमीलाई लान्छु ।" राजा छक्क परे, सम्झे; "आयु सके पछि चक्रवती राजाको केही लाग्दो रहेनछ । आयु सकेपछि ठिक ठाउँ, ठिक समयमा जानु पर्ने रहेछ । मानिसले प्राणको रक्षा गर्नका लागि जे पनि गर्न तयार हुँदो रहेछ । अहिले सम्मको मेरो दहको घट्ना सब अनित्य रहेछ ।"

## जे भयो राम्रै भयो, भगवानको ईच्छा

एकादेशमा नवराजा थिए, जसको राजगद्धीरोहण महाराजाको मृत्यु हुने बित्तिकै भएको थियो । स्वभावमा उनी चकचके, चञ्चले स्वभावका थिए । एकदिन चकचक गर्ने क्रममा हातको औंला काटियो र रगताम्य भयो ।

सँधै आफु सँगै रहिरहने मन्त्रीलाई आफ्नो हात काटेर थुप्रै रगत निस्किएको कुरा सुनाए । मन्त्रीले जवाफ दिए, "राम्रै भयो । भगवानको ईच्छा, भगवानले कल्याणकै लागि गर्नुहुन्छ ।"

राजकुमारलाई मन्त्रीको जवाफले झनक्क रिस उठ्यो र अंगरक्षक र पुलिसलाई त्यस मन्त्रीलाई तुरून्त कैदखानामा थुन्न आदेश दिए । राजाको आदेशअनुसार मन्त्रीलाई पक्रेर कैदखाना भित्र थुनिदिए ।

"राम्रै भयो । भगवानको ईच्छा, भगवानले कल्याणकै लागि गर्नुहुन्छ ।" भन्ने शब्द त्यस मन्त्रीको आफ्नो थेगो नै थिए । जुनै कुरामा पनि सो थेगो समेट्थे ।

एक दिन राजा एक्लो शिकार खेल्न जंगल पसे । त्यस दिन वनमान्छेहरूको पुजा गर्ने दिन थियो र त्यस टोलीको प्रमुखले, पुजाको लागि ३२ लक्षणयुक्त भएको व्यक्ति पक्रेर ल्याउन आदेश दिए । हुकुम अनुसार दुईजना पहलमान जंगल तिर लागे । ३२ लक्षणले युक्त मान्छेको खोजी गर्दै जाँदा, एक जना शिकार खेलिरहेको राजालाई देखे र पक्रेर ल्याए ।

वनमान्छेहरूको ठूलो जमघटमा पुजा भईरहेको थियो । त्यस ठाउँमा पक्रेको राजालाई ल्याए । पुजाको अन्तमा वन मान्छेको प्रमुखले हुकुम दिए, "त्यस मान्छेलाई भोग चढाउने ठाउँमा लानु ।" राजालाई लगे, डरले गर्दा उनको होश नै थिएन ।

प्रमुखले हुकुम दिए, "बलि चढाउने तरवार तयार गर ।" दुईजना पहलमान तरवार लिएर तयार भए । हुकुम दिए, "कपडा खोलेर पुरै शरीरलाई घाउ, खोट छ की छैन जाँच गर । घाउ खोट छैन भने मात्र बलि दिन मिल्छ ।" सम्पुर्ण शरीरमा हेर्दै गएपछि औंलामा काटेको खोट भेट्टाए र भने, "यस मान्छेको औंलामा काटेको घाउ छ ।" हुकुम दिए, "त्यसो भए अरू नै खोजेर ल्याउ, यो बलि दिन लायकको छैन, छाडी दे त्यसलाई ।" अनि राजालाई छाडी दिए ।

राजा छक्क पर्दै दरबार फर्के । दरवारमा आई पुगेपछि, रानी, मन्त्री, कर्मचारी सबैलाई डाके, सबै जम्मा भए । कैदमा रहेको मन्त्रीलाई पनि थुना मुक्त गरी ल्याउन आदेश दिए । मन्त्री थुनामुक्त भएर ल्याईयो र सबैलाई आज जंगलमा घटेको घटनाको वृतान्त सुनाए । थुनामुक्त भएको मन्त्रीलाई "तिमी थुनामुक्त हुनु मेरो ज्यान बचेको खुसीयालीमा हो ।" राजाले भने ।

मन्त्रीले भने, "जे भयो राम्रै भयो, भगवानको ईच्छा, भगवानले कल्याणकै लागि गर्छ ।"

राजा छक्क पर्दै भने मेरो त राम्रै भयो, कल्याण नै भयो, किनभने म सानो उमेरको राजाको ज्यान जोगियो, तर तिमी त अहिलेसम्म कैदमा भएर के कल्याण भयो ?"

मन्त्रीले जवाफ दिए, "जे भयो राम्रै भयो, भगवानको ईच्छा, भगवानले कल्याणकै लागि गर्नुहुन्छ । यदि राजाले मलाई कैदखानामा नथुन्नु भएको भए, म पनि राजाको साथ जंगलमा शिकार खेल्न लानुहुन्थ्यो, जंगली मान्छेको पुजामा राजाको हातमा खोट देख्ने बित्तिकै मलाई समात्थे र बलिको लागि मलाई चढाउँथे । किनभने मेरो शरीरमा घाउचोटको खोटै छैन । भगवानको ईच्छा, भगवानले कल्याणकै लागि गर्नु हुन्छ ।"

## स्यार्पाहरुले पंक्षी सम्बन्धि भन्ने कथाहरु:

### पंक्षीहरुले छ्या खुयोङ ङोर्मुलाई तिर्ने तिरो

छया खुयोङ ङोर्मु (कुर्बी) भन्ने चरा पंक्षीहरूको राजा हो, भनिन्छ । "छ्या खुयोङ ङोर्मु" ले अरू पंक्षीहरूको गुँडमा आफ्नो फुल पारी चल्ला काढ्न लगाई हुर्काउन लगाउँछ, भनिन्छ । आफ्नो चल्ला हुर्काउन नसघाउने कुनै चराहरूबाट, वार्षिक तिरो समेत लिने चलन छ भनिन्छ । चराहरूले वार्षिक बुझाँउने तिरो चाहि जंगलबाट टिपेर ल्याएको कोदो भन्दा मसिनो रातो किसिमको दानालाई रूखकै पातमा बेरेर बुटी जस्तो बनाएको हुन्छ । त्यही कुर्बीलाई दिइने तिरो हो ।

### "कुङखा गेम्पा" (लुइचेः वन कुखुरा) र घर पालुवा कुखुराको कथा

घरको पालुवा कुखुरा र लुइचे, वन कुखुरा दाजुभाई थिए । ति दुई भाई भट्टीमा जाँदै उधारोमा जाँड खाने गर्दथे । खाँदा खाँदा ती दुई भाईको ऋण थुप्रिदै गयो । एक दिन त्यो भट्टिको आइमाई छयाङमा ले पैसा मागिन् । तिर्ने पैसा नभए पछि "कुङखा गेम्बु" अर्थात् लुइचेले भने, "ठिक छ म पैसा खोजेर ल्याउँछु तब सम्म तिमी यही छयाङमा संग बस ।" र पैसा खोज्न हिडे तर फर्केर आएन । कुङखा गेम्बु कुन बेला पैसा ल्याएर आउला र ऋण तिरी, आफु त्यहाँबाट मुक्त भईएला भन्दै आफ्नो दाई कुखुरालाई यसरी बोलाउन थाले ..कुङ.....खा.....गे....म....बु ।
..कु कु री, काँ.... ।

### "छ्यछुङ साङ्गे पसाङ् फुटी"

यो चरा अलि अँध्यारो खोलाको छाँगो भएको ठाउँमा पाइने कालो निलो रंगमा हल्का सेतो थोप्ला भएको चलाख, कलचरी हो । तर ख्याल नराख्नेले कालो नै जस्तो देखिन्छ ।

सेर्पाहरूको कथानुसार, "छ्यछुङ साङ्गे पसाङ् फुटी" एउटा सम्पन्न घरको एक मात्र साह्रै सुन्दरी छोरी थिइन । सबैले मन पराएकी छोरी, "छ्यछुङ साङ्गे पसाङ् फुटी" राजाका बुहारीमा पुगे तर फर्काएर पठाइ दिए, अनि लाजले अँध्यारो खोलाको छाँगो भएको ठाउँमा गई दुःखको गीत गाउँदै बस्न थालिन् ।

**गीत**

छ्य..छुङ.. सा.. ङ्ें.. पासाङ् फुटी ङ काङबा ठानी मि..न्दे ङ्याल्वु ..नमा..ला लेब्लाके पेम्बु नमाला..लेब्ला..के । अर्थात् म छ्याङछुङ साङ्गे पसाङ् फुटी, खुट्टा मसिनो भएर मात्रै, नत्र राजाको बुहारीमा झण्डै पुगेकी थिए, मुखियाको बुहारीमा झण्डै पुगकी थिए ।

## "लाक" (Eagle) को कथा

"लाक" (Eagle) पंक्षी मध्येको एक शिकारी चरा हो । लाक (चील)ले चराहरू मात्र नभई भेडा बाख्रा समेतको ससानो बच्चाहरूलाई छोपेर जिउँदै उडाएर लान्छ ।

लाक पनि थरिथरिका हुन्छन् । सत्य युगमा शिकारी लाकले बुद्धसंग "मान्छेको पनि शिकार गर्न पाउँ", भनी अनुमति मागे । बुद्धलाई पिर पऱ्यो "अनुमति दिउँ कि नदिउँ, कसरी के भनेर यस लाकलाई मानिस माथि शिकार खेल्न रोकुँ !" विचार गरे ।

बुद्धले लाकलाई यस्तो आदेश दिए, "तिमीले मानिस माथि शिकार गर्न सजिलो कुरा होइन, मानिसको शिरको टाउको ढुङ्गा भन्दा पनि साह्रो हुन्छ, त्यसकारण तल खोलाको किनारको डल्लो ढुङ्गा "आङ ठात्तोक" लाई तिमीले वेग हानेर फुटालेर देखायौ भने मानिस माथि शिकार गर्न अनुमति पाउँछौ ।" भन्नुभयो । बुद्धलाई लाग्यो यो असम्भव हुनाले मानिसको प्राणलाई जोगाउन सक्छ । तर लाकले धेरै अग्लो आकाशबाट बेग हानेर खोलाको किनारको डल्लो ढुङ्गालाई तिन टुक्रा "थुम्बर सुम" बनाएर देखाइदियो । तर बुद्धले "यो पुगेन, थुम्बर सुम (तिन टुक्रा) मात्र भयो, थुम्बर गु (नौ टुक्रा) हुनुपर्थ्यो ।" भनी फर्काए । जस कारण मानिस उसको शिकार हुन पाएन, नत्र लाकले मानिस माथि कुनै पनि बखत शिकार गर्न सक्थ्यो ।

## ल्हेङा पुसी र Hoopoe (फापरे चरा)

यो ल्हेङापुसी चराको चुच्चो लामो र मसिनो, टाउकोको जुरो देखि छाती सम्म खैरो रङ्ग र पखेटा कालोमा सेतो तेर्सो धर्सा भएको हुन्छ । ल्हेङा पुसीले चउरमा प्वाल खनी जमिन भित्रको किरा निकालेर खाने गर्दछ । यो चरा एक्लै हुन्छ । भाले र पोथी संगै नहिड्ने भएकाले, छुट्याउन गाह्रो हुन्छ ।

सेर्पाहरूको कथानुसार, पहिला "ल्हेङा पुसी" ले समाचार पुराउँने हुलाकी काम गर्थ्यो, एक दिन भगवानले प्राणीहरूलाई शक्ति बाँडफाँड गरिदिने क्रममा भगवानले, मानिस र फे (तिब्बत तिर पाईने केही ठूलो मुसा वर्ग) लाई ल्हेङा पुसी (फाप्रे चरा) द्वारा "मी ला याङसी याङलाङ, फे ला थिङसी थिङनाक" (मानिस मरेपनि पुन जिउँदो र फे मरेपछि मरेको मरेकै हुनु) भन्ने समाचार पठाए । तर ल्हेङपुसी ले यसको ठिक उल्टो "फेला याङसी याङ लाङ र मि ला थिङसी थिङ नाक" (फे/मुसा मरे पुन जिउँदो र मी/मानिस मरे मरेको मरेकै हुनु), भनी समाचार दियो ।

पछि भगवानले ल्हेङापुसीलाई के समाचार दिईस्, भनी सोध्दा त्यहि उल्टो समाचार दिएको कुरा सुनायो ।

काम बिगार गरेकाले भगवानलाई रिस उठ्यो, सराप दिए, "अब देखि तिमी अरू चरा भन्दा ठिक उल्टो हुनु, जाडो महिनामा लेक र गर्मी महिनामा अउलमा बास सर्नु" भनी लामाले मन्त्र पुजाको बेला प्रयोग गर्ने "फुर्वा" (बज्र किलाया) ले टाउकोमा गाढि दिए । त्यसो हुँदा अहिले ल्हेङा पुसीको टाउको र थुत्तुनोको आकार ठिक फुर्वा/बज्र किलाया (फेद मसिनो तिखो र टुप्पो ठूलो भएको) जस्तो देखिन्छ ।

यसै विषयलाई जोडेर गाउँ समाजमा उल्टो काम गर्ने व्यक्तिलाई "ल्हेङा पुसी" भनी खिस्सी गर्ने चलन छ ।




*Yeti Scalp*

# Queen Mother and Konchok Chombi Sherpa

खुम्जुङ गुम्बामा रहेको यतिको टाउकोको छाला Sir Edmund Hillary ले सन् 1953 मा विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण पछि खुम्जुङ गुम्बा तथा गाउँको प्रमुख व्यक्ति श्री कोञ्जोक छोम्वी सेर्पालाई कस्तो किसिमको छाला हो, भनी बुझ्न विश्वको प्रमुख देशहरूमा लगी अनुसन्धान गर्न थाले ।

त्यस बखत इंगलैण्डकी महारानीले कोञ्जोक छुम्वीलाई "१ वर्ष पछि म नेपालमा आउँछु, त्यस बेला मलाई भेट्न आउनु" भनिन् ।

एक वर्षपछि कोञ्जोक छोम्बी सेर्पा, इंगलैण्डकी महारानीको दर्शन भेट गर्न आफ्नी गर्भवती श्रीमतिलाई पनि साथमा लिएर खुम्जुङ देखि काठमाडौं हिडे ।

त्यसबेला खुम्जुङ देखि काठमाडौ सम्मको यात्रामा अहिलेको जस्तो, होटेल, लज, चियापसल, बस, गाडीहरूको सुविधा कल्पना भन्दा बाहिरको कुरा थियो । शरीरले गर्भलाई बोक्नु पर्ने कठिनाई त छँदै थियो, त्यस माथि बाटोमा खान लगाउन समेत बोक्नु पर्थ्यो ।

हिडेर आउँदा आमाले आफ्नो गर्भको बच्चालाई बाटैमा जन्म दिईन् । तर के गर्ने सुत्केरी आमालाई आराम लिन समयको कमीले अवसर नै मिलेन । काठमाडौ आईपुगे, लोग्ने स्वास्नी दुबै नारायणहिटी राजदरवारमै गएर, इंगलैण्डको महारानीको दर्शन भेट गर्न पुगे ।

कोञ्जोक छुम्बीले भने, हामी हिडेर आउँदा बाटोमा यस बालकको जन्म भयो । समयको अभावले गर्दा यस बालकको न्वारण नै भएको छैन । महारानीले भने, त्यसो भए call him Phillip, किनभने महारानीको लोग्नेको नाम पनि Phillip नै थियो । यो न्वारण सन् 1961 को पहिलो हप्तामा थियो । त्यस भाग्यमानी बालकको जन्म सन् 1961-2-26 मा भएको थियो । हाल वहाँलाई "आङ थुक्तेन" नामले चिनिन्छ ।



तउचे हिमाल र तिर्थयात्री

खण्ड १०

# प्रकृति मानिसको काबुमा

अहिलेको वैज्ञानिक युगमा मानिसले सुख-सुविधा र आनन्द प्राप्त गरे या नगरे तापनि वैज्ञानिकहरूले पृथ्वीको कुनै पनि प्राकृतिक तत्त्वहरूलाई जाँच तथा प्रयोग गर्न बाँकी राखेनन् । प्रकृति तथा वातावरणलाई असर परे या नपरे पनि, असल परिणाम निस्के या ननिस्के पनि वैज्ञानिकहरूको होडबाजीको भने सीमा रहेन । वस्तुतः वैज्ञानिकहरूको कुनै पनि खोज तथा प्रयोग आधुनिक अस्थायी, नक्कली र प्रकृतिलाई विनाश नभएको हुन सक्दैन भन्ने कुराको धार्मिक दृष्टिकोण र प्रकृति प्रेमीहरूको निचोड रहन्छ ।

संसारमा सृष्टिकालदेखि प्रकृतिलाई मानिसहरूले प्रयोग गर्दै आएका भए पनि प्रकृतिको मर्मलाई मानिसको खाँचोले बुझिदिएर प्रयोग गर्न नपरेपनि स-सम्मान पूर्वक विधि पुऱ्याएर पुजा गरी पानी पर्न र रोक्न लगाउँथे । बाढी पहिरोको रोकथाम, खेतीबाली जमिनमा रोप्दा र उठाउँदा धूप पुजा गर्ने, अग्नि, वायु, घामको तपस्या गरी त्यसबाट प्राप्त शक्तिलाई दुरूपयोग नगर्ने वाचा गरी काममा लगाउँथे । शहरको जस्ता मानिसको चाप रहित गाउँघरको पवित्र ठाउँहरूका मानिसहरू आफूलाई प्रकृतिको सहयोग चाहेमा बोलेर, बोलाएर सहयोग लिन्थे ।
जस्तैः

- गर्मीमा थाकेको बखत चौतारोमा बिसाएर सुसेलीले हावा बोलाएर शीतल ताप्दथे ।
- बिस्कुन सुकाएर नाङ्लोमा निफन्दा हावालाइ बोलाएर भूष उडाउन सहयोग लिन्थे ।
- पानी परेन भने नाग थानमा धूपबत्ती बाली पानी पार्न लगाउँथे ।
- चौतारामा शीतल छहारी (छाया र हावा)को लागि पुर्खाहरूले पिपलको रूख रोपेर राख्दथे ।
- बादल लागेर पानी पर्छ भनेर, लेकतिर पुर्खाहरूले केटाकेटीहरूलाई सिठी, सुसेली, होहल्ला गर्न दिदैनथे ।
- त्यस्तै गरी लेक, खर्क, गोठतिर धेरै लामो समयसम्म बादल छोपी रह्यो भने, सेर्पाहरूले मन्त्र जपेर बादललाई फटाउने गर्दथे । त्यो मन्त्र यस प्रकार छ :

१) मुक शिले [२]
मुक्पी अवा ठक्ला छ्यो, मुक्पी अमा छ्यूला छ्यो, मुक शिले.....[२]
अनि क्यूमी क्यूवा स्योर क्यूवा कि ला,
कि किज्य स्हिङ्ला ताङ, स्हिङ्ला रम्बा के,
रम्बा फूङ्गी सो, फूङ्गु गल्वा स्योर,
क्याङ्मी मिक्चू ताङ्, ङाङ्वी पेज्या रा......॥
मुक शिले..........मुक् शिले ।

अहिले पनि लेक, गोठ, खर्कतिर यी मन्त्र गाएर बादललाई हटाउने चलन यथावत छ ।



खुम्बुको देवदेवीलाई साङ धूप बाल्दै

# प्राकृतिक शक्ति "साङ्"

सेर्पा भाषा तथा भोट भाषामा धूपलाई साङ् भनिन्छ । अर्थात् साङ् भनेको धूप हो । पुर्वी दर्शन तथा संस्कृतिहरूमा धूपलाई ठूलो महत्त्व दिईएको पाईन्छ । चाहे हिन्दु या बौद्ध धर्मावलम्बी होऊन्, गुम्बा या मन्दिरहरूमा सर्वप्रथम धूपलाई नै बाल्ने गर्दछ । त्यस पछि दियो बत्ति बाल्ने, जल चढाउने र अन्य पुजा विधि गर्ने जस्ता धार्मिक कार्यहरू सुरू हुने गर्दछ ।

प्रकृतिबाट प्राप्त धूप "साङ्"ले वातावरणलाई शुद्धिकरण गर्ने भएको हुँदा सेर्पाहरूका चलनमा "ढुप्साङ्" (साधना गरी पुजा गर्दा बालिने धूप), "थपसाङ्" (अगेनामा हाल्ने धूप) र "ज्ञसाङ्" (सय थरि धूप) भनी धूप बाल्ने चलन छ ।

## ढुप्साङ्

ठूला ठूला लामाहरूले पुजापाठ र साधना गरी बाल्न तयार पारिएको धूपलाई "ढुप्साङ्" भन्दछ । सामान्य बिरामी भएकाहरूले बालिएको ढुप्साङ् सुध्दा बिरामी निको हुन मद्धत गर्ने विश्वास छ ।

## थप्साङ्

प्रत्येक सेर्पाहरूको घरमा बिहानै अगेना चुलोमा धूप बाल्ने चलन छ, सो चलनलाई "थप्साङ्" भन्दछ । दिनभरि चुलोमा विभिन्न परिकारहरू पकाउँदा, भुट्दा तथा पोल्दा अगेनामा उम्लेको पदार्थ पोख्नु "थप स्योर" चुलो आगोमा मासु हड्डी पर्न गई घरको वातावरणमा प्रदुषण पर्न गई चुलोको अग्नि देव, घरको पानीको जलदेव, ईष्टदेव तथा गाउँको कुलदेवहरूलाई पर्न गएको असरलाई बिहान "थप्साङ्" बाली सबै लोकहरूलाई स्वच्छ र पवित्र पारिदिनु हो । यस कार्यबाट ठूलो धर्म हुने सेर्पाहरूको जनविश्वास छ । यो प्रकृति पुजा पनि हो ।

## ज्ञसाङ्

मानिसको शरीरमा वातावरणको प्रदुषणबाट जुनसुकै बेला असर पर्न गई बिरामी हुन सक्छ । त्यसलाई सेर्पाहरूले "ठिप" भन्ने गर्दछ । ठिपको बिरामी धेरै थरि हुन सक्छ । यि बिरामीलाई "ज्ञसाङ्" धूप बाली दिनुपर्छ । ज्ञसाङ्को धूप अन्य धूप भन्दा धेरै स्वच्छ र पवित्र हुने हुँदा यसले जस्तो सुकै दुषित, कलुषित र अपवित्र भएपनि स्वच्छ पार्ने हुँदा ज्ञसाङ्लाई एकदम ठूलो महत्त्व दिईएको पाईन्छ ।

ज्ञसाङ् को अर्थ "सय थरि धूप" भनिएको हो । ज्ञसाङ्मा सय थरि धूप नै प्राप्त नभएको अवस्थामा जति उपलब्ध भएका धूपलाई बाली त्यसमाथि छपनी, चालनी या जाली जस्ता धेरै आँखा भएका वस्तुले छोपी त्यसबाट निष्काशित धूपलाई बिरामीले सुँघ्नु पर्दछ । ती जालीमा १०० भन्दा बढी आँखा भएकाले ज्ञसाङ्को काम गर्दछ ।

## पवित्र जल "ठु"

"ठु" को अर्थ पवित्र जल हो । लामाहरूले विशेष गरी पुजाको समयमा कलश भित्र राखेर छर्किने जललाई "ठू" भन्दछ । यस जलभित्र  एकप्रकारको फूल हाली त्यसबाट निस्केको पहेँलो रङ्गलाई ठु भन्दछ र त्यस फूललाई अथवा ठूलाई चाहिने विशेष फूललाई "ठूजे" भनिन्छ । सेर्पा भाषामा त्यस फूललाई खुकुम भन्दछ । जल "ठु" भित्र खुकुम फूल हाली माननीय लामा द्वारा पुजापाठ साधना गरी तयार पारिएको पवित्र जल छर्केर वातावरण स्वच्छ हुनु मात्र नभई कुनैपनि "ठिप" (कलुषित) बाट मानिसलाई असर पर्न गई बेहोशी, लाटोपन, रिङ्गटा लाग्ने, अनिद्रा आदि हुने स्थितिमा यो "ठु" जल सेवन गर्न पाए स्वच्छ भएर शरीरमा फुर्ति पुर्ण फर्किने, होशमा ताजापना आउने जस्ता फाईदा शरीरलाई हुने हुँदा यसो ठूलो महत्त्व राख्ने गर्दछ ।

## कर ठु

तर यदि कुनै कारणवस लामा पनि नभएको र खुकुम फूल तथा कलश पनि उपलब्ध नभएको अवस्थामा सेर्पाहरूले तामाको ढप्को भित्र चोखो पानी हाली रातभरि घरको छतमाथि भण्डार राखी बिहान सबेरै तारा अस्ताउने समयमा उठाउने जललाई "कर ठु" भन्दछ । यस जलको सेवनले शरीरलाई धेरै फाईदा हुने सेर्पाहरूमा जनविश्वास छ ।

कर भनेको तारा हो र ठु भनेको जल हो । मेरो स्वर्गीय पिता अठेन्जुलेका अनुसार, "तामाको आफ्नै एक प्रकारको शक्ति हुन्छ र त्यसमा सफा रात भएको समयमा लाखौ ताराहरूका शक्तिहरू हुने हुनाले तामाको ढप्को भित्र थापेको जलमा धेरै शक्तिहरू संचित हुन्छ, उक्त जल सबैभन्दा उच्चकोटीको ठु हो ।" भन्नु भएको छ । उनका अनुसार "छ्याङ कि कर्मा गेलुङ पिन दूनकी ढुवी ठू यिन् ।" अर्थात् उत्तरी सात भाई ऋषि "गेलुङ" द्वारा साधना गरेको जल हो, भन्नुभएको छ । त्यस कारण यस प्रकृति शक्तिलाई पनि सेर्पाहरूले प्रयोग गर्ने चलन छ ।

खण्ड १२

# प्रकृति र मानिसको शरीर बीचको शक्ति सन्तुलनको असर

मानव शरीर प्रकृतिका तत्वहरू मिलेर बनेको हुन्छ । यी तत्वहरूमा सेर्पाहरूका भनाई तथा पुस्तकहरू अनुसार "जुङवा स्ही" (चार तत्वहरू) : स, क्षु, मे लुङ (भूमि, जल, अग्नी, वायु) पर्दछन् । यी चार तत्वबाट बनेका मानिसको शरीरलाई विभिन्न प्रकृतिको शक्तिबाट सकार त्मक या नकरात्मक असरहरू पर्ने ज्योतिष शास्त्रमा उल्लेख भएको पाईन्छ । मानिसको शरीर प्रकृतिको चार तत्वबाट बनिएपनि चलायमन एक संम्वेदनशील तत्व हो । यस शरीरलाई विभिन्न ग्रह, विभिन्न समय, ऋतु, १२ वर्ग, सात बार, महिना समेतको शक्तिबाट विभिन्न किसिमको प्रभाव पर्न आउँछ । जस्तै :

- सेर्पाहरूको चलनमा १२ वर्ग मध्येका कुनै वर्गबाट एक चक्र घुमी आफ्नो ठाउँमा आईपुग्दा "काग" या "क्याक" भनिन्छ । १२, २४, ३६ आदि उमेर अनुसार क्याकको दशालाई पार गर्दै जानुपर्ने हुन्छ । प्रत्येक क्याकको समयमा आईपर्ने ग्रहदशाको लागि ग्रह र दशा फाल्ने पुजा विधिहरू हिन्दु र बुद्धिष्ट दुवैमा पाईन्छ ।
- त्यसै गरी पहिलाका पुर्खाहरूले "रि तोङवाला के माग्याक" (खाली पाखामा नचिच्याउनु ) भने को पाईन्छ ।
- सुनसान खाली ठाउँमा कसैले बोलाएमा या बोलेमा तिन पटकमा मात्र जवाफ दिनु भनिन्छ ।
- विहान सबेरैको अँध्यारो झिसमिसे र साँझको झिसमिसेमा नघुम्नु भनिन्छ ।
- पुर्खाहरूले "स्हिङ स्योक ख फे" अर्थात बसन्तको आगमनमा अथवा रूख, झार विरूवाहरूमा पालुवा लाग्दै गर्ने समयमा धेरै नघुम्नु भनेको पाईन्छ ।
- पुर्खाहरूले "रोवो खम्नाक" अर्थात हलो जोते पछिको कालो ताजा माटोको डोरो माथि अचानक घुम्न नजानु भनेर भनेको पाईन्छ ।
- खेतीबाली उठाई सकेर सेतो खाली ठाउँ अथवा अउलमा धान र लेकमा उवालाई दाई गरी सकेर सेतो भईसकेको लाई "उसा क्यथेर" भन्दछ । त्यस ठाउँमा सकेसम्म नजानु भनिन्छ ।
- पुर्खाहरूले "पाङबो खशेर" भनी वनपाखातिर घाँस सुकेर पहैँलो भईरहेको समयमा नघुम्नु ।
- पुर्खाहरूले "चाङबो स्यूरा" अर्थात् खोलामा जमेको बरफ बिल्न सुरू हुँदै गर्दा तिर किनार मा नजानु भनी उपदेश दिएका छन् ।



*जीवनयापनको प्रयोगमा ल्याइने कोदो निफन्ने कार्य*

खण्ड १३

# सेर्पाहरुको जीविकोपार्जन व्यापार व्यवसाय

सन् १९५० पूर्वका सेर्पाहरू पूरै कृषिमा आधारित थिए । नौ हजार फिट देखि माथिको उचाईमा बसोबास गर्ने सेर्पाहरू (नाम्चे देखि माथिका सेर्पा) बाहेक तल भेगका सेर्पाहरू अझै खेती र पशुपालनमा निर्भर छन् । सेर्पाहरू चौरीगाईको दुधबाट धेरै थरिका परिकारहरू बनाएर खान सिपालु छन् ।

सन् १९५० भन्दा पहिले सेर्पाहरूको व्यापार तिब्बतमा हुने गर्दथ्यो । खुम्बुबाट सुकाएको आलुको चाना "ह्रेह्रे", ऊन रंगाउनको लागि "ग्यजू" (रङ विशेष) र विभिन्न जडिबुटीहरू तिब्बतमा बेच्न लान्थे । तिब्बतबाट च्याङ्ग्राको मासु, बोसो, डल्ले नुन, साबुनको लागि प्रयोग गरिने फुल्दोक (एक प्रकारको चुन जस्तो माटो), चम्पा आदि ल्याउने गर्दथे । र ती बेंसीमा लगी अन्नसँग साट्दथे । त्यस बखत आयोडिनयुक्त नुन र ईन्डियन नुन नपाईने भएकाले वस्तु तथा मानिसले त्यहि नुन प्रयोगमा ल्याउँथे । त्यस्तै खुम्बुका सेर्पाहरू भेडा च्याङ्ग्रा पालन गर्दथे । ऊन काटेर महिला तथा पुरूष दुवैका लागि बख्खु, गेवे, मटिल, गलैंचा बुन्दथे । जडिबुटि तल्लो भेगमा लगेर व्यापार गर्दथे । अन्नसँग साटेर वस्तुलाई बोकाई खुम्बुमा ल्याउँथे ।

सन् १९५० को दशक देखि विस्तारै पर्यटकहरू नेपालका हिमाल चढ्नका लागि आउन थाले । हरेक वर्ष पर्यटकको संख्या बढ्दै गयो । त्यहाँका सेर्पाहरूको ईमान्दारिता, हिमाल र पहाड चढ्ने बहादुरीता सँग परिचित हुँदै गए । उनीहरूसँग पहाड चढ्न तथा अग्ला डाँडाहरू काट्न र हिमाल चढ्नका लागि सहकार्य गर्न थाले । विश्वसनियता र सहकार्यका कारण काम सफल हुँदैगयो । पर्यटकको संख्यामा पनि वृद्धि हुँदै गयो । कृषि र पशुपालन भन्दा पर्यटन व्यवसाय बढी लाभदायक भएकाले विस्तारै पशुपालनमा कमी हुँदै गए । साथै तिब्बत तथा अन्य ठाउँमा व्यापार गर्ने काम पनि छाड्दै गए । खुम्बुको पर्यटन व्यवसायबाट भएको आर्थिक विकास देखेर स्थानीय तथा छिमेकी गाउँका व्यापारीहरू आकर्षित भए । विभिन्न संघसंस्थाहरू स्थापना हुने क्रम रह्यो ।

पर्यटन विकासका कारणले खुम्बुका सेर्पाहरूको पुरानो कृषि व्यवसाय घट्दै गयो । धर्म र सांस्कृतिक परम्परामा असर पर्‍यो । पशुपालन व्यवसाय ज्यादै नराम्रो गरी प्रभावित भएको छ । सेर्पा बस्ती महङ्गीले गाँजेको ठाउँ हो । सन्तानलाई समय अनुकूल उच्च शिक्षा दिलाउनु पर्ने आवश्यकता छ । पैसाको बिगबिगीले बिलासी जीवन प्रति आकर्षण बढेको छ । यी कारणले पुँजी संचयमा असर परेको देखिन्छ ।



डुम्जी पर्वमा मी छिरिङ्सँग पर्यटक सामेल हुँदै

खण्ड १४

# पर्यटकीय प्रभाव

मनोरञ्जन तथा विभिन्न उद्धेश्यको लागि विशेष स्थलमा घुम्न आउँने देशी तथा विदेशीहरू व्यक्ति तथा समूहलाई पर्यटक भनिन्छ । यो एउटा व्यापार सँग सम्बन्धित शब्द र प्रकृया हो । यो कुनै जाति विशेषको नाम होइन ।

यस प्रकृयाको बहाव बढी भएको खण्डमा सम्बन्धित ठाउँको संस्कृतिलाई सकरात्मक तथा नकरात्मक असरहरू पर्दछन् । जस्तैः

## खुम्बु क्षेत्रमा पर्यटनका कारण संस्कृतिमा पर्न गएको सकारात्मक पक्षहरु

क) व्यक्तिगत तथा सामुहिक सरसफाईमा सुधार

ख) निजी तथा सामुहिक विकासमा वृद्धि

ग) खानपानमा सुधार र भिन्नता

घ) दैनिक प्रयोग हुने धेरै जसो सर-सामानको सुधार

ङ) पहिरनमा सुधार र भिन्नता

च) शिक्षाको महत्त्वमा वृद्धि

छ) स्वास्थ्य क्षेत्रमा विकास र रोगव्याधिमा कमी

ज) पूजा पाठमा वृद्धि

झ) दान दक्षिणा र चन्दामा वृद्धि

ञ) दैनिक जीवनमा परिवर्तन

ट) देशी विदेशी भ्रमणमा वृद्धि

ठ) रोजगार र जागिरमा सहज

## पर्यटनको कारण खुम्बुको संस्कृतिमा पर्न गएको नकरात्मक पक्षहरु

| कृषि क्षेत्रमा | समयको क्षेत्रमा | धर्म र पवित्र क्षेत्रमा |
|---|---|---|
| Quick Cash Crop बाहेक Slow Cash Crop को लोप हुनु | घरपरिवारको लागि समय दिन नसक्नु<br>चाडपर्वको लागि समय दिन नसक्नु | बौद्ध धर्मअनुसार ठावा र आनि बन्ने संख्यामा कमी हुनु |
| पशुपालनमा कमी | खेती किसानका लागि बाली छिप्न पाउने समय दिन नपाउनु | फोहोर र दुर्गन्धमा बृद्धि |
| गोठ, खर्क र चरण क्षेत्रको विस्तारै लोप | Season र Offseason भनेर दैनिक जीवनलाई सजीव र निर्जीव तुल्याउनु | पवित्र कुण्ड र पवित्र हिमालको महत्त्व हराउने |
| सेन्टर र कुनाको जग्गाको चलन | | गुम्बाहरूमा व्यापारको प्रवेश |
| पूँजीलाई बाहेक जग्गाको मान्यतामा कमी तुल्याउनु | | चामखाङहरूको लोप<br>तपो गुफाहरूको लोप |
| मलखाद र दूध, दहिको लोप | | |
| पर्यटक क्षेत्रमा काम गर्ने बाहेक पछाडि परेका वर्गलाई महँगीको बोझ | | |

# लुनर र अंग्रेजी क्यालेन्डर

## Tibetan Royal Year 2139
## Buddha Shakya Muni Era 2556
## English Year 2012-2013

| **Luhnar calendar** | **English month (Solar Calendar)** |
|---|---|
| दवा थाङबु (प्रथम महिना) | (February 22 to March 22) |
| दवा ङिवा (दोस्रो महिना) | (March 23 to April 21) |
| दवा सुम्बा (तेस्रो महिना) | (April 22 to May 20) |
| दवा स्हिवा (चौथो महिना) | (May 21 to Jun 19) |
| दवा ङवा (पाँचौ महिना) | (June 20 to July 19) |
| दवा ठुक्पा (छैठौ महिना) | (July 20 to August 17) |
| दवा दुन्वा (सातौ महिना) | ( August 18 to September 16) |
| दवा झेपा (आठौ महिना) | ( September 17 to October 15) |
| दवा गुवा (नवौ महिना) | (October 16 to November 13) |
| दवा च्युवा (दशौ महिना) | (November 14 to December 13) |
| दवा च्युचि (एघारौ महिना) | (December 14 to January 11) |
| दवा च्युङि (बाह्रौ महिना) | (January 12 to February 10 ) |

दवा स्हिवा कम्किरे
दवा ठुक्पा छ्यु खेर्पाताङ ज्याम,
सनम लोसार खवा सेर्ले कोन,
ज्ञक्न ज्ञकचि च्याले ह्रा.

चौथो महिना सुख्खा महिना
खोला बढेर किनार सम्म पुग्ने महिना
सोनम लोसारको हिउँ सुन भन्दा महँगो
परिहाले फलाम भन्दा साह्रो

## ऋतुहरु (Season of the Year)

According to Tibetan Royal year
Buddha Shakya Muni Era
English year 2012-2013, Feb 10

| **Season** | **दवा (Lunar month)** | **Month** |
|---|---|---|
| Spring | दवा २ | March 23 – April 21 |
| सोका,चिन्दा | दवा ३ | April 22 – May 20 |
| | दवा ४ | May 21 – Jun 19 |
| Monsoon | दवा ५ | Jun 20 – July 19 |
| यरू, यर्का | दवा ६ | July 20 – August 17 |
| | दवा ७ | Aug 18 – Sep 16 |
| Autumn | दवा ८ | Sep 17 – Oct 15 |
| तोन, तोन्का | दवा ९ | Oct 16 – Nov 13 |
| | दवा १० | Nov 14 – Dec 13 |
| Winter | दवा ११ | Dec 14 – Jan 11 |
| गुम्बु, गुन्दा | दवा १२ | Jan 12 – Feb 10 |
| | दवा १ | Feb 22 – March 22 |

Winter Solstice दिन फर्कने दिन Dec 22 फोन्दा चुचिग् (११) को

गुन थाङवु :- छेवा ९ – छेवा १७ सम्म
गुन जिवा :- छेवा १८ – डिस्यु २६ सम्म
गुन सुम्वा :- डिस्यु २७ – छेवा ६ सम्म सबैभन्दा जाडो महिना भनिन्छ ।

खण्ड १६

# महत्त्वपूर्ण शीलहरु

## अवलोकेतेश्वरको मन्त्र (ॐ मणी पद्मे हुँ)

१) ओंम करपो ल्हाइ यूल्दु ठोइ । ग्युद् ङाग्याल फोतुङ दुग्ङाल ज्याङ । दोन ञामञीद येशे ङोन्दु ग्युर । (देव लोक)

२) म झ्याङगु ल्हमिन यूल्दु ठोइ । ग्युद् ठाग्दोग थाबचोद् दुग्ङाल ज्याङ । दोन ज्याडुब येशे ङोन्दु ग्युर । (असुर लोक)

३) नी सेरपो मियि यूल्दु ठोइ । ग्युद् थे छोम डेल फोङ दुग्ङाल ज्याङ । दोन राङ ज्युङ येशे ङोन्दु ग्युर । (मनुष्य लोक)

४) पेद थिङगा दुइडोई यूल्दु ठोई । ग्युद् तिमुग लुनमोङ दुग्ङाल ज्याङ । दोन छ्योइइङ येशे ङोन्दु ग्युर । (तिर्यक लोक)

५) मे मरपो यिदाग यूल्दु ठोई । ग्युद् दोइछयाग टेकोम दुग्ङाल ज्याङ । दोन सोरतोग येशे ङोन्दु ग्युर । (प्रेत लोक)

६) हुँ थिङनक ज्याल्वे यूल्दु ठोई । ग्युद् स्हेदाङ छाडाङ दुग्ङाल ज्याङ । दोन मेलोङ येशे ङोन्दु ग्युर । (नरक गति)

यी ६ लोकका दुख, पीर तथा अशान्तिबाट पार पाउन करूणामय अवलोकेतेश्वरको मन्त्र जप गर्नुपर्छ भनिएको छ ।

## पाँच महापाप

| | | |
|---|---|---|
| १. मातृवध | २. पितृवध | ३. अर्हत्वध |
| ४. संघभेद | ५. घातक प्रहार | |

## काय, वाक र चित्तबाट गरिने दश (१०) अकुशल कर्महरु

**कायबाट गरिने ३ अकुशल कर्महरु**

प्राणातिपात (हत्या गर्नु)

आदत्तदान (चोर्नु)

काममिथ्याचार

**वाकबाट गरिने ४ अकुशल कर्महरु**
मृषावाद (झुठो बोल्नु)
पैशुन्य (अनावश्यक गफ)
पारूष्य वचन (कडा वचन)
संभिन्न प्रलाप (मिलेकोलाई छुट्याउनु)

**चित्तबाट गरिने ३ अकुशल कर्महरु**
अविद्या
व्यापाद
मिथ्यादृष्टि

## पञ्च विषहरु

संसारिक बन्धनमा फसिरहेका मानव देहको प्रमुख विषहरू :
१. राग २. द्वेष ३. मोह ४. मद ५. मात्सर्य हुन् ।

यी विषहरू देखि सजक रहन र प्रतिकार गर्न सकिएन भने, यसको उपचार कुनै किसिमका कर्मकाण्ड, पुजा, ग्रहदशा फालेर तथा कुनै प्रकारका आयुर्वेदिक जडिबुटीहरूको औषधि उपचारबाट निको पार्न सकिँदैन ।

## तेनमा चुञी (बाह्र देवी)

विशेष देवीहरूलाई तिब्बतियन भाषामा तेनमा चुञी भनिन्छ । ती देवीहरूले बुद्ध धर्मको रक्षा गर्छन् ।
यी देवीहरू यस प्रकार छन् ।
१. दोर्जे कुन ङाग्मा
२. दोर्जे य मा क्योङ
३. दोर्जे कुन जङमा
४. दोर्जे गे की चो
५. दोर्जे चन चिग्मा
६. दोर्जे पल गी युम
७. दोर्जे ङ.ग्मा ग्यल
८. दोर्जे लु मो करमो
९. दोर्जे बो खम क्योङ
१०. दोर्जे मन चिगमा
११. दोर्जे यरमो सेल
१२. दोर्जे यु डोन् मा

*साभारः रमेशचन्द्र नेगी*

## खण्डो छ्येङा (पाँच बहिनी देवीहरु)

१. टाशी छेरिङमा (जेठी)

२. दिङकी श्यल्साङ्मा (माईली)

३. मियो लाङसाङ्मा (साईली)

४. च्योपेन डिन्साङ्मा (काईली)

५. तेकर डोसाङ्मा (कान्छी)

## टाशी ता ज्ञे (आठ मंगल चिन्ह)

| | | |
|---|---|---|
| १. छत्र | २. मत्स्य | ३. कलश |
| ४. पदम | ५. शंख | ६. श्रीवत्स |
| ७. ध्वजा | ८. चक्र | |



खुन्दे गाउँमा अवस्थित "कणि" बाट याकको प्रवेश

खण्ड १७

# कणी/मणी

## कणी

सेर्पा गाउँहरूमा प्रवेश गर्दा प्रवेशद्वार "कणी" बाट छिरेर मात्र गाउँमा प्रवेश गर्नु पर्दछ । यो बेयूल भित्रको नियम हो । हामी यस प्रवेशद्वार भित्र छिर्नुको मतलब, कुनै पनि मन्दिर, गुम्बा, बेयूल, देवस्थलहरूमा प्रवेश गर्नु अगाडि नुहाई पवित्र भएर मात्र दर्शन गर्ने भएको हुँदा त्यसको निम्ति "कणी" बाट छिरेर पवित्र भई पस्नु र निस्किँदा "कणी" नछिरी, बायाँ तिरको बाटोबाट निस्कनु पर्छ ।

## मणी

सेर्पाको गाउँहरूमा शताब्दिऔं देखि शताब्दिऔं समय लगाएर ढुङ्गाहरूमा सम्भोटा लिपिले विभिन्न मन्त्रहरू कुँदिएर, बाटोको बीच भागमा पर्ने गरी लस्करमा र गोलो आकारले राखेका थाकहरू छन् । यसमा मानिसबाट विभिन्न कारणले हुन सक्ने पापहरूलाई मेटाउन, बिग्रेको ग्रहदशाबाट मुक्त हुन र दीर्घायु प्राप्त भई धार्मिक कार्यमा चित्त लगाई रहन, चञ्चल मन भई मनमा उब्जी रहने भय, डर, त्रासबाट मुक्त हुन आवश्यक अति महत्त्वपूर्ण मन्त्रहरू भएकाले, जहिले पनि मणीको बाँया तिरबाट मात्र घुमेर जाने गर्नु पर्दछ । यी मणीहरू कुँद्नलाई जति समय लगाए त्यसभन्दा पनि ती "एम्बक" (चेप्टो ढुङ्गाहरू) धेरै टाढाबाट ल्याएको हुन्छ । यो युगौं देखि रहि आएको छ र युगौं सम्म रहन दिनुपर्छ ।

हामीले बनाउन नसकेपनि पुर्खाहरूले बनाएकालाई सम्मान र संरक्षण गरी एक ज्ञानी व्यक्तिको परिचय दिनुपर्छ । चाहे हामी जुनसुकै धर्मको जस्तो सुकै बुद्धिजीवि किन नहोस् ।



*मणी र च्योर्तेन*

पुर्खाहरूले बनाएका मणीहरू मणी थुङ्ग्युर (करोडौ मणीमन्त्र), मणी छ्युङकोर (पानीको बहावले घुमाउने मणी), मणी लुङकोर (हावाद्वारा घुम्ने मणी), मणी लाकोर (हातले घुमाईने मणी), को मणी (छालाले बेरिएको मणी) आदि हुन् ।



थार (ध्वजा)

खण्ड १८

# थार (ध्वजा)

## छ्यो थार (आँगनमा ठड्याईने एक प्रकारको धजा)

विभिन्न देवता र त्रिरत्नको मन्त्रहरू समावेश भएको सेतो कपडामा अथवा इच्छानुसार पञ्च रंगिन कपडामा छापी लगभग छोटोमा ३० फिटको रूखलाई बोक्रा ताछेर त्यसलाई भुईसम्म नलत्रिने गरी धार्मिक महत्त्व रहेको गुम्बा, चम्खाङ या ल्हखाङ भएको निजी घरको आँगनमा टाँगेर ठड्याउनेलाई "छ्योथर" भनिन्छ । त्यो धर्म विजयको प्रतिक हो । त्यस छ्योथरलाई वर्षेनी शुभसाईत हेरी "छ्योथर लोङ्गु" भनी पुजाआजाका साथ पुरानो कपडालाई फेरिन्छ ।

## गोथार (घरको ढोकामा ठड्याईने धजा)

घरको परिवारको छोरी अथवा बुहारीको कोखमा छोरा जन्मिएमा, त्यस उपलक्ष्यमा घरको ढोकामा टाँगेर ठड्याइने छ्योथारलाई गोथर भनिन्छ । यो विशेष गरी त्यस छोरी या बुहारीको जन्मिएको छोराको लागि ठड्याईन्छ, छोरी जन्मिए भने राखिन्दैन । त्यसैले कुनै पुरूषले महिलाले गर्न नसक्ने काम गर्दा, महिलाले तर्क दिनुपर्ने खण्डमा, "तिमी पुरूषहरू गोथार झण्डा पाएर, त्यति काम गर्न के अचम्म हो र" भनी तर्क दिने चलन देखिन्छ ।

घरको साईत जुटाई सेर्कीम पुजा गरी ठड्याउने गोथारलाई रूखको हाँगाहरूको टुप्पोमा सेतो हुनेले सेतै देख्ने गरी टाँग्ने चलन रहेको छ ।

## लुङथार (डाँडाको उचाईमा टाँग्ने)

उच्च उच्च ठाउँमा डोरीमा पञ्च रंगिनले मिलाएर टाँग्ने, धार्मिक मन्त्रहरूलाई "लुङथार" भनिन्छ ।

लुङथार टाँग्ने डाँडा अग्लो मात्र नभई खुल्ला पनि हुनुपर्छ, जहाँबाट खोला बगेको देख्न सकियोस् । लुङथारलाई "लुङ त"(Wind Horse) पनि भनिन्छ । लुङथार या लुङ त गौतम बुद्धको समयमै प्रचलनमा भएको रहेछ । गौतम



*लुङथार*

बुद्धले भन्नुभयो रे, "मेरो सफलता ग्यल्चेन चेमु लुङथर टाँग्नाले भएको हो" । त्यसकारण ग्याल्चेन चेमु लुङथरको ठूलो महत्त्व छ, भन्ने बुझिन्छ । तर अहिले छेब्जुम, डोल्मा, बज्रगुरू, फर्च्ये लमसु, जस्तै अरू महत्त्वपुर्ण देवताहरूको मन्त्र पनि टाँग्ने गरिन्छ ।

परम्परा अनुसार "ग्याल्चेनचेमु लुङथार/लुङ त" टाँग्दा, त्यसमा चित्रित घोडाको मुख पुर्वमा पर्ने गरी टाँग्नुपर्छ ।

## छ्यपथार

महत्त्वपुर्ण कर्मकाण्डहरू जस्तैः घरमा देवता बुझाउँदा, विहे गर्दा गरिने पुजामा, ठूलो र पुरानो गुम्बाको संरक्षक "सुङमा" को नाच हुँदा गरिने स्वागतमा, पुरानो गाउँहरूमा भुत लखेट्ने लोक्पर पुजामा तथा मृत शरीरलाई दाहसंस्कारको लागि चिहान सम्म लग्दा, आ-आफ्नै थरिका झण्डा (छ्यपथार) को प्रयोग गरेको पाईन्छ ।

संरक्षित र पवित्र क्षेत्रहरूमा रहेका प्रकृतिहरूमा बास रहेको देवदेवी नागनागिनी, ईष्टदेब, तथा सिमेभुमेहरूलाई नाम पुकारी पुजा गर्दा प्रत्येक तहकाहरूलाई आ-आफ्नै प्रकारको झण्डा अर्थात् थारले पुजा गर्नुपर्ने चलन छ ।



*छ्यपथार*

जस्तै
"ल्ह" लाई थार करू (सेतो धजा), "चेन" लाई थार मरू (रातो धजा), "दु" लाई थार नाक्पु (कालो धजा), "सपदक" लाई थार ठावु (सेतो कालो मिसेको धजा) आदि ।

यसरी कुल देवता, ईष्टदेवहरूलाई पुजा गर्दा थारकरू झुण्डयाउने निगालोलाई "थार स्हिङ" भनिन्छ । प्रकृति देवताहरूको नाममा चढाउने झण्डाहरू कुनैमा पनि बुद्धको कुनै पनि मन्त्र नछापेको सादा चढाउनु पर्छ, भनिएको छ ।

## छेथार

हामीले कुनै पनि जनावरको प्राणलाई काटमार हुनबाट बचाउने हेतुले किनेर छाडी दिने, आफैले पालेको पशुलाई हत्या हुन नदिने कबुल गरी वस्तुको ढाँडमा सेतो झण्डा झुण्ड्याई छाडी दिनेलाई "छेथार" भनिन्छ ।

## लो ठाङ

"लो ठाङ" को अर्थ उमेरको गन्ती हो । घरको परिवार मध्ये कसैको उमेरको गन्ति अनुसार लुङ्थार टाँग्ने हो भने, एउटा सानो ताक्पा (भोजपत्र)को रूख काटेर त्यसमा लुङ्थार टाँगेर अग्लो डाँडामा ठड्याउने चलनलाई "लो ठाङ" भनिन्छ ।

## छ्यु लुङ

कुनै ठूलो कोशी (खोला) माथि लुङ्थार डोरीमा टाँगी खोलाको वारी देखि पारी सम्म टाँगिनेलाई "छ्यु लुङ" भनिन्छ । छ्यु लुङ खोलाको एक किनार देखि अर्को किनारसम्म टाँगिने गर्दछ । यसलाई सहजताको लागि पुलमा टाँगिएको पनि पाईन्छ ।



छ्युलुङ्


लामाको स्वागतको लागि खादाको साथमा शेर्पाहरू

# खुम्बुमा खत्ताको प्रचलन

सेर्पाहरूको धर्म संस्कृतिमा सेतोलाई ठूलो महत्त्व दिईएको पाईन्छ । सेतो र कालो रंगलाई सेर्पा भाषामा मुख्य गरी, राम्रो नराम्रो, सकरात्मक र नकारात्मक जस्ता कुरालाई अर्थाएको पाईन्छ । गीत तिर पनि "कर्पु क्याक्याङ मिन्दे नाक्पी दयाङ मिन्दुक" अर्थात् "सेतैसेतो बाहेक कालो रंगको थोपा पनि छैन" र "युल्हि देन्शा यिन्दे, टासी कर्ता खुर्नी यूल्हि ज्योला ताङ्डो" अर्थात् "शुभमंगलको सेतो चिनोलाई खुम्बु गाउँको देवता खुम्बुयूल्हलाई चढाउँ ।" भन्ने अर्थका गीतहरू पाईन्छ ।

खुम्बुको शुभकार्यहरूमा शुभमंगलको लागि सेतो चम्पा अर्थात् सातूको प्रयोग गर्ने गरिन्छ, त्यसलाई "कर्ता" भनिन्छ । यसको अर्थ, सम्मान गरी सेतो चिनो चढाउँनु, वा लगाई दिनु, भन्ने हो । "कर" भनेको सेतो र "ता" भनेको चिनो हो । पछि यसबाट अलिक परिवर्तन गरी "चम्ता तोङ" भन्ने भाषा पनि भन्न थालियो । करता भन्ने शब्द, खुम्बु र तिब्बतको जति पुरानो अस्तित्व छ, त्यति नै यो शब्द पुरानो हुनुपर्छ ।

पछि यसबाट आधुनिक विकास भएको अवस्था हुनुपर्छ, खुम्बुको सेर्पा (खुम्बो) हरू धरभंग सम्म गएर सेतो खाले कपडा किनेर ल्याई तिब्बत र खुम्बुको बीचमा "लुङथर" र "कर ता" को लागि व्यापार गर्थे । त्यस खाले कपडालाई "च्याप्तर" भनिन्थ्यो । त्यस बखत पुजा "ल्हा छेत्तु" गर्नुपर्थ्यो, त्यै "च्याप्तर" कपडालाई ठिक आकारमा काटेर काठको छापा "पार स्हिङ" लाई कालो "मेत्ताङ नाक्चौ" मसीबाट छाप लगाइन्थ्यो र पुजा गरिन्थ्यो ।

"कर ता" को लागि त्यही "च्यप्तर" कपडालाई ३ इन्च देखि ३८१ फिट सम्मको काटेर केटालाई दाँया र केटीलाई बायाँ कुममा सिउरिन्थ्यो । त्यही हो करता । त्यस समयमा त्यस कपडाको "कर ता" को टुक्रा पाउनको लागि केही आर्थिक हिसाबले बलियो व्यक्ति तथा महाजनलाई मात्र सम्भव थियो । नत्र बाँकीले "चमता" को नै बढी प्रयोग हुन्थ्यो ।

सेर्पा हुँ भनी सेर्पा समाज भित्र बस्ने मूल स्यारपाको परम्परामा "कर ता याङजी" भन्ने शब्द एकदमै महत्त्वपुर्ण र शुभ हो । "करता याङजी" शब्द अहिले पनि गाउँघर विशेष गरी खुम्बुक्षेत्रमा सुन्न र देख्न पाईन्छ । लगभग सन् 1965-1970 तिर खुम्बुमा प्रयोग हुने "कर ता" कालिम्पोङ इण्डियामा बनेको र पातलो सेतो जाली भएको व्यापक चलन चल्ती आएको थियो । त्यसलाई "खत्ता क्युमा" नामले चिनिन्थ्यो । त्यसपछि त्यो भन्दा अलिक कपडा स्तरमा ८ इन्च चौडाई र लगभग ६.५ देखि ७ फिट सम्मका लम्बाइको खता निस्क्यो । यो प्रयोग गर्दा फुस्स सेतो पाउडर निस्कने गर्दथ्यो । त्यस खत्ता "अस्सी खत्ता" नामले प्रयोग भएको थियो ।

यसरी "करता" बाट "चमता", "खत्ता क्युमा" (साधारण खत्ता) भएर विकास हुँदै आएर, हाल सन् 2005 देखि अहिले सम्म ६ नम्बर, ७ नम्बर हुँदै क्रमशः १० नम्बर साइजमा खात्ता खरिद गर्न पाईन्छ । अझ बुट्टावाला, "टासी ताझे" तथा "टासी देलेग" जस्ता संभोटा अक्षरले लेखेको ६, ७ किसिमको रङ्गिन खालको खत्ता विकास भई आएको पाईन्छ । अहिलेको समयमा खत्ताको व्यापक प्रयोग भइरहेको समय छ । खत्ता भारत र चीन दुवै ठाउँमा बनी ल्याउने हुँदा खत्ताको स्तरमा र प्रयोग कर्ताहरू बीच कसको भन्दा कस्को राम्रो जस्ता अनावश्यक प्रतिष्पर्धा भईरहेको समय देखिन्छ । जे जस्तो बनेपनि, जेजस्तो नाम दिए पनि आखिर खत्ताको वास्तविक मतलब भनेको "कर ता" (सेतो चिनो चढाउनु/लगाइदिनु) नै हो ।

स्तर बढाउनको लागि शुभ मंगलको बुट्टाहरू राखे पनि सेतो बाहेक अरू रंगिनहरूले कुनै शुभ मंगल अर्थ्याउँदैन भन्ने, "कर ता" को वास्तविक ईतिहासले प्रष्ट्याउँछ ।

पुरानो सेर्पा + खुम्बोको चलनमा "कर ता" लगाई दिने र "याङजी छ्याङ" खुवाउने गरेमा छोरीको हात माग्दा छोरी पनि दिन्छ, माफी माग्नेले माफी पनि पाउँछ, तथा सहयोग माग्नेले अरू जे पनि सहयोग पाउँछ । धार्मिक पुजाको लागि पञ्च तत्त्वलाई अर्थ्याउने गरी धार्मिक महत्त्वले दिईएको पञ्च रंगिनहरू जुन लुङथर, छ्यपतर तथा छ्योथरहरूमा पाईन्छ ति रंगहरूलाई हाल व्यापारीहरूले खत्तामा समेत मिलाएर बजारमा ल्याएका छन्, तर खत्तामा शुभ रंग सेतो "करू" बाहेक अन्य रंग व्यर्थ हो, भन्ने हाम्रो पौराणिक परम्पराले अर्थ्याउँछ ।

# झि/स्हि (Dzee)



झि मिक गुवा

झि गहनाको रूपमा प्रयोग हुँदै आएको एक बहुमूल्य पत्थर हो । तर यसको नाम कहिले देखि गहनामा प्रयोग भै आएको, कहाँ कुन देशमा कसले कसरी बनेको भन्ने बारेमा अहिले सम्म सत्य तथ्य खुल्न सकेको छैन । झि बहुमूल्य पत्थरको रूपमा मानिआएता पनि यस सम्बन्धि कुनै पनि शास्त्र, पुस्तक, गित वा श्येपा (कथा) मा महिलाको गहनाको रूपमा हालसम्म उल्लेख भएको फेला पारिएको छैन ।

झि को उत्पत्ति सम्बन्धि विभिन्न भनाईहरू रहेको पाईन्छ । यसलाई कसैले "नागको मणी" हो भनी मानेको देखिन्छ । त कसैले "छ्यख्युङ भन्ने चराको सुली" हो, भनिएको पाईन्छ । कसैले "देवताको बरदान" अर्थात् "ठिसा नोर" (देवताको सम्पत्ति) पनि भन्ने गरेको देखिन्छ र कसैले यो "मानव निर्मित माला" हो पनि भनेको पाईन्छ ।

झि मानव निर्मित हो या होइन शंकाको विषय नै देखिन्छ । किनभने म सानो हुँदा पश्चिम पोखरामा माउन्टेन ट्राभलको गेम फार्म कालिज पालन केन्द्रमा काम गर्ने (जागिरे) निमा साङ्गे सेर्पाले कामको सिलसिलामा पोखरा सेतीखोलाको किनारबाट रामघाट बालुवा चालेर ल्याउने क्रममा एउटा सेतो झि फेला पार्नु भएको थियो तर त्यसको धागो उन्ने प्वाल भने थिएन जसलाई म स्वयंमले देखेको थिएँ । त्यो सन् १९७६ तिरको कुराको हो । त्यस्तै २०११ को जुन २६ तारिक म खुम्बुबाट काठमाडौं आउँने क्रममा मौसमको खराबीको कारणले प्याराडाइज लज लुक्लामा तिन रात बसाई भयो । त्यस बखत मेरो झि सम्बन्धि उत्सुकताको कारण बेलुकै पिच्छे लजमा रहेका पाहुना साथीहरू सँग कुराकानी भयो । एकजना लामा पनि हुनुहुन्थ्यो वहाँको नाम गेन् लोटु थियो, वहाँले भन्नुभयो, धेरै थरिको भनाई त छ तर खोई के हो मानव निर्मित जस्तो पनि लाग्छ । त्यसलाई जवाफ दिँदै खुम्जुङ गा.वि.स. वडा नं ८ (गोरकशेप) को लज स्नोल्याण्डका मालिक पासाङ्कामीले भन्नुभयो, "मैले चिनेको एक साथी पेम्बा सेर्पा टाप्टीङ सोलुको केटाले पश्चिम ट्रेक जाँदा एउटा बग्ने सानो खोलामा पानी लिन जाँदा दुलो नभएको झि पाएर रू. २०,००० मा बेचेछ" भनी सुनायो ।

मेरी आमाले भन्ने गर्थे, "भि नागराजाको सम्पत्ति हो, त्यसैले किरा जसरी लस्करमा राम्रो तिथिका दिन साईत हेरेर एक ठाउँबाट अर्को ठाउँमा सरेर जाने गर्दछ, यस्तो अवसर भाग्यमानीले मात्र देख्छन् । त्यसबेला आफ्नो शिरको टोपी वा कुनै लगाएका कपडा त्यसमाथि फाली त्यसलाई गोम्ज्यु (जुठो) पार्नु पर्छ, अनि मात्र हात लाग्छ नत्र गायब भैजान्छ" ।

यस पुरानो भनाईलाई विश्वास गर्न मलाई बाध्य बनायो । एक दिनको घटना हो, सन् १९९७ ताका, खुम्जुङ गा.वि.स. वडा नं १ को मनिज्युङ भन्ने स्थानको चौरमा मैले पर्यटकहरूको लागि सानो लज बनाएको थिए, त्यस घरको जगमा राख्नको लागि लगभग २०० मिटरको धुरी "पोम्जुङ री" अथवा "यूलि मेण्डल" (देवतालाई अन्न चढाईएको मानिने पहाड) को फेदबाट मेरो आफ्नो बहिनी ज्वाई छुल्डीम दोर्जी सेर्पा र मैले एउटा ठूलो ढुङ्गा पल्टाउने क्रममा तिस मिटर आसपासको बलौटे मैदानमा त्यो ढुङ्गा मुनि "भि नक्टा" अपर्भट देख्यौं, दुर्भाग्यबस ढुङ्गा त्यसमाथि पल्टि हाल्यो । हामी दुबैको मुखमा "ला.. ला..भि" शब्द निस्क्यो । दुबैले त्यस ढुङ्गालाई होशियारिपूर्वक फेरी उल्टो पल्टायौं तर भि देखिएन । हामी दुबैले धेरै खोज्यौं तर भेटिएन, गायब नै भयो । हामी दुबै जना छक्क पर्‍यौं । कुनै कपडाले छोप्न पाएको भए पाईन्थ्यो कि तर भाग्यमा नभए नहुँदो रहेछ । उक्त भि गायब भएको घटनालाई मैले खुन्दे गुम्बाको प्रमुख लामाकी श्रीमति अनी सोनालाई सुनाए । वहाँले भन्नुभयो, त्यो लु भि (नाग मणी) भन्ने चाहिँ हो, त्यस्तो हुन्छ ।

गहनाको रूपमा यु, छुरूक र पोशिललाई पुस्तक, गित तथा कथा तिर जति महत्त्व दिएको पाईन्छ, त्यस्तै तिब्बतको ल्हासा स्थित छोखाङ गुम्बा अर्थात चोक्ला खाङ गुम्बा भित्र रहेको महत्त्वपूर्ण र बहुचर्चित छ्योयिसी नुर्वु (बुद्धको मूर्ति) को मुहार र घाँटीमा भि मालालाई अति सुन्दरताका साथ सिङ्गारिएको पाईन्छ, त्यसैले पनि होला यस भि ले यति विशेष स्थान पाएको ।

भिको महत्त्व, रङ्ग, लम्बाई, मोटाई, आकारहरूलाई वर्गीकरण गरी मूल्य तोक्ने चलन छ । भिको वर्गिकरण निम्न प्रकारका छन् ।

भि मिक चुञी (१२ आँखे)
भि मिक गुवा (९ आँखे)
भि मिक ठुक्पा (६ आँखे)
भि मिक स्हिवा (४ आँखे)
भि मिक सुम्बा (३ आँखे)
भि मिक ञिवा (२ आँखे)

त्यस्तै गरी रङ्गमा
नक्टा (सफा कालोमा सेतो आँखा)
खम्डा (केही पहेंलोमा सेतो आँखा)
सकु नम्कु
भि च्यारी ङिच्चक (फेद र टुप्पोमा गोलो दोब्बर सेतो धर्काले घुमेको)
भि रिल (भि डल्लो/गोलो)
भि सेटा (कालोमा अलिक धेरै पहेलो)

झि सुन भन्दा पनि मूल्यवान छ । मेरो आमाले भन्ने गर्थिन्, "कुनै चिजको रूप हुन्छ, त्यस रूपले आफ्नो सुन्दरता बाहिर प्रकट गर्छ र सबैको ध्यान खिच्छ जुन मूल्यमा परिणत हुन्छ । यो कुरा जीव वा निर्जीव सबै वस्तुलाई लागू हुन्छ ।" त्यसैले झि को सुन्दरतालाई गहनाको रूपमा प्रयोग गरेर महिलाहरूको सुन्दरतामा अझ शोभा बढाउन आश्चर्यजनक मद्दत मिलेको छ ।

सन् १९७९ को शरत् (Autumn) ऋतुमा म वेस्ट जमर्नी सँग एभरेष्ट एक्सपिडिसन गएको थिए । सुङदारे सेर्पाले प्रथम समिट गरेको समय हो । त्यसबेला आरोहण दलका सदस्य "सेर्पा" अर्दलीहरू घर फर्केको दिन "दुङज्याङ" खाई गाउँले नातागोताहरू नाचगान गरी रमाईलो गर्ने चलन थियो । त्यस दिन मेरो घरमा दुङज्याङ खानको लागि मेरो मामा पर्ने अङे पल्दोर्जेलाई पनि निम्त्यायौं । अङे पल्दोर्जे सेर्पा एक झि संकलक र झि विज्ञ हुनुहुन्थ्यो । सबै रमाईलो गरिरहेका थियौं । मलाई वहाँले आफ्नो नजिक बस्न बोलायो म वहाँ सामु बसे । वहाँले भन्नुभयो, "तिमीहरू यसरी हिमाल चढ्ने जोखिम काम गर्नेहरूको लागि झि माला लाउनु जरूरी छ, झि ले मानिसको ग्रहदशा, दुर्घटना लाई छेक्छ ।" मैले त ठानेको थिए कि माला आईमाईले मात्र लाउँछन् । त्यस क्रममा झि सम्बन्धि थुप्रै कुराहरू सोधें । वहाँले भन्नुभयो, "झि एक नुरू रिज्य (मणी) हो त्यसले ग्रहदशा टार्नको लागि बुटीको काम दिने विश्वास रहेको छ । झि लक्ष्मी भएकोले फलिफाप हुन्छ, प्रत्येक झि को रङ्ग र आँखाको गन्ति अनुसार प्रत्येकको छुट्टा छुट्टै गुण हुन्छ । नौ आँखे र बाह्र आँखे झि नक्टा एक जना सँग छ भने उक्त व्यक्ति बसेको सम्पुर्ण गाउँको लागि नै फलिफाप हुन्छ । खेतीबाली देखि लिएर बाढीपहिरो जस्ता कुनै पनि अनिष्ट हुन दिंदैन । कृषक, पशुपालकहरूलाई त झन् अनिवार्य छ ।" भनी सुनाउँदै हुनुहुन्थ्यो, तर मलाई थप कुरा सुन्ने समय भएन । त्यसबखत अङे पल्दोर्जे सेर्पाको उमेर ५८-६० वर्षको हुनुहुन्थ्यो भने म चाहिँ २३ वर्षको थिए । यही उमेरको अपरिपक्वताको कारण, पुरा विश्वास लागेन ।

समय अन्तराल पछि मेरो उमेर ५३ वर्ष पुग्दा, काठमाण्डौंमा मेरो डेरा कुमारीगालमा थियो । सन् २०१० को अक्टोबर १५–३१ तारिक सम्म COP-10 को सेमिनारमा जानको लागि भिसा र कागजपत्र तयार पार्न म काठमाडौं सेप्टेम्बरमा आए । काठमाडौं बसाईका क्रममा एकदिन छिमेकी साथीसंग शनिबार बिहान १०-११ बजे सम्म कुराकानी गरेर बस्यौं । ती यसअनुसार थिए :

छिमेकी : तपाईहरूको गाउँमा पुरानो चिजहरू के के पाईन्छ ?
म : भन्नुको मतलब ?
छिमेकी : कुनै पनि पुरानो चिज जस्तै पैसा, माला, तथा अन्य..
म : पैसा त पाईन्छ कि पाईन्दैन तर झि, छुरूकहरू चाहि पाउँन सक्छ ।
छिमेकी : सबैभन्दा महँगो झि कस्तो हुन सक्छ ?
म : नौ र बाह्र आँखाको झि हरू हो भन्छन्, तर मलाई त्यति थाहा छैन ।
छिमेकी : त्यस्तो झिहरू पाईन्छ त ?
म : पहिले हाम्रो गाउँको एकजना दाई सँग थियो तर अहिले छ या छैन मलाई थाहा भएन । (मैले सोधे) तपाई आफै....?
छिमेकी : (तुरून्त जवाफ दिंदै) म मात्र होईन हाम्रो एजेन्ट छ, यदि त्यो पत्ता लाउन सक्यो भने अमेरिकाको नासालाई काम लाग्छ ।
म : (तुरून्त सोधे) नासालाई झि के काम ?

छिमेकी : त्यस्ता बहुमूल्य झि एक ग्रह देखि अर्को ग्रहमा जानको लागि रकेटको पुर्जामा राख्न एकदम आवश्यक वस्तु हो ।

झि माला एक राती उड्ने सुनकाग भन्ने चराले सुली वृष्टि गर्ने बेला पार्ने मणी हो, त्यस्तो मणी, गौ मणी, नाग मणी, कालो बिरालो मणी आदिका हुन्छन् । यी दुर्लभ हुन्छन् ।

म छक्क परे, पत्याउ या नपत्याउ, छिमेकीको कुरा सुनेर मलाई केही डर अनि हाँसो पनि लाग्यो । त्यस पछि मलाई भेट गरी राख्न मन परेन र बन्द गऱ्यौं ।

सन् 2011 June 25 का दिन प्याराडाइज लुक्लामा बेलुका खुम्जुङ गा.वि.स. वडा 6 गोरकशेप पसाङ् कामी (Snow Land Lodge) का मालिक सँग dining मा झि सम्बन्धि गफ गर्दा उसले घाँटीमा लगाइ राखेको एउटा "झि" देखाउँदै मलाई भन्यो, यो "सकु नम्कु गुमिक" हो । यसले ग्रहदशा छेक्छ, त्यसैले हामी पुरूषहरूको घाँटीमा एउटा लगाइराख्न जरूरी छ", भन्यो ।

July 18, 2011 का दिन काठमाण्डौमा हामी श्रीमान श्रीमति दुबै खुम्जुङको आङ ग्याल्जेनको भाई आङ ङिमाको बिहे कार्यक्रममा जन्तिमा गयौं । थुप्रै जन्तिहरूको माझमा थामेका (हाल काठमाण्डौ) औ मिङमा तेन्जीङ, केही उमेरमा पाको र झि गुर माला भएको सम्पन्न र अलिक चासो राख्ने व्यक्ति थियो । दुलहीको घरमा खाना खाई सकी एउटा कोठामा हामी सात जना मात्र बसी गफ गर्ने अवसर पायौं । गफको बीचमा मैले सोधे, "औ.. के झि माला चाहि तिब्बतबाट निस्कने हो ?"

वहाँले जवाफ दियो, "मलाई निश्चित थाहा छैन, तर कसैले भन्छन् नागको मणी हो, त्यसैले झुसिली किरा जसरी लस्करमा एक ठाउँ देखि अर्को ठाउँ सरेर जान्छ रे । कसैले भन्छन् सत्य युगमा देवताहरूले लडाईको बेला प्रयोग गर्ने बन्दुकको गोली थिए रे, त्यसैले दुई आँखे झि चाहि सामान्य सिपाहीले प्रयोग गर्ने गोली भएकाले अलि प्रशस्त पाउँछ तर जति बढी आँखा छ, त्यो माथिल्लो ओहदाको पदाधिकारीहरूले चलाउने महत्त्वका झि हो रे, त्यसैले कम मात्रामा पाउँछन् तर सात आँखे झि चाहि विश्वमा मात्र नभई "पित्रिलोकमा" जम्मा चार थान मात्र भएको, त्यो गोली अहिले सम्म प्रयोग नगरेकोले कुन लोकमा छ, त्यो अहिले कसैलाई थाहा छैन । तर त्यो सात आँखे चार थान झि विश्वलाई संकटमा परेको अन्तिम स्थितिमा चार दिशामा हान्नको लागि बनाएको तर बनाउँदा पाउरोटी बेक गरेको जसरी बन्थ्यो रे ।" भनी सुनायो । मेरो नजिक बाल्यअवस्थाको साथी, नाताले मेरो भिनाजु पर्न जाने, खुम्जुङको दिदि पाल्देन छिमीको पति उर्केन सेर्पाले भन्नुभयो, "मैले सुनेको चाहि झि 'जेट' भन्ने ढुङ्गाबाट बन्छ रे पाक्नुभन्दा पहिला गिलो गिलो हुन्छ रे, पाकेर चिसो भएपछि मात्र ढुङ्गा बन्छ रे तर जेट भन्ने ढुङगाबाट बन्ने झि चाहिँ हाल निस्कने ताइवानबाट आएको नक्कली चाहि हो पनि भन्छन्, कसैले" । मेरो विश्वास भनेको यो कुनै अदृष्य शक्तिबाट उत्पन्न हुने नागको मणी हुनुपर्छ र मैले हल्का जवाफ दिएँ, "मानव निर्मित त होइन होला, मैले अहिलेसम्म, सोधी खोजी गरे अनुसार ।"

तर "झि" (DZEE) प्रकृतिक बुट्टायुक्त ढुङ्गा नै हो । त्यै ढुङ्गाको नाम नै "DZEE" हो । "DZEE"को अर्को नाम छैन, त्यो "DZEE" लाई प्रयोग गर्ने नगर्ने, मूल्यवान ठान्नु नठान्नु व्यक्ति स्वयंमको

इच्छाको कुरा हो, नत्र यो नभइ नहुने खाँचोको वस्तु होइन । प्राप्त गर्ने, हुनेहरू चाहिं भाग्यमानी हो नै ।

"Dzee lem" 2nd February, 2015 को दिन हामी १७ जना दक्षिण भारतको तीर्थ यात्रीहरू अम्मरावती बुद्धिहर म्यूजियम हेर्न गयौँ । त्यस म्यूजियममा एउटा कालोमा सेतो धर्का भएको "झि" लाई देखे" । म छक्क पर्दै छिटो साथी नाम्गेल ओङदीलाई सुनाए । नामगेल ओङदीले भन्नु भयो, "हो एउटा झि केटा रहेछ ।" मलाई खुशी लाग्यो, वहाँले पनि देख्नुभएछ भनेर । "झि केटा" भनेको कालोमा बीचमा सेतो धर्काले बाँधेको छ भने त्यसलाइ भन्दो रहेछ । अम्मरावतीको दर्शनपछि हामी दक्षिण भारतको विजयावडाबाट रेल चढेर आयौँ । यात्रा गर्दा गर्दै मैले त्यही म्यूजियमको "झि" को बारे हाम्रो साथी डाक्टर काम-तेम्बा सेर्पा सँग गफ गऱ्यौं । डाक्टर साहेबले झि को बारेमा केही कुरा सुनाउनु भयो । वहाँले भन्नुभयो, "झि को सुरूवात तिब्बतको राजा श्रोङचन गम्पोले वहाँको विवाह चाइनाको राजकुमारी Wachungkong Zo सँग हुँदा, राजालाई विश्वको सबै भन्दा राम्रो गहना लगाइदिने इच्छा भयो । राजाले इटालीबाट एउटा गहना बनाउन सिपालु मान्छे झिकाई गहना बनाउन लगाएछन् । त्यस जोहरीले अति सुन्दर झि बनाइ राजालाई चढाएछन् । गहना झि अति सुन्दर देखेपछि राजालाई डाहा भयो र त्यस जोहरीको हात काटी दियो, ता कि अरू ठाउँमा नबनाओस् भनेर । त्यस बखत जति झि बने त्यसपछि बन्द भए ।"

तर मैले डाक्टर कामी तेम्बाको कुरालाई चित्त बुझाउन गाह्रो भयो । किनभने भारतको अम्मरावतीको म्यूजियम भित्र रहेका सामानहरू तेस्रो शताब्दी (3rd century, B.C.) देखिको सामानहरू छ भनिएको छ । यसले राजा श्रोङचोन गम्पोभन्दा पहिले नै झि थिए भन्ने जनाउँछ ।



*निगालोको थरसिङ ठड्याएर देउता बुझाउँदै*

# सेर्पाहरुको संस्कृतिमा "ञ्युङमा" (निँगालो) को महत्त्व

ञ्युङमा (निंगालो) सेर्पाहरूको दैनिक जीवनको प्रयोगमा आउने अत्यावश्यक विरूवा हो ।

"ञ्युङमा" घरको छाना र भुई बिछ्याउन देखि लिएर सम्पन्न विपन्न सबैले मान्ने देवता, नाग बुझाउने झण्डाको लागि प्रयोग गर्न नभइ नहुने चिज हो ।

थरसिङः घरको छानामा ठडाउँने, देवताको थानमा ठडाउँने तथा नाग थानमा ठडाउने निँगालो
क्या थारः घर, वस्तु, गोठ सरेर जाँदा उक्त थरसिङ अगाडि ठडाएर जाने धजा
छ्यापथारः दाहसंस्कारको लागि लाश अगाडि पञ्च रंगिन झण्डा बनाएर चिहान सम्म पथ प्रर्दशन गर्ने ।

मानव सभ्यताको सुरूवात संगसंगै शिक्षाको लागि प्रयोग प्रथम कलम पनि "ञ्युङमा" नै हो । देवताहरूको लडाईमा धनुषको लागि बनाएको वाण पनि ञ्युङमा नै हो ।

लामाहरूले पुजाको लागि प्रयोगमा ल्याउने र बिहेको लागि बेहुलाको हातमा बोक्ने, नौ गुणले युक्त "दथार" पनि ञ्युङमा नै हो ।

सेर्पा कृषकहरूले दैनिक प्रयोग गर्ने मालिङ्गोबाट बुनेका सामाग्रीहरू

डोकोहरूको प्रकारः
क) चेउ
- चेउ साचिल
- चेउ क्याचिल
- चेउ बाचिल
- स्यिचिल
- चेउ रोङच्युङ
- जिम

ख) सेल (फोचिल)
- तोलुम

ग) सोत्तुङ (छयाङ छान्ने चालनी)
घ) बग (छानामा छाउने चित्र)
रेल्दि
चेल्दा
गुरमु
ङ) जागुर (भाडा मुनि अड्याउने गोलो च्वँया)
च) फोटोक (फिर्के)
छ) सिकस्ये (मसिनो कांगियो), थोकर (खस्रो कांगियो)
ज) लुँमुं/ठेलिङ्ग (मुरली/बाँसुरी)
झ) केर्ङा (बाजा बिनायो)
ञ) द ताङ जु (धनुष वाण)

## निङ्गालो थरि

सेर्पा भाषाबाट
१) फुङ्युङ् = लेकमा पाईने खाले, डोको, फोचिल, चित्र बुन्ने खाले ।
२) सेर्ज्युक = टुशा खाने खाले, लेकमा पाइने, घाँस र कुच्चो बुन्ने खाले ।
३) फोत्तुङ करू = डोको बुन्ने खाले, जहाँ कोदो फल्छ ।
४) थिङ करू =उचाईमा पाईन्छ । चोया कमलो हुने प्रकारको ।



*फुङ्युङ् निङालो बुन्दै महिला*



*फुङ्युङ् निङालोबाट बनेको डोको*

५) थिङ नाक्पु = अउलको डोको (ढाकर) बुन्ने प्रकारको

६) चोक्टिङ = 2500 मिटर तिर पाइने । चित्र बुन्ने र हल्को जातको र बच्चाको कोकरो बुन्ने खाले ।

७) पोराङ = 2250-3000 मिटर तिर पाइने, मोटाई $1^1/_2$ ईन्च (सिङ्गाने)को हुने । चित्र बुन्ने, मोटो र ठूलो हुने हुनाले टाढा लान नसक्ने खालको ।

८) फोराङ = 2000-2500 मिटर तिर पाईने । Annapurna Sanctuary को Bamboo Camp तिर पाइने खाले ।

९) पत्तिप = बाँसः अउल तिर ठूलो मोटो झ्याङ भएर उम्रिने खाले ..।



बालक अवस्था

खण्ड २२

# जीवन चरण

१) आङा ञोवा : नवजात शिशु

२) आङा : बालक

३) फेजा : नाबालक

४) ज्योन्दा, ज्योमु : ठिटा, तरूनी

५) ठोङबी हवा, ठोङबी अमा : घर जवान, जवानी

६) गवा गामा : बुढा, बुढी

७) पलागगा : हजुर बा / बाजे

८) ममा गगा : हजुर आमा / बज्यु

## जीवन चरणको अवस्था

१) अङा ञोवा = भर्खर जन्मेको अवस्था

२) अङा = बोली फुट्दा र पाइला सार्दा को अवस्था

३) फेजा = ज्ञान पलाउन लाग्दाको अवस्था

४) ज्योन्दा + ज्योर्मु = बैशालु उमेरको अवस्था

५) ठोङवी अवा + ठोङवी अमा = घरजम गर्ने सक्ने परिपक्वतावस्था ।

६) गावा + गामा = बुढा बुढीको अवस्था

७) पाला गगा + ममा गगा = नाती नातिनी देख्ने अवस्था ।

## जन्म र न्वारण संस्कार

स्यारवा (सेर्पा) भाषामा न्वारण प्रक्रियालाई "मिङदोउ" भनिन्छ ।

मानिसको जन्म लिनु पर्दा सत्य युगमा होस् वा कलियुगमा, प्राथमिकता भने पुरूष भएर जन्मिनुलाई दिने चलन पाईन्छ ।

स्यारवाहरूले प्राथना गर्दा "केवा फो लु थोवास्योग थम्बि छ्योताङ ज्यलास्योक ।" अर्थात् "पुरूषको जन्म लिई बुद्ध धर्मको दर्शन पाइयोस् ।" भन्ने चलन छ । अन्य धर्मावलम्बीहरूमा पनि प्राथमिकता

पुरूष भएर जन्म लिनुलाई मानेको पाईन्छ । सायद एउटाको जन्म लिदा विभिन्न प्राकृतिक प्रकृयाबाट हुने शारीरिक प्रसाव तथा बोक्नुपर्ने विभिन्न झन्झट र त्यसले गर्दा स्वतन्त्रता र सहजतामा आईपर्ने आँचले गर्दा प्राथमिकता पुरूष भई जन्मिनुलाई दिएको हुनसक्छ । साथै यस्तो मानसिकता जीवित हुनुमा विकासन्मुख देशको दुर्गम र पुरातन समाजको कारणले पनि हुनसक्छ ।

स्यारवाहरूको पुरानो चलन अनुसार गर्भ अवस्थामै बच्चाको लागि लामा सँग आफ्नो इच्छाअनुसार छोरा वा छोरीको नाम राखी माग्छ । त्यस चलनलाई "खोक मिङ स्योप" भनिन्छ ।

चलनअनुसार छोरा जन्मिएमा त्यस बच्चाको लागि घरको ढोकामै ठड्याउन धूपीको लामो रूखलाई सिङ्गारेर ससानो ऊन अथवा कपासले सेतो हुने गरी प्रत्येक हाँगाहरूमा ससानो बेरिएर राख्छ । त्यसलाई "गोथार" भन्दछ ।

छोरीको लागि राख्ने चलन देखिदैन, त्यसैले यस विषयलाई जोडेर केटाकेटी बीच एकआपसमा जिस्कदा केटीहरूले "तिमी पुरूषहरू गोथर झण्डा पाएर पनि के गर्ने, तिमीहरू भन्दा खोई हामी कम छैनौं ।" भन्ने गर्छन् भने केटाहरूले "कम भए या नभए पनि हामी केटाहरूले पाउँने भनेको हाम्रो यो भाग्य हो ।" भन्ने गरी एक आपसमा जिस्काएर रमाईलो गरेको पाईन्छ ।

बच्चा जन्मे पछि कुन तिथि मितिमा साईत पर्छ त्यस दिन लामा बोलाएर "सेर्कीम" (जल अर्पण) पुजा र "फासो छ्येतु" भनेर त्यस न्वारणको छुट्टै पुजा गर्ने चलन छ ।

साईतको लागि तिथि मिति हेरेपछि चाँडोमा तिन दिन र ढिलामा पाँच दिन भित्र नाम राखिसकेको हुनुपर्ने चलन छ । सिद्धार्थ गौतमको पनि पाँचौ दिनमा न्वारण भएको उल्लेख भएको पाईन्छ ।

## नाम राख्दा

१) गर्भावस्थामै नाम राखी सकेको भए पनि साईत मिलेको दिन पुजा पाठ सबै सकेपछि बच्चाको बुवा वा लामाले सो नाम काटेर बोलाउँछ र बच्चाको आमाले "हजुर" भनी जवाफ दिनुपर्दछ ।

२) गर्भावस्थाको नाम नभएर जन्मिसकेपछि, उपलब्ध भएमा जान्ने लामा या बच्चाको बाआमाले इच्छा गरेको लामा सँग नाम राखी माग्छ र लामाले राखेको नाम पुकारेर बोलाउँछ र आमाले "हजुर" भनी जवाफ दिनुपर्छ ।

३) आफु बसेको ठाउँमा आफुले इच्छा गरेको लामा उपलब्ध नभएमा तिन ओटा फुल विरूवाको हाँगा अथवा तिनवटा चिनो ल्याई बच्चाको बा र आमाले आफुलाई मन परेको तिनओटा छानेर निश्चित गरी बच्चाको बाले त्यस तिन थरिको फुल अथवा विरूवालाई आफु र श्रीमतिले छानेको नामलाई बच्चाको आमाले थाहा नपाउने गरी राखेर एउटा काँसको थाल माथि अक्षेता सहित ति तिन थरिको नाम राखेको विरूवालाई बच्चाको आमालाई छान्न दिनुपर्छ ।

लोग्ने स्वास्नीले राखेको तिनवटा नाम मध्ये बच्चाको आमाले थालबाट छानेर टिपेको विरूवाको नाम नै त्यस बच्चाको नाम हुनेछ । त्यसलाई "कोन्छोक लुङ सी" भन्दछ । सो नाम त्रिरत्नले छानेको सबैभन्दा राम्रो प्यारो नाम मानिन्छ । त्यही नाम पुकारेर बच्चालाई बोलाउँछ र आमाले बच्चाको नाममा "हजुर" भनी जवाफ दिनुपर्छ ।

४) बच्चा जन्मेको बारलाई नाम राखी पछाडि मंगल नामहरू दोर्जी, छेरिङ, थेण्डुप, डोल्मा, ह्विता, ग्यल्जेन आदि मध्ये एक नाम जोडेर बच्चालाई नाम दिईन्छ । यस्तो किसिमको नाम दिनलाई आफ्नो नजिकको सबैभन्दा बृद्धद्वारा आशिष सहित सो नाम राख्ने चलन रहेको पाईन्छ । सबैभन्दा बृद्धद्वारा नाम राखे लामो आयु हुन्छ भन्ने विश्वास गरिन्छ ।

बच्चा जन्मेको बारलाई पछाडि जोडेर जस्तै "ङिमा + छेरिङ" (आइतबार+लामो आयु) जस्तो नामलाई बृद्धद्वारा बोलाउँछ र आमाले बच्चाको नाममा "हजुर" भनी जवाफ दिनुपर्दछ ।

५) कसैको कोखबाट छोरी मात्र जन्मिए र छोराको चाहना भए छोरीको कुनै पनि नाम पछाडि "फु+टी" अर्थात् छोरा बोलाउ भनी राख्ने चलन पाईन्छ ।

६) कसैकसैको घरमा अघिल्लो बच्चा नफापेर खेर गएको अवस्था भए अर्को जन्मेको बच्चाको नाम राख्दा अगाडि कामी, दमाई, सार्की जस्ता नाम राखी पछाडि मंगलयुक्त नाम जोडेर राख्ने चलन छ । जस्तै कामी दोर्जी, सार्की छिरीङ, दमाई छिरीङ आदि सोही अनुसार राखिएका नाम हुन् ।

स्यारवाहरूको चलन अनुसार छोरी बुहारीको बच्चा जन्मिनु अगाडि नै केछ्याङ भनी जाँड पकाएर तयार पारी राख्ने चलन छ ।

बच्चाको न्वारणको लागि पनि "मिङछ्याङ" भनी जाँड पकाएर राख्ने चलन छ । न्वारण कार्यक्रमको शुभ अवसरमा नजिकको आफन्तहरूलाई निम्तो दिनु पर्दछ र आफन्त पाहुनाहरूले बच्चा, बा, आमा र नवशिशुको लागि गी तिनओटा "खदा" माला लाने चलन छ । खाना खाएर "मिङछयाङ" खाई रमाईलो गर्ने चलन छ ।

बच्चालाई राखेको नाम फापेन भने बच्चा बिरामी हुन्छ भन्ने भनाई छ । त्यस अवस्थामा "मिङ पोत्तु" भनी नाम फेर्ने चलन पनि छ । अथवा यदि लगातार बिरामी भै रहे बच्चाको हातमा खुट्टामा कामीले बनाएको चुरा लगाउने चलन छ ।

स्यारवाहरूको धार्मिक विश्वास अनुसार छोरा अथवा छोरी चाहना तथा छोराछोरीको दिर्घायुको लागि सोलुखुम्बुको खुम्जुङ गाविस को गोक्यो पोखरीको तेस्रो पोखरीको दर्शन गर्न जानु, भनेको पाईन्छ ।

महाकालु हिमालको बाटोमा पर्ने बरूण खोलाको छेउ "ने" को पारी पर्ने "आमा फिजिम" (गर्भिणी आमाको पहाड) को दर्शन गर्न जानुपर्छ, भन्ने पुर्खाहरूको भनाई छ ।

खोटाङ जिल्लाको हलेसी गुफाको दर्शन गर्न जानु र त्यहाँ मागेर प्राप्त भएको छोराछोरीलाई पुनः एक चोटी देखाउन जानुपर्छ, भन्ने विश्वास गरिन्छ ।

मानिसको जन्म लिएपछि सबैभन्दा महत्त्वपुर्ण नाम नै हो । प्रकृतिको चार तत्त्वबाट बनेको शरीरलाई राम्रो नराम्रो जे भएपनि प्रसंग पाउने नामलाई नै हो । समाजमा पहिचान राख्ने नाम नै हो । मृत्यु पछि पनि पहिचान रहिरहने नाम नै हो । त्यसकारण नाम राख्दा ध्यानपुर्वक होशियारीपुर्वक साइत मिलाई राख्ने चलन रहेको छ ।

## सेर्पा संस्कृतिमा मृत्यु संस्कार

मानव देह एक अनित्य प्रकृया हो । चाहेर अथवा नचाहेर पनि जन्म, वृद्ध अवस्था र मृत्यु लाई स्वीकार्नु पर्छ ।

प्रकृतिबाट प्राप्त चार तत्त्व (जुङ्बा स्हि)ः स, क्षु, मे र लुङ (धर्ती, जल, अग्नि र वायु) बाट बनेको यो प्राण, एक दिन यी ४ तत्त्वको कमी हुँदै मृत्युवरण गर्नु पर्दछ । यो अनिवार्य प्रक्रिया हो ।

मानिसहरूको जन्म र मृत्युको प्रकृया सबै एउटै भए पनि विभिन्न जात, धर्म, संस्कृति अनुसार छुट्टा छुट्टै कर्मकाण्डहरू हुने गर्दछ । कसैकसैले लाशलाई जमिन भित्र गाडेर राख्छन्, कसैले लाशलाई टुक्रा टुक्रा पारेर चरा, गिद्धलाई खुवाउन्छन्, कसैले डाँडामा लगेर, कसैले खोलाको दोभान बगरमा लगेर आगोमा जलाउने गर्दछन् । त्यसलाई हामी मृत्यु संस्कार भन्छौं ।



*मृत्यु संस्कारको झलक*

यी संस्कार अर्न्तगत आफ्नो संस्कृतिको पहिचान बोकेका जातीहरू मध्ये सेर्पा पनि एक हो । आफ्नो धर्म र संस्कृति अनुसार, सेर्पाहरू एकदमै शिष्ट हुने भएकाले गर्नु पर्ने कुनै पनि कर्मकाण्डहरूबाट चुक्दैनन् ।

हाम्रो धर्म र ज्योतिषशास्त्र अनुसार मानिसको जन्म प्रकृयाहरू पुराएर जन्मेको हुन्छ ।
पृथ्वी, जल, अग्नि र वायु (स, क्षु, मे, लुङ) बाट बनेका काय, वाक, चित्त (कु, सुङ, थुग) युक्त मानिसको प्राणको जन्म विभिन्न प्रकृयाहरू पुराएर जन्मेको हुन्छ ।
जस्तै:

**१) लोर्ता (बाह्र वर्ग जनावर):–**

छिवा (मुसा) Rat
लाङ (गोरू) Ox
ताक (बाघ) Tiger
ह्यो (खरायो) Rabbit
डुक (ड्रागन) Dragon
डुल (सर्प) Snake
त (घोडा) Horse
लुग (भेडा) Sheep
टे (बाँदर) Monkey
छ्या (चरा) Bird
खी (कुकुर) Dog
फाग (बँदेल) Boar

**२) नौ मेवाहरु (जन्म चिन्ह) रङ्ग**

मेवा चिगकार (एक सेतो) रङ्ग / White
मेवा ञिनाक (दुई कालो) रङ्ग / Black
मेवा सुमथीङ (तिन निलो) रङ्ग / Blue
मेवा सिभ्फाङ (चार हरियो) रङ्ग / Green
मेवा ङा सेर (पाँच पहेलो) रङ्ग / Yellow
मेवा ठुक कार (छ सेतो) रङ्ग / White
मेवा दुन मार (सात रातो) रङ्ग / Red
मेवा गे कार (आठ सेतो) रङ्ग / White
मेवा गुमार (नौ रातो वा बैजनी) रङ्ग / Red

**३) ज (साताको बार)** / Week

ज ङिमा (आइतबार) / Sunday
ज दावा (सोमबार) / Monday
ज मिङमर (मंगलबार) / Tuesday
ज ल्हाक्पा (बुधबार) / Wednesday
ज फुरू (बिहिबार) / Thursday

ज पसाङ् (शुक्रबार) / Friday

ज पेम्बा (शनिबार) / Saturday

**४) खाम (पञ्च तत्त्व)**

स्हिङ (काठ) मे (अग्नि) स (माटो) च्या (फलाम) क्षु (जल)

**५) थुजी (समय)** – बिहान देखि बेलुका सम्मको चौबिस घण्टा

**६) छेवा (गते)** – १ देखि ३० औं गते सम्म

**८) दावा (महिना)** – १२ महिना

यि माथिका आठ प्रकारका परिशिष्टहरूमा शुभ या अशुभ जेभए पनि एउटामा मानिसको जन्म हुन्छ र त्यसैको आधारमा आफ्नो भाग्यको निर्धारण हुन्छ र त्यस मानिसले देह त्याग्दा त्यसै आठवटा परिशिष्टको अंक भित्र नै त्याग्दछ ।

ज्योतिष शास्त्रको भविष्यबाणी र लेखाजोखा अनुसार आफु जन्मेका माथिका प्रकारका परिशिष्टहरूको हिसाब सही र दुरूस्त राखेमा ज्योतिषशास्त्रले समयको चक्र लाई लेखाजोखा गर्न, तिनका अर्थ निकाल्न, निश्चित घटनाहरूबारे थाहा पाउँन, ग्रहदशाबाट छल्ने, अघिल्लो जन्म, पछिल्लो जन्म बारे सामान्य ज्ञान पाउँने र उपायहरू पत्ता लगाउँन, सेर्पाहरूले यस मञ्जुश्रीको ज्योतिष शास्त्रलाई प्राथमिकताका साथ प्रयोग गरेको देखिन्छ ।

प्रत्येक व्यक्ति आफु जन्मेको हिसाब किताबअनुसार, साता दिनको बार मध्ये, "लजा" (एकदम राम्रो), "सोग्जा" (राम्रो) र "स्येजा" (मरण बार) हरू पत्ता लगाईएको हुन्छ र भनाई र तथ्य अनुसार, मान्छे मर्दा स्येजा (मरणबार) मै भएको पाईन्छ ।

मरेको बार, समय, गते र मितिको सहि ख्याल राखेमा मृतकको लोर्ता (वर्ग), खाम (तत्त्व) र मेवा (चिन्ह) बाट ज्योतिषले मृतकको पछिल्लो जुनीको लागि र आत्मा शान्तिको लागि ईष्टदेवको मूर्ति (केने) र "थाङ्का" कुन देवताको बनाउनु पर्छ र मृतकको लाश मूलघरबाट निकाल्दा मृतकको कारणबाट घरको परिवार र गाउँका कसैलाई नपिराउँन, गाउँ घरको लक्षिण नजान आदि कार्यको लागि केके विधि पाठ पुजाहरू गर्नुपर्छ, यि सबै ज्योतिषशास्त्रले बताउँछ र शास्त्रको हिसाब अनुसार तयार गर्नुपर्दछ ।

मृत्यु एक सामान्य र एकै किसिमको भने हुन सक्दैन । मृत्यु विभिन्न गुण र समय अनुसार हुने गर्दछ ।

१) गुण

क) व्यक्तिको विचित्र असल गुण अनुसार...

ख) व्यक्ति वोधि चित्त प्राप्त गुण अनुसार..

ग) व्यक्ति लोभी पापी गुण अनुसार..

घ) व्यक्ति असन्तोष, अपराध गुण अनुसारको कर्मफल बोकेरै मृत्यु ग्रहण गर्दछ ।

२) समय
   क) छे सेत्तु (आयु सिध्देको)
   ख) छे मासेउ (अकालमा मृत हुनु)

यी चरणहरूमा आ-आफ्नै प्रकारले मृत्यु ग्रहण गर्दछ । तर जुनसुकै अवस्थामा, जहाँ सुकै भएपनि एउटा ठूलो धर्मात्मा लामाबाट त्यस मृत अवस्थामा पुगेका बिरामी व्यक्तिलाई मृत अवस्थाको स्थितिमा मन्त्रद्वारा मृत्यु पछि आत्मालाई हुने भय, त्रास र आपत शान्त पार्न आफुलाई सहयोग गर्ने ईष्टदेवको पहिचान, सहि र गलत बाटोको पहिचान र अब तिमी मानव देह त्याग भई प्राण रहित भईसक्यौ भन्ने सम्झना जस्ता अति महत्त्वका कुराहरू सारांशमा सम्झाईन्छ । त्यसलाई "थो टुल स्येतु" भनिन्छ । त्यसपछि कुनै मृत्यु अवस्थामा रहि रहेकाहरूले मृत्यु ग्रहण गर्दछ । त्यसपछि लामाले मृतकको शिरको टुप्पोको कपाल झिकेर मृतकको आत्मा स्वर्ग तार्ने मन्त्र "फोव" गर्दछ ।

मृत्यु भै सकेपछि लाशलाई नचलाईकन मृत्यु ग्रहणको समय, मृत्यु हुँदा बखतको शरीरको स्थिति, प्रकृति, अनुहारको रङ्ग हल्का ताप रहिरहेको अवस्थालाई हेरेर विद्वान लामाहरूले, त्यसको मृत्युको चरण र प्रकारको मूल्यांकन गरी "चि" (ज्योतिष शास्त्र) हेरी, कति दिन सम्म घरमै राख्नुपर्ने, कुन दिन निकाल्नु पर्ने, केके विधिहरू पुऱ्याउनु पर्ने जस्ता कुरा हेरी सहज बनाउन सहयोग गर्दछन् ।

त्यसपछि गर्नुपर्ने कर्मकाण्डहरू क्रमशः सुरू हुन्छ । कुनै व्यक्ति मृत्यु भयो रे भन्ने खबर सुन्नसाथ गाउँले, नातेदार, आफन्त र साथीहरू, चिया, छ्याङ, दिप बाल्ने घिउ र तेलहरू ल्याई घरपरिवारहरूलाई, आत्माबल पुगोस् भनी सम्झाउन आउँने चलन रहेको छ । त्यस चलनलाई "शेम्सु" भन्दछ ।

"सेम्शू" ल्याउने प्रत्येकले, आफुले ल्याएको पेय पदार्थ छ्याङ या चियालाई मृतकको लाश अगाडि राखेको कप या मग जे भए पनि त्यसमा पहिला मृतकको नाममा हालेर मात्र लामाहरू र घरको मान्छेलाई दिने चलन छ, त्यस कपमा हाल्ने चलनलाई "केम्ज्याङ गेङ्गु" भन्दछ ।

ज्योतिषले दाह संस्कारको लागि लाश निकाल्न निकालेको मिति भन्दा एक रात अगाडि नै, घरपरिवार र नजिकको नातेदारहरूबाट मृतकको लागि गरिने काजकृया बर्गी कसले कति गर्ने, कति समय भित्र गर्ने भनी मृतककै अगाडि कबुल गर्दछन् । त्यस कबुल गर्ने चलनलाई "लोङकूर" भनिन्छ । लोङकुर कवुल गर्दा दुन (हप्ता) गन्तीको आधारमा गर्दछ । कति हप्ता भित्र अनुकूल भएर काजकृया गर्न सकिन्छ भन्ने कुरा तय हुन्छ । मृतकको नाममा एकएक वर्ष पछि गर्ने पुजालाई "लोम्ज्यु" भन्दछ र लोम्जु कति वर्ष सम्म गर्न सकिन्छ त्यसको पनि सोही समयमा कबुल गर्दछ । यो धार्मिक पुजाको एक प्रकृया हो ।

त्यस बखत मृतकको नाम र देह सम्बन्धि लेखेको कागजलाई जलाईन्छ र त्यसको खरानीलाई कमारो माटोमा मिसाई छप्पर मूर्ति बनाउनको लागि राखिन्छ । त्यस कागजलाई "मिङछ्याङ" भनिन्छ र त्यो कागज लामाले जलाएपछि त्यस मानिसको "नाम र जिन्दगी" त्यहाँबाट समाप्त हुन्छ भनेको पाईन्छ । त्यसपछि क्रमशः मृतकको लागि बसी दिने पुजारी लामाले "फोवा" मन्त्र

गरिदिन्छ । फोवाको अर्थ परिवर्तन हो । यसमा मृतकको आत्मालाई सुखवती क्षेत्रमा स्थानान्तरण गरिदिने पुजा गर्दछ । मृतकको शरीर, आत्मा रहित र नाम रहित लाश मात्र रहेको हुन्छ । त्यसलाई दाहसंस्कारको लागि लान तयार पारिन्छ । घरमा शव रहुञ्जेल बिहान, दिउँसो र रातीको खानै पिच्छे मृतकको लाश छेउमा उसैले खाने थाल, कप अथवा कुनै भाँडामा खानाको नमुनाहरू हालिदिन्छ र छेउमै सानो आगोमा पिठोलाई पोलिदिन्छ, त्यस पिठो पोल्ने चलनलाई "सूरतोङ्गु" भन्दछ, त्यो लगातर ४९ दिन अथवा सात साता सम्म बाल्नु पर्ने चलन छ ।

लामाले दाहसंस्कारको लागि सम्पुर्ण विधि तयार पारेपछि लाश जलाउने ठाउँ "थुर्सा" (चिहान) मा लाने पञ्च रङ्गिन झण्डा "छ्यप्तर" लाई अगाडि, त्यस पछि "लोमा" (बाटो डोऱ्याउने लामा) र लामाले लाशलाई लामो सेतो कपडा अथवा खदाले तानेर मार्ग प्रदर्शन गर्दछ । त्यसपछि अन्य मलामीहरूको लस्कर हुन्छ ।

आत्मा उत्थानको लागि मृतकले विश्वास गर्ने ठूलो गुम्बाको लामाको शरणमा जानको लागि, आफु (मृतक) ले लगाउने कपडाको नमुना, खाने भाँडाको नमुना, पैसाको साथमा लाश संगै त्यो सामान बोकेर मिलेर जाने मृतकलाई मनपर्ने नजिकको आफन्तको दुईजना व्यक्ति पनि घरको दैलोबाट लाशको साथसाथै बाहिर निस्कन्छन् र लाश संग छुट्दा, लाशलाई एकजना कपडा बोक्नेले "ल आउ है हामी फलानो गुम्बाको तिमीले विश्वास गर्ने लामाको शरणमा जाने हो । मेरो पछि पछि आउनु ।" भन्दै आत्मालाई डोऱ्याउनु पर्छ । डोऱ्याउने व्यक्ति गुम्बाको लामा छेउमा पुगेर लामालाई ल्याएको सामान र दक्षिणा नचढाउन्जेल बाटो भरि अरूसँग कुरा गर्नु हुँदैन, उसको सट्टामा आफुसँग हिड्ने साथीले बोलिदिनु पर्छ । यस चलनलाई "सेम्टी" भन्ने चलन छ ।

लाशलाई घरको बाहिर निकालेर लग्दा आफ्नो घरको नागथान छ भने त्यसलाई पर्दा वा कुनै कपडाले छेक्नु पर्छ नत्र नागथान पनि स्थानान्तरण भई घरको लक्षिण जाने सम्भावना हुन्छ भनिन्छ ।

यो पृथ्वीमा रहेको धर्ती अति पवित्र भएकाले कतै लाश बोक्ने मान्छे थाकेर बिसाउन पऱ्यो भने बिसाएको जमिन फोहोर नहोस् भन्ने हेतुले एउटा हतियारलाई बिसाउने ठाउँमा राख्ने चलन छ ।

चिहानको लागि कतै अपर्झट पुरानो चिहानै नभएको ठाउँमा जलाउन पर्ने स्थिति आईपऱ्यो भने, चार दिशा आठ सिमामा रहेका देवदेवी नागनागिनहरूलाई निम्तो गरेर जलअर्पण "सेर्कीम" गरिकन चिहानको लागि नयाँ जमिनको माग गर्नु पर्ने चलन छ । त्यसलाई "सलोङ" भन्दछ । त्यसपछि दाउरा काटे या चिहानको लागि जमिन चलाएपनि, धार्मिक अनुमति पाएको हुन्छ । पुरानै ठाउँको चिहानको लागि यो विधि गर्ने चलन पाउँदैन ।

लाशलाई आगो दिनु पुर्व, भयो भने फुल्तोक (तिब्बतबाट ल्याइने एक प्रकारको माटोको सेतो साबुन) नभए साबुनले लाशलाई राम्रो धोएर गन्ध रहित बनाई हात गोडाको नङ र शिरको कपाललाई नमुना काटेर, त्यस नमुनालाई मूलघरमा फर्काई जतनका साथ राख्ने गरिन्छ । यो त्यस व्यक्तिको लक्षिण नजाओस भन्नको निमित्त गरिने विधि हो ।

चितामा लाशलाई सफासँग धोएपछि लाशसँग रहेको कुनै पनि धातु या गरगहना छ भने झिकेर चोखो सँग चितामा चढाईन्छ । यता लामा र संघले होम यज्ञको पुजा गरिरहन्छ । त्यसलाई "ज्यिन्सक्" भन्दछ ।

सेर्पाहरूको चलनमा अहिलेसम्म चित्तामा अग्नि लामाहरूले नै दिएको पाईन्छ, विशेष कोहि नाता नै चाहिन्छ भन्ने छैन ।

लाश चोखाउने कारण; प्रकृतिबाट सापटी लिइएको चार तत्व स (धर्ती), क्षु (पानी), मे (अग्नी) र लुङ (वायु) बाट बनेको मानव देहले जिउँदो रहुन्जेल यी तत्त्वहरू नै ग्रहण गरेर प्राण धान्छन् । जिउँदो रहुन्जेल राम्रो कर्म या नराम्रो कर्म गरेपनि, धर्मात्मा या अधर्मी भएपनि त्यसको जिम्मेवार मन हो, त्यो मन निस्केर गएपछि, त्यो शरीर आखिर प्रकृतिबाट सापट लिएको तत्त्वको छोत्राको रूपमा मात्रै रहन्छ । त्यसलाई सफा सँग धोएर धन्यवाद भन्दै फिर्ता गर्नु जीवितहरूको धर्म र दायित्व हो । प्रकृतिको मालिक ल्ह, लु, स्यिदाक (देवदेवी, नागनागिन, र क्षेत्रको मालिक) हुन् । यस कार्यमा धूप (साङ्धूप तथा पोधूप) बालेर पवित्र जल "ठुसिल" छर्किन्छ । यो मलामी गएर फर्किने सबैले गर्ने चलन छ । नत्र धेरै प्रकारका ठिपहरू मध्ये दाहसंस्कार गरेर आउँनेहरूलाई "रो ठिप" (लाशबाट दुषित) हुन्छ भन्ने चलन छ । "ठिप"भनेको धेरै प्रकारको फोहर मध्येको एक हो र "रो ठिप" लाशबाट पर्न जाने फोहोर हो ।

"स्येजोङ" भनेको गाउँमा कसैको मृत्यु भएको खबर सुन्नसाथ घरको मूलढोकामा ढुङ्गाको थाक लगाएर राख्नु हो, यो मृत्यु गराउने भुतप्रेत पसेर नआओस् भनी गरिने विधि हो । यो सबै गाउँलेले गर्दछन् । कसैको मृत्यु भएको मूलघरमा ज्योतिषशास्त्रले औंल्याए अनुसार घर भित्रको परिवार तथा पशुपंक्षीलाई थप दशा, अनिष्ट ननिम्तिउन् भन्नको निमित्त मृत्यु गराउने प्रेतलाई गाउँघरबाट निकाला गर्ने विधि प्रकृयालाई "स्येजोङ" भन्दछ । स्येजोङ नजिकको छिमेकी र नजिकको नाताहरूले पनि गर्ने चलन छ । दाहसंस्कारको तेश्रो दिनपछि चिहान सफा गर्न पुजारी सहित जाने चलन छ ।

"दुन जिम्बु" भनेको मृतकको घरमा सप्ताह पुज्नु हो । बुध्द धर्ममा जति पुर्णिमाको महत्त्व राख्दछ त्यत्तिकै सप्ताहको पनि राख्दछ । त्यस्तै सेर्पाहरूको घरमा हुने थाल, कचौराका संख्या समेत "दुन्जर" (सात संख्याको सेट) को हिसाबबाट राख्ने गर्दछ ।

गौतम बुद्धले बौद्धगयाको बोधी वृक्षमुनि बुद्धत्त्व प्राप्त गर्नु भएपछि सात स्थानमा सात सप्ताह सम्म धर्म रसपान गरी अति सुख अनुभव गरे । बुद्धको जीवनी र सप्ताहको ठूलो सम्बन्ध रहेकोले पनि हाम्रो मृत्यु संस्कारले सप्ताहको महत्त्व राखेको हुनपर्छ । प्रथम, दोश्रो, तेश्रो हुँदै सातौ सप्ताह सम्मको लागि मृतकको घरमा एउटा पुजारी आई हप्तै पिच्छे पुजा गर्ने चलनलाई "दुन जिम्बु" भन्दछ ।

असल कमारो माटोमा मृतकको चिहानबाट ल्याएको हड्डी र नापुरको समयमा जलाएको मिङछ्याङ कागजको खरानीलाई कमारो माटोसंग मुछेर बौद्ध र बुद्धमुर्तिको आकारमा छापेर सुकाएर "छप्पर" तयार पारी स्येटु पुजाको बखत "रप्ने" (अभिषेक) लिई, चोखो खोलामा मन्त्र पुजा गर्दै बगाएमा अति राम्रो मान्ने चलन रहेको छ ।

"गेवा/छ्याङट लुङगुर" (बर्की कबुल) गर्ने बखतमा कति "द्युन" (हप्ता) पछि बर्की काजक्रिया गर्छु, भनी कबुल गरेको थियो, त्यही अनुसारले द्युन (हप्ता) पछि काजक्रिया गर्नुपर्छ, स्येटु तोङजार जप कति गर्ने, चामल, घिउ, नुन तथा अन्य केके दान दिने ? आदि लुङगुर (कबुल) अनुसार गरिन्छ ।

एक दिनको २० जना लामालाई एक तोङजारको हिसाबले गनिन्छ । "स्येटु तोङजार" भनेको एक दिनको २० लामाले गर्ने हजार जप्को संख्या हो ।

"लर्के/कुयिन": दुख, सुख, मराउ, पराउको अवस्थामा नाता, साथी, छिमेकीहरूबाट सघाउनको लागि धेरथोर हिसाबको सहयोग तथा कुयिन (लामालाई अर्पण गर्न आवश्यक पैसा) ल्याईदिन्छन्, त्यसलाई "लरक्ये" भन्दछ । लरक्ये रहेको व्यक्ति अथवा घरसंग घनिष्ट रहेको संकेत गर्दछ । स्येटु जपको बखत लाने हिसाबलाइ "कुयिन" भन्दछ । यो आलो पालोको हिसाब हो । कतै मनमुटाव भए, लरक्ये गर्ने चलन बाट विच्छेद पनि हुन सक्दछ ।

"छूरूङ" मृतकको सम्झनाको लागि बनाईने हो, भन्ने अहिलेको भनाई छ । तर पुर्खाहरूको भनाई अनुसार "छूरूङ" मृतकको आत्मालाई भय र त्रास भएको अवस्थामा लुक्ने ठाउँ हो पनि भनेको पाईन्छ । छूरूङ जथाभावी बनिने र बन्ने चिज होइन । यसलाई महानलामाले धार्मिक विधिपुर्वक प्रकृया पुऱ्याएर बनाईएमा मात्र मृतकलाई भय र त्रासबाट लुक्न काम लाग्छ भनेको पाईन्छ ।

"स्यिपचु स्यरगु" (४९ औं दिन): यो सातौं सप्ताहको अन्तिम दिन हो । यस सिप्चु स्यर्गु दिन सम्म मृतकको नाममा घरपरिवारले प्रत्येक हप्ताको एक "दुन जिम्वु" (हप्ता रूङने) पुजा र मृतकको नाममा ४९ दिन सम्मै दिनको तिनचोटि "सूर तोङ्गु"भनेर चम्पा पोल्ने विधि यस "स्यिपचु स्यरगु" दिनबाट सकिन्छ ।


छूरूङ

स्यिप्चु स्यर्गुको एकदिन आफ्नो गच्छे अनुसार, सके सम्म धेरै लामा बोलाएर "छो" पुजा गरिन्छ र ठाउँको चलन अनुसार घरघरमा "छो" प्रसादी पुऱ्याउन जाने सम्मको गाउँघरमा चलन छ । यस दिन पछि मृतकको लागि गर्नु पर्ने धार्मिक कर्मकाण्डहरू सकिन्छ ।

धार्मिक विश्वास अनुसार, मृतकको आत्माले स्वर्ग वा नर्क जहाँ भए पनि बाटो पाईसकेको हुन्छ । उप्रान्त, मूलघरको वरिपरि मृतकको आत्मा घुमी रहँदैन भन्ने विश्वास हो ।

"के ने" : ज्योतिष शास्त्रले मृतक सम्बन्धि लेखाजोखा गरी असल जुनी प्राप्त गर्न, नर्कको भय त्रासबाट बाँच्न, बुद्ध धर्मावलम्बी परिवारको कोखमै जन्म लिन फलानो देवताको मूर्ति स्थापना गर्नु भनी औँल्याएको मूर्ति अथवा मुर्तिको नक्शालाई "केने" भन्दछ । त्यसको स्थापना गरे असल कोखमा जन्म लिन्छ, भन्ने विश्वास गरिन्छ ।

"कोरछ्याङ" : धार्मिक विश्वास अनुसार घर परिवारले मृतकको नाममा चौतारोमा बसी बटुवाहरू सबैलाई चिया, छ्याङ, जुस जे पिए पनि पिलाएर पठाउने दानलाई "कोरछ्याङ" भन्दछ । यो कोरछ्याङ, मृतक कै नाममा हुनुपर्छ भन्ने छैन, जीवितहरूले पुण्य कमाउनको लागि गर्दा पनि साह्रै ठूलो धर्म हुन्छ, भनिन्छ ।

"ङोवा स्योप" : धार्मिक कार्यको लागि पुजा पाठ, दान दक्षिणा अथवा मृतकको नाममा होस् वा जीवितको नाममा खर्च गरिएको छ भने, त्यसलाई खर्च गरेबापत "ङोवा स्योप" गर्नु पर्छ । कुनै पनि पुण्य कमाउन गरेको खर्चलाई लामालाई दक्षिणा चढाएर ङोवा स्योप गरियो भने खेर हुँदैन फल प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ । चाहे कसैले कुनै किसिमको मन्त्र जपेर पनि तुरून्त "ङोवा" गर्ने चलन छ ।

"लोम्जु" : मृतकको नाममा, मरेको मितिको महिना देखि गनेको ठिक बाह्र महिना पुगेको वर्ष दिनमा गरिने पुजालाई "लोम्जु" भन्दछ । लोम्जु घरको गच्छे अनुसार गरिने पुजा हो । सम्भव भएन भने नगर्नेहरू पनि छन्, सम्भव हुनेहरूले तिन चार वर्ष सम्म पनि सम्झना स्वरूप पनि गर्छन । कसैकसैले १ वर्ष पनि गरिन्छ ।

लोम्जु पुजाको लागि लामाहरू न्युनतम बीस जना लामा सम्मको लामाले पुजा गर्न पाए राम्रो मानिन्छ । यस पुजामा पनि "छो" गर्नु पर्ने भएकाले थुप्रै मिष्ठान्नहरूको प्रसादी तयार पारी सकेसम्म गाउँको प्रत्येक घर घरमा पुराउन जाने चलन छ ।

जे भए पनि पहिला नापुर को बखत "लोङकुर तोङगु" गर्दा जे कबुल गरेको थिए त्यो भने पुराउनै पर्छ । यो काजकृया मूलघरको सन्तान बाहेक घर छुट्टी सकेको सन्तानले पुरै गर्नु पर्दैन ।

यहाँ सम्म उल्लेख गरेको मृत्यु संस्कार साधारण व्यक्ति सबैको कर्मकाण्ड गर्ने प्रकृया हो । र यो ठाउँ, क्षेत्र र विभिन्न धर्मावलम्बीहरूको चलन संस्कार भने फरक हुन सक्दछ ।

## मृत्युको प्रकार

नाङ्सु गानी स्येप = बृद्ध भएर मर्नु


नानी स्येप = बिरामी भएर मर्नु

फोक्योङवा स्येप =अपर्झट मर्नु

सिक्यु ञेम्पाला गलु = दुर्गतिमा मर्नु

छे सेनी स्येप = आयु सिद्धेको

छे मासेवी स्येप = अकाल मृत्यु



*मृत्यु संस्कारमा लामा पूजा कार्यक्रम*

## सम्मानजनक मृत्यु हुने प्रकार

**"थुत्तम ल ज्युउ" (ध्यानमा बस्नु)**- विभिन्न चरणका आरूपीध्यान्नहरू क्रमैसित बसी अनित्य भाव देखाई देहान्त भई जानुलाई "थुत्तम ल ज्युउ" भनिन्छ ।

यस प्रकारको मृत्यु साधारण किसिमको मृत्यु जसरी कुहेर गन्हाई जाने, कुरूप भईजाने, किरा परी जाने जस्ता अवस्था नभई, मानव शरीरका धातुहरूले समय लगाएर विस्तारै शरीरको ताप घट्दै जानु, स्वास छोड्दै जानु, रगत, पानी सुक्दै जानु, अन्तमा नाकको दुइ प्वालबाट सेतो र रातो गरी दुईथरि रङ्गको तत्त्व (छ्याङ्सेम कार, मार) छाड्नु, त्यसपछि ढल्नु । यस्तो प्रकारको मृत्यु महात्मा लामा, तपस्वीहरूले मात्र प्राप्त गर्दछ । यस्तो प्रकारको मृत्यु हुँदा कोही पलेटी कसेर तपस्या बसेको प्रकृतिमा, कोही सिँह सुतेको प्रकृतिमा त कोही गौतम बुध्द महापरिनिर्वाण हुँदाको बखत कोल्टे शरीरमा दायाँ हातलाई आफ्नो टाउको मुनि शिरान गरि देब्रे हात र खुट्टालाई माथि पारि लम्पसार सुतेको स्थितिमा हुन्छन्, जस्लाई "थुत्तम" भन्दछ, यो तिन दिन देखि लिएर तेत्तिस दिन सम्म बस्नु भएको खुम्बुको इतिहासमा पाईन्छ ।

**"ज्य लु ला फेउ" (ब्राह्मण्डमा विलाप)** - महान तपस्वी लामाहरू विभिन्न चरणका आरूपीध्यान्नहरू क्रमैसित बसी अनित्य भाव देखाइ देहान्त हुनुहुनेहरू मध्ये आफु बसेकै ठाउँमा हात खुट्टाको नङलाइ छाडेर, बाँकी शरीर त्यही बिलिन भएर जानुलाई "ज्य लुला" फेउ भनिन्छ । कुनै शरीरको हाड र छालालाई मात्र छाडेर बाँकी सबै बिलिन भएको पनि पाईन्छ ।

यस्ता सम्मानजनक मृत्युवरण गर्नु हुनेहरू महान लामा गुरू, तपस्वीहरूले यस्ता अचम्म लिलाहरू देखाई छाडी राखेको पाईन्छ ।

**"दालोक झउ"**- मृत्यु भएका मानिसहरू मध्ये कोही फेरि केही दिनपछि पुर्नजीवित भई आउनुलाई "दालोक झउ" भनिन्छ । "दालोक झउ" भएको व्यक्तिलाई गाउँले समाजले देवी, अथवा देवताको रूपमा मानेको पाईन्छ, जसमा अहिले पाङबोछेमा रहेका "दालोकमा" पर्दछन् । उहाँलाई "खाङ्डुमा" भनी सम्बोधन गरेको पाईन्छ ।

हाल पाङबुछेमा रहेकी दालोकमा चौरी खर्क गा.बि.स.को रिमिज्युङमा जन्मिनु भएको थियो । आफ्नै घरमा दालोक (पुर्नजीवन) हुनु भएपछि पाङवोछेमा सर्नुभयो । हाल पाङबुछे मै वृद्ध अवस्थामा गुजारिरहेका छन् ।

## भयानक मृत्यु स्थिति

मृत्यु भएको केहि समय पछि बौरेर लाश उठी आउँनेलाइ "रोप्लाङ झउ" भनिन्छ । बौरिने लाश रोप्लाङ, ठाकलाङ र मेलाङ गरी तिन प्रकारका हुन्छन्, भनिन्छ ।

हुन त "रोप्लाङ झउ" यो कलियुगमा देखा परेको घट्ना सुन्न पाईदैन । तर पनि मृत शरीर माथि बिरालो, न्याउरी मुसा, कुकुर जस्ता जनावरलाई नाँग्नु वा छुनु दिनु हुँदैन, यदि त्यस्तोले लाशलाइ छोयो नाँग्यो भने बौरिन्छ भन्ने विश्वास पाईन्छ । त्यो लाश बौरेमा त्यसले फेरेको सासको हावा,

अथवा त्यस लाशले छोएमा छेउछेउमा भएको सबै जीवित मानिसहरू पनि बौरिन्छ र एकले दुई दुईले चार गरी सल्किँदै जाने र गाउँ नै खत्तम भई बिग्रिने डर हुन्छ र लामाले मन्त्रद्वारा त्यस "रोप्लाङ" लाई समाप्त पार्दछ ।

त्यस भयानक "रोप्लाङ" समाप्त पार्नलाई मन्त्रद्वारा हुन्छ भने, त्यस भन्दा अलिक खतरा "ठाकलाङ" चाहि बौरेर उठे पछि उ हिडिरहन्छ र जहाँ उसको टाउको ठोक्छ तब मात्र उ समाप्त हुन्छ । सबैभन्दा डरलाग्दा बौरिने मध्ये "मेलाङ" पर्दछ । मेलाङ बौरेर हिडेपछि उसको शरीरमा भएको कोठी (कालो दाग) लाई नै निशाना गरेर चोट पुऱ्याउनु पर्छ तब मात्र समाप्त हुन्छ, भन्ने भनाईहरू पाईन्छ ।

यस्ता किसिमका भयानक घट्नाहरूका कारण पहिला पहिलाका सेर्पा गाउँ घर तिर यस्ता भै हालेमा यसबाट बच्ने उपायको लागि घरको झ्यालहरू टाउको मात्र छिर्न सक्ने बनाएको हुने र मूलघरको ढोकाहरू पनि पाँच फिट भन्दा होचो बनाएको हुने रहस्य नै त्यसैको लागि हो भन्छन्, पुर्खाहरू ।

यस्ता किसिमका घटना सेर्पा गाउँ समाजमा मात्र नभै तिब्बत तिर पनि भएका कुराहरू तिब्बतका बुढापाकाहरूबाट सुन्न पाउँछौं ।

यसमा भएका सेर्पा संस्कृतिमा मृत्यु संस्कारलाई विभिन्न धार्मिक सम्प्रदायको, विभिन्न क्षेत्रको र लामाहरूले गर्नु हुने कर्मकाण्डका पुजा मन्त्र भने यहाँ समेटिएको छैन, यस सम्बन्धि जानकारी चाहेमा लामा संगै सम्पर्क राख्न अनुरोध छ ।

## सेर्पाहरुले पशुको उमेर गन्ने तरिका

सेर्पा पशुपालकहरूले प्रथम वर्ष पुगेका बाछालाई "दुङवु", दोश्रो वर्षको लाई "स्येपा" तथा तेश्रो वर्षको लाई "ठुवु" भन्दछन् ।

"ठुवु" उमेर पुगेपछि बाछाको दाँत निस्कन शुरू हुन्छ । टाउकाको सिङको पनि धर्का निस्कन सुरू हुन्छ । त्यसपछि पशुको सिङको धर्को गनेर त्यसको उमेर पत्ता लगाउने चलन रहेको छ । चौथो वर्षकोलाई "सुम्बा" र पाँचौ वर्षकोलाई "ञिरूक" भनी उमेर गन्ने चलन रहेको पाईन्छ । यो उमेर गन्ने चलन जुनसुकै पशुहरूमा लागु हुन्छ ।

# हलेसी गुफा “रैछ कुले बुक्टा”

किराँतहरूकानुसार किराँतहरूको पुर्खा राजा "पार व्हाङ" को छोरा "रैछ कुले" नामुद शिकारी थिए । रैछकुलेका "खुची" नाम गरेकी छोरी थिइन् । उनको पिता रैछकुले "खुची लिपा" (खुचीको बा) नामले प्रसिद्ध थिए ।

आदिम जंगली युगमा मानिसको आहरा शिकार नै भएकाले धनुषवाण, वाला तथा ढुङ्गा नै उनीहरूका प्रमुख हतियार हुन्थे । सो हतियारको प्रयोग गरी शिकार खेल्न रैछ कुले निपुण नामुद हुनुहुन्थ्यो । त्यस समयमा मानिसहरू आफ्नो बासको लागि जहाँ ओत गुफा भेटिन्छ, त्यहाँ नै पकड जमाएर बस्थे । त्यस समय हालको खोटाङ जिल्लाको हलेसी गुफा "रैछकुले-बुक्टा" अर्थात् रैछकुलेको ओडार भनी चिनिथ्यो । रैछ कुले दिनमा शिकार खेलेर बँदेल, मृग, परेवा, ढुकुर, हलेसो, कालिज, लुईचे र कन्याङ कुरूङ (हिमाल र समुन्द्र पार गरेर आउने हाँस) जे पाए पनि हलेसी ओडार "रैछकुले बुक्टो" भित्र केलाएर खान्थे । ती चारखुट्टे जनावर मृग, बँदेल आदिहरूका शिकारहरूबाट निस्केका फोहोरलाई एक कुनामा र दुई खुट्टे पंक्षी, लुइचे, कालिज, परेवा, हलेसो आदिहरूका गाँडबाट निस्केका अन्न फोहरलाई अर्को कुनामा फाल्थे । समय र श्रृतुको परिवर्तनले गर्दा पंक्षीको गाँडको फोहोर थुपारिएको ठाउँबाट विभिन्न अन्नहरू उम्रिन थाले । ती अन्नका दाना लागेपछि रैछ कुलेलाई ज्ञान भयो की, त्यो उम्रेको चिज चराले खादा नमरे मानिसले पनि खादा हुन्छ । रैछ कुलेले थप पंक्षीको गाँडबाट निस्कने अन्नहरू जम्मा पारे । र त्यसलाई जमिनमा रोप्ने उद्धेश्यले आफुले शिकार खेल्ने स्थान टुवाचुङ जायजुङ (हलेसी गुफा रैछकुले बुक्टाको पूर्वपट्टिको डाँडा) को टुप्पोबाट ढुङ्गा लडाएर पठाए । ढुङ्गा लडाउँदा जमिनमा बनेको खाल्डो, घिस्रेको, खोर्सेको ठाउँहरूमा ती अन्नका दानाहरू लगाए र रोपे ।

ति रोपेका अन्नहरू आ-आफ्नो समयानुसार जंगल पाखा भरि उम्रे । यसरी उम्रेका विभिन्न अन्न मकै, कोदो, जौ, गहुँहरूलाई भगवानको नाममा पुजा गर्न थाले ।

मानिसलाई अन्न खाँदा हुन्छ भनी ज्ञान दिने "रैछ कुले" र ज्ञान प्राप्त भएको पवित्र गुफालाई "रैछकुले बुक्टा" अर्थात् "रैछकुलेको ओडार" भनी चर्चित हुन थाल्यो । त्यस समय देखि किराँतहरू अन्नलाई पुजा गर्न मंसिर पुर्णिमामा उँधौली र चैत्र पुर्णिमामा उँभौलीको पर्व चण्डी नाचका साथ अहिले सम्म पनि मानी आएको पाईन्छ ।

रैछ कुलेको सन्तान "होलेसुङ व्हाङ" किराँत (थम) को राजा भए । हलेसी गुफाको नाम राजा होलेसुङ व्हाङको नामबाट अपभ्रंश भएर मानिसहरूले हलेसी गुफा भन्न थाले ।



*हलेसी गुफा, खोटाङ*

होलेसुङको सन्तान राजा बाघवंशी राई उनी शिकार खेल्न आफ्नो शिकारी कुकुर संग हलेसी तिर आइ रहन्थे । त्यस समय हलेसीको पुर्वतिर पानीको पोखरी अनि बाक्लो जंगल थियो । त्यस घना जंगल भित्र राजाको शिकारी कुकुर हरायो । कुकुर खोज्दै जाँदा गुफा भित्र फेला पऱ्यो । गुफा भित्र कुकुर, मृग, बाघ र अजिंगरलाई देखे र तुरून्तै गायब भए । राम्रो संग हेर्दा त्यस गुफा भित्र प्राकृतिक शिलाहरू देखे र किराँतहरूले पुजा गर्दै आए ।

वि सं १६५६ मा किराँतहरूले हलेसी गुफा र त्यस भित्रको अचम्म लाग्दा प्रकृतिक शिलाहरूको विवरण नेपालको राजदरबारमा विन्ती जानकारी चढाए । त्यस पछि वि सं १६६१ मा राजाले पशुपतिको नाममा हलेसीलाई पुर्वको पशुपति नामाकरण गरी हलेसी महादेवको नाममा ताम्रपत्र दिईयो । त्यसपछि हलेसी महादेव गुफा हिन्दु धर्मावलम्बी, प्रकृति पुजा गर्ने किराँती र बौद्ध धर्मावलम्बीहरूको तिर्थ स्थलले परिचित भयो ।

"हलेसी महादेव गुफा" पुर्वी नेपालको खोटाङ जिल्लामा पर्दछ । समय र मानिसको फरक फरक समयको कारण धेरै लामो समय सम्म अनविज्ञ रह्यो । हलेसी गुफाको पुजारीले बताएको कथानुसार, हिमालय पर्वत्की छोरी पार्वती र महादेव किराँती शिकारी राजा बलावंशी र किराँतीनीको रूप धारण गरी त्यस हलेसी गुफा र जंगल भित्र रहन थाले । पार्वतीको बैशालु उमेर र सुन्दरतालाइ देखेर बृकसुर राक्षसलाइ लोभ लाग्यो र उसले पार्वतीलाई पाउने उपाय सोच्न थाल्यो ।

तर उसको उपाय भनेको महादेवलाई मार्नु बाहेक अरू केही थिएन । त्यसपछि उसले महादेवको धेरै लामो तपष्या गरे । उसको तपष्यालाई देखेर महादेव प्रसन्न भयो । बृकसुर राक्षसलाई महादेवले सोधे, "तिम्रो तपष्या देखेर म प्रसन्न भएँ, ल भन म संग के माग्छस् माग म दिन्छु ।", भने । बृकसुर राक्षसको लागि "के खोज्छस् कानो आँखा" भने जस्तै भयो र तुरून्तै जवाफ दिए, "भगवान मलाई यस्तो किसिमको बर (शक्ति) चाहियो कि जस्को शिरमा मेरो हात पर्छ त्यो भस्म होस्" । र महादेवले "तथास्तु" भनी शक्ति दिए, त्यस पछि बृकसुरले महादेवलाई आक्रमण गर्न थालिहाले ।

महादेवले प्रतिकार गर्दै छल्दै भाग्दै जाँदा हलेसीको तल्लो दक्षिण पूर्वी गुफा अगाडिको पानी भित्र लुके झै गरे, र त्यस गुफाबाट छिरेर आकाशमा उडेर माथिल्लो गुफामा पसे ।

बृकसुर राक्षस महादेव हरायो भन्दै त्यस अगाडिको पोखरी भित्र खोज्दै रह्यो । महादेवलाई अप्ठ्यारो र कठिन स्थितिमा रहेको विष्णु भगवानले थाहा पाए । तुरून्तै पार्वतीको रूप धारण गरी, बाजा गाजा गित संगीतका साथ बृकसुर राक्षसको छेउमा गई सुन्दरता देखाई, "आउ नाचु गाउ म संग रमाईलो गरू ।" भन्दै फकाउन थाले ।

बृकसुरलाई शंका पनि लाग्यो र लोभ पनि । अनि पर्वतीको संगीतको तालमा नाच्न थाल्यो । बृकसुरको हात आफ्नो शिर माथि पर्न साथ पार्वतीको रूप धारण गरेको विष्णुले उसको हात थिची हाले । बृकसुर ठूलो विस्फोटको आवाजका साथ भष्म भयो र विष्णु भगवानको विजय भयो ।

माथिल्लो गुफाभित्र लुकेर बसेको महादेव, बृकसुर भष्म भएको ठूलो विष्फोटको आवाजले त्रसित भई त्यहाँबाट एक पाइलामा अरखौलेको ढुकशिलामा पुगी पानी मुनि गुफा बनाइ बसे । त्यसैले त्यस गुफाको नाम गुप्तेश्वरी महादेव गुफा नाम रहन गयो ।



*ठाक फुग मरातिका*

# "ठाक फुग मरातिका" (बौद्धहरुकानुसार)

नेपालको पुर्वी खोटाङ जिल्लामा रहेको हलेसी गुफालाई बौद्ध धर्मावलम्बीहरू लागि "ठाक फुग मरातिका" नामले परिचित छ । ठाक फुग मरातिका हिन्दु, बौद्ध र प्रकृति अर्थात भूमि पुजा गर्ने किराँत धर्मावलम्बीहरूको अति महत्त्वपुर्ण तिर्थस्थल हो । गुरू पद्मसंभवको जीवनी पुस्तक "स्हाङ्लिङ्मा" मा "ठाक फुग मरातिका" लाई ठूलो महत्त्वका साथ वर्णन गरिएको पाईन्छ ।

गुरू पद्मसम्भवले विभिन्न शक्ति, शिक्षा र ज्ञान हाँसिल गर्दै जाने क्रममा समय, संघर्ष र गुरूहरूको शिक्षानुसार थुप्रै नामहरू परिवर्तन हुँदै गए । जब वहाँको नाम लोदेन छोग्से रह्यो, त्यसबेला वहाँले, "मैले गोप्य मन्त्रद्वारा अब दिर्घायु र मृत्यु देखि टाढाको जीवन विद्याधरस्तर प्राप्त गर्छु । मैले अब भारत लगायत उड्डियानको सबै मानिसहरूलाई बुद्ध धर्ममा आबद्ध गराउनु पर्दछ ।" भन्ने विचार गर्नुभयो ।

गोप्य मन्त्र अभ्यास गर्न एक साँचो अध्यात्मिक लक्षण भएकी कन्याको आवश्यकता हुन्छ । त्यसकारण वहाँ शाहोर राज्य तर्फ लाग्नु भयो । शाहोरको राजा आर्शधरका एक "मन्दरवा फुल" नाम गरेकी छोरी थिइन । उनी सोह्र वर्षकी थिइन र सबै लक्षणले युक्त थिइन । गुरू पद्मसंभवले तिनलाई आफ्नो मुद्रा अभ्यासका लागि साथमा लानुभयो ।

त्यस बखत वहाँलाई बुद्ध अमितायुसबाट दीर्घायुको आशिर्वाद पाउन यस्तो वाणी प्राप्त भयोः "अवलोकेतेश्वरको पवित्र भूमि पोतला पर्वतको दक्षिणी भूभागमा एक मरातिका गुफा छ । दक्षिणतर्फ फर्किएको त्यस गुफामा निरन्तर पुष्प वर्षा हुने गर्दछ । इन्द्रेणीहरूद्वारा लपेटिएको त्यस क्षेत्रमा सुगन्धित धूपले वातावरण नै सुगन्धमय पार्दछ । त्यस क्षेत्रमा चन्दनको जंगल छ । त्रिकुलनाथ (मञ्जुश्री, आर्य अवलोकेतेश्वर र बज्रवाणी) बाट सो क्षेत्र आशिर्वादयुक्त छ ।" यस्तो वाणी प्राप्त भएपछि गुरू पद्मसंभवले त्यहाँ गएर आफ्नो आध्यात्मिक संगिनी मन्दरवा संग बुद्ध अमितायुषको मण्डल बनाएर विद्याधरस्तरको दीर्घायुको अभ्यास गर्नुभयो ।

तिन महिनासम्म साधना अभ्यास गरेपछि वहाँहरूले बुद्ध अमितायुसको दर्शन पाउनु भयो । जसले दीर्घ जीवनको अमृतले भरिएको कलस दुवै जनाका शिरमा राख्दै त्यसभित्रका अमृतपान गराउनु भयो । त्यसको परिणाम स्वरूप दुवै जनाका शरीर कुनै जन्म र मृत्यु नहुने बज्र शरीरमा परिणत भए । बुद्ध अमितायुसले गुरू पद्मसंभवलाई डाक ह्यग्रीव (तंडिन ओङ) र मन्दरवालाई बज्रवाराही हुने आशिर्वाद दिनुभयो । यसप्रकार गुरू पद्मसंभव र मन्दरवा दुबैले दीर्घायुको विद्याधरस्तर पाउनु भयो । त्यसपछि उहाँ दुबै जना बुद्ध धर्म विस्तार गर्नका लागि भिक्षा माग्दै शहोर राज्यमा जानु भयो ।



खुमजुङ गाउँ र याकहरू

# याक देखि शिर्ली डिमु सम्म

यस पृथ्वीमा रहेका मानव लगायतका जीवहरू, धर्म शास्त्रमा उल्लेख भए अनुसार ८४ लाख संख्याको हाराहारिमा रहेका छन् । यी संख्याहरूमा रहेका जीवहरूले आ-आफ्नो जात, थर र भिन्नताको पहिचान बोकी आएका छन् र यो प्रकृतिको नियम पनि हो । आधुनिक युगको परिवर्तित विकासक्रममा एकथरि जीवको धातु अर्को थरि माउको गर्भमा सारेर बच्चा जन्माउने चलन पनि निम्तिएको छ । कृषकहरूमा घोडा र गधा बीच तथा याक र गाई बीच आपसमा मिलाएर बच्चा जन्माउन लाउने चलन पनि छ तर त्यसबाट प्राप्त बच्चाहरू एक पटकसम्मलाई मजबुत काम दिए पनि निरन्तर सन्तानको जन्म नभई शेष भएर सन्तानको अन्त हुन जाने कुरा जनावरबाट हामीले देख्न र सिक्न सिक्छौँ । सायद यो प्रकृतिको नियम हामी र हाम्रो जात थरमा पनि लागु हुन्छ । यदि यसो हुन्छ भने हामीले थप यी याकको सन्तानबाट पनि केहि सिकौं की !

प्रथममा,

| **भाले** | | **पोथी** | | **बच्चा** |
|---|---|---|---|---|
| याक | + | गाई | = | जोम |
| याक | + | जोम | = | कोकयाक |
| याक | + | कोकयाक | = | गर |
| याक | + | गर | = | गिर |
| याक | + | गिर | = | शिर लिङ डिमु |

यसरी पाँचौ तहमा जन्मेका शिर लिङ डिमु भाले या पोथी पुन सक्कल याक या नाकमा फर्किन्छ । यो फेरी सक्कल याकमा फर्किएको महँगो पशु हो भनिन्छ ।

शिर लिङ डिमु स्हिन्तु कोम्वे थून्डु, यसको अर्थ शिरलिङ डिमु सुन भन्दा महँगो पशु हो, भन्ने तिब्बतका कृषकहरूको उखान छ ।


© शेर कुमार राई

*Yeti*

# यट्री

यट्री अथवा ट्रिमू लोप भई सकेको चर्चित जनावरहरू मध्ये एक हिममानव हो । हिमाली क्षेत्रमा मात्र चर्चामा रहेको हिममानव "यट्रि" अथवा "ट्रिमु" हो ।

य = भनेको गाउँ बस्ती नरहेको "लेक" हो ।
ठी = एक प्रकारको जनावर हो ।

त्यसैले "य ट्री" नाम रहेको हो । "ट्री" आफै एक भयानक जनावरको नाम हो । यसलाई तिब्बत तिर "ट्रिमु" भन्दछ । नेपालको पश्चिम साइपाल तिर बस्ने लामाहरूले पनि "ट्रिमु" नै भन्ने गर्दछन् । स्यार्वा बाहेकको अरू हिमाली भेगका बासिन्दाहरूले "ट्रिमु" नै भन्ने गर्दछन् । हिमाली क्षेत्रमा मात्र चर्चामा रहेको हिममानव यट्रि अथवा ट्रिमु दुई प्रकारको हुन्छ भनिन्छ ।

१) "मि ट्री" मानिस माथि आक्रमण गर्ने
२) "छयु ट्री" जनावर माथि आक्रमण गर्ने

सन् 1960 को समय देखि यता विस्तारै विश्व चर्चित भएर आयो । यट्री भन्ने जनावर हुन्छ र हुन सक्दैन भन्ने विश्वास र अविश्वास चर्चाले गर्दा परापुर्वकाल देखि खुम्जुङ गुम्बामा रहेको यट्रीको टाउकोको छाला Sir Edmund Hillary ले पश्चिमी विकसित देशहरूमा लगी यटी हो वा होइन भनी जाँच्न लगे । त्यसबाट निस्केको परिणामले, "यट्री" माथि गरिने विश्वास माथि आँच आई लाग्यो । अहिलेका युवापुस्ताहरूले विश्वास कम गर्न थाले । पश्चिमा पर्यटकहरू खुम्जुङ गुम्बामा रहेको यट्रिको टाउकोको छाला हेर्ने गर्छन् तर विश्वास गर्न गाह्रो मान्छन् ।

हाल आएर सेर्पा अग्रजहरू र बाआमा हरूले प्रश्न खोज्छन् .... "यट्री" के हो त ? यट्री भन्ने नाम सेर्पा भाषा हो या अंग्रेजी ? के यट्री पश्चिमा देशमा पनि पाईन्छ ? के सँग तुलना गरेर जाँच गरियो । हाम्रो ठाउँमा हुने जनावर र त्यसको नामलाई अर्कैले जाँच गर्नु पर्ने ? त्यस यट्रीको छालालाई जाँच गर्दा ३, ४ सय वर्षको पुरानो समयलाई ख्याल गर्‍यो की गरेन" । आदि ।

आफनै देश र ठाउँमा रहेको ऐतिहासिक महत्त्वका साझा सम्पदालाई राष्ट्रले महत्त्व नदिंदा विश्वमा चर्चित तर विवादित रहेको "यट्री" को टाउकोको छाला Yeti scalp खुम्बुका सबैभन्दा पुरानो गुम्बा "पाङबु छे" र समयानुसार दोश्रो पुरानोमा पर्न आउँने खुम्जुङ गुम्बामा बुद्ध छेनचेनका तिन

भाई छोरा मध्ये लामा साङ्वदोर्जी र माइला छोरा रल्प दोर्जीले, आ-आफ्नो गुम्बामा सुरक्षाको लागि राखेको यट्रीको टाउकोको छाला (Yeti scalp) को परिचय अस्तित्वमा रहन मुश्किल परेको देखिन्छ ।

## लामाहरुले यस "यट्री" अथवा "ट्रिमु"को छालालाई किन गुम्बामा राख्यो होला त ?

भविष्यवाणी गर्न सक्ने त्यस बखतका तपस्वी लामाहरूले, पवित्र हिमाली क्षेत्रका तिर्थ स्थलहरूमा मात्र रहने, हिउँदोमा ३५०० मिटर सम्म झर्न आउने बाँकी समयमा ४५०० मिटर भन्दा माथि लेकमा बस्ने दोश्रो मानिसको दर्जा हिउ मानवको महत्त्व र भविष्यमा लोप हुन जाने स्थितिलाई बुझेर, सबैभन्दा सुरक्षित रहने संस्था गुम्बा नै हो भन्ने बुझी, भविष्यका मानिसहरूले कम्तिमा पनि यसको मात्र भए पनि दर्शन गर्न पाउँने सौभाग्य मिल्ने छ भनी राखेका थिए । आजभन्दा ४ शताब्दी अगाडिको लामालाई पर्यटकलाई देखाउन, अथवा चर्चामा रहन र नरहन संग भने सरोकार देखिदैन । त्यसैले यसलाई निरन्तर सुरक्षा दिएर भविष्यका सन्तानका लागि राख्नु हाम्रो जिम्मेवारी हो ।

## कसरी पायो त गुम्बाहरुमा ?

खुम्बुमा रहेका गुम्बाहरू मध्ये सबैभन्दा पुरानो र जेठो पाङवुचे गुम्बा हो, यो गुम्बा खुम्जुङको मोङला स्थित रिञ्जिङ गुम्बाको प्रमुख लामा बुद्ध छेनचेनको जेठो छोरा लामा साङ्वा दोर्जीले बनाउनु भएको हो । लामा साङ्वा दोर्जी लामा मात्र नभई "मोन्जो" देखि माथिको गाउँहरूलाई नेतृत्व दिने अगुवा समेत हुनुहुन्थ्यो । त्यसैले वहाँलाई "पोनलोब साङ्वा दोर्जी" पनि भनिन्थ्यो ।

## पोनलोब साङ्वा दोर्जी

तपस्वी लामा साङ्वा दोर्जीले अति विकट हिमाली क्षेत्रको पवित्र गुफाहरूमा तपस्या गर्नु हुन्थ्यो । गाउँबस्ती नभएको, हिमाल (खाङरी), डढेल (जमक), पाखा (पाङ) र जङ्गल (नाटी) मात्र भएको ठाउँहरूमा गई ओम - काय (कु), आ - वाक (सुङ) र हुँ - चित्त (थूग) को कठोर तपस्या गर्नु हुँदा, त्यस ठाउँका जनावरहरूले आआफुले सक्ने सेवाहरू पुराए । त्यस मध्ये दिङवुचेको डोल्मीरि (तारा पर्वत) को पवित्र तिर्थस्थल "नाङ्गाजोङ फुग" र तवुचे हिमाल फेदको "सिङ्गी फुग" (सिंह गुफा) मा लामो समय तपस्या गर्नु हुँदा काय, वाक र चित्तको तपस्या सफल हुन वहाँको सेवक हिममानव यट्रिको पनि देन थियो । दाउरा बटुल्ने, पानी ल्याउने, जाडो, चिसो नभनी लगातार सेवा गरी अन्तमा यटिले लामा सामुन्नै आफ्नो देह त्याग गर्‍यो र लामाले आफ्नो सेवक यट्रीको आत्मालाई सिधै स्वर्ग पुग्ने आशिस दिई, त्यस यटिको टाउकोलाई सुरक्षित ठाउँ पाङवुछेको गुम्बामा राखियो ।

चार शताब्दी सम्म सुरक्षित रहेको त्यस हिममानव "यट्री"को टाउकोको छाला सन् 1990 तिर राती चोरले गुम्बाको साँचो काटेर लग्यो । त्यस पछि पाङवुचे गुम्बामा यटीको टाउको छाला (Yeti scalp) रहेन । कसले, कहाँ, कुन देशमा लग्यो अहिले सम्म पत्ता पाएन । तर 2011 April अन्तिमतिर न्यूजील्यान्डका नागरिक *Mike Allsop* ले कसैले सोधे बिना अचानक पाङबुचे गुम्बाको लागि एउटा नक्कली छालाले यट्रीको टाउको बनाइ ल्यायो । यो एउटा रहष्यमय थियो । किन ल्याइ दियो त पाङबुचे गुम्बाको लागि ? कहाँ कसले कसरी बनाइयो ? पाङवुछेमै ल्याइ दिन पर्ने के थियो त ? यस्ता शंकास्पद विषयलाई, गाउँ समुदाय र राज्यले किन हल्का संग लिइयो त ?

पुर्खाहरूका अनुसार खुम्जुङ गुम्बामा रहेको "यट्री" को टाउकोको छाला थामे गुम्बाबाट भाग पाएको भनिन्छ । खुम्बुका सबैभन्दा पुरानो र ठूलो स्र्यावा गाउँ खुम्जुङ भए पनि लामा बुद्ध छेनचेनका माईला छोरा तथा लामा साङ्दोर्जीका माईला भाई रल्प दोर्जीको गुम्बा थाङमे (थामे) मा बनाउने भए बमोजिम खुम्जुङ खुम्तेका सबै स्यार्वाहरू सँगै लागेर थाङमे गुम्बा बनाउन सहयोग गरी बनाए र धेरै लामो समय सम्म ढुम्जी पनि संगै खाए र मनाए ।

जनसंख्याको वृद्धि र समयको परिवर्तनले गर्दा थामे र खुम्जुङ छुट्टिनु पर्ने स्थिति भयो । खुम्जुङ खुन्देले आफ्नो गाउँमा गुम्बा बनाए र आफ्नो गाउँको नयाँ गुम्बामा राख्नको लागि थामे गुम्बा संग केही अंश माग गऱ्यो । तर त्यहाँबाट १०८ थानको "कञग्युर" बाहेक अरू पाएन । माँग्ने र दिने बीच विवाद सुरू भयो ।

थामेका जवानहरूले हेलचक्राईका साथ थामे गुम्बामा रहेको "यट्री"को टाउकोको छालालाई "ल, यो छाला लैजा भनी खुट्टाले हानेर खुम्जुङका मानिसहरूको अगाडि फालिदिए । खुम्जुङका केटाहरूले त्यो यट्रीको टाउकोको छाला खुट्टाले खेल्दै र टाउकोमा ओढी खुम्जुङ ल्याइ पुऱ्याए ।

त्यहि "यट्री" को टाउकोको छाला हो, हाल खुम्जुङमा सुरक्षित रहेको । खुम्जुङ गुम्बा बने देखि यता सन् 2014 सम्ममा ३७५-३८० वर्ष पुरानो मानिन्छ भने गुम्बा भन्दा यट्रीको टाउको छाला जेठो मानिन्छ । किनभने थामे गुम्बामै कति वर्ष रह्यो होला ?

## खुम्जुङ गुम्बामा रहेको यट्रीको टाउकोको कथा

चार शताब्दी पुर्वको खुम्बु अति दुर्गम र जंगली अवस्थामा हुँदाको बखत यट्रीहरूको बिगबिगी थियो । वस्तु आक्रमण गर्ने "छुट्री" र मान्छेलाई आक्रमण गर्ने "मिट्री" दुबै थिए ।

पुर्खाहरूको भनाई अनुसार, मिट्रीले मानिस माथि साह्रै नै आक्रमण गरी दुख दिएपछि, मानिसहरूले यट्रि (मिट्री) लाई कसरी मार्स्ने भनी योजना बनाए । एक जना वृद्ध सेर्पाले सुझाव दियो, "यट्री को बानी साह्रै नक्कल गर्ने चरित्रको हुन्छ । त्यसकारण हामीले एउटा नाटक गर्नुपर्छ । एउटा खुल्ला चौरमा हामीहरू भोज खानुपर्छ र छ्याङको धाँका (काठको भाँडा) बाट छ्याङ झिकेर खाँदै हामी बीच झगडा गरेर तरबार हानाहान गरी कोहि मरेको बाहना गर्नुपर्छ । तिनीहरू (यट्री) ले दिउँसोको हाम्रो क्रियाकलाप देखेर राती हाम्रै जसरी छ्याङ खादै नक्कल गर्न सक्छ"। साँचै नै मानिसहरूले काठको भाँडा धाँका भित्रबाट पानी झिकेर खाँदै, वृद्धको सुझावानुसार त्यसै नाटक गरे । दिउँसोको मानिसहरूले चलाएको तरबार काठको नक्कली थियो र रातको "यट्री" को लागि सक्कली तरवार छाडे । धाँका भाँडाभित्र सक्कल कडा छ्याङ हाली राखे ।

साँचिक्कै राती "यट्री" हरू आएर दिउँसो मानिसहरूले झै छ्याङ झिकेर खाँदै तरवारले एक आपसमा हानाहान गरे । त्यस वरिपरि रहेका यट्रीहरू एउटा गर्भिणी बाहेक तरवारको चोटले सखाप भए ।

भनिन्छ त्यसपछि "छुट्री" बाहेक "मिट्री"हरू धेरै लोप भए । हाल खुम्जुङ गुम्बाको यट्रीको टाउको त्यसमध्येको एउटा मिट्रीको टाउकोको छाला हो ।

लामा साङ्व दोर्जी र रल्प दोर्जीले आ-आफ्ना गुम्बामा मिट्रीको टाउकोको छालालाई सुरक्षित गरी राखिदिए । ताकि भविष्यमा सन्ततिले कम्तिमा पनि यसको दर्शन पाईयोस्, यसबाहेक अरू केहि उद्देश्यले राखेको होइन, न त त्यस बखत यट्रि जनावर चर्चित भएर पर्यटक हेर्न आउँछ भन्ने कुरा थाहा नै थियो ।

## खुम्बुको धार्मिक पुजापाठहरुमा यट्रीको टाउकोको छालाको महत्त्व

यट्री एक भयानक शक्ति भएको हिउँ मानव हो । त्यसैले यस यट्रीको टाउकोको छालालाई सेर्पाहरूको महान् धार्मिक चाड ढुम्जीको चौथो दिनको "लोक्पर" (भुतप्रेत भगाउँने) पुजामा अनिवार्य मानिसले यटीको टाउको ओढेर यट्रीको अभिनय गर्दै लामा संगसंगै अघि अघि हिड्नु पर्दछ । यसो गर्दा "लोक्पर" पुजाको तन्त्र मन्त्र र "यट्रि" को टाउकोको छालाको शक्तिले गाउँघरको नराम्रा दशा ग्रहभुत प्रेतहरू लखेटिन्छ, भाग्छ भन्ने हामी सेर्पाहरूको विश्वास हो । त्यति मात्र नभई, त्यस यट्रिको छालालाई लामा साङ्वा दोर्जे, रल्पा दोर्जेको आशिष प्राप्त छाला भएको हुनाले यो अपार महत्त्वको अन्मोल चिज हो ।

## "यट्री" को अन्तिम दर्शन

सन् 1974 मा नेपालको सोलुखुम्बु जिल्ला खुम्जुङ गा. वि. स. वडा नं २ को याक खर्क मछेर्मोमा याक हेर्न बसेकी एक महिला ल्हाक्पा डोमा सेर्पीनीलाई यटीद्वारा आक्रमण भयो । त्यसपछि कसै माथि आक्रमण पनि भएन न त केही हालखबर नै सुने । सायद त्यहि नै अन्तिम थिए होला मानव र यटी बीचको घटना ।

मछेर्मोमा त्यस बखत याकको गोठ र खर्क बाहेक अहिलेको जस्तो होटल र मान्छेको चाप थिएन । याक हेर्न बसेका दाज्यु-बहिनी ङिमा तेन्जीङ र ल्हाक्पा डोमा थिए । मछेर्मो देखि २८, ३० कि.मी टाढा पर्ने मूलघर खुम्जुङमा राशन-पानी लिनको लागि दाइ चाहि खुम्जुङ हिडे । एकदिन आफ्नो गोठखर्ककै छेउमा बादल मडारिएर अँध्यारो-अँध्यारो मौसम भएको समय खोला छेउको एउटा ढुङ्गा माथि बसी रहेकी ल्हाक्पा डोमाले सुसेली बजेको आवाज सुने, राशन लिन गएको दाई फर्केर आँउदैछ, भन्ने सोचेर खुसी भईन र एकोहोरो बाटो तिर मात्र हेरी रहिन् । एक छिनमा अचानक पछाडिबाट एउटा भयानक जनावरले छोपेर छेउको सानो खोला छेउ फाली दिए । कति बेर बेहोश भईन् थाहा पाएनन्, होस आएर ब्युझिँदा त्यो डरलाग्दो भयानक देखिने जनावरले आफ्नो खर्क भित्र रहेका याकहरूको माझमा पसी याकको टाउकोको सिङलाई दुबै हातले समाती टाउको फुटाली रहेको अनौठो दृश्य देखे । झन् तर्स्यो नचली जहाँको तहि रहिरहिन् । याक सबै तर्सेर कराउँदै यता र उति उफ्रिन थाले, त्यस बेलाको दृश्य भाँडोमा पानी उम्लेको झै थियो । त्यसपछि त्यो डरलाग्दो जनावर खर्कबाट निस्केर सिधै हिमाल तिर उकालो चढेर गयो । त्यस्तै कसैले पनि सालको ख्यालै नराखेको तर अन्दाजी 1976 मा एक अर्को भयानक यटीको भेट, दोर्ची भन्ने एक मुश्किलले दुई चार शब्द बिस्तारै बोल्न सक्ने एक लाटो सँग खुम्जुङ गा.वि.स. गोक्यो जाने बाटोमा पर्ने मोङ डाँडा देखि मूल बाटो छुटेर पशुचरणको बाटो "क्याङ लप्चा" मा अन्दाजी दिउँसोको २ बजे तिर बादलले छोपिरहेको अँध्यारो दिनमा बाटोमा झम्का भेट भयो । दोर्जेले आफु संग बोकी रहेको कोदालोले हानी हाल्यो । काटेर उप्केको रौं सहितको छाला बोकेर ल्यायो । उसको

बा आमा लाई सुनायो । दोर्ची तर्सेर रातभर सुत्न सकेन त्यसपछि उ बिरामी पऱ्यो । जति खेर पनि तर्सी राख्थ्यो र उसको आमाले त्यो रौं सहितको छाला ल्याएर त्यस घट्नाको बारे मेरो हाल स्वर्गीय पिता अठेन्जुले सेर्पालाई देखाउन ल्यायो रे । मेरो पिताको अनुसार त्यस छालामा कडा गन्ध आउँथ्यो भन्नु हुन्थ्यो । बिरामी परेको दोर्ची निको हुन सकेन, झन् झन् साह्रो हुँदै गयो । दोर्चीको आमा आत्तिएर छोरालाई Yeti संग झम्काभेट भएको र कोदालोले हानेर उप्केको छाला सहित आफन्त, नाताहरूसंग दोर्चीलाई कसरी विषेक पार्ने भनी सल्लाह मागे । उपचारको लागि धामी झाँक्री, पुजा थुप्रै गरे । तर दोर्चीको उडेको हाँसो फर्काउन सकेन । उ बाँचेन । दोर्चीको आमा र गाउँले पुर्खाहरूले भन्नु हुन्थ्यो, Yeti भेट्नु अलक्षिण हो, जसको घरमा देवता बिग्रेको छ, त्यस्तो घरको मान्छेलाई मात्र अकुशल र अनिष्ट हुने संकेत देखाउन भेट हुन्छन् । त्यस अवस्थामा सकभर तुरून्त धूपबत्ती बालेर वातावरण शुद्धीकरण गरी देवता बुझाउने पाठ गरिनु पर्छ । त्यहि नै कुल देवता, घरको देवता, नागनागिन ईष्टदेवलाई प्रसन्न पार्ने विधि हो ।

सायद त्यो नै खुम्बुमा मानिस संग यटीको भेट अन्तिम थियो । त्यस घटना पछि मैले अरू घटना सुनेको छैन ।

Mountain Travel भन्ने Trekking company मार्फत केहि विदेशीहरू गोक्योको पोखरीहरूको गहिराई नाप्नको लागि आएका थिए जसमा खुन्देको आङ ङिमा सेर्पा (औ कान्छाको छोरा) लाई गाईड/सरदारको रूपमा पठाईयो । आङ ङिमाको अनुसार गोक्योको चौथो ताल नाप्नको लागि त्यहाँ क्याम्प गरेको र राती कुनै जनवारले धेरै थरिको स्वर निकालेर कराएको कुरा सुनायो । सायद त्यो यटी नै थियो, किनभने थरिथरिका स्वर निकाल्ने जनावर अरू हुँदैन । आङ ङिमाका अनुसार, "सायद त्यस क्षेत्रको देवता रिसायो, किनभने हामी त्यस पोखरी माथि डुङ्गा (प्लास्टिक नाउ) चढेर पोखरी पोखरीमा डुल्यौं । झन 'थोनक' पोखरी 4th lake को देवता त खतरा हो भनिन्छ । छिटो छिटो धूप बाल्यौं । रातभर डर लाग्यो, निन्द्रा लागेन । भोली बिहान हाम्रो स्टाफहरू पनि सबै तर्सेको कुरा थाहा भयो । त्यसपछिको दिनहरूमा चाहि केहि पनि सुनेन ।"

## मिट्रिको शरीरको बनोट

पुर्खाहरूको भनाइ अनुसार, यट्री मध्ये मिट्री, भाले पोथीको शरीरको बनोट फरक हुने गर्दछ । खस्रो रौंले ढाकेको, अग्लो, टाउकोको टुप्पो उठेको चुच्चो र खुट्टाको पञ्जा लामो हुन्छ ।

पोथीको कपाल लामो लामो र छातीको स्तन झुण्डिएको हुनाले ओरालो हिड्न गाह्रो अप्ठ्यारो पर्छ । त्यसैले पोथीले आक्रमण गर्न आयो भने हामी ओरालो भाग्नु पर्छ, भनी पुर्खाहरूले हामीलाई अर्ती दिने गर्थे ।

## "यट्री" को कानले सुन्ने र नाकले सुघ्ने क्षमता

यट्री जति टाढा भएपनि खर्क तिर चुल्होको आगोमा फोहोर पर्न गई दुर्गन्ध निस्केमा र हामीले गाईगोठ तिर यट्रीको नाम काटेर खेलाँची गरेमा, नौ डाँडा र खोला तरेर पनि आईपुग्छ । त्यसबेला तुरून्त धूप बाल्नुपर्छ भन्ने पुर्खाहरूको भनाई छ ।

## "यठ्री" हुने ठाउँ

विशेषत यठ्री हुने ठाउँ अति पवित्र र सुनसान रहेको डँढेल (जमक) तिर हुने गर्दछ । हिउँदो तिर हिउँ धेरै परेर चिसो भयो भने ३००० मिटर सम्ममा रहेको खर्क "टासीङ्गा" (गुन्सा) तिर झर्ने र, गोठको छाना तिर पनि चढेर उफ्काउने गरेको सुन्न पाईन्छ ।

हिउँ नपर्ने समयमा ४५०० मि. देखि माथि सुनसान क्षेत्र तिरै हुने गर्छन् भनेको पाईन्छ ।

## "यठ्री"को आहरा

पुर्खाहरूको भनाई अनुसार यठ्री अथवा मिठ्री एक थरीको मांसहारी हुन् । यिनीहरूले माथि लेक तिर भएको डँढेललाई पल्ट्याउँदा त्यस मुनि पाईने घमसिङमा (एक थरिको पखेटा भएको कालो किरा), ठेयोक्पा (घाँस मात्र खाने एक प्रकारको पुच्छर नभएको मुसा) र ढुङ्गामा पलाउने एक थरिको झ्याउ खाने गर्थे भनेको पाईन्छ ।

## "यठ्री"को स्वर

पुर्खाहरूको अनुसार यठ्रीले सुसेली बजाउँछन भनेको पाईन्छ र आङ ङिमा खुन्देको अनुसार, एउटा यठ्रीले धेरै थरिको स्वर निकालेर हल्ला गर्छ, भन्नु हुन्छ ।

## "यठ्री" को गन्ध


पुर्खाहरूको अनुसार यठ्रीले किरा टिपेर खाने हुनाले यठ्रीलाई साह्रै कडा (सिबरी) गन्हाउँछ भनिन्छ ।

खण्ड २७

# प्रकृति संरक्षणमा सेर्पा संस्कृतिको योगदान

पृथ्वीमा मानिसको सृष्टि भयो । जीवन जीउनका लागि मान्छेले प्राकृतिक श्रोतको उपभोग गर्न थाले । प्राकृतिक श्रोत उपभोग गर्नु बाहेक जीवन जीउनका लागि अर्को कुनै विकल्प पनि थिएन ।

माग र आपुर्ति समानान्तर रूपमा हुनुपर्छ । माग बढी भएको अवस्थामा वस्तु प्राप्त गर्न संघर्ष गर्नुपर्छ । कहिल्यै नभएका अचम्मका घटनाहरू मानिसले भेल्नु पर्दछ । आवश्यकताले मानिसलाई यो ज्ञान भयो कि प्रकृतिको संरक्षण गरेमा मात्र मानिसको जीवन निर्वाह सरल हुन्छ । यही तथ्यलाई महसुस गरी सेर्पाहरूले धार्मिक र सांस्कृतिक दुवै क्षेत्रबाट प्राकृतिक सम्पदाको संरक्षण गर्न थाले ।



*प्रकृतिले घेरिएको खुम्जुङ गाउँ*

धार्मिक क्षेत्रबाट प्राकृतिक संरक्षणीय महत्त्व बोकेका विभिन्न विश्वास हरू छन् ।

क) पवित्र हिमाल र पहाडहरूमा विभिन्न देवहरू केल्ह, यूल्ह, फोल्ह, मोल्ह, रूल्ह र डल्ह (जन्मदेव, भूमि संरक्षक देव, पितृदेव, मातृदेव, थरदेव र रक्षक) महत्त्वपुर्ण प्राकृतिक शक्तिका रूपमा बास बसेका हुन्छन् । ती देवहरूलाई सम्मानपूर्वक पुजा गरिन्छ र अशुद्ध हुनबाट जोगाउने गरिन्छ । प्राकृतिक अपवित्रता हुन नदिने विभिन्न उपायहरू अपनाईन्छ । यदि अन्जानमा कुनै गल्ती भैहालेछ भने साङ्सेर्कीम पुजा गरी देवतासंग माफी माग्ने चलन पनि छ ।

ख) पवित्र पोखरी, खोला, सिम र ती क्षेत्र वरिपरिका रूख विरूवा तथा कुवाहरूमा नागनागिनको बास (लुमु छुवा लु) हुने विश्वास गरिन्छ । धार्मिक महत्त्वका ठाउँहरूमा फोहोर पार्न, खनजोत गर्न, रूख काट्न तथा वातावरण बिगार्न नदिइ संरक्षण गरिएको पाईन्छ । यी देवदेवीको सम्मानमा वार्षिक रूपमा पुजा पनि गरिन्छ ।

ग) देउराली वरिपरि रहेका वनजंगललाई "लप्चे नाटी" भनिन्छ । त्यहाँ काँचो दाउरा टिप्न र रूख काट्न निषेध गरिएको हुन्छ । देउरालीको ढुङ्गामाटोलाई खनजोत गर्न निषेध गरी संरक्षण गरिएको हुन्छ ।

घ) गुम्बा वरिपरि रहेका पवित्र जंगललाई गुम्बाको लामा मार्फत संरक्षण गरिन्छ । संरक्षण गरेको वनजंगललाई "गुम्बा नाटी" र "लमी नाटी" भनिन्छ ।

ङ) सामुदायिक पहलबाट गाउँ वरिपरि रहेका वनजंगललाई धार्मिक परम्परा अनुसार संरक्षण गरिएको छ । संरक्षण गर्न छुटेकोलाई गाउँलेहरूको गाउँसभा (यूल्ठीम)ले निर्णय गरी "क्याक्सीङ" (बन्देजित क्षेत्र) भनी संरक्षण दिईएका क्षेत्रहरू पनि छन् ।

च) समय र परिस्थिति अनुसार जनघनत्व र विकासको चापले गर्दा वर्षेनी घरहरू निर्माण हुन्छन् । बढ्दो घर संख्यालाई आवश्यक काठहरू छिमेकी जिल्लाको बेसीफाँटबाट झिकाइ आवश्यकता पूर्ति गरिन्छ ।

लज होटलहरूमा लाग्ने इन्धनहरूमा विद्युत, ग्याँस अनि गोबरले स्थान लिइ परिवर्तन ल्याएको छ । यही परिवर्तनले खुम्बु वनजंगलको माग कम हुनुका साथै वनजंगल धेरै सुरक्षित भएको देखिन्छ ।

**धार्मिक क्षेत्रबाट संरक्षण भएका वनजंगलहरु**

**(Religious Conserved Forest)**

- लुमु स्युक्पा (नाग थान वरिपरिका जंगल), अधिकांश तिनै गाविस
- पाङवोचे गुम्वा नाटी (पाङवोचे), खुम्जुङ गाविस
- पाङवोचे यारेन् नाटी (पाङवोचे), खुम्जुङ गाविस
- देवुचे गुम्वा नाटी (देउचे), खुम्जुङ गाविस
- तेङवुचे गुम्वा नाटी (तेङवुचे), खुम्जुङ गाविस
- खुम्जुङ गुम्वा नाटी (खुम्जुङ), खुम्जुङ गाविस
- चाम्खाङ नाटी (खुन्दे), खुम्जुङ गाविस
- चम्खाङ नाटी (खुम्जुङ), खुम्जुङ गाविस

- लामी नाटी (तेङवुचे वरिपरि), खुम्जुङ गाविस
- लप्चा नाटी (धेरै देउरालीहरू), तिनै गाविस
- क्ष्यारोक गुम्वा नाटी (क्ष्यारोक), नाम्चे गाविस
- क्यारोक गुम्वा नाटी (क्यारोक), नाम्चे गाविस
- लौदो गुम्वा नाटी (लौदो), नाम्चे गाविस
- रिमीज्यूङ गुम्वा नाटी (रिमीज्यूङ), चौरीर्खक गाविस


*चाम्खाङ नाटी (खुन्दे)*

**समुदायले संरक्षण गरेका गाउँले वन क्याक्सिङ (Community Conserved Forest)**

- पाङवोचे यारेन नाटी (पाङवोचे)
- फोर्चे यूल्वी नाटी (फोर्चे)
- खुम्जुङ यूल्वी नाटी (खुम्जुङ)
- खुन्दे यूल्वी नाटी (खुन्दे)


*पाङवोचे यारेन नाटि*


*लौदो गुम्वा नाटी*

**पंक्षी आरक्षण क्षेत्र (Bird Conservation Area)**

- लाक्योक पंक्षी आरक्षण क्षेत्र (Bird Sanctuary)

**वस्तु चर्नका लागि व्यवस्था गरिएका क्षेत्रहरु (Managed Pastures)**

गोक्यो ताल वरिपरिका खर्क, ना, ठाकनाक, ठोरे, खोनर, केले, फुङ्गीठेङ्गा, सोसो, यारेन, ल्हाफर्म, स्योमारे, वोर्स्यो, ओमाका, दिङवुचे, छुखुङ, फेरिचे, फुलाङकरा, थुक्ला, लोबुचे, कत्तरचे, छुक्पी लहोर, गरोक शेप, गुरूङ खर्क, लाठोनाङ ।


*केले*

**घर पालुवा पशुहरुको लागि छुट्टाएको खर्क र चरण क्षेत्रहरु (Private Pasture for Domestic Animals)**

- टासिङ्ग र लविस्यसा (खर्क)
- छेर्मुलुङ र मोङ (खर्क)
- दोले र ल्हा फर्मा (खर्क)
- मछेर्मो र फङ्गा (खर्क)

**अन्य चरण क्षेत्र**

**(Other Grazing Areas)**

स्याङवोचे, कपशले झाज्यो, कत्तरचे, छेर्मुलुङ, छुवा वोक, छुवातेङ, ङोलवी गो, मिङवो तोल्दीप, स्यज्योनाङ, छुझुमा

**पानीका मुहानहरु (कुवा /लुमु छुवा)**

**(Springs)**

- स्योमारे लुमु छुवा (स्योमरे)
- देवोछे लुमु छुवा (देवोचे)
- तेङवोछे लुमु छुवा (तेङवोचे)
- ढोङलप्चा लुमु छुवा (देवोचे)
- ताकस्येवी लुमु छुवा (टासिङ्ग)
- वोर्स्यो लुमु छुवा (वोर्स्यो)
- लारे नाङ लुमु छुवा (सानासा)
- छेर्मुङ छुवा (खुम्जुङ)
- तिङज्युङ लुमु छुवा (खुन्दे)
- रि छुवा (खुन्दे)
- लुमु छुवा नाउज्ये (नाम्चे)
- फिसिङ छुक्पु लुमुथुङ स्युङ छुवा (क्योङमों)
- छेर्मुलुङ लुमु छुवा (छेर्मुलुङ)



*फङ्गा*



*स्याङवोचे*



*तेङवोछे लुमु छुवा*

यी सब ईष्ट देवहरू हुन् । धेरै जसोको पुजाआरधना गरिन्छ ।

यसरी हरेक दृष्टिकोणबाट पवित्र हिमाल, पहाड, ताल वनजंगल, गुम्वा, मानव बस्ती, खर्क र चरण क्षेत्रहरू परापूर्वकालदेखि व्यवस्थित गर्न र संरक्षण दिन शेर्पा आदिवासीहरूको धर्म, संस्कृति र परम्पराको वैज्ञानिक तवरले भूमिका रहेको छ ।

## संरक्षणका लागि परम्परागत नवा प्रथा

“नवा” प्रथा नेपालको खुम्बु क्षेत्रमा मात्र प्रचलित रहेको पाईन्छ । यो प्रथाले सामुदायिक कानुनको प्रतिनिधित्व गर्दछ । शब्दार्थमा “नवा” ले “अधिकार” भन्ने जनाउँछ । व्यवहारमा नवाले अधिकार प्राप्त संरक्षकको भूमिका निर्वाह गर्छन् ।



*डि. मा रहेको संरक्षित बाली*

नवा दुई थरिका हुन्छन् । एक "स्हिङगी नवा" (वनजंगल संरक्षक) र अर्को "लोथोक नवा" (खेतीबाली र चरणक्षेत्रको संरक्षक) ।

नवाको जिम्मेवारी वर्षेनी परिवर्तन हुन्छ । नवाको छनौट गर्ने दिन गाउँमा ठूलो कार्यक्रम र सभा राख्ने चलन छ । त्यस कार्यक्रमलाई "वोर्स्यु" भनिन्छ । यस गाउँसभाको निर्णयले गाउँको आवश्यकता अनुसार नवाको संख्या तोकिन्छ । पहिले पहिले त यस यूलठिमका दिन धेरै कुराहरूको निर्णय हुने गर्थ्यो । जस्तैः चोरी मुद्दा, अंशबण्डा, लेनदेन, लोग्ने स्वास्नीको झगडा सम्बन्धिको मुद्दा पनि छिनोफानो हुने गर्थ्यो । दण्ड जरिवाना गर्ने अधिकार पनि नवालाई थियो ।

## स्हिङगी नवा (वनजंगल संरक्षक) क्षेत्र अन्तर्गतका नियमहरु

"स्हिङगी नवा" (वन रक्षक)को जिम्मेवारी वनजंगल संरक्षणमा मात्र केन्द्रित रहेको हुन्छ । वनजंगल संरक्षणका लागि कडा "डि" नियम बनाईएको हुन्छ ।

१) काँचो रूख काट्न नपाउने ।

२) सुकेको दाउरा संकलन गर्न तोकिएको समय अवधि भित्र गर्ने ।

३) ठूलो रूखको आवश्यक परेमा नवा संग "नवा स्यु" अधिकार माग्ने ।

४) मल बनाउन वनजंगलको पत्कर संकलन गर्नका लागि "सलुक डि" अथवा पत्कर संकलनको आवधिक नियम राख्ने ।

५) कसैले स्हिङगी नवाको डि तोडेर अथवा नियम उल्लंघन गरेमा "नछ्याङ"(छ्याङ, चिया) खुवाएर माफ मागी थोरै जरिवाना तिर्नु पर्ने ।

६) वनजंगललाई ठुलै नोक्सानी पुराएको खण्डमा "छेर्पा" (ठुलै जरिवाना) गर्ने फैसला स्हिङ्गी नवाले गर्छन् । कुन मितिमा के गर्ने भन्ने सूचना सार्वजनिक गरिन्छ ।

सिङ्गी नवाको जिम्मेवारी वनजंगल संरक्षणमा मात्र केन्द्रित रहेको हुन्छ । वनजंगल संरक्षणका लागि कडा "डि." नियम बनाएको हुन्छ ।

१) काँचो रूख काट्न नपाउने । (Cutting living trees is prohibited.)
२) सुकेको दाउरा संकलन तोकिएको समय अवधि भित्र गर्ने । (Dry firewood should be collected in a given time.)
३) ठूलो रूखको आवश्यक परेमा नवा सँग "नवा स्यु" अधिकार माग्ने । ( Permission should be obtained to cut large trees.)
४) मल बनाउन वनजंगलको पत्कर संकलन गर्नका लागि "सलुक डि" अथवा पत्कर संकलनको लागि समयावधिको नियम राख्ने । (Make a rule for the timing of collecting leaf litter from the forest.)
५) कसैले सिङ्गी नवाको डि. तोडेर अथवा नियम उल्लंघन गरेमा "नछ्याङ" (छ्याङ, चिया खुवाएर माफ माग्नु पर्ने थोरै जरिवाना तिर्नु पर्ने । (Fines in form of chhyang, tea and drinks should be given for breaking the rules.)
६) वनजंगललाई ठूलै नोक्सानी पुऱ्याएको खण्डमा "छेर्पा" ठूलै जरिवाना गर्ने फैसला सिङ्गी नवाले गर्छन् । कुन मितिमा के गर्ने भन्ने सुचना सार्वजनिक गरिन्छ । (Should be punished with a large fine for degrading the forest.)

## लोथोक नवा (बालीनाली संरक्षक) प्रथा

सिङ्गी नवा (वन जंगल संरक्षक) को भन्दा लोथोक नवा (बालीनाली संरक्षक) को अलि बढी जिम्मेवारी हुन्छ । लोथोक नवाले गाउँलेको खेतीबालीमा वस्तु पसेर हानी नोक्सानी हुन दिदैनन् । समयमै सबैका वस्तुहरूलाई गोठ खर्कमा सारेर लैजान सुचना दिन्छन् । कसैले डि को उल्लंघन गरेमा "नछ्याङ" दिनुपर्छ । कसैको गाईवस्तुले खेतीबाली नोक्सान गरेमा पनि "नछ्याङ" दिनुपर्छ । धेरै नै नोक्सान गरेमा क्षतिपुर्ति "ङोरक्येन" दिलाई दिनुपर्दछ ।

कृषकहरू गाउँघरको खेती नभित्र्याए सम्म गोठखर्क एक ठाउँदेखि अर्को गर्दै घुम्ती चरण क्षेत्रको प्रयोग गर्दछन् । यस नियमलाई "छ्युङमी ड़ि" भनिन्छ । खेती हुर्किरहेका बेला, कसैले खेतीबालीमा दुर्गन्ध पर्ने गरी गाउँ भित्र काँचो काठ, पत्कर, मालिङ्गो ल्याउन पाईदैन । खनजोत गर्न मिल्दैन । यी बिगार तथा झै झगडा गरेमा बालीलाई दुर्गन्ध (सिम्बक) पर्न गई रोग लाग्ने डर हुन्छ । कसैले गर्न नहुने क्रियाकलाप गरेमा नछ्याङ (जरिवाना) लिईन्छ ।

खेतीबाली बाहेक उपयुक्त समयमा घाँस काट्न "चेड़ि" खोलिन्छ । नावाले घाँस काट्ने समय निर्धारण गर्नुभन्दा अगाडि काटेमा जरिवाना "नछ्याङ" दिनुपर्दछ ।

खेतीबाली भित्र्याइ सक्न लाग्दा नावा ले "अब गोठबाट गाईवस्तु गाउँमा झार्दा हुन्छ है" भनी सुचना दिन्छन् । त्यस सूचनालाई "छुङमी डि तोङ्गु" भन्दछ ।

हाल वन सम्बन्धि सरकारी नियम बाहेक खुम्बुमा ५ किसिमको "नवा ड़ि" नियम पालन गर्दै आईएको छ ।
१) सिङ्गी ड़ि - दाउरा संकलन गर्ने आवधिक नियम (Rule for the timing of firewood collection.)
२) सलुक ड़ि - पत्कर जम्मा गर्ने आवधिक नियम (Rule for the timing of leaf litter collection.)



*आवधिक नियम अनुसार फापर बालि उठाईदै*

३) छुङमी ड़ि - वस्तु चरण क्षेत्रको आवधिक नियम (Rule for the timing of pasturing livestock.)
४) चे ड़ि - घाँस संकलनको आवधिक नियम (Rule for the timing of grass collection.)
५) लोथोक ड़ि - खेतीबाली संरक्षणको आवधिक नियम (Rule for the timing of protecting fields.)

"नवा" प्रथा आदिम समयदेखि चल्दै आएकाले सामुदायिक नियम मान्ने, जीविकोपार्जनको लागि प्राकृतिक श्रोतहरूको प्रयोग र संरक्षण गर्ने जस्ता महत्त्वका कुराहरू कुनै राज्यसत्ताको कानुन भन्दा जेठो देखिन्छ र यो महत्त्वपूर्ण विषय पनि हो ।

घुम्तिचरण प्रचलन परम्परागत व्यवस्था भएको हुनाले पशुपालकहरूले आ-आफ्नै पुर्ख्यौली खर्कको व्यवस्था समयअनुसार गरेका हुन्छन् । जस्तैः

१) यर्सा - वर्षा महिनामा सरेर जाने खर्क (बर्खे खर्क) (Summer pasture)
२) त्योनसा - शरद ऋतुमा सरेर जाने खर्क (Autumn pasture)
३) गुनसा - हिउँदमा सरेर जाने खर्क (Winter pasture)

यी खर्कहरूमा निजी घर नै बनाएका हुन्छन् । घर नहुनेहरू पाखामा गोठ बनाई बस्छन् । नावाले गाईवस्तु खर्कतिर सार्ने मिति तय गर्छन् । सबैले आवश्यक सामग्री र खाद्यान्न तयार गर्छन् । त्यसलाई "यर्झ च्योम्वु" (बर्खे राशन) भनिन्छ । "नवा" ले मिति घोषणा गरे पनि आ-आफ्नै साइतमा केही दिन अगावै सरेर जान पनि सक्दछन् । राम्रो साइतमा वस्तु सारेर जानेहरूको भिड हुन्छ । सबैको हातमा "क्याथार" (धजा) हुन्छ । गोठ खर्कतिर ठूलो लस्करमा हिंड्दा ज्यादै रमाईलो हुने गर्छ ।

नवाको ढ़ि अनुसार गाउँबाट खर्कतिर वस्तु पठाए पछि, गाउँको बाहिर एउटा सिमाना तोकिन्छ त्यसलाई "गर्चा" भनिन्छ । त्यस गर्चा भन्दा भित्र अनुमति बिना गाईवस्तु पसेर गाउँमा आएमा "नछयाङ" (जरिवाना) दिनु पर्दछ ।

## नवाको कार्य अवधि र वोर्स्यु

नवा (संरक्षक) को कार्य अवधि एक वर्षको हुन्छ । आफ्नो कार्यकाल सकिन लाग्दा नवाहरूले "वोर्स्यु दुतु" भनेर प्रत्येक घरबाट, दुई माना अनाज उठाउँछन् । त्यस अनाजको केही भाग जाँड पकाउँछन् । केही भाग अक्षेता र बाँकी अनाज खानका लागि छुट्याईन्छ ।

छ्याङ तयार भएपछि साईत जुरेका दिन "वोर्स्यु" पुजा गरिन्छ । गाउँ परिक्रमणको लागि लामाहरू, गाउँका ठूलाबडा, बुढापाका, पञ्चकन्याहरूलाई निम्तो गरिन्छ । यस वोर्स्यु मा सहभागी हुने आमन्त्रितहरू सबै सांस्कृतिक भेषभुषामा सिङ्गारिएका हुन्छन् ।

कार्यक्रमका सहभागीहरूले त्रिपिटकका तीन थान पुस्तक, बुद्धको मुर्ति, विशेष पुजाको झण्डा छ्यपतर, झ्यम्टा, ढ्याङग्रो, दुई सहनाइ (ज्ञ्यलिङ), सानो डमरू र घण्टी (ठिलु) बोकेका हुन्छन् ।

कम्तिमा पाँच जना लामा, पञ्चकन्याहरू "रिङा" ओडेर सिङ्गारिएका हुन्छन् । हातमा धूप, जल (ठु) बोकेका हुन्छन् । कसैले शंख फुक्छन । कसैले चार ईलाका बाँध्ने "थो दोम्बु" झण्डा (थरसिङ) र पुस्तक बोक्छन् । एकजनाले गाउँलेहरूबाट जम्मा गरेको अछेता "छयोण्डु" बोक्छन् र परिक्रमाको क्रममा छर्किदै हिड्छन् ।

पुरानो नवाले पुजा आयोजना गरेको घरमा आँगनमा धूप बाल्छन् । घरकी महिलाले जल छ्याङ अर्पण "सुछयाङ" साइत गरेपछि शंख फुकिन्छ । क्रमशः पुजाको बाजागाजाहरू बज्छन् । छ्यप्तर झण्डा बोक्ने व्यक्ति सबैभन्दा अगाडि लागेर यात्रा सुरू हुन्छ । बाजाको ध्वनि सुन्नसाथ गाउँको प्रत्येक घरघरले धूप बाल्न थाल्दछन् । वोर्स्यु गर्नेहरूको ताँती, बाजागाजाको ध्वनि, सिङ्गारिएका मानिसहरूको रङ्गीचङ्गी भीड, विभिन्न धजा (थरसिङ) हरू साथमा रमाईलो देखिन्छ । गाउँले सबैले बालेको धूपको निलो रङ्ग र सुगन्धले अति पवित्र देवभूमि, अथवा बुद्ध क्षेत्र नै हो कि भन्ने भान हुन्छ ।

"वोर्स्यु" गर्ने जुलुस भित्रबाट कसैले "वोर्स्यु ला फेवा हे" अर्थात् "वोर्स्यु खान पाल्नुस् है", भनी सूचना दिदै जान्छन् । "कसैलाई नावा हुने इच्छा छ भने फलानोको घरमा आउँनुस् है", भनी ठूलो आवाजमा मौखिक सुचना दिईन्छ ।



*रिङा ओढेका पञ्चकन्या (चाङ्मा)*



*वोर्स्यु*

चारै दिशाको ईलाका बाँध्ने झण्डा गाड्ने ठाउँमा छ्याङ, चिया, र अन्य प्रसादी ख्वाईन्छ । धूप बालेर "सुछयाङ" (स्वागत) गरिन्छ । पुजा गरी झण्डा गाड्ने कार्यक्रम सकेपछि नवाको छनौट गरिन्छ । आफु खुसी उम्मेद्वार बन्ने, मनोनयन गर्ने, निर्विरोध छनौट गर्ने जस्ता प्रकृयाबाट नवाको चयन हुन्छ । विधिपूर्वक लामाले बनाएको "तोर्मा" लाई नयाँ नवाहरूलाई "लातोर" भनेर जिम्मेवारी सुम्पिदिन्छ । एक सालको सफल कार्यको शुभकामना सहित जिम्मेवारी दिईन्छ । वोर्स्यु गर्नाले खेतीबाली सप्रिने हुन्छ । गाउँमा ग्रहदशा नलाग्ने र बाढीपहिरो जस्ता प्राकृतिक प्रकोप नहुने विश्वास गरिन्छ ।

## यूलठिम (Community Meeting)

नयाँ नवाले जिम्मेवारी लिएपछि गाउँसभाको गर्ने दिन तोक्न साईत हेरिन्छ । राम्रो साईत जुरेको दिन सार्वजनिक सभास्थलमा नयाँ नवाले गाउँ सभाको आयोजना गर्दछन् । जस्तै : खुम्जुङमा भए "छ्योखाङ गाङदोक"मा, खुन्देमा हो भने "पाङगी ज्युङ" जस्ता पुरानो ऐतिहासिक ठाउँमा गाउँसभा हुन्छ । यस गाउँसभालाई "यूल ठिम" भनिन्छ । यूल ठिमको दिन नवाले चिया, छ्याङ र अन्य प्रसादी खप्शा तयार गर्दछन् । भगवानलाई जलअर्पण गरी पुजा (सेर्कीम) गरेपछि, "यूलठिम स्ये फेवा हे" (गाउँसभामा पाल्नुस है) भनी गाउँलेहरूलाई निमन्त्रणा गर्छन् । यस सभामा भाग लिन आउँने गाउँले प्रत्येकले, चिया एक एक थर्मस, छ्याङ एक "ठेकी" नभए एक जग छ्याङको मूल्य बराबरको पैसा नवालाई बुझाउनु पर्दछ । यो कुनै अनिवार्य तिरो होइन । दिनभरि आफु बैठक बसुन्जेल पिउनका लागि प्रयोग गर्ने हो । जाँड, चिया, पैसा जे ल्याए पनि, ल्याउनेले यूल ठ्रिम खान जाने अथवा पुऱ्याउँन जाने भनेर सन्देश दिने चलन छ ।

पुरानो परम्परानुसार यूल्ठिमका दिन गाउँका ठूलाबडा, धनी गरिब सबै भलो हुनुपर्दछ । यो दिन विगतका गल्ती कमी कमजोरीलाई सुधार, कार्य अवधिको हेरफेर, नछ्याङ, ङोर्क्येन, छेर्पा, जस्ता जरिवानालाई अध्ययन गरी संसोधन र सुधार गरिन्छ । आवश्यक परे थप ड्रि. नियमहरू पनि सभाले बनाउन सक्दछ । पहिला पहिला त झन यस यूल्ठिमका दिन धेरै कुराहरूको छिनोफानो र निर्णय हुने गर्थ्यो । जस्तै : चोरी मुद्दा, अंशवण्डा, लेनदेन, लोग्ने, स्वास्नीको झगडा र जारी सम्बन्धिको मुद्दा, सार्वजनिक दण्ड जरिवाना समेतको छलफल र फैसला हुने गर्दथ्यो । त्यस दिन सार्वजनिक उजुरी, सार्वजनिक माफी जस्ताको फैसला चर्चित हुने गर्थ्यो ।

देशमा राज्यसत्ताको नियम कानुन विस्तारै लागु हुँदै गएपछि "यूल्ठिम" भित्र समेटेको सामुदायिक "ठिम" कानुनहरू फुकुवा हुँदै गयो । त्यसपछि कृषि संरक्षणको "ड्रि." नियम र गुम्बा भित्रको "गोन ठिम" (धार्मिक कानुन) मात्र प्रचलनमा रहन पुग्यो ।

## सामुदायिक ड्रि ताङ ठिम (नियम कानुनहरु)

यूल ठिम - गाउँ समाजको कानुन अथवा गाउँसभा (Village assembly)
ड्रि - नियम (Rule)
ठिम - कानुन (Law)
नछ्याङ - सामान्य जरिवाना (Fine)
छेर्पा - जरिवाना (Punishment)
ङोर्क्यान - क्षतिपूर्ति (Compensation)



*यूल्ठिम*

डि.क्पा खिरू - मिलाई दिनु (To integrate)
कर्ता याङजी खिरू - माफी स्वरूप, खत्ता र छ्याङ खुवाउनु (To apologize)
ठिम तोङ्गु - कार्वाही गर्न (To punish)
झ्यु बुलु - बिन्ती गर्नु (To plead)
ठिवा तोङ्गु - स्पष्टिकरण लिनु (To clarify)

वोर्स्यो (नवा छनौटको कार्यक्रम) र यूल ठिम (गाउँ सभा) पर्वलाई गाउँ ठाउँ अनुसार आ-आफ्नै समय अनुकुल व्यवस्था गरिन्छ । एकै समयमा भने हुन सक्दैन ।

## खुम्बुमा नवाको क्षेत्र अधिकार वर्तमान

### Current Nawas in Khumbu

<table>
<tr><th>Name of Village</th><th>House</th><th>Lothhok Nawa</th><th>Shingi Nawa</th></tr>
<tr><td>Khumjung village</td><td>175</td><td colspan="2">5</td></tr>
<tr><td>Khunde village</td><td>68</td><td colspan="2">3</td></tr>
<tr><td>Phortse village</td><td>88</td><td>2</td><td>2</td></tr>
<tr><td>Pangboche village</td><td>129</td><td>4</td><td>4</td></tr>
<tr><td>Total</td><td>460</td><td>14</td><td>6</td></tr>
<tr><td>Nawas in Khumbu</td><td></td><td colspan="2">20</td></tr>
</table>

## नवाका कार्य क्षेत्र र भूमिका (Custodian Roles and Areas)

नवालाई कार्य भूमिका र भूमिका वहन गरिनु पर्ने क्षेत्र अनुसार दुई प्रकारमा छुट्याइएको हुन्छ ।

**लोत्तोक नवा**

लोत्तोक नवाले आफ्नो गाउँ (वोर्स्यु क्षेत्र भित्र)का खेतीबालीका रेखदेख गर्नुपर्दछ । लोथोक नवालाई गाउँलेका खेतीबालीको संरक्षण गर्नुपर्ने जिम्मेवारी एकातिर हुन्छ भने अर्को तिर चरणक्षेत्रको पनि व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी हुन्छ ।

**सिंगी नवा**

सिंगी नवाले आफ्नो गाउँ सिमानाको सबै जंगल क्षेत्रका रेखदेख गर्नुपर्दछ । सिंगी नवाले सिम्बक (खेतीमा लाग्न सक्ने दुर्गन्ध) को कारण डि (खेतीबालीका कार्य र नियम) कहिले बन्द र डि कहिले खोल्ने बारे लोथोक नवा सँग समन्वय गर्नुपर्छ ।

**लोत्तोक नवा क्षेत्र (बालीनाली तथा चरण रेखदेख क्षेत्र)**

खुम्जुङ खुन्दे वोर्स्यु क्षेत्र :
- स्यार झावालो (पुर्व)
- नुप डेल्जम (पश्चिम)
- ल्हो दोलाङबुछे (दक्षिण)
- छ्याङ मेन्द्रे लाक्योक (उत्तर)

खुम्जुङ गाउँका यर्सा मोङ तोङवा (Khumjung Summer Pastures)
- दोले
- ल्हाफर्मा
- केले
- स्योमरे
- लूजा
- मर्छेमो
- फाङगा
- गोक्यो तिन पोखरी ।

खुम्जुङ खुन्दे तोनसा (खुम्जुङ खुन्देका बाली उठाए पछि सर्ने फु गोठ)
(Khumjung-Khunde Autumn Pastures)
- छेर्मुलुङ
- सोसो
- छुवा
- छुवा वोक
- स्याङवोचे

खुन्दे यर्सा (खुन्देको बर्खामा सर्ने फु गोठ) (Khunde Summer Pastures)
खुन्दे यर्सा र पाङबुचेको यर्सा पनि एउटै हुन् ।

- ओमका
- ल्हाफर्मा
- दिङबुचे
- छुखुङ
- फेरिचे
- फुलङकरङ
- थुकल्ह
- लबुजे
- गोरकशेप
- यारेन

फोर्चे यर्सा (फोर्चेको बर्खामा सर्ने फु गोठ) (Phortse Summer Pastures)

- फोर्चे गाउँ देखि ठोरे
- ठारे, खोनर
- नाला ठाकनाक क्षेत्र
- वोर्स्यु क्षेत्र (फोर्चे गाउँ वरिपरि) ।

पाङवोचे यर्सा (पाङवोचेबाट बर्खा महिनामा सर्ने गोठ) (Pangboche Summer Pastures)

- ओमका
- यारेन
- ल्हाफर्मा
- मिङबो
- अमाडब्लम वि सि एयरपोर्ट
- छ्युखुङ
- दिङबुछे
- फेरिचे
- फुलाङकरा
- ल्हा ज्युङ

पुर्खा देखि चलिआएको गोठमा सर्ने चलन र अहिलेको समयले ल्याएको केहि परिवर्तनले गर्दा कहिलेकाही नवा नवा बीच केही मनमुटाव आई पर्ने अवस्था पनि सिर्जना हुने गर्दछ ।

**सिंगी नवा क्षेत्र (वनजंगल रेखदेख क्षेत्र)**

(Forest Custodian Areas)

खुम्जुङ सिंगी नवा (खुम्जुङ वनजंगल रेखदेख क्षेत्र) (Khumjung Forest Custodian Areas)

- खुन्दे जंगल देखि पुर्व छुवा सम्म
- छुवा जंगल देखि पश्चिम खुन्दे लप्च सम्म

- लमी लाम र नाम्चे सिमाना देखि उत्तर दोले जंगल सम्म
- दोले जंगल देखि दुधकोशी वारी हुँदै छुवा र खुम्जुङ खुन्दे वनजंगल सम्म

फोर्चे सिङ्गी नवा (फोर्चेका वनजंगल रेखदेख क्षेत्र) (Phortse Forest Custodian Areas)
- ईम्जाखोलाको लाठो साँगो देखि पश्चिम,
- दुधकोशी खोला देखि उत्तर,
- ठाकनाक देखि पुर्व लाठो सम्म,
- ठाकरी गुम्बा देखि दक्षिण क्षेत्र ।

पाङबुछे स्हिङगी नवा (पाङवुछे वनजंगल रेखदेख क्षेत्र) (Pangboche Forest Conservation Areas)
- पाङबुछे र ईम्जाखोला देखि पुर्व
- मिलिङ्गो र ओमाका डाँडा देखि उत्तर
- खाङतरी देखि पश्चिम
- आमाडब्लम देखि दक्षिण

यर्सा : बर्खा महिनामा सरेर जाने खर्क क्षेत्रहरू
तोनसा : खेती उठाई सके पछि गाउँ नजिक सर्ने गोठ खर्कहरू
गुनसा : हिउँदोको चिसो महिनामा वस्तु सरेर जाने गोठ खर्क

नोट : माथि उल्लेखित क्षेत्रहरू परापुर्व कालदेखि पुर्खाहरूले नवाको लागि छुट्याई राखेका डि क्षेत्रहरू हुन् ।

सगरमाथा राष्ट्रिय निकुन्ज क्षेत्र भित्रका वनजंगल र चरण क्षेत्रहरू ५००० मिटर देखि माथि हिमाली तथा पाखा जग्गा ६९ प्रतिशत रहेका छन् । क्षेत्रफल ८५८३७ हेक्टर पाईन्छ ।

५००० मिटर देखि तल २४ प्रतिशत चरणक्षेत्रहरू पाईन्छ र क्षेत्रफल ३४८३२ हेक्टर पाईन्छ । सगरमाथा राष्ट्रिय निकुन्ज र बफर जोन क्षेत्र भित्र माथि उल्लेखित क्षेत्र लगायत ३ प्रतिशत जंगल क्षेत्र रहेको पाईन्छ ।

## नवाप्रथाका बारेमा तेङवोचे गुम्बा प्रमुख औतारी लामा ङवाङ तेन्जिङ जाङबु भनाई
## Thoughts of the Reincarnated Ngawang Tenzing Jangbu about Nawa

पृथ्वीमा ससाना जीवहरूको सृष्टि भयो । समय बित्दै गए । साना जीवहरूबाट मानवको विकास हुन पुग्यो । सुरूमा मानव जस्तो जीवको लिङ्ग विभाजन थिएन । त्यो जीवमा उड्न सक्ने शक्ति थियो । उनीहरू उडेर नै एक ठाउँबाट अर्को ठाउँमा जान्थे । शरीरमा ज्योति थियो । आफै चम्कन्थे । भोक र प्यासको अनुभव थिएन ।


*अवतारी लामा ङवाङ तेन्जीङ जाङ्बु*

त्यस समयमा पृथ्वीको सतहमा दूधमा लाग्ने तर जस्तो एक किसिमको पहेलो तर जमेको थियो । एक दिन एकजना मानव जातिले आफ्नो औँलाले त्यो तर चाट्न पुगेछ । त्यो जीवलाई त्यो पदार्थ अचम्मै मिठो लाग्न पुग्यो । अरूले पनि त्यो पदार्थ खान थाले । वर्षौसम्म त्यो पदार्थले मानव जीवलाई खाना पुगेछ ।

हुँदाहुँदा सबै मानव जीवले त्यो पदार्थ खाएपछि निमिट्यान्न भएर सकिएछ । अब मानव जीवलाई भोकको अनुभव हुन थाल्यो । फेरि पृथ्वीको सतहमा सेतो पदार्थ जमेको अवस्थामा देखापरेछ । मानव जीवले त्यही पदार्थ चाटेर खान थालेछन् । त्यो पनि एक दिन सकिएछ ।

अब चाट्दा मुखमा माटो परेछ । मुखमा माटो परेपछि मानव जीवको शरीरबाट निस्कने ज्योति हराए । त्यसबाट जाडोको अनुभव हुन थालेछ ।

समयको अन्तरालमा पृथ्वीको सतहमा खानहुने विरूवाहरू उम्रेछन् । विरूवामा सिधै चामल फलेछ । नपकाईकन खान मिल्ने चामल मानव जीवले खान थालेछन् । त्यो चामल टिप्नासाथ विरूवामा नयाँ चामल तुरून्तै निस्कन्थ्यो । मानव जातिले अब खानका लागि चामल संचय गर्न थालेछन् ।

मानव जातिमा लोभ ईर्ष्या डाहा बढ्न थाल्यो । कालान्तरमा खाँदाखाँदा त्यो चामल पनि हराएछ । मानव जीवमा भएको उड्ने शक्ति पनि हराए । अब ती विरूवामा पनि भुस भएको धान फल्न थालेछ ।

खण्ड २८

# खुम्बुका सेर्पाहरुले धार्मिक कार्यको लागि छुट्याई राखेका विभिन्न महत्त्वका ठाउँहरु

## नाङ्गाजोङ

दिङबोचे गाउँ देखि माथि हेर्दा फोकल्देन हिमालको पाखामा अवस्थित एउटा सानो गुफा छ । उक्त गुफालाई सेर्पाहरूले "नाङ्गाजोङ" भन्छन् ।

नाङ्गाजोङको शब्दार्थ भेटिंदैन तर नाङ्गालाई नमखाको रूपमा बुझ्दा नमखा जोङको अर्थ "आकाशे किल्ला" हुन जान्छ । तर त्यो पनि होईन भन्छन्, अग्रजहरू ।

यसरी अनर्थ उच्चारण भई आएको करिव शताब्दी भन्दा बढी भएको सम्भावना देखिन्छ । त्यहाँको मानिसहरू माझ त्यस पवित्र स्थानलाई "लामा साङ्वा दोर्जीले तपष्या गर्नुभएको पुण्यभूमि" भनेर मात्र परिचित छन् ।



*तीर्थ यात्री र नाङ्गाजोङ (नागार्जुन)*

फोकल्देन हिमालका साथ त्यहाँ रहेको नाङ्गाजोङ गुफा क्षेत्रलाई "डोल्मी रि" अर्थात् ताराको पर्वत भनिन्छ । यो क्षेत्रलाई २१ तारा पुर्ण रहेको पर्वत (डोल्मा ङिसु चाचिग), तिब्बतको चिबरी पर्वत र बौद्धगयाको मृगयोगी पर्वत (स्यवा गोम्बु ठाक्पु) का झै समान महत्त्व बोकेको तीर्थ स्थल मानिन्छ ।

डोल्मी रि मा रहेको नाङ्गाजोङ गुफामा पाङबोचे गुम्बा बनाउनु अगाडि पाङबोचे गुम्बामा हाल रहेको अति महत्त्वपुर्ण मूर्ति "गोम्बुसुङज्येन" पहिले, भारतबाट उडेर आई नाङ्गाजोङ गुफामा आई बस्नु भएछ । त्यस समय देवतासँग वार्ता गर्न सक्ने उच्चस्तरीय लामाहरूसँग वार्ता हुँदा उक्त देउता नागअर्जुन (गोम्बु लुडुप) को ईष्टदेव हुनुभएको थाहा भएछ । त्यसकारण त्यस तपोगुफाको नाम नाङ्गाजोङ नभएर नागअर्जुन रहन गयो ।

पछि यसै तपोगुफामा लामा साङ्वादोर्जीले काय, वाक र चित्त (कु, सुङ, थुग्) को महत्त्वपुर्ण तपस्या गर्नुभई सफल हुनुभएको यो पर्वत र नागअर्जुन गुफा पवित्र र अद्भुत तिर्थस्थल हो ।

## वोर्स्यो

वोर्स्यो, पाङवुचे गाउँ भन्दा माथि फेरिचे र दिङवुचे गाउँ जाने बाटो छुट्नु अगाडि पर्दछ । उँभो जाँदा बाँयातिरको माथिल्लो पाखाबाट निस्केर आएको बुलबुले पानी छ, त्यस पानीको मुहान वरिपरि केही बाँकी सामान्य जंगल रहेको त्यस क्षेत्रलाई "वोर्स्यो" भन्दछ ।


*वोर्स्यो*

वोर्स्यो भूमि एक रमणीय स्थल हुनुका साथै देवदेवीद्वारा संरक्षित र लामा साङ्वादोर्जेद्वारा पवित्रित भूमि हो । सेर्पाहरूको चर्चित, अति महत्त्वपुर्ण चाड डुम्जी को सुरूवात आज भन्दा ३७५-४०० वर्ष पहिले लामा साङ्वादोर्जे ले यसै स्थानबाट गर्नुभएको थियो ।

वोर्स्योमा एक चिया पसल र माथिको बुलबुले पानीको बीच रहेको बाटो बीच छोटो माणे र सानो ४/५ फिटको च्योर्तेन (stupa) अवस्थित छ । सो स्तुपा स्वयंम उत्पन्न भएको स्वयम्भु हो, भन्ने विश्वास पाईन्छ । त्यसको अलिक माथि १०-१२ मिटरको बाटो मुनि तिर लामा साङ्वा दोर्जेले डुम्जी पुजाको बेला फालेको लोक्पर तोर्मा ढुङगामा परिणत भएर लडाई राखेको र त्यसैको छेउमाथि ढुङगाको चुलो पनि दर्शन गर्न सकिन्छ ।

त्यसै पवित्र भूमिको महत्त्वलाई बुझी लामागेस्यीले त्यस ठाउँमा गुम्बा बनाउने विचार गर्नुभयो । तर त्यसबेला खेतीबालीको समय पर्न गएको र आर्थिक स्थिति अनुकूल नभएको कारण वहाँको ईच्छा पुरा हुन सकेन । हुन त बौद्ध धर्मको त्रिरत्नको कार्य सस्तोसजिलो सँग हुन कठिन छ, भनिन्छ । तर पनि भगवान, देवदेवी र मानवहरूले संरक्षित गरिराखेको पवित्र भूमि यही छ, धर्मावलम्बीहरूको लागि रहिरहने छ यो वोर्स्यो भूमि ।


फोर्चे

## फोर्चे

फोर्चे, खुम्बुको संरक्षक देवता मानिने तगोछेरताउजे हिमालको अगाडि रहेको ठाकरी गोम्बु पर्वतको काखमा अवस्थित छ । फोर्चे गाउँ, बाहिरको मानिसहरू प्रवेश नभएको स्थापना कालका मूल शेर्पाहरू मात्रै रहन सफल ठाउँ हो । आजको पाँच दशक अगाडिको समयको यस गाउँमा धर्मात्मा र महान लामाहरू रहेका थिए । आफ्ना जीविकोपार्जनलाई भन्दा धर्म कर्मलाई बढी प्राथमिकता दिन्थे । त्यसैले फोर्चे गाउँका पहाडको भित्ता तिर थुप्रै तपोगुफाहरू रहेका छन् । जहाँ ती गाउँका तपस्वी लामाहरूले तपस्या गर्नु भएको थियो । त्यस बेला ठूला ठूला लामा तथा योगीहरूले तपस्या गर्नु हुँदा आफ्नो शिरको जट्टामै चराहरूले गुँड समेत बनाएका थिए । कोहि तपस्वीहरू आफ्ना खुट्टाको छाप समेत जमिनमा नरहने गरी तपस्यामा बस्नु भएको थियो । साथै गुफा नै छोप्ने गरी झारपात उम्रे पनि बाहिर ननिस्किई तपस्यामै लिन भएर बस्नु भएका कथाहरू जनमानसमा ताजै छन् । मानव जीवन "स", "छ्यू", "मे", "लुङ" (धर्ती, जल, अग्नी र वायु) ग्रहण गरी बाँचिआएका छन् । र यस प्रकृतिका यी चारै तत्त्वलाई हामीले नै संरक्षण गर्नुपर्छ भन्ने लामाहरूको सोच थियो । धर्मात्मा गाउँलेहरूलाई समय समयमा लामाहरूले प्रवचन दिन्थे । गाउँलेहरू आत्मासाथ सुन्थे, मान्थे । त्यसैअनुसार फोर्चेका महान धर्म गुरू "क झ्यु छ्योकि लोटे" का छोरा लामाले यि फोर्चे वरिपरिका जंगल र जनावरलाई हामीबाट क्षति नोक्सान नपुगोस् भन्ने हेतुले एक दिन सबै गाउँले जम्मा गरी ठूलो पुजा राखे । त्यसै दिन लामाले सबैलाई जनावरलाई क्षति नोक्सान नपुऱ्याउने सपथ खान लगाए । गाउँलेहरूको अगाडि वस्तुको आलो रगतलाई त्यस वरिपरिका प्रकृतिको देवता, ईष्टदेव तथा कुलदेवताहरूका निमित्त "सेर्कीम" (पुजा) गरे । लामाकै बहिनीले पनि आफ्नो कपाल झारेर सबै गाउँले समाज अगाडि भने, "हामीले संरक्षण गरिआएका गाउँ वरिपरिका जंगल र जनावरहरूको निमित्त देवताहरूलाई साक्षी राखेर आलो रगतको पुजा अर्पण गरेका छौं । त्यसकारण आजदेखि हामी कसैले यस वरिपरिका संरक्षित जैविक विविधतालाई हानी नोक्सानी पुऱ्याउन हुने छैन । यदि कसैले हानी नोक्सानी पुऱ्याएमा पुस्तौ पुस्तासम्म अनिष्ट हुनेछ ।" त्यसैले अहिले फोर्चे गाउँ, खुम्बुमा जैविक विविधताले सम्पन्न र उदाहरणीय छ । चलिआएको नवा प्रथा पनि अरू ठाउँको भन्दा उदाहरणीय रहिआएको छ । अहिले फोर्चे गाउँ वरिपरि पुराना जंगल र बुढो बुढो रूखहरूले ढकमक्क घेरिरहेका छन् । त्यहि

नै गाउँले समुदायले संरक्षण गरेको नमुना र साक्षी हो । यस भनाई फोर्चेका बयोबृद्ध कर्म छिरीङ शेर्पाको हो । फोर्चेका गाउँले समुदायहरू हरेक कुरामा एकजुट र एकता रहेकाले सफल जैविक विविधताको "एवार्ड" WWF द्वारा समुदायले प्राप्त गर्न सफल भएका छन् ।

फोर्चे, खुम्बुको संरक्षक देवता मान्ने तगोछेरताउजे हिमालको अगाडि ठाकरी गोम्वु पर्वतको काखमा रहेको छ ।

## पाङबुचे/पाङपुछे

पाङबुछे गाउँ आमा डब्लमको दक्षिण पश्चिम इम्जा खोला पारीको घमाईलो गाउँ हो । अहिले माथिल्लो पाङपुछे र तल्लो पाङपुछे भनेर चिनिन्छ । "माथिल्लो पाङबुछे" पुरानो गाउँ र धार्मिक क्षेत्र भनेर चिनिन्छ भने "तल्लो पाङबुछे" भने हाल आएर व्यापारिक क्षेत्रमा परिणत भईआएको छ ।

पौराणिक इतिहासलाई कोट्याउने हो भने खुम्बु क्षेत्रमा सबै भन्दा पुरानो गुम्बा नै पाङबुछे तेलिम गुम्बा हो भन्नु हुन्छ पुर्खाहरू । बुद्ध छेनचेनको तिन भाई लामा छोराहरू मध्ये, जेठो छोरा लामा साङ्वा दोर्जेले सबै भन्दा पहिला गुम्बा पाङबुछेमा बनाउनु भएको हो भन्नुहुन्छ । लामा साङ्वा दोर्जीको ईच्छानुसार गुम्बा वरिपरि धूपीको जंगल र गुम्बाको ढोका र झ्यालबाट हेर्दा सिधा पारी देखिने यारेन नाटी (यारेन जंगल)लाई संरक्षण गरिराख्नु पर्ने आदेश दिनु भए अनुसार अझै पनि संरक्षित छ । लामाको इच्छाले गुम्बाको झ्याल ढोकाबाट सिधा यारेन जंगलको दृश्य हेर्नको लागि गुम्बाको सिधा अगाडि गाउँलेहरूले घर बनाई छेक्न नपाउँने हुकुम पनि दिए । त्यसैले पाङवुछे गुम्बाको सिधा पर्ने गरि कसैले पनि घर बनाएको छैन भन्नु हुन्छ, लामा र बुढापाकाहरू । पाङबुछेको माथिल्लो गाउँ "तेलिम" एक धार्मिक स्थल भएकाले त्यस वरिपरि तपस्या गर्ने स्थान, थुप्रै थरिका स्तुपा "छ्योर्तेन", वनजंगलहरू संरक्षित छन् । "पाङवुछे" मा रहेका जतिको विभिन्न थरिका र महत्त्वको धार्मिक स्तुपा (छ्योर्तेन) सायद अरू गाउँहरूमा पाइन्दैन होला । अझ विशेष अचम्मको एक च्योर्तेन, जसमा चार दिशा र केन्द्र गरी पञ्च शिर भएको स्तुपा (ङ्यल्वा रिङाक च्योर्तेन) अरू ठाउँमा पाइन्दैन । तपस्या गर्ने पवित्र तपो गुफाहरू थुप्रै छन्, त्यसमध्ये सिंह गुफा "सङगी फुग" लामा साङ्वा दोर्जीले तपस्या गर्नु भएको पवित्र र कहलिएको गुफा मानी



*माथिल्लो पाङबुछे (तेलिम)*

आएको पाईन्छ भने "तेउङमा" तपोक्षेत्रको बृद्धहरू धर्म गर्ने स्थान "गेनछ्यो" मा अहिले पनि आनीहरूले तपस्या गरिआएको विद्यमान छन् । त्यस तपोक्षेत्रमा रहेको वनजंगललाई पनि संरक्षक देवता "पवो स्युक्पा" को नाममा वर्षेनी सेर्पाहरूले पुजा गरिआएका छन् ।


तल्लो पाङबुछे (वोलिम)

परम्परानुसार नवा अवधिमा वनजंगल संरक्षण, घाँसपात दाउरा संकलन, घुम्ती चरणक्षेत्र व्यवस्थापन तथा खेतीबाली रेखदेख, नावा (संरक्षक) ले उनीहरूको डी.को परिधि भित्र राखी व्यवस्था गरिरहेका हुन्छन् । नावा फेर्ने समयमा गरिने वोर्स्यु पाङबुछेमा झन् व्यापक र धार्मिक महत्त्वको पाईन्छ । नावा गाउँले, लामा तथा पञ्च कन्या (चेङमा) हरू गाउँ परिक्रमण गर्ने बेला खुम्बु भरि कहि नभएको अति महत्त्वको मुर्ति "गोम्वु सुङ छयोन" मुर्तिलाई पनि घुमाउँछ । त्यसबखत जुलुसहरूले "ल्हादो ये, लुदो ये, गोम्वु सुङछयोन दोये" भन्दै नारा लगाउँदै हिड्ने चलन छ । यो पर्व साह्रै रमाईलो र सांस्कृतिक महत्त्वको छ । पाङबोछे गाउँको प्राकृतिक संरक्षक "पवो स्युक्पा" भन्ने धूपीको रूखको देवतालाई ढुम्जीको समयमा फोर्चेका केही मानिसहरू पुजा गर्न आउँछन् । त्यसबखत पाङवोछेका मानिसहरू उनीहरूको स्वागतको लागि केही तल बाटोमा लिन जाने चलन छ ।

### पाङवुछे गुम्बा खुम्बुमा सबैभन्दा पौराणिक महत्त्वका हुने कारण

लामा साङ्व दोर्जीले निर्माण गरेको पाङबुछे गुम्बा हुनु पुर्व रहेको नाङ्गाजोङ/नागअर्जुन गुफामा लामा साङ्व दोर्जीले तपस्या गर्नुहुँदा "नागअर्जुन" (गोम्वुलुडुप) को संरक्षक देवता गोम्बु सुङ्छयोन भारतबाट उडेर आई लामा साङ्व दोर्जीको तपो गुफामा आइ दर्शन दिनुभएको थियो र उक्त गोम्बुसुङछ्योन मुर्तिलाई पाङबोछेको आफ्नो गुम्बामा स्वागत गरी स्थान विराज गर्नु भएको थियो । त्यस समय भएका गाउँलेहरूलाई भेला गराई त्यस "गोम्वु सुङछ्योन" मुर्तिको वृतान्त र महत्त्व सुनाई, "अब देखि हाम्रो गुम्बामै रहनु हुनेछ, आज देखि तिमीहरू साक्षी बस्नु" अर्थात् "पाङवुछे" भनी अनुरोध गर्नु भएकाले, त्यस ठाउँको नाम नै "पाङवुछे" रहन गएको, अति महत्त्वपुर्ण धार्मिक स्थल हो भनी अग्रजहरू बताउनु हुन्छ ।

## मिलिङगो साम्वा (पुल) देखि फुङगी ठेङगा साम्बा (पुल) बीचका क्षेत्रहरु

इम्जाखोला (इमजा चाङबु) को मिलिङगो पुल देखि दुधकोशीको फुङ्गी ठेङ्गा पुल बीचको जमिन एक महत्त्वपुर्ण देवदेवी तथा तिब्बतका लामा रूम्वकु साङ्गे प्रथम को आर्शिवाद युक्त धार्मिक क्षेत्र हो । तेङबुचेको गुम्बा निमार्ण हुनु अगावै यहाँ एउटा ढुङ्गा माथि दुबै खुट्टाको छाप चिन्ह रहेको "तिङपुजे" स्थान छ । यस वरिपरिका जंगल, जंगलमा भएका जनवारहरू र वातावरण मानवद्वारा मात्र नभई देवदेवी, नाग नागिनद्वारा पनि सुरक्षित छन् । यस वरिपरि धूपै धूप र धूपको सुगन्धले युक्त छ । यस वरिपरि फुलै फुल र फुलका सौन्दर्यले भरिपुर्ण छ । यस क्षेत्रको जंगल भित्र दुर्लभ "बिना" युक्त कस्तुरीको सुगन्धले आफ्नो उमेर नै बच्चापन भएको हो की जस्तो ताजापनको भान हुन्छ । यहाँको दुर्लभ कालिज तथा विभिन्न पंक्षीहरूको मिठो स्वरले मन नै बहलाई दिन्छ ।

यस क्षेत्र ऋतु अनुसारमा आफ्नो गुणहरू परिवर्तन भई रहन्छ । यस क्षेत्र एक किसिमको शक्तिले युक्त छ र यस क्षेत्रमा सहि ऋतुअनुसारको सहि मौसम भैरहन्छ । सेर्पा भाषाअनुसार "छयारच्यु थुसु फवा" भनिन्छ ।

मिलिङ्गो पुल देखि तल फुङ्गि ठेङ्गा पुल सम्मको भूमिलाइ पाँच विभिन्न धार्मिक महत्त्वको लागि खुम्जुङ र पाङबुछेका गाउँलेहरूले चढाएको भूमि हो ।

१) प्रथम महत्त्वः फुङ्गीठेङ्गा पुल देखि तेङबुजे गुम्बा सम्मको जमिन लाई "सो सो लो" भन्दछ । यो पाखा क्षेत्र, तेङबुजे गुम्बाको लामा ठवाहरूको लागि पाली राखेको पशुहरूको चरणक्षेत्र र खर्कको लागि छुट्टाएको जमिन हो । यस चरण क्षेत्र र खर्कमा गृष्म ऋतुमा पशु गोठ सारेर ल्याउँछन् ।

२) दोश्रो स्थानः तिङपुज्ये, अथवा हाल चर्चित तेङवुजे गाउँ दुधकोशी देखि माथि खाङतेगा भित्ता पाखा सम्ममा छोएको सुङ्गुरको ढाँडको आकार माथि रहेको अति सुन्दर ठाउँलाई पुरूषहरू बौद्ध धर्मको शिक्षा लिनको लागि गुम्बा स्थापना गरी छुट्टाएको "तिङपुज्ये" क्षेत्र हो । यस ठाउँ दृष्यावलोकनको लागि अति सुन्दर ठाउँ हो । यस ठाउँमा गुम्बा स्थापना हुनु अगाडि गाउँका सेर्पा प्रमुखहरू तिब्बतका रोङफुका ठूलो अवतारी लामासँग गुम्बा स्थापना गर्नको निमित्त उपयुक्त स्थानको लागि बिन्ती गरे । लामा "रोङफु साङ्गे" को ध्यान दृष्टिले हेरेर त्यस जमिनको बनोट र एउटा ढुङ्गा माथि दुवै खुट्टाको छाप (ढोप) समेत रहेको बाणी प्रदान गर्नुभयो र त्यसै अनुसार, रोङफु साङ्गे स्वयंम पाल्नु भई त्यसै ठाउँमा सिलान्यास गर्नु भयो, जुन "हालको तेङवुचे" गुम्बा हो । यस गुम्बा पुर्व पुर्खाहरूको सोच र ईच्छानुसार जहाँको जो कुनै पुरूषहरू पनि धर्म सम्बन्धि शिक्षा प्राप्त गर्न लागि तेङबुजे र महिलाहरूको लागि देवुचे गुम्बामा प्राप्त गर्न सकिन्छ ।

त्यसकारण यस गुम्बा नेपालको पुर्वी सोलुखुम्बु जिल्लामा चर्चित रहेको छ । यस गुम्बाको धार्मिक पर्व मनिरिम्डु विश्व चर्चित छ । यस गुम्बा हाल अवतारी लामा, ठवालामा तथा अन्य आवश्यक सम्पुर्णले भरिपुर्ण छ । सबै सेर्पाहरूको आस्था र विश्वासले जितेको गुम्बा हो ।

खुम्बुका सेर्पाहरू बौद्ध धर्म मान्ने भएको हुँदा र तेङवोचेका अवतारी लामा, धार्मिक मात्र नभइ सामाजिक रूपमा समेत विद्वान भएकोले सेर्पाहरू लामाकै उपदेश र निर्देशन अनुसार चल्छन् । पुजाको समयमा गुम्बा भित्र बज्ने ढ्याङ्ग्रो, झ्याम्टा, सहनाई, घण्टी, शंखको ध्वनिले प्रकृति नै धर्म प्रति झुकेर बसे झै भान हुन्छ ।

३) तेश्रो महत्त्वपुर्ण क्षेत्र हो देउजे । देउजे यस्तो एक महत्त्वपुर्ण क्षेत्र हो जहाँ सेर्पा आनी अर्थात् महिला लामाहरू दाम्पत्य सामजिक जीवनको चक्रलाई त्यागेर बुद्ध धर्मको संघ भित्र प्रवेश गरी लामा र ठवाको झै अलग्गै गुम्बामा दिनचर्या तथा पाठपुजा हुने पवित्र क्षेत्र, "देउजे"

हो । लामा ठवा र आनीको गुम्बा रहनेस्थान यस्तो एक शान्त वातावरणमा हुनु आवश्यक पर्दछ । त्यसकारण त्यसै अनुरूप हाम्रो पुर्खाहरूले छानेको ठाउँ यहाँ हो, जहाँ सुनसान छ । जहाँ कोलाहलमुक्त र आनन्द भैरहन्छ । जहाँ हाम्रो मन धर्मतिर उन्मुख हुन सक्छ । हाम्रा पुर्खाहरूले छानेको यस धार्मिक क्षेत्रको आनी गुम्बाबाट यस्तो एक "आनी" निस्क्यो जो जिन्दगी भर एउटा घर भित्र रहि कसैको अनुहार नै नहेरी तपस्यामा बस्नुभयो । वहाँलाई सेर्पा भाषामा "आनी छेनचामपा" भन्दछ । वहाँको कठोर र लामो समयको तपस्याको क्रमसँगै, वहाँको अन्तिम बृद्ध अवस्थामा, अरू मानव र प्राणीहरूले पनि दर्शन पाऊन् भन्ने उद्देश्यले करूणामयी लामा ठुल्सिक रिम्बुर्चे र अवतारी लामा तेङबुचेको ङवाङ तेन्जिङ जाङबुले स्वयंम "आनी छेनयमपा" सँग अनुरोध गर्नुभयो र आनी छेनचामपा ले पछि सर्वसाधारणको लागि समय समयमा छोटो दर्शन दिने गर्नुभयो ।

सायद यस्तो तपस्वी निस्कन विश्वमा विरलै होला । आनी छेनयामपाको नाम "आनि ङवाङ पेमा" हुन् । वहाँको तपस्या घर वरिपरि बिहान बेलुकाको सुनसान् समयमा पशुपंक्षीहरू पनि झुमिरहने गर्दथे ।

यस गुम्बाको स्थापना कालदेखि खुम्बुका सेर्पाहरूको छोरीहरू जो कोही "आनी" भएर धार्मिक शिक्षा ग्रहण गर्न मन लागेमा यस गुम्बामा प्रवेश गर्दथे ।

४) ढोङलम्चो - ढोङलम्चो राईहरूको लागि अति महत्त्वपुर्ण स्थान हो । हाम्रो पुर्खाहरूको भनाई अनुसार, यस आधुनिक युगको प्रवेश हुनु पुर्व तल किराँत क्षेत्र अर्थात् अउल देखि यहाँ सम्म आई पुग्न सजिलो थिएन । त्यस ताकाको मौसममा खुम्बु क्षेत्र विकट हिमाली थियो । यहाँ पुगेर यस "ढोङ लम्चो" को दर्शन पाएमा कुनै पनि किराती नर्क बोक्नु पर्दैन भनिन्थ्यो । यस स्थान किराँतहरूको तिर्थ स्थल हो । यस तिर्थस्थल भन्दा माथि गयो भने किराँतहरूलाई लेक लाग्ने खतरा हुन्छ भन्ने भनाई छ ।

गाउँघरमा किराँतीहरूले धामी झाँक्री राखेर पुजा गर्दछन् । पुजारी अर्थात् झाँक्रीले देवतालाई आमन्त्रित गर्दा, पहिला "ढोङ लम्चो" लाई नै पुकारेर पुजा गर्दछ ।

ढोङलम्चो देवुचे र मिलिङ्गोको बीचमा पर्दछ । त्यहाँ बाटोको माथिल्लो पट्टीको जंगलबाट सानो पानीको मूल निस्केको छ । बाक्लो जंगलको बीचमा रहेकोले पानीमा लेउ जमेको छ । त्यस वरिपरि छेउको ढुङ्गाहरूमा झ्याउ पलाएकोले हरियो रहिरहन्छ ।



*ढोङलम्चो*

ढोङलम्चोको वरिपरि धूपी, गोब्रे सल्ला, भोजपत्तर, चिमलको रूखले हरियाली छाएको छ । त्यस पानी पिउनलाई चिलिमे कालिज, कस्तुरी जस्ता महत्त्वका जनावरहरू आईरहन्छन् । यस ढोङलम्चोको दर्शन पाउने किराँतहरू मृत्यु पछि स्वर्ग पुग्छ, भन्ने भनाई रहेको छ, त्यसैले सेर्पाहरूले समेत सफा राख्न ध्यान दिन्छन् ।

५) मिलिङ्गो - मिलिङगोमा यसो हेर्दा ससानो र पुरानो सेर्पाहरूको घर र आलुबारीहरू देख्न पाउँछौं र त्यस आलुबारीमा खनजोत गर्नेहरू प्राय बुढाबुढी देख्छौ । तल "मिलिङ्गो" र माथि "छयाङ्मी तेङ" नाम रहेका यी सानो गाउँ कुनै गरिब दुखीको बस्ती होइन । यो गाउँ "गेञ्जु" अथवा "गे छ्यो" हो, वृद्ध अवस्थामा घरको परिवारिक तनावयुक्त पापी संसारलाई त्यागेर धर्म गर्न आउँने स्थान हो । यस क्षेत्रमा नापी टोली आएर नापेर जानु अगाडि यस क्षेत्र सामुदायिक साझा क्षेत्रको लागि गाउँलेले छुट्टाएको "गे छयो" क्षेत्र हो ।

यस वरिपरिका जंगल पशुपंक्षीहरू सबै सुरक्षित रहेकाले, बुढाबुढीले खेती गरी राखेको आलुबारीमा पसेर झण्डै ३०-४०% रमाउँदै खाएर जान्छन् । तर सेर्पाहरू बौद्ध धर्मावलम्बी भएकाले ति जनावरहरूलाई तर्साउने मार्ने गर्दैनन् । त्यसैले यो क्षेत्र जनावरहरूले तपोभूमि र पवित्र भूमि मान्छन् ।

त्यसपछि केही माथि भेटिने ईम्जा खोला माथिको पुल तपोभूमिको साँध हो । त्यही साँध देखि तल फुङ्गी ठेङ्गा पुल सम्मलाइ पुर्खाहरूले धार्मिक क्षेत्रको लागि छुट्टाएको पुण्य भूमि हो ।

## संक्षेप रुपमा माथिबाट तल

१) छयाङमी तेङ मिलिङ्गो - वृद्धहरूले धर्म गर्ने क्षेत्र
(Religious area for elders)



*छयाङमी तेङ मिलिङ्गो (वृद्धाहरूको धार्मिक क्षेत्र)*

२) ढोङलाम्चो - किराँत/राईहरूको तिर्थ क्षेत्र
(Pilgrimage area for Kirant/Rai people)

३) देउजे - महिलाहरू बौद्ध संघमा लागेको अनि (nun) गुम्बा क्षेत्र
(Monastery area for Buddhist nuns)

४) तिङपुजे - प्रमुख लामा गुरू मुनी शिक्षा प्राप्त गर्ने पुरूषहरूको गुम्बा क्षेत्र ।
(Monastery providing education for monks)

५) सो सो लो - यि गुम्बाको लागि पालेको जनावरहरूको वर्खे चरण क्षेत्र
(Summer grazing area of the monastery's livestock)

## खुम्जुङ खुन्दे

मानिसहरूले आफ्नो घरबस्ती गोठ बसाल्नु भन्दा पहिला त्यस ठाउँको प्रकृति वास्तुशास्त्र अनुसार उपयुक्त छ कि छैन भनी हेर्छन् ।

सेर्पाले मानिआएका शास्त्रअनुसार दिईएका भनाईहरूलाई प्रमुख रूपमा मान्छन् ।

- "स्यार ङ्गत ठाउ" अर्थात् पूर्वबाट गाउँतिर पसेको बाटो देखियोस् ।
- "ल्हो युण्डुम ङोर्मु" अर्थात् दक्षिणमा पोखरी अथवा गाउँतिर फर्कर पानी बगिरहेको देखियोस् ।
- "नुप मेछया मर्पु" अर्थात् पश्चिम तिर रातो रातो हात्तीको जिउ जस्तो डाँडा देखियोस् ।
- "छयाङ रूबल ङ्गउ" अर्थात् उत्तरमा कछुवा जस्तो चट्टानको पहाड होस् ।
- "स पेमा देप्झे" अर्थात जमिन कमलको फूल माथि बसेको जस्तो होस् ।
- "नाम खोर्लो चेप्झे" अर्थात् आकाश गाउँ वरिपरि हिमाल पहाडले गोलोमा चक्र जस्तो देखोस् ।

उपरयुक्त गुण भएर होला, नेपालको पुर्वी हिमाली क्षेत्रको सगरमाथा अञ्चल सोलुखुम्बु जिल्लामा खुम्बो स्यर्वाहरू बसोबास गरिआएको, पश्चिम रोल्पी लिङ बेयूल तिर शिर र पुर्व खेनपालुङ बेयूल तिर पुच्छर पर्ने गरी सुतेको घोडाको आकारमा सुन्दर खुम्जुङ र खुन्दे गाउँ अवस्थित छ ।



*खुम्जुङ, खुन्दे*

यस गाउँको नामको आधारमा प्रख्यात खुम्बुक्षेत्र नाम रहेको हो भनिन्छ । यस गाउँको ठिक उत्तर तिर यस क्षेत्रको संरक्षक देवता "खुम्बु यूल्ह" पहाड रहेको छ । यस खुम्बुयूल्ह पहाडलाई कसैकसैले "सुमेरू पर्वत" पनि भन्दछन् ।

यस देवताको जनावरहरू याक, बाख्रा र भेडा हुन भनी पुस्तकमा उल्लेख भएको पाईन्छ । पुस्तकअनुसार यस देवताको वर्ण सेतो, दाहिने हातमा रातो झण्डा, देब्रे हातमा दुश्मनको मुटु, दाहिने तिर तरवार र देब्रे तिर धनुषवाण भिरेको छ । उनको बाहन रातो घोडा हो । वरिपरि अन्य देवदेवी डाकिनीले घेरेको छ, भनिएको छ ।

यस खुम्जुङ खुन्देको दक्षिणतिर अरू पवित्र पहाडहरू खुन्दे लप्चा डाँडा, साङ्दोक परी, खुम्जुङ लप्चा, एलाङ मेलाङ, पोम्जुङ, ओम ल्हासा जस्ता पर्दछन् । यी पहाडहरू बाह्रै महिना हरियो रहिरहने थरिथरिको धूप (विषेश छ थरिको धूप), थरिथरिको गुराँस र अरू थुप्रै जातको रूखले ऋतु गुण अनसुारको शोभा बढाउनाले अति सुन्दर रहिरहन्छन् ।

यी सुन्दरतालाई बचाई राख्न यस गाउँका बासिन्दा खुम्बोहरूले काँचो काठ, दाउरा टिप्नै नपाउने स्थानीयको नियमानुसार "क्याक्सिङ" (बन्देजित ईलाका) घोषणा भएको पाईन्छ ।

यस क्षेत्र भित्र गाउँलेको नियमअनुसार, दाउरा संकलन मल बनाउने सोतरको संकलन, घाँस काट्न वस्तुको चरण क्षेत्र व्यवस्थापन, पशु प्रवेश निषेध ईलाका र खेतीबालीलाई नोक्सान पुग्ने, गाउँले भित्र अशान्ति ल्याउने जस्ता कार्यहरूलाई नवाले गाउँसभा (यूलठिम) द्वारा बनाएको नियम (डि.) को परिधि भित्र रहि कारवाही (क्षेरपा) गर्दछ ।

खुम्जुङ खुन्दे गाउँको प्रकृति उपभोक्ताहरू "नावा" को क्षेत्र अधिकार (ओङ ज्या) लाई सम्मान गरी ड़ि ईलाकाको गर्चा (सिमाना) भित्र ठ्रिम (नियम) उल्लंघन गर्दैनन् । यस ठ्रिम नियमले स्यरवाहरूको आफ्नो गौरव र पहिचान बोकेको छ । वातावरण धर्म, संस्कृति, संरक्षणको चलन (टोल) प्राचीन रहेको पाईन्छ । खुम्जुङ खुन्दे गाउँको उत्तरी शिरान तिर तपो गुफा "अकाङ ढुप्काङ" जहाँ गुरू पद्म संभवले तपस्या गर्नु भएको अति पवित्र र प्रख्यात् गुफा छ । त्यस भन्दा करिब दुई सय पचास मिटर तल "चामखाङ" (पुरानो तपस्या गर्ने क्षेत्र) छ । त्यस तपोक्षेत्र "छमखाङ" तेङपुजे गुम्बाको प्रमुख लामा ङवाङ तेन्जीङ जाङबुको अघिल्लो अवतार "लामा गुलु", लामा गोम्छेन रिम्बुछे, लामा छयाक्छेनपा तथा अन्य धेरै लामाहरूले तपस्या गर्नु भई लाभ प्राप्त गर्नु भएको, एक पवित्र स्थान हो । त्यस क्षेत्रको अन्तिम तपस्वी "अनि ङवाङ थटी" लमीनी २०६५ साल सम्म रहि त्यसै पवित्र क्षेत्रमा प्राण त्याग गर्ने सौभाग्य प्राप्त गर्नु भएको हो ।

खुम्जुङ खुन्देको पश्चिमी शिरानमा खुन्दे चामखाङ तपोस्थल रहेको छ । यस क्षेत्रको स्थापना, तिब्बतको खामबाट पाल्नु भएका खम्पा विद्वान लामाले गर्नुभएको थियो ।

त्यस स्थानमा खुम्जुङ खुन्देको गाउँलेहरूको पहलमा निर्माण भएको वि. सं. २०७०/२०७१ मा सम्पन्न भएको गुम्बा छ । यहाँ अहिले सम्म वर्षेनी दुई पटक "ञ्यङु ने" व्रत कार्यक्रम भइरहेको छ ।

खुम्जुङ गाउँको उत्तरमा रहेको खुम्जुङ खुन्देको संयुक्त सम्देन छोलिङ गुम्बा जहाँ दुर्लभ यटिको टाउकोको छाला रहेको करिब चार सय वर्ष पुरानो गुम्बा रहेको छ । त्यस गुम्बामा वर्षेनी "कञ्ज्ञ्युर" (त्रिपिटक पुस्तक पठनपाठन), "ञ्युङने" (व्रत पुजा) र "डुम्जी/ढुपछ्यो" जस्ता सेर्पाहरूको चर्चित धार्मिक चाड हुने गर्दछ । यो सामुदायिक गुम्बा भएको हुनाले सम्पन्न मध्येमा पर्दछ ।

खुम्जुङ खुन्देको पूर्वी पुच्छर तिर करिब पाँच सय वर्ष पुरानो स्यारवाहरूको चर्चित "ल्हो" गुम्बाको अवशेष रहेको छ । त्यसै गरी खुम्जुङको पूर्व गोक्यो जाने बाटोमा ६ कि.मी. जति हिडेपछि चर्चित बुद्ध छेनचेनको गुम्बा भत्केको ढुङ्गाबाट बनेको "मोङ छोर्तेन" बौद्ध अवस्थित छ ।

खुम्जुङको दक्षिणमा खुम्बुयूल्ह देवताको घोडा बाँध्ने ठूलो रूख, सर्पको सिमाना रहेको ठूलो ढुङ्गा "रूल थेन्दी नाङ", नाम्चे गाउँ र खुम्जुङ खुन्देको सिमाना जनाउने दोलाङबुचे (हात्ती ढुङ्गा) जस्तो महत्त्वको स्थान रहेको ठाउँलाई हाल "स्योङबुछे" भनिन्छ ।

यस खुम्जुङ खुन्दे गाउँमा बसोबास गर्ने सेर्पाहरू हालसम्म खुम्जुङमा १६५ घर धुरी खुन्देमा ६५ घर धुरी गरी जम्मा २३० घर रहेका छन् । त्यसमा लगभग १२५० जनसंख्या छन् ।

यस गाउँमा निम्न किसिमको थरहरू हाल सम्म रहेका छन् ।

पाल्दोर्चे
ठाक्तोक्पा
पाङकर्मा
मेन्देवा
स्यारवा
क्षु स्यारवा
गर्चा
स्यङ्गू
लामा सरवा
ल्हुक्पा
खर्तेवा
फेरूक्पा
स्हिरे
ढोक्पा
खम्वा
लोवा
गुरूङ
खस सेर्पा
मगर सेर्पा
थेउ ठरी
इत्यादि सेर्पाको थर बसोबास गरेका छन् ।


गोक्यो तालमा लामाहरूको पूजा कार्यक्रम

खण्ड २९

# पवित्र तालहरु

- गोक्यो पाँचपोखरी (खुम्बु)
- वोमी स्यो (स्योरोङ)
- पाँच पोखरी (मेहरा)
- इम्जा पोखरी (च्युखुङ)


*गोक्यो ताल*

## गोक्यो पोखरी

गोक्यो पोखरी दूधकोशी खोलाको मुहान हो । यो पाँचवटा पोखरीहरू लस्करै रहेको एक पवित्र स्थल हो । यसको वरिपरि सेर्पाहरूले ईष्टदेवको रूपमा मान्ने पवित्र हिमालले घेरेका छन् ।

जस्तै, गोक्योको पाँचवटा पोखरी तथा दूधकोशीमा पानी मिसिन आउने हिमाल (ईष्टदेव) हरू :
१. लोङ ग्योक ल्हाचेन कर्पो, २. थोनाक ल्हाचे कर्पो, ३. बोरल्हचेन कर्पो

गोक्यो पोखरीबाट दर्शन पाउँने पवित्र ईष्ट देवहरू
१. तागो छ्याई ल्हाचेन कर्पो, २. बरिल्हाचेन कर्पो, ३. टाग्कर्ग्यो ल्हाचेन कर्पो
४. ग्यजुइ ल्हाचेन कर्पो

ल्हाचेन कर्पो बाहेक अरू ईष्टदेवहरू
१. ज्योवो यूक्पो, २. ज्योवो रावजाङ, ३. योमो मियोलाङ्सङ्मा

यी बाहेक मैले चिन्न र खुट्याउन नसकेको पनि थुप्रै छन् र बायाँ तिर तल फर्केको अवस्थामा अलग्गै रहेको खुम्बुको सबैभन्दा विशाल हिमनदी "ङोजुम्वा" बगिरहेको छ ।

यस गोक्यो पोखरीलाई पवित्र रहनको लागि हामीले सर्तकता पूर्वक संरक्षण गर्दै खुम्बु क्षेत्रलाई बाह्य खराब अनिष्टबाट संरक्षण दिई राख्न गोक्यो पोखरी आफैमा अपार शक्ति भएको पोखरी हो । खुम्बु क्षेत्रको बेयूल भौगोलिक रूपमा मात्र नभई धार्मिक रूपमा पनि बेयूल हो ।

नवौं शताब्दिका राजा "खिवा ग्यलु" अर्को नाम "कि ख रथो"(कुकुरको थुतुनोमा बाखाको खप्पड भएको राजा) खेन्बुलुङबाट भागेर आई "मे जोङ" (मोन्जो)को ठूलो ढुङ्गा माथि दरबार राख्ने विचार गर्दा, गोक्योको देवतालाई त्यो त्यहाँ रहेमा खुम्बु बेयूलको लागि पछि अनिष्ट हुने देखे पछि, रातको सपनामा विशाल गोक्योको पोखरी देखाई दिए ।

बिहान खिवा राजा/किखरथो ले सोचे, "मेरो सपनाले राम्रो संकेत गरेन, यस ठाउँ असुरक्षित छ, म यहाँबाट जानुपर्छ ।" र ऊ पश्चिम तिर गए र दोलखामा पुगी त्यहाँ उसको मृत्यु भयो । भन्ने कथा छ ।

यस पोखरीको लागि वरपर सफा राखेमा र दैनिक पुजा धूपबत्ती गरी राखेमा यस पोखरीको दर्शन गर्न आउनेहरूलाई आफुले जे माग्छ, त्यो मनोकामना पुरा हुन्छ भन्ने विश्वास गरिन्छ । यस पोखरीको दर्शन गर्न जाँदा गोक्यो पोखरीमा प्रवेश गर्नु भन्दा अगाडि प्रथम पोखरीबाट पानी निकास भै तल झर्ने ठाउँमा एउटा छोटो साँगो देखिन्छ ।

त्यसभन्दा पनि तल झर्दै आउँदा एक ठाउँको चट्टान पहाडको भित्ताबाट पानी निस्केको पाउँछौं । त्यस ठाउँमा मानिसहरूले खदा चढाएका हुन्छन् । त्यस ठाउँको पानीमा सर्वप्रथम नुहाएर चोखो हुनुपर्छ । त्यसपछि उँभो उकालो चढी त्यस पानी निकास भएको ठाउँ "छ्यू नाक्पो" सानो साँगो तरेपछि प्रथम सानो पोखरीको दर्शन पाउँछौं । त्यहाँ पुगेपछि, लोभ, क्रोध, मोह, काम लाई बिर्सी सर्वप्रथम आफु चोखो हुनुपर्छ र त्यस सानो पोखरीको किनारको ढुङ्गा टिपी एक छेउमा ती ढुंगाको तिन थाक "थउ" लगाएर अरू केही नसोची बुद्ध अमितायुस सँग दीर्घायुको प्रार्थना गरेमा उक्त कुरा प्राप्त हुन्छ, भन्ने विश्वास छ । त्यसपछि दोश्रो पोखरीमा पुग्नेछ । पोखरी अलि ठूलो र निलो देख्नेछ । त्यहाँ पनि अन्य केही नसोची, "ग्यल्पो छ्येन्पो नम्थोस्ये" सँग भाग्यको प्रार्थना गरेमा सो कुरा प्राप्त हुनेछ ।

तेश्रो पोखरीमा पुगेपछि, यदि हाम्रो आत्मा शुद्ध भई दर्शन गर्न सकेमा "छे दिताङ, क्षिमा ङि" (यो जुनी र मृत्युलोकमा हुने भाग्यको झलकहरू) देख्न पाउँछौं । त्यहाँ शक्तिको प्रार्थना गर्नुपर्छ । यदि आफुलाई छोरा वा छोरी मध्ये एकको चाहना भए पोखरीमा हात हालेर एउटा सानो ढुङ्गा झिकी खल्तीमा (सफा ठाउँमा) मा राख्नुपर्छ । यसो हुँदा सो चाहना पुरा हुनेछ ।


गोक्यो तेस्रो पोखरी

त्यस तेश्रो पोखरीबाट बरदान थापेर ल्याएको ढुङ्गालाई सुरक्षित सँग ल्याई राख्नुपर्छ । आफुले चाहेको पुत्र वा पुत्री प्राप्त भएपछि पनि सुरक्षित नै राख्नु सके, उक्त बच्चा भाग्यमानी रहनेछ । यो गोक्यो तेश्रो पोखरी एक शक्ति बरदान गर्ने सक्ने शक्तिशाली पोखरी हो ।

चौथो थोनाक पोखरी तेश्रो पोखरी भन्दा केहि सानो आकारको छ । तर सबै तालहरू मध्येको गहिरो र केही कालो रङ्गमा दर्शन पाउँछौं । त्यहाँ सम्पत्तिको मालिक "नोर्गि नोज्यिन जम्बल्हा" देवतासँग धनसम्पत्तिको प्रार्थना गर्नुपर्नेछ र पुरा हुनेछ । तर त्यस धनसम्पत्ति गलत कार्यको लागि प्रयोग भएमा अनिष्ट हुनेछ ।




*स्थानियहरूको गोक्यो तालमा प्रकृति पूजा*

पाँचौ ताल, अरू तालहरू भन्दा सानो निलो उज्यालो रूपमा दर्शन पाउँछौं । यस ठाउँमा देखिने दृश्य र उज्यालो तालको मुहारले काम, क्रोध, लोभ, मोह सबै बिर्साइदिन्छ । त्यस बरका करूणामयी भगवान अवलोकेत्तेश्वर सँग, त्याग, मुक्ति र निर्वाणाको प्रार्थना गर्नुपर्छ । प्राप्त हुनेछ । यस पवित्र गोक्यो देवताहरूको क्षेत्र हो । यस पवित्र ठाउँमा प्रवेश भई यस बुद्ध भूमिको दर्शन पाउँनाले तपाई एक भाग्यमानी प्राणीहरू मध्येको एक हुनुहुन्छ । यहाँ लोभी पापीहरूको लागि स्थान रहन्न । यहाँको दर्शन पछि खराब नर्क (हुङ थिङ नक) बोक्नु पर्ने हुँदैन ।

पुर्खाहरूको अनुसार यो सबै बुद्ध छेनजेनको वाणी हो । यसरी शुरूमा मुख धोएर जिउ नुहाएर अर्थात् हात, गोडा धोएर, नङ काटेर, चोखो भई प्रवेश भएपछि, देवताबाट वरदान थापेर माग्नु भनेको, १ देखि ५ औं ताल सम्म आफ्नो ईच्छानुसार आयु या जन्म या धन या एक थोक मात्र माग्नु हो । सबै तालको दर्शन गर्नु, फर्कदा एक बरदान मागेर थापी, पछाडि नफर्की, सिधै फर्केर जानु र पहिला सफा गरी नुहाएका, ठाउँको पानी नाघेपछि फर्केर हेरे पनि केही हुँदैन भन्ने विश्वास रहेको छ । यस गोक्यो पोखरी मात्र नभई यस क्षेत्र नै देवताहरूको क्षेत्र हो । यस तीर्थ क्षेत्र प्रवेश गर्नु हुने जो कोहीले पनि शुद्ध आत्मा र सकरात्मक दृष्टिकोण बोकेको छ भने तपाईको लागि यस स्वर्गले स्वागत गर्दछ र तपाईले जे माग्नु भयो प्राप्त हुनेछ । जे सोच्नु भयो अनुभव गर्नु हुनेछ । यहाँको प्राकृतिक सुन्दरताले भरिपुर्ण भएको बुद्ध क्षेत्र महातिर्थ पनि हो । तपाई यहाँबाट फर्कनु हुँदा निकष्ट, शुद्ध, धर्मात्मा भएर जान सक्नु हुनेछ । त्यो तपाईले महसुस र विश्वास गर्नु पर्दछ । सबै हुन्छ ।

यदि तपाई धर्म, शुद्धता र सुदृष्टिकोणबाट टाढा छ भने, तपाईको लागि केही छैन । किन भने तपाईसँग विश्वास गरी अनुभव गर्ने क्षमता छैन । पापको कालो बादलले मडारी रहेकोले, आफन्त, नाता, सुख, सन्तोषको अनुभव गर्न सकिदैन र यदि तपाई विश्वास, महसुस र अनुभव गर्न सक्नुहुन्न भने तपाईको लागि तपाईको परिवार घर, महल, तपाई आफ्नो शरीर तपाईको नै होइन । त्यो सब झुटो रूपी हो । तपाईको नाम झुट हो । तपाईलाई यस संसारमा केही, कोही पनि छैन ...। खा..ली छ, सबै खाली....छ । मात्रै भय, डर र त्रास छ । त्यस कारण तपाईको आँखाले जुन दृश्य देखेर सुन्दर लाग्छ, रमाइलो लाग्छ, लाग्नु नै तपाईको महसुस हो । महसुस गर्नेले विश्वास गर्दछ । विश्वास गर्नले, सबै कुराको हाँसिल गर्दछ । त्यसैले तपाई गोक्योबाट, सकरात्मक दृष्टिकोणको दानी, पापरहित, धर्मात्मा र मायाबाट सम्पन्न व्यक्ति भएर जानु हुनेछ । तपाईले महसुस गर्नु पऱ्यो, माया र विश्वास गर्नु पऱ्यो ।



खुम्बुको संरक्षक देउता खुम्बु युल्ह को पूजा कार्य

खण्ड ३०

# खुम्बु स्यार्वा (सेर्पा) समुदायद्वारा संरक्षित क्षेत्र

सर्वप्रथम विभिन्न आदिवासी जनजातीहरूद्वारा संरक्षित क्षेत्रहरू मध्ये खुम्बु एक उदाहरणीय नमुना क्षेत्र हो । यस क्षेत्रको धनी संस्कृति र धर्मले नै सफल संरक्षणको उल्लेखनीय उदाहरणमा योगदान दिन्छ । यहाँ विश्व सर्वोच्च शिखर सगरमाथा लगायत थुप्रै पवित्र हिमाल, पहाड, ताल, वनजंगल र वन्यजन्तुहरूका वासस्थानहरू छन् ।

आज भन्दा करिब १२०० वर्ष अगाडि गुरू रिम्बुचेले यस क्षेत्रलाई बेयूल घोषणा गर्नु भएको कथन पाईन्छ । बेयूल भित्र कुनै किसिमका खराब तत्त्व प्रवेश नहुने ठहर रहेको छ । यस बेयूलमा बौद्ध धर्मावलम्बी आदिवासी सेर्पा समुदायका बस्ती रहेको छ । यस धर्मले शान्ति र अहिंसालाई प्राथमिकता दिन्छ । यी पनि बेयूलका महत्त्वपुर्ण गुणहरू हुन् । त्यसैले यहाँ शिकार खेल्न र काटमार गर्न निषेध छ ।

यस बेयूल भित्र रहेका पवित्र हिमालहरूलाई सेर्पाहरूका संरक्षक देव, ईष्ट देव तथा शक्ति देवका रूपमा पुजा गर्ने चलन छ । त्यसैले हिमाल वरिपरि आगो लगाउन, प्राकृतिक दृश्य विग्रने गरी खनजोत गर्न, फोहोर पार्न तथा आरोहण समेत गर्न बन्देजित रहेको छ ।

## बेयूल (संरक्षित भूमि)

सेर्पा तथा तिब्बति भाषामा "बे" को अर्थ लुकाईएको र "यूल" को अर्थ भूमि, अर्थात् संरक्षित क्षेत्र (Hidden Valley) भनिन्छ ।

बेयूल दुई प्रकारका छन् ।

१. भौगोलिक (Geographical)
२. धार्मिक (Religious)

१. भौगोलिक रूपमा गठित बेयूल

- खुम्जुङ र खुम्ते
- धौलागिरीको एक कुना
- रोल्वालिङ जस्ता ठाउँहरू



*स्याङ्वोछेको पुरानो छ्योर्तेन (स्तुपा)*

२. धार्मिक रूपले गठित बेयूल

- योल्मो, हेलम्बु
- डेमोस्योङ, डेन्जोङ (सिक्किम)
- पेमा क्योङ, अरूणाञ्चल र कोङपो बिच
- रोल्वीलिङ, रोल्वालिङ
- खेन्पलुङ, माकालु
- नम्गो दागम, लाङटाङ
- क्योमोलुङ, नुवरी

माथिका सात क्षेत्रहरूलाई "बेयूल क्षेम्पो दून" (सात महासंरक्षित क्षेत्र) भनी गुरू पद्मसंभवले आठौं शताब्दीमा घोषणा गर्नुभएका क्षेत्र हुन् । यी Seven Great Sacred Areas बाहेक खुम्बु चाहिं "बे देन" हो, भन्नु भएको छ । "बे" को अर्थ लुकाईएको र "देन" को अर्थ टुक्रा हो । खुम्बुको पूर्वको "खेन्पलुङ बेयूल" र पश्चिमको "रोल्पीलिङ बेयूल", यी दुई महासंरक्षित क्षेत्रका बीच रहेको खुम्बु क्षेत्र "बेदेन ज्ञ्या" (एक सय बेदेन) मध्येका एक "बेदेन" हो । यसले अंग्रेजीमा Khumbu is one of these hidden sacred areas भन्ने अर्थ्याउँछ ।

खण्ड ३१

# पवित्र हिमालयहरु

## सगरमाथा पाँच दिदि बहिनी

१) टाशी छिरीङमा
२) थिङकी स्यल्सङमा
३) मियो लोसाङ्मा
४) चोपेन डिसाङ्मा
५) तेकर डोसाङ्मा



टाशी छिरीङमा (गौरीशंकर)

## क्ष्यो परिवार

क्ष्यो ओयु - ज्योवो युक्पो
क्ष्यो पोलु - ज्योवो बुलो
क्ष्योअवी - ज्योवो छिरिङ छ्येङा
क्ष्यो रप्शोक - ज्योवो राबजाङ
क्षयो गरू - ज्योवो गारू



क्ष्यो ओयु

## ल्हचेन कर्पोहरु

ल्हचेन कर्पो विशेष स्थान र थर सँग सम्बन्धित देव हो । ल्हचेन कर्पो विभिन्न रहेका छन् । झज्युई ल्हचेन कर्पो, तगोचेइ ल्हचेन कर्पो, लोबुचे ल्हचेन कर्पो, आयुई ल्हचेन कर्पो, थोनाक ल्हचेन कर्पो, बरि ल्हचेन कर्पो, टाग्कर्यी ल्हचेन कर्पो, पालग्यी ल्हचेन कर्पो, क्याशोब्पी ल्हचेन कर्पो, अर्कम्चेद ल्हचेन कर्पो, ग्यजुइ ल्हचेन कर्पो, आवी ल्हचेन कर्पो ।

## दुई ठेचेनकरु

- खुम्बु यूल्ह ठेचेन करू
- स्योरोङ यूल्ह ठेचेन करू

यी पवित्र हिमालहरू संरक्षक देवहरू हुन् ।

## खुम्बुईयूल्ह

बायाँ भोटेकोशी र दायाँ दुधकोशी बीच अवस्थित सुन्दर हिमाललाई खुम्बु यूल्ह र पुस्तकअनुसार "खोम्बुई यूलल्ह" भनिन्छ ।



*खुम्बुई यूल्ह (जेग्याल ठिचेन)*

यस अर्थलाई सरल भाषामा बुझ्दा खुम्बुई यूल्हको अर्थ खुम्बु गाउँको देवता भन्नु हो । त्यसकारण खुम्बुका बासिन्दा सेर्पाहरूले यस पवित्र पर्वतमा चढ्न र घुम्न निषेध गरेका छन् । यस हिमाललाई खोम्बो स्यारवाहरूले खुम्बुको संरक्षक देवताका रूपमा मान्छन् भने हिन्दु धर्मावलम्बीहरूले सुमेरू पर्वतको नाममा चिन्दछन् ।

बौद्ध धर्मावलम्बीहरूको शास्त्रअनुसार खुम्बु गाउँको उत्तरमा रहेको कछुवा राजाको रूपमा रहेको हिमाल "क्ष्याङ रूवल ग्यलु" भनी अति उत्तम मानिएको पाईन्छ ।

यस हिमाललाई पुर्वबाट हेर्दा घोडाको खुट्टाको खुरको आकारमा, दक्षिणबाट हेर्दा काखमा बच्चा लिएर बसेकी आमाको रूपमा र पश्चिमबाट हेर्दा गहना पहिरनमा सिङ्गारिएकी महिलाको रूपमा पाउँन सकिन्छ भनेर अग्रजहरूले भनेको पाईन्छ । कसैकसैले दक्षिणबाट देखिने आकारलाई भूमि स्पर्श बुद्धको रूपमा पनि लिने गर्छन् ।

यस हिमालको दक्षिणतिर रहेको खुम्जुङ खुन्दे गाउँ पश्चिममा फर्केको घोडाको आकारमा रहेको पाईन्छ । "सेर्कीम" पुस्तकको पाठ अनुसार रातो घोडा माथि सवार भएको दाहिने हातमा रातो झण्डा, देब्रे हातमा दुश्मनको मुटु बोकेको, दाहिने कम्मरमा तरवार र देब्रे तिर धनुको तीर भिरेको खुम्बुयूल्ह (खुम्बु रक्षक) देवताको नाम "जेग्याल ड्रिचेन" भनी उल्लेख छ । वहाँ सेतो वर्ण रहेको र कपाल सेतो फेटाले बेरेको कुरा पुस्तकमा पाईन्छ । वहाँको वाहन घोडा हो भने वहाँले इच्छा अनुरूप पालेका जनावरहरू याक (चौरी), र्‍ह (बाख्रा) र लूक (भेडा) हुन् । यि तिन जनावरका देवताहरू "स्योमो", "छेछे" र "याङ्ख्युक" देवता हुन् । वहाँको दरवार आकाशसम्म छुने फलामले बनेको छ, भनेको पाईन्छ ।

पुर्खाहरूका अनुसार, यस खुम्बुमा यी तिन किसिमको जनावर अनिवार्य पाली राख्नुपर्छ तब मात्र यहाँको गाउँ बस्ती दिगो, आनन्दमयी र सुखशान्त रहन्छ, भनेको पाईन्छ ।

खण्ड ३२

# सेर्पाका थर र कुलदेवताहरु

विभिन्न थरका सेर्पाहरूले फरक फरक कुलदेवताको पूजा गर्दछन् ।

१) गाउँको संरक्षक देवता "यूल्ह ठेचेनकरू" (खुम्बु यूल्ह) हुन् ।
२) जन्मदेव "केल्हा ठेचेनकरू" (खुम्बु यूल्ह) हुन् ।
३) थर विशेषले पुजा गर्ने थरदेव "रू ल्ह" हरू निम्नानुसार छन् ।

| **थर** | **रु ल्ह (थर देव)** |
|---|---|
| पल्दोर्चे | फरि ल्हचैँ करू |
| ठाक्तोक्पा | लोङ ह्योक ल्ह चे करू र जम्डे |
| मेन्देवा | मेन्दे रू ल्ह छेम्वो खर्ते सुरा ग्यलु |
| स्यार्व | अर्गम्चे ल्ह चैँ करू |
| छ्यु स्यार्व | लोबुचे ल्ह चैँ करू |
| नावा | तवोचे ल्ह चैँ करू |
| चावा | छक्पे ल्ह चैँ करू |
| मर्मीचो | छिरीङमा |
| खम्वा | खामलप्ची तेमाकर्पु |
| खर्तेवा | फोप्चेन डब्ली ग्यलु |

फारक र स्यो रोङ (सोलु) मा पनि निम्नानुसारका देवदेवता छन् ।

## फारकका देवताहरु

फुसुर्की चेन छेम्पो (लुक्ला चेन)

क्योङमो फिरहीङ छुम्पु (लुमु थुङक्युङ)

फरि ल्ह चैँ करू (हिमाल)

स्युक्पा ञिमोर (हिमाल)

लुम्दीङ छो कर्मु (पोखरी)

## स्योरोङका देवताहरु

स्योराङ यूल्ह टशी पल्वो छे
स्योरोङ यूल्ह पिन सुम
१. नुम्बुर
२. करयलुङ
३. खटाङ
ज्युङ लुमु कर्मु (ठूला जुम्ल्याहा रूख)
पिके ल्हाचेनकरू (पिके पर्वत)
केम्जे ठाङकार छुक्पु (गुफा भित्र सञ्चित धन)



*स्योराङ यूल्ह पिन सुम*

खुम्वुमा "खुम्वो स्यार्वा" हरूको बस्तीमा स्थापनाकालदेखि देवदेवताको पुजा गर्ने चलन चलिआएको छ । सेर्पाहरूको संख्यामा वृद्धि भयो । ठाउँ र बस्तीको विस्तार भयो । क्रम अनुसार प्रथममा खुम्बु त्ये, दोश्रोमा खुम्वु मे (फारक) र स्योरोङ जस्ता ठाउँमा बसोबास गर्ने स्यार्वाहरूले "ल्ह छेत्तु" (देवता बुझाउने) चलन चलाए । उक्त चलनले निरन्तरता पायो । यो एउटा सामाजिक मूल्य, मान्यता र नैतिक अनुशासन पालना गर्ने र आफ्नो जात र थरको पहिचान राख्ने गौरवशाली परम्परा हो ।



*खुम्बु यूलल्ह देउताको प्रतिमूर्ति (तोर्मा)को साथ देउता बुझाउँदाको झलक*

खण्ड ३३

# खेती किसान

विभिन्न गाउँठाउँ क्षेत्रहरूमा छरिएर बसेका सेर्पाहरू त्यहिकै जग्गा जमिन अनुसार वस्तु पालेका र विभिन्न किसिमको खेतीहरू गरिआएका भएपनि समग्रमा सेर्पाहरूको बसोबास ज्यादा उच्च हिमाली भेगमा रहेको हुँदा त्यहाँ विशेष गरी फल्ने र हुने आलु र फापरको खेती गर्दै आएका छन् ।

सेर्पाहरूको पुर्खाहरूले गर्ने चलन र विश्वास अनुसार खेतबारीमा सुरूमा बीउ लगाउँदा तिथि मिति हेरेर साईत पर्ने दिन आफ्नो बारीमा बालीको देवी "आमालोत्तोकमा" लाई धूप र घिउ बालेर पुजा गरेपछि मात्र खेती लगाउन सुरू गरिन्छ । खेती उठाउँदा प्रथम बालीलाई "लोत्तोक फी" भनेर भगवानलाई चढाउने गर्छ र गुम्बा अथवा लामालाई चढाएपछि मात्र आफुले खाने गरिन्छ । किनभने यसको देन प्रकृति नै भएकाले प्रकृतिलाई पनि सम्मान गर्ने चलन समाजमा रहेको छ ।

### खुम्बुको कृषि

खुम्बुको खेतीपातीमा सबैभन्दा चर्चित र मिठो उत्पादन आलु हो । आलु धेरै थरिको भएपनि क्रमशः जेठो, माहिला, साहिंला हुँदै बदलिंदै आएको पाईन्छ । आलुको इतिहासमा सबैभन्दा जेठो कुन र कसले पहिचान गरे, कुन सालमा खेती सुरू भयो भन्ने कुरा यकिन नभएपनि कथानुसार बुद्ध छेनचेन बर्खा महिनामा मोङ डाँडा र हिउँदोमा गोर्मुजे (टासिगाङ) बस्नु हुँदा आलु खेती गर्नु भएको कथन छ । यो लगभग चार सय वर्ष अघिको कुरा हो ।




*खुम्बुको आलु खेति कार्य*

**एक प्रसंग**

जापानमा CBD-COP 10 को सेमिनारमा म भाग लिन जाँदा एक विदेशी सहभागीले मसँग प्रश्न गर्नुभयो, तेन्जिङ टासी तिमीले सेमिनारमा खुम्बुको बारेमा प्रस्तुति गर्दा खुम्बु एउटा भगवानद्वारा संरक्षित क्षेत्र थियो र अझै निरन्तर संरक्षित रहेको छ, भन्यौ तर के खेती गर्छौ के खान्छौ, केही भनेनौ, पहिलेका सेर्पाहरू के खान्थे ?

"हामीले थाहा पाएअनुसार खेती आलु नै थियो । फाफर, केराउ, मूला र साग पनि उत्पादन हुन्थे । आजसम्म पनि यिनै बाली उत्पादन हुन्छन्," मैले उत्तर दिएँ । उनले फेरी भने, "होइन, आलु त पहिले अमेरिकनले पत्ता लगाएर परिचय गराएको विश्वलाई ।" मैले जवाफ दिए, "आज भन्दा लगभग चार शताब्दी अगाडि हाम्रो मोङ डाँडाको बुद्ध छेनचेनको कथानुसार वहाँकी श्रीमति तल गोर्मुचेमा आलु खन्न गएको समयमा आफु र खुम्बुयूल्ह देवता बसेर झ्यजो कुनामा नुनखानी निकाल्ने योजना बनाउनु भएको भनिन्छ । हाम्रो देशमा पश्चिमीहरू भित्रिएको जम्मा ६ दशक भएको छ । अंग्रेजले इन्डियामा शासन चलाई छाडेको मात्रै १०४-१०५ वर्ष भयो । त्यसबेला अंग्रेजबाट परिचित भएको आलुलाई हामीले बलहुती भन्थ्यौं । त्यो आलु अझै देख्न पाईन्छ । त्यसकारण खुम्बुको खेती आलु नै हुनुपर्छ ।" भनी मैले जोड गरें । यो ठूलो जिज्ञासाको कुरा थियो । त्यसपछि मैले खुम्बुका अग्रजहरूसँग पनि सोधखोज गरें । तर वहाँहरूसँग पनि खेती यही थियो भन्ने जवाफ थिएन । सबैले त्यही बुद्ध छेनचेनकै कथालाई नै आधार मानेको पाईयो । हुन त बेयूल क्षेत्रहरूमा बिउ रोप्नु नपर्ने खानेकुराहरू थुप्रै पाईन्छन्, भनेर गुरू रिम्बोचेले भविष्यवाणी गरेका पुस्तकमा उल्लेख भएको पाईन्छ भन्छन् ।



*जमिनको खाल्डोमा आलुको भण्डारण गर्दै*

गुरू रिम्वोचेको कथालाई आधार मानी खुम्बुमा बिउ नरोपी उत्पन्न हुने खानेकुराहरू (wild foods) को मैले खोजी गरें, जुन निम्नानुसार छन् ।

### अन्नहरु (Crops)

१) थो/थोव - पिँडालु
२) रम्बा - रातो मसिनो कोदो जस्तो दाना
३) अउर - लाम्चो जरा
४) अस्युर - सेतो झार जस्तो

### मसला (Spices)

१) गोक्पा रिगोक - जंगली लसुन
२) गोक्पा सेरगोक - जंगली लसुन ठूलो खाले
३) खोमक - पाखामा पाईने फूल
४) एरमाङ - टिम्बुर
५) जिङबु - लसुन

### सागपात (Vegetables)

१) सथुक्पा - सिस्नु
२) छामी छेरमा - झारपाते साग
३) मागे छेरमा - साग
४) लु छेरमा - बेथे
५) बु किलु - न्युरा
६) अउर छेर्मा - अउरको साग
७) ठोकचर -उनिउँ
८) बच्याक - निङ्गालो टुसा

### अनाजहरुमा

१) थो/थोव -पिँडालु
२) रम्बा - रातो मसिनोकोदो जस्तो दाना
३) अउर -लाम्चो
४) अस्युर -सेतो झार जस्तो

### च्याउहरुमा

सेरस्या
तरस्या
छ्यागुङ मरू
झिप छ्यागुङ (तितो च्याउ)
मरतिप
मरतिप गोरपु
क्युजिर स्यमुङ
छुल्डिमबाचे
डेङबा
फेस्यमुङ (मुसाच्याउ)
तेस्यमुङ
कल्सिर
तोकर स्यमुङ
वोमी स्यमुङ (दुधच्याउ)
चे स्यमुङ (घाँसे च्याउ)
ईवी स्यामुङ (सासु च्याउ)
ला स्यामुङ (कस्तुरी च्याउ)
फेम्मर स्यामुङ (काँचै खान मिल्ने च्याउ)
छ्युस्य (पानी च्याउ)
पेतोक
ल्याङ्मु



*खुम्बुमा पाइने च्याउहरू*

## रुखमा उम्रिनेहरुमा

वो फेलिप (गोव्रे रूखमा पाइने)
ताक्पी स्यमुङ (रूखको ठुट्टामा हुने)
स्युक्पी नाप (धूपीमा हुने रातो)
सेकुम अमज्योक

## घाँसे चउरमा पाईने फलहरु

लुमु
फुम ल्हमु
गोह्मुम

## काँडे रुखमा हुने फलहरु

शे ओल्दोक
को वाउ
छेम्डिल
अक ह्विलुक
ञ्याञुङ (एक प्रकारको ऐसेलु)
अस्यु खम्वु (जंगली आरू ठूलो रूखमा पाईने)
अह् मुङमुङ (अण्डा आकारको सानो दाना)

## काँचै भाँचेर खाईने बोटहरु

अकक्षो
गोम्दाङ
ञ्यालु लोङजर
क्यास्यार
धनसी -एक प्रकारको धनिया
ञ्यालु मरू (रातो ञ्यालु)
तोक्चर



*तोक्चर*



स्येरु/खाप्शे बाँड्दै महिला

# नोट

## खानपानका प्रकार

**शेर्पाहरुले प्रयोगमा ल्याउने खानाका प्रकारहरु**

स्याक्पा
थुक्पा
रिकी कुर (आलुको रोटी)
रिल्दोक सेन (आलुको ढिंडो)
रिल्दुक
थो थोव
क्यु (खोले)
कुर (रोटी)
स्येरू/खाप्शे
खाना : स्यलक
चामल : स्ये डे (डा)
तरकारी : शोलवा/पा
ढिडो : शोल (स्हेन्)

## गायन

सेर्पाहरूको आफ्नै भाषा र भाका मिलेका विभिन्न गितहरूका प्रकार :

ठल्लु - आनन्द मुद्रामा बसिरहेको बेला गाईने गित
स्यब्रु लु - काँध मिलाएर नाच्दा गाईने गित
ज लु -प्रेमीप्रेमिका एकआपसमा मनको भाव व्यक्त गरी गाईने प्रेम गित
क्यो लु - पिर पर्दा मनको दुख व्यक्त गर्ने गित
लुम्डे - केटा केटी बिच खेलिने दोहोरी गित
तोपा बुलु लु - सम्मान प्रकट गरी गाईने गित

**पिउने प्रकार**

नुर्मा, बलु, सेनछ्याङ (छ्याङका प्रकारहरू)
आराक (रक्सी)
सुछ्य (नुन-घिउ चिया)
ङरछ्य (दुध चिया)
छ्य थाङ (फिक्का चिया)

## खाने कप

कयुङ
सिङ्की चिनी
चिनी ङुलस्यम्
ङुल्की ठक्या
कयुङ याङरी

## थाल

चाँदीको : ङुल्की देर्माङ
काँसको : लिमी देर्माङ
स्टिलको : स्टिल देर्माङ
कयुङको : कयुङ देर्माङ



*लिमी देर्माङ*

## बाजा

सेर्पाहरूले बजाउने बाजाहरू:
डप्ञ्याङ/ड ञ्यन - टुङ्ना
लुमु - मुरली
ठेलिङ - बाँसुरी
लिङस्याङ - घुंघरू

## हस्तकला सिप

विभिन्न हस्तकला, सिप भएका व्यक्तिहरू:
खापा - चित्रकार, मूर्तिकार
सिङजो - काठ बनाउने सिकर्मी
दोप्जो - ढुङगा बनाउने डकर्मी
छेम्जो - कपडा सिलाउने
गरा (सोवा) - फलाम बनाउने
जमखेन - माटोको भाँडा बनाउने
थात्तउ थाँमेन - तान बुन्ने महिला
याकल त्तेकल - याक र घोडाको काँटा

## विद्या तथा ज्ञान प्रचारक

टुल्कु - अवतारी लामा
लमा छोवा - पुजा पाठ गर्ने लामा
परवा - पार खोप्ने, काठ कुँदेर लेख्ने तथा मणी खोप्ने र ढुङ्गा कुँदेर लेख्ने लामा
चिवा - ज्योतिषे
मोवा - जोखना हेर्ने व्यक्ति
ल्हवा - धामी
मिन्दु - झाँक्री
गेर्केन - गुरू

## वास्तु कला

**सेर्पाहरुको मंगलमययुक्त कला सजावटहरु**

छ्योस्यम - पुजा गर्ने स्थानको दराज
च्योक्ची - खानपिनको लागि राखिएको टेबल
ज्ञ्य चोक - उच्चकोटीको टेबल
का चोक - घरको थाममा जडित टेबल
करूङ ठमा - घरको झ्याल
लाङत फाङदा - झ्याल माथि सजाउने खुट्टा

**वास्तुकला भित्र**

खाङवी का (घरको थाम) - घरको मूल थाम, फेद ठूलो र टुप्पो केही सानो हुन्छ ।

क ज्यु - घरको धुरी थेग्नको लागि थाम माथि तेर्सो गरी राखिने सहायक धेरै सुन्दर आकार प्रकारको हुन्छ ।

## कृषि काममा प्रयोग गरिने कृषि सामाग्री

ञासिङ
मो - हलोको सेट
थोङबा - जुवा
तोक्वी - कोदालो
ठे - घाँस सोर्ने काठको
वोवुर - फापर कुटेर झारने काठ
कम्दाङ - ऊवा भुट्दा समात्ने काठको चिम्टा
योक्ता - मकै भुट्दा चलाउने
मेस्युर - आगो फुक्ने ढुङो
बुत्ता - आगो फुक्ने छाला
सोर - हसिँया
कोमा - झार गोड्ने
खुर्पा - खुकुरी
तरी - बन्चरो
ठे - दुईमाने भर्ने भाँडा
माना - एकमाने भर्ने भाँडा
पाथी - एक पाथी

## लोप भईसकेको र हुन थालेको सेर्पाले प्रयोग गर्ने सामानहरु

जमा, लुङमु - माटोबाट बनेको ठूलो सानो भाँडा
सोम् - पानी बोक्ने काठको भाँडो
दोजुम - छ्याङलाई छिपन दिने काठको भाँडो
गोक्चुम - खोर्सानी कुट्ने काठको कोक्चुम
स्योर्तोक - आलु गोट्ने र मैदा मुछ्ने काठको भाँडो
जरूक - काठको डाँडु
फेप्जर - पिठो उप्काउने काठका डाँडु
हरपेन - घिउ खाँदेर राख्ने काठको भाँडो
फोटोक - फिर्के
ञ्युङमी थोक्कर - निंगलोबाट बनेका खोस्रो काँगियो
ञ्युङमी सिकसे - निंगालोबाट बनेको कांगियो
ङाँगु - धोचा सिलाउँदा भित्र राखेर छाला तन्काउँने काठको खुट्टा
ञुङ (ङ्युङ) - धोचा सिलाउने सियो
खुर्सीङ - बाँसबाट बनेको भारी बोक्ने सामान
गम्बु - काठको ढोल
साक्यो - दाभिलो
दो लप्शीङ - Grater (आलु दलेर मसिनो पार्ने चेप्टो ढुङगा)
दो कुरकिम - ढुङ्गाको तावा

## ऊनको काम गर्दा चाहिने सामानहरु

ट्रिज्या - कपडा बुन्ने तानको सेट
ताक - तान बुन्दा हातले धागो हान्ने तान
कंटप - तान बुन्दा धागो मिलाउन खुट्टाले चलाउने
डोम्बु - धागो तान भित्र बुन्नको लागि फाल्ने
टेप - धागो कसिलो पार्नलाई कात्ने चित्र
पाङ - भेडाको ऊन कात्ने
फालस्ये -ऊन
योक - याकको धागो कात्ने
पिन - ऊनको धागो
क्योकोक - धागो कात्दा पाङ घुमाउदा राख्ने सानो खाल्टे भाँडो

## याक र नाकको भुवाबाट बनेका वस्तुहरु

चिरपा - याक नाकको भुत्ला
छ्यारा चिज्यार - एक प्रकारको ओड्ने कम्बल
फजी - अन्न हाल्ने थैलो
रिवक - पाल
चिरपी थक्पा - डोरी
ले - एक प्रकारको कम्बल
खुल्ज्यर - एक प्रकारको कम्बल
फिङबा - वस्तुको ढाडमा सामान बोकाउदा ओढाउने ऊनबाट बनेको कपडा



*छ्यारा चिज्यार बुन्दै महिला*

## भेडाको ऊनबाट बन्ने वस्तुहरु

फाल - ऊन भेडाको
छ्यरा फाल ज्यार - ओड्ने कम्बल जस्तो
फजी - अन्न हाल्ने थैलो
नम्बु - ऊनबाट बुनेको कपडा
नम्बु पुरूक - दोश्रो तहको
नम्बु उनम् - उच्च तहको
ठुमसेन तेन -विशिष्ट खालको ओछ्यान
चुरूक तेन - भुत्ला भएको सस्तो प्रकारको ओछ्यान
चुरूक - जाडोमा राती ओड्ने भुत्ले कम्बल
गेवे - महिलाहरूको पछाडि लगाउने रंगिन कपडा
मटिल -महिलाहरूको अगाडि लगाउने कपडा
ह्युत्तोक- सिलाउने धागो
थाक्पा -डोरी
वुरतुक -गुइत्री
जेन - कम्बल

## "स्या" (स्ये खा)

**चियाको लागि**

कयुङ (सानो खाले)
कयुङ याङरी
ग्लास
स्हिङ्गी चेनी (विशेष काठबाट बनेको बटुका)

**स्याक्पा, खोलेको लागि**

कयुङ ठूलो खाले



*स्ये खा*

**सुपको लागि**

लिमी कोरा
स्हिङगी चेनी
कयुङ

**खानाको लागि (भात ढिडो र अन्य)**

ङुल्की देरमाङ (चाँदीको थाल)
लिमी देरमाङ (काँसको थाल)
लिमी गाङ (काँसको ठूलो बटुको)

**छ्याङ रक्सीको लागि**

ङुल्की कयुङ (चाँदीको कप)
लिमी कोरा (काँसको बटुको)
स्हिङ्गी चेनी (काठबाट बनेको कप बटुको)
युमा झ्यावा (यु राखिएको रूखको गाँडबाट बनेको चेनी)

यि माथिका भाँडा, कप, बटुका र थालहरू थरिथरिका हुन्छन् । ती भाँडाहरू मध्ये आआफ्नो गुण अनुसार मूल्यांकन हुन्छ ।

- स्हिङ्गी चेनीहरू कस्तो प्रकारको काठ ? त्यस मध्ये पनि कस्तो "ठाह" बुट्टा परेको ? यदि राम्रो रूखको "गाँड" (स्हिङ्गी बा) बाट बनेको पाईएमा उच्चकोटीको मानिन्छ ।

  त्यसमा झन चाँदी, सुन र यु को भुट्टा राखेमा सुन्दर र अमूल्य बन्दछ । चाँदीले भित्र र बाहिरको फेदमा मोडेको चेनीलाई ङुलस्यम भनिन्छ । यो "ङुलस्यम" छयाङ खानको लागि प्रयोग गरेको पाईन्छ । अलि सानो स्हिङगी चेनी चिया खानको लागि प्रयोग गरिन्छ ।

## कयुङ

"कयुङ" चिया खानको लागि कप र थुक्पा, खोले, स्याक्पा आदि खानको लागि सुप ब्वल तथा खाना खान प्रयोगको लागि थालको रूपमा प्रयोग गरिन्छ ।


*कयुङ*

कयुङ धेरै प्रकारको हुन्छ । त्यसको महत्त्व त्यसमा भएको "रिमुङ" बुट्टा र त्यसको बनोट बाट छुट्टाउन गरिन्छ ।

चिया खाने खालको कयुङ मुनि राख्नको लागि चाँदीले धेरै कलात्मक बुट्टाहरू कुँदेर "ङुलकी ठक्या" बनाएको हुन्छ । अझ चाँदीको ठक्या माथि असल सुनले बुट्टाहरूमा पोतेको पनि बनाईन्छ ।

स्यारवाहरूको घरमा हुने अमूल्य र धेरै महत्त्वका खाने कप (ङुल्की कयुङ, कयुङ याङरी, सेर र ङुल्की ठक्या, स्हिङ्गी ङुलस्यम), थाल (ङुल्की देरमाङ, लिमी देरमाङ), चाँदीको चम्चा (ङुल्की खिम्बक) हरू सर्वप्रथम व्यक्तिको महत्त्वलाई ख्याल गरि खानेकुरा हाली दिईन्छ । जस्तै : लामा, खेम्बु, गेस्यी, लोम्बु (मन्त्री), पेम्बु (गाउँका ठूला बडा), मिजाङ (महाजन), ठोङवी अवा (घरमूली) हरूलाई प्राथमिकताका साथ दिईन्छ ।

त्यसो गर्नाले अमूल्य भाँडाको महत्त्व र त्यसमा खाने व्यक्तिको सम्मान र महत्त्वको मूल्यांकन हुन्छ ।

मानौं जसरी राष्ट्रले दिइने "तक्मा" वा "फुली"ले त्यस व्यक्तिको पद तथा ओहदा दर्शाउँछ, त्यसै संग तुलना गर्दा फरक पर्दैन ।

जानेर वा नजानेर सबैलाई त्यसमा खुवाइयो भने, न त व्यक्तिको पहिचान न त त्यस महत्त्वका (अमूल्य) भाँडाको अर्थ नै रहन्छ ।


त्यसैले होशियार साथ व्यक्तिलाई पहिचान गरी आफ्नो सामानको संगसंगै इज्जत राखु । यो भनाई तिब्बतका महाजनहरूको हो ।

## कयुङ र बुट्टा बिचको गित

झ्यनक तिङने थेन्दी कयुङ सिलिङ ङोप्टा, झ्याला लोक्क्यु मासी, फेला स्युरो नाङदाङ । छम्बा युमा झ्यावा, ङिङ्सु मचिक दुके ।

श्रङचन गम्पोले, आफ्नी रानी झ्यासालाई "तिब्बत छाडेर चाइना नजाउ", भनी गाएको गित ।

# खुम्बु वरिपरिका हिमालहरु




Mt. Khumbu Yullha



Mt. Tauche (Tago Che)



Mt. Everest with Lhotse



Ama Dablam



Mt. Khang Tega



Mt. Tham Serku




Mt. Khang Tega. Tham Serku. Kusum Khang



Mt. Kongde




Mt. Teng Khangboche. Pharchamo. Tengkirengi Tau



© Tsherin Ongmu Sherpa

Mt. Everest and Ama Dablam

# MAP OF KHUMBU




Source: Hello Himalayan Homes

# खुम्बु सेर्पा संस्कृति संरक्षण समाज
## (Khumbu Sherpa Culture Conservation Society)

सोलुखुम्बु जिल्लाको खुम्बु क्षेत्र खुम्जुङ, नाम्चे र चौरीखर्क गा.वि.स. हरूमा शताब्दिऔँ देखि बसोबास गर्दै आएको शेर्पा समुदायको संस्कृति, रीतिरिवाज, धर्म, जैविक विविधता संरक्षण र नवा प्रथालाई प्रभावकारी संचालन र व्यवस्थित गरी त्यसको समुचित उपभोगबाट हुने बहुपक्षिय लाभ प्राप्त गर्ने उद्धेश्यले खुम्बु शेर्पा संस्कृति संरक्षण समाज (KSCCS) गठन गरिएको छ । यो संस्था संस्था दर्ता ऐन 2031 अन्तर्गत जिल्ला प्रशासन कार्यलय सोलु सल्लेरीमा दर्ता नं 2066/12 मा दर्ता भएको छ ।

उद्धेश्यहरू :


- यो संस्था मुनाफा रहित जनहितकारी सामाजिक संस्था रहेको छ ।
- खुम्बुमा रहेका शेर्पा जातीहरूको धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राकृतिक एवं पर्यटकीय महत्वका सम्पदाहरूको पहिचान, संरक्षण, सम्बर्द्धन, विकास, विस्तार र प्रचार प्रसार गर्ने, गराउने कार्यमा सहयोग गर्ने ।
- शेर्पा संस्कृति र वातावरण संरक्षण सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने, गराउने ।
- वातावरण, पर्यावरण र संरक्षण सम्बन्धि विभिन्न प्रकारका कार्यक्रम संचालन गर्ने, गराउने ।
- पर्यटन र संरक्षण क्षेत्रको विकासमा सहयोग पुऱ्याउन विभिन्न रचनात्मक कार्यक्रम संचालन गर्ने, गराउने ।
- नेपाल सरकार, स्थानीय निकाय र गैरसरकारी संघ संस्थाहरूसंग समन्वय एवं साझेदारी गर्ने ।
- मौसम परिवर्तन (Global Warming), जैविक विविधता, भुक्षय र दैवी प्रकोप रोकथाम सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गर्ने, गराउने ।
- प्रचलित नेपाल कानुन बमोजिम सामाजिक कार्यहरू गर्न सबैलाई उत्प्रेरित गर्ने, गराउने ।
- संस्थाको हित हुने अन्य रचनात्मक कार्यक्रम संचालन गर्ने गराउने ।

### यस किताब "सेर्पा सांस्कृतिक तथा पर्यावरणीय प्रतिविम्ब" (Sherpa Cultural and Ecological Reflection)को उद्धेश्य

- सेर्पा संस्कृति र पर्यावरण को वर्णन गर्नु र जानकारी दिनु ।
- सेर्पा इतिहास र परम्पराको लोप हुने अवस्थाबाट जोगाउने प्रयास गर्नु ।
- पुर्खौ देखि गरिआएका अति महत्वपूर्ण संरक्षणका कार्य र लुकेर बसेको योगदानलाई प्रष्ट्याउनु र प्रस्तुत गर्नु ।
- स्यारवा संस्कृति अन्तर्गतको महत्वलाई झल्काउनु र उजागर गर्नु ।
- आउने पिढीहरू माझ जानकार नभएका महत्वपूर्ण ज्ञान र जानकारीहरू यस पुस्तकबाट दिनु साथै सेर्पा सांस्कृतिक तथा पर्यावरणीय सम्बन्ध, संरक्षण र महत्व का ज्ञान दिलाउनु र जागरूक गर्नु ।

# KSCCS Gov. Reg. Organization

CERTIFICATE OF REGISTRATION



अनुसूचि – २
(नियम ४ संग सम्वन्धित)
नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय सोलुखुम्बु

**संस्था दर्ता प्रमाण-पत्र**

श्री अध्यक्ष ज्यू,
खुम्बु शेर्पा संस्कृति संरक्षण समाज
खुम्जुङ - १, सोलुखुम्बु ।

दर्ता मिति :२०६७/०२/२०
दर्ता नं. : २३२

संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम मिति २०६७/०२/२० गतेको निर्णय अनुसार दर्ता गरी यो **प्रमाण-पत्र** दिइएको छ ।

स्थानिय अधिकारीको सही
नाम, थर : कृष्णप्रसाद पोखरेल
दर्जा : का.मु.प्र.जि.अ.
कार्यालय : जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु

# Managing the Sherpa Indigenous and Community Conserved Area in Sagarmatha National Park

*-Vivek Dhar Sharma*

*We'll conserve only what we love. We'll love only what we understand. And we'll understand only what we are taught.*

The Sherpa conservation practice through the Indigenous Nawa system, management of sacred and community forests, community-managed grazing and agriculture,and the Beyul (sacred valley) within the Sagarmatha National Park is a unique conservation governance qualifying the Khumbu region as an Indigenous and Community Conserved Area (ICCA).

The Sherpas of Khumbu have been managing their crop, pasture and forest land through indigenous Nawa system passed on to them for generations. The Nawas, authorized caretakers or custodians of natural resources, are of two types - i) Lothhok Nawa who looks after crop and grazing areas and ii) Shingi Nawa who looks after forests. A Nawa is selected on a consensus basis within the community/ village for a year or two to manage natural resources. The Nawas enforce orally-transmitted village rules and regulations called 'Dee,' with a strong punishment system for defaulters.

The traditional Nawa system is strictly followed by the Sherpas living in Khumjung, Khunde, Phortse, and Pangboche villages of the Khumbu region. In the four villages, 451 households are associated with a total of 20 Nawas, comprising 14 Lothhok Nawas and 6 Shingi Nawas. (Table 1.)

**Table 1. Nawa in Khumbu**

| Name of Village | Household associated with Nawa | Lothhok Nawa | Shingi Nawa | Total |
|---|---|---|---|---|
| Khumjung | 175 | 5 | Managed by Lothhok Nawa | 5 |
| Khunde | 68 | 3 | Managed by Lothhok Nawa | 3 |
| Phortse | 88 | 2 | 2 | 4 |
| Pangboche | 120 | 4 | 4 | 8 |
| Total | 451 | 14 | 6 | 20 |

*(KSCCS 2017)*

In May 2015, the Global Environment Facility Small Grants Programme of the United Nations Development Programme funded a community-based organisation called the Khumbu Sherpa Culture Conservation Society (KSCCS) to implement a project on Strengthening Sherpa Community-Based Conservation and Coordination with Sagarmatha National Park (SNP) and Buffer Zone for two years. Implemented in the Khumbu region, the project aims to improve sustainability of protected areas and indigenous and community conservation areas through community-based actions.

The activities and results are summarised below.

**1. Formulation of Nawa constitution**

As the Nawa and Dee rules have been orally transmitted from the older generation, there is not any written document associated with them. The project, thus, supported formulating the Nawa constitution in written form. Focal group discussions were carried out to draft the constitution. The constitution was then approved by consensus by the Nawa members.



*Formulation of Nawa constitution*

**2. Documentation and mapping of Indigenous and community-based conservation area /ICCAs**



*Mapping and documentation of community-base conservation area associated with Nawa tradition*

The project supported mapping and documenting the institutions associated with the Nawa, traditional practices and different zones such as traditional village forests (Kyakshing), traditional village grazing management areas (Lothhok/Dee system), religious forests, bird conservation area and other protected sacred sites (Laminati, Gombinati etc). As the Nawa system has been transferred to the new generation only orally, mapping and documenting of the traditional practices for the first time is an important bench mark to carry forward this knowledge.



Bird conservation zone fencing and gate repair


### 3. Bird conservation zone fencing and gate repair

The project supported fencing the Lakyok Bird Conservation zone, enabling highland birds to ground nest and protecting the area from grazing. The entry gate has also been repaired with a sign board to inform people about its significance.


### 4. Knowledge management and information dissemination

A booklet entitled, 'The role of Sherpa Culture in Nature Conservation' was published in both Nepali and English with cooperation from Altruistic Odyssey and the project.

The booklet depicts the relationship between the traditional Sherpa culture and nature conservation in the Khumbu region. Information regarding the community forests (Kyakshing), rotational grazing system (Lothhok Nawa/Dee system), sacred forests (Laminati, Gombinati, Laptsenati) and other sacred areas (Loomichuwa, sacred lakes, sacred mountains) are also included among other aspects of indigenous Sherpa culture.




The book 'Role of Sherpa Culture in Nature Conservation



The book 'Sherpa Cultural and Ecological Reflection'

Likewise another book titled 'Sherpa Cultural and Ecological Reflection' in Nepali, a comprehensive book which includes both Sherpa culture such as festivals and rituals and traditional Sherpa conservation practices, has also been published and disseminated for a wider audience (This is the book you hold in your hands).

Posters and photographs were also displayed at the Sagarmatha National Park entrance station/tourist center; Sagarmatha National Park museum, and other public places.

Likewise, a study tour in Khumbu area (from Lukla to Kalapathar) was organized to learn about  Sherpa culture and gather first hand information on the ICCA, the  Khumbu Beyul. The 12 day study tour was participated in by representatives from different indigenous communities and backgrounds.

The documentation of this traditional Sherpa culture and knowledge associated with nature conservation is very important to increase the knowledge of the younger generation.

### 5. Establishment of kerosene depots-alternative to firewood

Pangboche, Dingboche, Gorakshep, Lobuche and the villages along the Bhote Koshi river lack sufficient hydroelectricity and thus have



Kerosene depots-alternative to firewood

to rely on firewood for their daily energy needs. On the other Kerosene depots-alternative to firewood hand, in the cold climate, trees and other shrubs take a very long time to grow, and locals have to walk all day to gather a basket of firewood.

Thus the project supported establishing a kerosene depot with a capacity of 4,000 liters in Khumbu as an alternative to firewood. Approximately 1600 households which have no electricity and cannot afford expensive LP gas have benefitted from this initiative. This approach had also helped in reducing the deforestation rate and in restoring alpine vegetation.


*Metal Pole for Prayer flag*

**6. Metal Poles for Prayer**
Khumbu Sherpas have a tradition of erecting prayer flags (Chottar) in front of their household chaptel (Lha-Khang). The Chottar, which are wooden poles up to 30 feet long, last for only 5 to 6 years and hence require periodic replacement. In addition, it takes 95 to 120 years for a tree to reach pole height in areas where elevation ranges from 3500m to 5000m.

Thus, replacing the wooden Chottar with a metal pole seems a simple initiative, but it has a lasting impact for forest conservation in the highlands. A metal pole for Chottar lasts almost for 60 years and hence switching to a metal pole for prayer conserve at least 10 mature trees of 95-120 years. The project supported 36 Metal poles in Thame, Khumjung, Khunde, Pangboche and Gorakshep ,conserving hundreds of invaluable trees.

**7. Green roof repainting**
With the objective of adding greenery to the Green Valley, the project supported 238 households from Khumjung and Khunde for green roof repainting. This has not only helped to add beauty and additional support to rebuild houses damaged by the Gorkha earthquake, but also maintained solidarity to promote the ICCA and Nawa system. These two villages have set an example in the region as a twin green valley, and have attracted more tourists to the region. The project also had a Green roof repainting conservation aspect as well. The painted metal roof lasts for more than 12 years and resists water entering and damaging wooden beams inside the roof.


*Green roof repainting*

**8. Erecting Signboards**
A total of 116 Signboards were erected on major strategic trails of the Khumbu Beyul (sacred valley), in the indigenous Sherpa settlements, and along the routes to the Mt. Everest basecamp, Gokyo Valley and the Thame Valley.



Signboard on the way of Everest Basecamp and Kalapathar




Signbord on the way of Gokyo Ri and Renjo Pass

The signboards are very durable as they are carved on wood with metal fittings. Erected in a concrete base, the signboard shows the name/ direction of the place along with indicating that they are courtesy of UNDP GEF SGP /KSCCS/ KBZUC. This initiative had not only been appreciated by the visiting tourists and also helped enhance the visibility of the project.

## Opinions

"The people who have migrated from the lowlands and who are not Sherpas do not follow the Nawa system. Convincing them of our conservation practices is very challenging. This is an emerging threat to our Nawa system."
*-Current Nawa*

"The Sagarmatha National Park and Nawa system are complementary conservation practices. In fact, establishing SNP has eased the role of Nawa."
*-Former Nawa*

## Review and Way forward

1. The Khumbu region is a paradise for trekkers. Every year a large number of tourists visit for adventure tourism to fulfill the desire to climb Mt Everest- the top of the world. It is also famous for Sherpa cultural heritage. The mesmerizing landscape and the monasteries, beyul, and shrines are tangible ecotourism products. But folklore, Sherpa dance and music, festivals and traditional conservation practices are intangible cultural heritages. And documenting and mapping of such rich practices with intrinsic values are the first step in conserving natural and cultural heritage.


2. There is not any in-depth documentation of the current Nawa system and Sherpa knowledge on natural resource management. The knowledge about the beyuls and Himalayas, conservation of sacred forests and wetlands and traditional crop and pasture management are limited to elderly people only. The documentation of such indigenous Sherpa knowledge and mapping of the important areas are milestones to carry forward knowledge dissemination. It is indeed an important step to transfer knowledge from older custodians to the younger generation. Likewise, the formulation of the Nawa constitution in written form has served as a benchmark to institutionalize the Nawa system in the Khumbu region.

3. The existing Nawa system and conservation practices of the Sherpa people clearly complement the conservation objectives of Sagarmatha National Park (SNP). On occasions like the opening of the National Park to local people for firewood collection, the park mobilizes local Nawas to systematically monitor the collection of Park resources. On many occasions, SNP has also recognized the work done by the Nawas, especially for forest conservation.

   Given the importance of the ICCA, some argue that the Government should register the ICCA initiatives in Khumbu. But others oppose the idea of registration as the Government can, at any time, rescind the registration, jeopardizing the existing Nawas and indigenous management practice. Instead, they suggest that the Government should recognize the ICCA initiatives in Khumbu in a special way so that the autonomy to manage the ICCA remains in the hands of the local people.

4. There is a comparative advantage that the Khumbu ICCA is managed by a single ethnic group, the Sherpas, who have a common culture and shared values. But managing an ICCA in an environment with a multi-ethnic and cultural community is more challenging. The lessons and success of ICCA in Khumbu may not be entirely applicable to ICCAs in multi-cultural societies.

5. While addressing the issues of ICCAs and conserving natural resources, it is equally important to link with livelihood issues. The project has successfully initiated strategic livelihood initiatives such as establishment and management of the kerosene depot, green roof repainting, and preparation of metal prayer flag poles and signboards. These interventions have not only contributed to environmental conservation but also have helped enhance local solidarity to manage the ICCA and Nawa system.



*"यस पुस्तकका लेखहरू, चलिआएका प्रथा, परम्परा, आफ्नो अनुभव र अग्रजहरूले बाँडि आएका ज्ञान र सूचनामा आधारित छन् ।"*

- तेन्जिङ टासी शेर्पा

